CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भागवत-कुञ्ज

-कवि प्रसाद गौतम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री पण्डित् करूणाकरजीको सम्मति—

संसारतारणपरौ विबुधौ सुबन्धौ
ज्योतिप्रसाद शुभनामकविप्रसादौ ।
रम्यं हि भागवतकुञ्जमिमं विधाय
सुभ्रातरौ हरिपरौ भ्रमतः पृथिव्याम् ।।
दोषं कले प्रशमनं भुवि सारभूतम्
लोकेऽपि शास्त्रमुनिसज्जनसेवितं च ।
श्री केशवस्य शुभनाम प्रचारयित्वा
भक्ता हरेर्हि भुवनं परितारयन्ति ।।

सांख्यवेदान्तव्याकरणमध्यस्थ
डोटीदेशस्थ जंसेरा ग्रामवास्तव्यः
पं. करूणाकर शर्मा काव्यतीर्थ ।

श्री पण्डितवर भक्तवर उमाकान्तजी मन्तव्य—

आज मलाई भागवतकुञ्ज हेर्ने सौभाग्य मिल्यो--जसमा भक्तिको विकाश प्रकाश भएको मैले पाएँ । श्रीमद्‌भगवद्‌भक्तशिरोमणि कविप्रसाद गौतमका आश्रयी भूत श्री ज्योतिप्रसाद गौतम जी बाट निर्मित भएको वस्तुमा यस्तो हुनु स्वाभाविकै हो, किनभने यहाँहरूले--

"अघोरकलिकालमा जप तपादि गर्नै पनि
भई कठिन साधना कसरी जीव तर्लान्" भनी,
प्रचार हरिभक्तिको गरि, सुधार पार्नु भयो,
जपाइ हरिनाम नै जनसमूह तार्नु भयो ।।

२०१० पौष पं. उमाकान्त भट्टोपाध्याय डोटी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९-५-५५३

भागवत - कुञ्ज

-रचयिता-
ज्योति प्रसाद गौतम

प्रकाशक र प्राप्ति -स्थान-
मुरारि मन्दिर श्रेय सदन—

कीर्तन भवन, जोरवंगला-मैती ३३ वडा काठमाडौं (नेपाल)
ग १-१५०, १५१ काठमाड़ौं -२

२०४१ चैत्र

सर्वाधिकार सुरक्षित रचयिताको हातमा ।

छब्बिसौं पटक] [मूल्य, रू० १२।-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छटिवसौं संस्करण

भागवत कुञ्जको यो–छब्बिशौं संस्करण हो। सज्जनहरू-को यस माथिको श्रद्धाले यतिका पटक सम्म छाप्ने सौभाग्य दिलायो। अझ कति दिलाउनेछ ?

पहिलोदेखि यो ४१ वर्षमा भागवत कुञ्ज ७१ हजार छापिए। यसकै अन्तर्गत यस भित्र क्रीडाकुञ्ज (दशम स्कन्ध मात्र) ७ हजार र ज्ञानकुञ्ज (एकादश स्कन्ध मात्र) ३ हजार छापिएका छन्। यस्तो प्रचार भएको देख्दा म आफूलाई धन्य सम्झन्छु।

यै कुञ्जको भाषान्तर हिंदीमा २ हजार र नेवारेमा २ हजार पनि प्रकाश भएको छ।

मदेश, पहाड, नेपाल जहाँ–तहीं आबाल–वृद्ध–वनिताको मुखबाट कुञ्जको ध्वनि सुन्न पाउँदा साह्रै खुशी लागेको छ।

कुञ्जलाई धेरै महानुभावले दूर दूर कुना काप्चामा प्रचार गरी हरिस्मृति गराउनु भो, वहाँहरूको म जन्म–जन्मको ऋणि छु। यसलाई नचिन्ने प्रायः नेपाली होवैनन्। अध्याय अध्यायमा तलको पुटित हुनुपर्छ।

हरिः शरणम् हरिः शरणम्।
हरिः शरणम् हरिः शरणम्॥

मेरो प्रार्थना छ– यसलाई घर घरका जन जनले अपनाउन्, कुना कुना प्रचार गरून। पढुन्, सुनुन् र सुनाउन्।

चैत्र २०४१ —ज्योति प्रसाद गौतम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समर्पण

नाथ !

कहाँ समुद्रको अगाध गांभीर्य, कहाँ एक कुवाको जलकण ? कहाँ भागवतको रहस्यमय दिव्य लीला, कहाँ विषय कलुषित क्षुद्र बुद्धि ?

तथपि हजूरका प्रसन्नताका निमित्त यो ग्रन्थ लेखें-मैले होइन, केवल म कलम बनिदिएको हुँ, कलमको व्यक्तित्व जत्ति मेरो पनि त्यत्ति। यसमा गुण जति हजूरको प्रसाद, अवगुण जति कलम स्वरूप मेरो प्रमाद ।

यो काम मैले किन पाएँ ? पुरूषार्थले होइन, हजूरका अनुपम अनुग्रहले । नाथ त आफ्नो काम जसद्वारा गराउन चाहन्छ गराइहाल्छ । मेरो भित्र दिलले भन्छ, मेरो ज्वलित हृदयको आखिरी शरण स्थान हजूर, अतः जो गर्छु, जो गरें दोषरहित हजूरका प्रसन्नताको निम्ति । नत्र किन ? मेरो को छ र ? मैले केवल शब्दको र पुस्तकको मात्र होइन, बल्कि आफनैं समर्पण गरेको हूँ ।

जुनसुकै कुरामा होस् हजूरको व्यक्तित्वमै मेरो व्यक्तित्व छिपेको हुन्छ, अतः हजूर भिन्न मेरो व्यक्तित्व कहीं नपाइयोस् । हजूरसँग म यही आशीर्वाद माग्दछु ।

"कामनां हृद्यसरोहं भवतस्तु वृणे वरम्"

२००१ सम्वत् कार्तिक

तव होला
हजूरको-ज्योति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिचय

हामीहरूको अन्तःकरण जानी या नजानी सधैं उनै प्रभुको अनुग्रह मेट्टाउनको निम्ति छटपटाइरहेको हुन्छ र त्यो नपाउञ्जेल हामीलाई कहिल्यै अरू कुनै कुराबाट पनि शान्ति हुन सक्तैन ।

भक्तिरसले लबालब भरिएको श्रीमद्भागवत महापुराणको स्थान पुराणमा सबभन्दा माथि छ, यही पुराणको रचना गरेर व्यासदेवले पूर्ण शांति पाउनु भएको हो । अतएव यो ग्रन्थ भावुक भक्त तथा सहृदय साहित्यिक दुवै थरीको महान धन हो भन्नमा केही अत्युक्ति हुँदैन । विशेष गरी यो शास्त्र विष्णुभक्तहरूको त प्रमाण नै छ, उनीहरू यस ग्रन्थलाई अनुग्रह मार्गको हिसावले श्रुतिभन्दा पनि उँचो मान्दछन् ।

परम पावन श्रीहरिको अनुग्रहबाट यो भागवतको सारांश निकाल्ने काम म उपर आइलाग्यो र मैले पनि यसको संपूर्ण सेवा प्रिय भाईलाई दिएँ । म उनको परिचय दिन चाहन्छु —

यो प्रस्तुत ग्रन्थका लेखक भाई श्रीज्योतिप्रसाद गौतम हुन् । उनी कुनै विद्यालयादिबाट चिह्न प्राप्त भएका व्यक्ति होइनन् तापनि "प्रीणनाथ मुकुन्दस्य न वृत्तं न बहुज्ञता" भन्ने पदको चरितार्थ गर्दै उनले भागवतको सार सरल तरिकाले थोरै दिनमा नै पूर्ण गरे । यिनलाई कविता गर्ने कुत-कुति केही मात्रामा पैतृक संपत्ति पनि हो । स्वर्गीय मोतीराम कविहरू समकालीन कवि ज्योतिषी श्री पूजनीय पिता कुञ्जविलास गौतमका उनी अन्तिम पुत्र हुन् ।

प्रायः अनुवाद र सारांशहरूमा मौलिकताको आनन्द पाइँदैन भन्छन् तापनि पहुँच पुगेको हृदयले छोएको अनुवादमा मौलिकताको स्वाद बिग्रन पाउँदैन । यस्तै काव्य सरस अनुभूतिहरूलाई केवल आफ्नो भाषामा उतारेर नै कति कति कविले आफ्नो कीर्ति अमर बनाएर गएका छन् । जे होस् उत्तमोत्तम ग्रन्थको अनुवाद गर्नु पनि भाषा सेवाको योटा मुख्य अङ्ग हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री कुलचन्द्र गौतम साहित्याचार्य
साहित्यमणि, विद्याभूषण गोरक्षादक्षिणबाहु
विद्वच्छिरोमणिज्यूको

सम्मति पत्र

'भागवत-कुञ्ज' नामले प्रकाशित गरिएको संगीतमय हरिगुणकीर्तनले हरिभक्तिको उद्‌बोध गराएर नेपाली समाजको कल्याण गर्नेछ ! यो विचारले मलाई खूब खुशी लाग्यो । यसको रचना गर्ने व्यक्ति गौतम कुलोत्पन्न हुनाले खुशीका साथ-साथ वात्सल्य बढेर आउँदा-

'श्रितः सनातनं धर्मं जनार्दनमनःप्रियम् ।
पूज्यभावेन युज्यस्व वितन्वन् विमलं यशः ॥"
यो उद्‌गार निकाल्नलाई अवसर पाएँ ।

२००१ माघ

कुलचन्द्र गौतम
काशी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेखकले यो भागवतको सारांशलाई संगीतको सांचामा ढालेका र कविताको दृष्टिबाट आफ्नो प्रतिभाको झलक पनि ठाउँठाउंमा देखाएका छन् । लेखनधारामा लेखकको रंग पनि पोतिएको छ । परमतत्वतिर खिच्ने व्यासका अमर झिल्काहरूलाई लेखकले उम्कन नदिई कहीं कहीं त भावको गहिराईलाई स्पष्ट झल्काइदिएका छन् । अनुप्रास र छन्दको फेरमा लागेर मूलभावलाई नछाडी प्रशंसा गर्न योग्य चेष्टा शीलता देखाएका छन् । यसले संस्कृत नजान्ने पाठक पाठिकालाई मात्र हुँन, विद्वान्‌हरूलाई पनि मौलिक रचनाकै मिठास दिनेछ भन्ने मैले अठोट गरेको छु । यो पुस्तक लाख प्रति प्रचार गर्ने उनको संकल्प छ ।

हो, निर्दोष वस्तु संसारमा केही छैन; खोजी पसे यस ग्रन्थमा पनि खोट लाउने कुरा अनेक पाइएला तर संगीतमय लीला गाउँदा जो सत्य स्मृति हुन्छ त्यसले गर्दा बालकको यो सुन्दर कृति उपर गद्‌गद हुनु सिवाय के पाउनु ? पाठको अपेक्षा संगीतमा लय लिने भावुकलाई तन्मयता प्राप्त हुने कुरा मैले अनुभव पाएको छु ।

कुञ्ज रचनालाई उत्साह गराउने स्व० काजी मीन वहादुर र स्व० डि० द्विजराजलाई धन्यवाद छ ।

नित्य नवीन रूपले प्रकाश भैरहेको नेपाली साहित्योद्यानको शोभा बढाउने यो अन्तर साहित्य अति सुन्दर विरुवा भएर चिरकालसम्म कृष्णकीर्तिसंग जीवित रहने छ ।" मलाई विश्वास छ ।

२००१ मार्ग —कविप्रसाद गौतम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भागवत कुञ्ज

प्रथम स्कन्ध

पहिलो अध्याय

बन्दना

जन्म आदि स्थिति जसमा हुन्छ जो व्यतिरेक र अन्वयले।
सिद्ध स्वयं छ, पाए ज्ञान जसबाटै चतुराननले॥
तेज, भूमि जल विनिमयमा झैं त्रिसर्ग जसमा सत्य छ भान।
कपट हटेको आफ्नै स्थितिले परम सत्यको गर्छौं ध्यान॥
कपट धर्मको लेश हटेको वास्तव श्री कल्याण पथ।
निर्मत्सरले सकिने जान्न तीन तापको विनाशक॥
छंदै व्यासको भागवत् शास्त्र सुन्नु अरू किन ? तत्काल।
जो सुन्दैमा बन्दी बन्दछ अमल हृदयमा गोपाल॥
निगम वृक्षमा पाकेको फल–रस शुकको मुखबाट झर्‍यो।
पेऊ भावुक ! रसिक ! भूमिका श्वास रहेतक अमृत यो
शौनकहरू सूतसँग सोध्दछन्--
हे ऋषि ! कलिमा कसरी तर्लान् सजिलो साधन आज्ञा होस्।
शास्त्र अधिक छन् विघ्न छ धेरै सार खिची सब आज्ञा होस्॥
कलिका जनको आयु छ थोरै समझै कम्ति छ ऋषे ! अति।
मन्द भाग्य बहु विघ्न द्वारा घेरिई रेछन् विषय प्रति॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भारछ स्वयं भय जो संग त्यसको नाम विवश भै ग्रहण गरे ।
विकट सृष्टिको चक्र चुंडाली हुन्छ त्यसै क्षण मोक्ष ऋषे !
पुण्यश्लोकको चरित सुनेर हामी छैनौं तृप्त रति ।
पद पदमा नव मिल्दछ स्वाद रसज्ञ श्रोता भए यदि ।।
किन जन्मयो श्री भगवान् कृष्ण, लीला पनि सब आज्ञा होस् ।
धाम गएपछि धर्म कहाँ गो, रूप लियो कति आज्ञा होस् ।

दोस्रो अध्याय सूत भन्दछन्–

हिंडे जन्मँदै शुक संन्यास ली जब बोलाउँछन् पिता ।
रूखले उत्तर शुकको तर्फबाट दिए भो शान्त छटा ! ।।
अन्धकार पर जाने लाई जसले अनुपम दया गरी ।
दीपक यो अध्यात्म भागवत् दियो नम्दछु शरण परी ।।
हरिको पदमा भक्ति गर्नु हो जनको यौटा वास्तव काम ।
भक्ति भयो कि जन्मन्छन् सुत उनमा दुई वैराग्य र ज्ञान ।।
धर्म राम्ररो गरेपनि यदि हरिको पावन चरित प्रति ।
भएन श्रद्धा भक्ति भने त्यो खालि थकाइ जान ऋषि ।।
तस्मात् भै एकाग्र निरन्तर हरिकै गाथा श्रवण गरोस् ।
उनकै कीर्तन चिन्तन उनकै उपासनामा नित्य रमोस् ।।
चरित रूपले पसी हृदयमा कल्मष नास्तछ कृष्ण जब ।
भक्ति लाग्दछे खुल्दछ तत्व टुट्तछ संशय ग्रन्थि सब ।।
मुमुक्षु भज्छन् नारायणका कलावतारी रूप शुभ ।
धन जन रोज्ने व्यक्ति भज्दछन् प्रजेश, पितृ, भूत, दल ।।
वेद, योग, मख, ज्ञान, क्रिया, तप, धर्म जति छन् सद्भावन ।
वासुदेव नै पाउन हुन् यी उनकै गर्छन् प्रतिपादन ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यै विश्वात्मा नाना दर्शन हुन्छ लकडीमा अनल सम ।
सत्वगुणी तन लिई अनेकन पालन गर्दछ जीवगण ।।

तेस्रो अध्याय सूत भन्दछन्–

जस्तो कार्य छ त्यै अनुसार लिनुभो हरिले रूप र नाम ।
मुख्य मुख्य हुन् चौबिश रूप अनगिन्ति छन् यिनका काम ।।
सन्तहरूको रक्षण गर्न भार हटाउन छाडी धाम ।
न जन्मने जो जन्म लिएर हे शौनक हो ! आयो श्याम ।।
किन्तु अरू हुन् अंशी समस्त कृष्ण त साक्षात् हुन् भगवान ।
प्रात साँझ यो जो सम्झन्छ भाग्दछ त्यसको दुःख तमाम ।।
घन नभमा, रज मारुतमा झैं द्रष्टामा यो दृश्यपन ।
आरोप गरे मूर्खहरूले पर छ सूक्ष्म त्यै जीव मन ।।
स्थूल सूक्ष्म पनि आत्मा बीच गरी अविद्याले आरोप ।
जब यो माया हट्ली मानव महिमामा स्थित हुन्छ विशोक ।।
जान्दैनन् कत्रै नटुवाको झैं त्यसको नाम र नाना काम ।
तिनी जान्दछन् पदवी जो नर भज्छन् छाडी जो छल-छाम ।।
कृष्ण गएपछि उदय भयो यो पुराण रूपी सूर्य महान ।
सर्ब वेद इतिहास श्रुति स्मृतिहरूको सारासार तमाम ।।

चौथो अध्याय शौनक भन्दछन्–

शुक थे आत्माराम तथापि चरित भागवत् भने किन ?
भन्नोस् नृपले परउपकारी छाडे आफ्नो देह किन ?

सूत भन्दछन् –
"पुराण, भारत, वेद बनाएं देखाएं सबलाई पथ ।
योग गरें अनि होमें होम गरें तपस्या बसें व्रत ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तर मिलेन क्यै मनमा शान्ति नछुंदा भागवत् धर्म सफा।"
यस्तो सोच्ने व्यास अगाडि सहसा नारद भए खडा ॥

पाँचौं अध्याय नारद भन्दछन्-

फोहर पानीद्वारा फोहर जति गरे पनि हुन्न सफा।
काम्यकर्मले कर्मवासना जत्ति गरे पनि हुन्न सफा ॥
छैन कृष्णको जगत्पवित्र पार्ने यश जुन वाणीमा।
त्यो हो फोहर काक रछान रम्दैनन् रति सन्त त्यहाँ ॥
निर्मल ज्ञानै हुन्न सुशोभन अच्युतभाव भएन भने।
असमर्पित झन् कर्म कुनै होस् होला शोभन कसो? मुने ॥
प्रभुको लीला भिन्न कुरा अरू वर्णन गर्दछ भने यदि।
त्यसकन वाताहत-नौका झैं आस्था मिल्ने छैन कहीं ॥
जाने खाल्टो तिर कन खाल्टै देखाउनु अन्याय भयो।
कर्मैं आज्ञा कर्मासक्त लाई उल्टो परेन यो? ॥
मानव मूर्ख छ पहिलो निन्दित आज्ञा ले निर्धक्क पन्यो।
'निषेध' पछिको तिम्रो वाणी सम्झन सक्ने को छ अहो!
स्वधर्म छाडी भज्ने जनको परिपक्व नभै भजन छुट्यो।
भने पनि कहीं हुन्न अमंगल! पाउ भजेको सफल छ यो ॥
दुःख सरी सुख मिल्छ त्यसै पनि त्यसको इच्छा गर्नु किन?
पण्डितले ता कहीं नमिल्ने खोज्नुपर्दछ भक्ति धन ॥
हरिको सेवक रसिक अरू झैं पर्दैन सृष्टि चक्करमा।
मुकुन्द पद हरू बीच अंगालो हाल्नेको अब सृष्टि कहाँ?
प्रभु-चेष्टा अब वर्णन गर्नोस् जसको सेवाले जनता।
पर्दैन सृष्टि चक्कर बीच हुन्छ प्रभुमै मग्न सदा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पैंले दासी–पुत्र थिएं म ऋषिहरूवाट मिली कृपा।
पाएं केशवद्वारा निर्मल ज्ञान सहितको भक्ति सुधा॥

छैठौ अध्याय नारद भन्दैछन्–

पाँच वर्ष थें आमा मर्दा उत्तर लागें बुझी कृपा।
घुम्दा घुम्दै प्रेम वढ्यो अति आयो हृद्‌मा श्याम सखा॥
फेरि हरायो खोजें सबतिर मनमा आतुर बढी अति।
नभमा बोल्यो "यो जीवनमा सक्तैनौ अब देख्न ऋषि!
ममा भुलेकी तिम्री बुद्धि छैन विग्रने कुनै दिन॥
महाप्रलयमा पनि अनुग्रह द्वारा स्मृति त्यो हुन्छ सुन॥"
हिंडें क्रोध मद लज्जा त्यागी नाम जपी अति संझी दया।
हरि गुरण गाउनु नै भवसिन्धु तर्ने नौका रेछ अहा!
गाउँछु जब प्रभु पुण्य पराक्रम बोलाएझैं गरी हरि।
आऊँछ मेरो चित्त वहरमा तत्कालै अति दया गरी॥
कामलोभले, चोट परेको हृदय कृष्णको सेवाले।
जत्ति शान्तिको अनुभव गर्छ हुन्न नियम यम टेवाले॥
सुतें प्रलयमा विष्णु संगै अनि जन्में अहिले फेरि अहा!
वीरणा रेट्दै हरिको नाउँ जप्दै हिंड्दछु यता उता॥"
व्यास प्रति यति भनी हिंडे ऋषि वीरणामा हरिनाम भरी।
आतुर प्राणी वीच कृष्णको लीला अमृत छरी छरी॥

सातौं अध्याय सूत भन्दछन्

थियो व्यासको स्वच्छ सरस्वती–तटमा शम्याप्रास कुटी।
असत्‌नाशको निम्ति भागवत् शास्त्र बनाए भई खुशी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्तियुक्त यो ग्रन्थ बनाई शुकलाई अति प्रेम गरी।
दिए पढाई द्वैपायनले जसले आउँछ भक्ति चढी ॥
ज्ञानी आत्माराम मुनि पनि भक्ति गर्दछन् हेतु रहित।
हरिको गुणमा आफ्नो तर्फ खिच्ने शक्ति छ स्नेह सहित॥
द्रौणीले द्रौपदिका पाँच सुत मारेपछि पार्थ गई।
अश्वत्थामालाई ल्याई मुडी निकाले मणि लिई॥

आठौं अध्याय सूत भन्दछन् –

जब प्रभु हस्तिनापुरबाट पाल्न लाग्नुभो द्वारवती।
आई उत्तरा वगिग समाई भन्छिन् प्रभुसंग रूँदै अति॥
"अभय कहीं पनि छैन मुरारे ! तिम्रो पाउ बिना अहो !
खालि परस्पर रेछन् मृत्यु रक्षा गर अब पाहि प्रभो।
अश्वत्थामा शस्त्रद्वारा लाग्यो दहन गर्भ प्रभो !
लौन बचाऊ लौन मुरारे ! आश्रय कोही छैन प्रभो ! ॥"
अबलाको यो आर्त पुकार सुनेर यसको तत्व बुझी।
चक्र सुदर्शनद्वारा रक्षा गर्नु भयो प्रभु स्वयं बसी॥
आयो पाण्डवलाई मार्न पाँचवटा शर फेरि त्यहीं।
चक्र सुदर्शनद्वारा रक्षा गर्नु भयो तिनलाई पनि॥
फेरि श्रीहरि छाडी हस्तिना पाल्न लाग्नुभो गेह प्रति।
कुंती भन्छिन् वर्लो झट्पट नारायण संग रूँदै अति॥
"धन, जन, विद्याद्वारा मान बढेर अन्धो हुने जन।
आदर पूर्वक हा ! सक्तैन, तिम्रो पावन नाम लिन॥
विष, आगो, वन राक्षसबाट बच्यौं यसैले हे कृष्ण !
हवस् विपत् नै जसमा तिम्रो मिल्दछ दर्शन हे कृष्ण !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाँधिन् डोरी लिई यशोदा त्यो वेलाको झाँकि जब ।
सम्झन्छु तब मोह म हुन्छु जो संग भाग्दछ नित्य भय ।।
काटी देऊ मधुपति ! मेरो वृष्णि पार्थमा स्नेह छ जो ।
तिमीसँ होस् यो बुद्धि अनन्य सागरमा नद तुल्य प्रभो !''
यसपछि आफूद्वारा बान्धव घेर मरेमा खिन्न भई ।
युधिष्ठिर भन्छन् पछुलो गई ''कसरी तरौं अब लौंन हरि ?''

नवौं अध्याय सूत भन्दछन् –

पाण्डव, ऋषिमुनि संग ली कृष्ण भीष्म पितामह थिए जहां ।
पाल्नु भई सब धर्म यथार्थ पारीदिनुभो पाण्डवमा ।।
गर्छन् हरिसंग भीष्म प्रार्थना ''नमरे तक वस सामु प्रभो !
कवुलै छाडी चक्र चलायौ सेवक खातिर धन्य प्रभो ?'' ।।
त्रिभुवन सुन्दर रूप तमाल छ, पीताम्बर रवि रश्मि समान ।
कमलवदनमा अलक लसेको विजय सखे ! होस् प्रीति महान ।।
खुरको रजले छन्न अलक औ सुन्दर मुखमा स्वेदकरण ।
युद्धभूमिमा कति स्वाएको ? मेरो गति ह्वौ प्रभो ? यहां ।।
राजसूयमा पूजा अग्र हुँदा लियौ जो सुन्दर तन ।
नाना देख्छन् जन तर आज म, भएँ भेद भ्रमबाट विहीन ।।
यस्तो भन्दै अनवच्छिन्न हेरी प्रभुको रूप ललाम ।
लगी मिसाए प्राण उसैमा वृष्टि भयो अनि पुष्प महान ।।

दशौं अध्याय सूत भन्दछन्

राज्यासनमा पाण्डवलाई अभिषेक गरी श्रीकृष्ण ।
पाल्नलाग्नुभो द्वारवती तिर विरह गराई श्रीकृष्ण ।।
चढी अटाली विच कुरुनारी गर्छन् आपस वात अति ।
''यो हो साक्षात् ब्रह्म पुराण गर्दछ सृष्टि र नाश स्थिति ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धन्य छ मधुवन, धन्य कुशस्थली, यदुकुल धन्य छ धन्य सखी"
यस्तो मधुरो बोली सुन्दै, हिँड्नु भयो हरि रद्द परी ॥
दूर पुऱ्याउन आएकाथे स्नेही पाण्डवहरू सब ।
अंकमाल दी फर्काउनुभो नारायणले बलै संग ॥
कुरु जांगल पंजाब र मत्य शूरसेन कुरुक्षेत्र भई ।
मारवाड आनर्त पसी प्रभु भयो सवारी द्वारवती ॥
त्यहाँ त्यहाँ जन स्वागत गर्थे वास साँझमा हुन्थ्यो राज ।
घोडा थाके झै हुन्छे नित हुन्थ्यो संध्या वन्दन काज ॥

एघारौं अध्याय सूत भन्दछन्–

शङ्खध्वनीले हर्ष भएर द्वारवतीका प्रजा अति ।
आई भन्छन् "हे प्रिय ! आत्मा ! हे माता ! हे पिता ! पति ॥
प्रभु न हुँदा क्षण ! एकै पनि हा कोटीयुग झैं बित्छ प्रभो ।
सेवाले छौं हामी कृतार्थ सनाथ छौं पद पाइ अहो ॥
तिम्रा पदको आश्रय लिन्छन्, श्रेय चाहने व्यक्ति प्रभो ।"
यस्तो अति प्रिय बोली सुन्दै महल प्रति प्रभु पाल्नु भयो ॥
छाती श्री को थियो निवास मुख थ्यो पिउने पात्र रुचिर ।
लोकपालका आश्रय कर थे थे भक्ताश्रित चरण मृदुल ॥
नित्य द्वारकाका जन दर्शन पाउँदथे तर नेत्र रति ।
तृप्त थिएनन् कस्तो होला नारायणको स्वच्छ छवि ?
अंकमाल ली पितृ मातृको प्रेमअश्रुले देह भिजी !
पत्नीहरूको विरहव्यथा सब हटाउनु भो भित्र पसी ॥
पत्नी हजारौं थे तिनको त्यो हंसी लजीलो चितवनले ।
कामदेव नै वेसुध बन्दै त्याग्थ्यो बाणै निजी, अरे ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती कामिनीको काम विलास द्वारा हरिको इन्द्रिय मन ।
क्षोभ भएनन् कहिल्यै तैपनि सक्त भन्दछन् कामी जन ।।
भगवान् को भगवत्ता यै हो प्रभुका पत्नीहरू पनि ।
मैं सँग मात्रै रम्ने ठान्थे वृत्ति अहंका तुल्य बनी ।।

बाह्रौं अध्याय सूत भन्दछन्–

धर्मराजले कृष्ण चरणको सेवा द्वारा निस्पृह भै ।
प्रजा पितावत् लागे पाल्न जम्बूद्वीपका स्वामी भैं ।।
किन्तु कृष्ण विन राज्यैश्वर्य मा तिनको मन थेन रति ।।
भोको भूषण ऐना वस्त्र द्वारा हुन्न कदापि सुखी ।।
श्री हरिले दश महिना सम्म गई गर्भमा गदा लिई ।
रक्षा गर्दा जन्मे परीक्षित् पाण्डवहरूमा हर्ष दिई ।।
भाग्य वताई भन्छन् ब्राह्मण "गुणगण यिनमा सब हुन्छन् ।
जगमा चूडामणि झैं झल्की आखिर प्रभुमा मिल्नेछन् ।।"

तेह्रौं अध्याय सूत भन्दछन्–

प्रश्न गरेका थे मैत्रेय साथ विदुरले विविध अघि ।
सुनी न सक्तै आई भक्ति भए विदुर उपराम ऋषि !"।।
तीर्थ घुमेर विदुर महात्मा फर्के बान्धव हेर्न भनी ।
भेटी पाण्डव दाज्यू भाई, हर्ष गराई वसे त्यहीं ।।
प्रश्न युधिष्ठिर गर्छन् तिनसंग कसरी कुनकुन तीर्थकन ।
तीर्थ वनाई कुन वृत्ति ली अटन गर्नु भो भूमि वन ?
काका ! घुम्दा द्वारवती पनि पुग्नु भयो हो अवश्य नै ।
कृष्ण देवता मान्ने यादव भन्नोस् छन् के कुशल सबै ?"
यादव कुलको नाश विना सब हाल वताई विदुर सुधी ।
भन्छन् दाजू संग गै वाणी वेला अन्तिम होकि बुझी ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"भीम दत्त पर-पिण्ड चपाई बस्ने कति यो खाडलमा।
मर्ने बेला भयो हजूरको दाजै ! जाऔं जंगलमा ॥
इच्छें नहुंदा पनि यो देह जीर्ण भयो के हुन्छ अब ?
अविज्ञात गति औ निर्मम भै तन त्याग्ने हो धीर नर।"
भाइ " विदुरको यस्तो वाक्य सुनी "अहा ! लौ हुन्छ !" भनी।
लागे वनतिर सँगै विदुर लौ धृतराष्ट्र र गान्धारी पनि ॥
काका काकीहरू नदेखी भए युधिष्ठिर दुःखित भै।
नारद आई भने यथार्थ उनको यौगिक हाल सबै ॥

चौधौं अध्याय सूत भन्दछन्–

" प्रभुको चेष्टा बुझ्न गएका अर्जुन अझ किन आएनन् ?
भीमसेन ! अति अशकुन देख्छु लौन हरे अझ आएनन्।"
यस्तो भन्दै थिए-युधिष्ठिर मलिनो मुख लौ रूंदै अति।
आई अर्जुन पदमा पर्छन् सारै विरहित विकल भई ॥
युधिष्ठिर सोध्छन् – मुख मलिनो छ के भो हँ तिमिलाई भन ?
हाम्रो प्रियतम यदुकुललाई आराम छ के उहाँ भन ?
शब्द अमंगल सुन्यौं कि दान गर्न सकेनौं दिन्छु भनी।
विप्र बाल गो वृद्ध रोगि स्त्री लाई भएनौं शरण तिमी ?
या भोजन दिन पर्ने लाई नदिई खायौ लुकी छिपी ?
तिम्रो छविले भन्दछ निन्दित कर्म भएको प्रष्ट सुनी।
कि त छाड्यो त्यो प्यारो प्राण आत्म सुहृदले तिमिलाई ?
यस्तै लाग्दछ मेरो मनमा शून्य छ यो जग तिमिलाई ?"

पन्ध्रौं अध्याय सूत भन्दछन्–

मर्बर स्वरले अश्रु निकाल्दै भन्छन् अर्जुन शोक गरी।
"ठगियौं हाम्री हरिद्वारा नृप ! तेज त्यसैले गयो उडी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जसले गर्दा शङ्कर, इन्द्रलाई जितेथ्यौं मर्जं गरी।
त्यो हरिले अब छाड्यो दाज्यू ! सारा वान्धव संगै लिई ॥
आत्मालाई कुमति भएर सूत बनाएँ दूत पनि।
सम्झन्छु त्यो अर्जुन! पार्थ!' भन्ने वाणी के गरूं नि!
उही छन् सब तर उ नहुँदा हा! शिथिल भए सब लोकहरू।
क्षण भरमै सब शक्ति हरायो शून्य भयो सब विश्व प्रभु!"
यसरी प्रियपद चिन्तन गर्दै मति अर्जुन की बिमल भई।
सम्झे गीता, ब्रह्म सम्पत्ति सबै हरायो द्वैत स्थिति॥
आफ्नो प्यारो प्रिय वैकुण्ठ पाल्नु भएको कुरा सुनी।
छाडिन् कुन्तीले तन, पाण्डव उत्तर लागे आर्त बनी॥
जानु पहिले वज्रनाभमा मथुराको अभिषेक गरे।
हस्तिनापुरको नृप पदआसन नाति परीक्षित् लाई दिए॥
देखी पतिको आज उपेक्षा सम्झी हरिको स्वच्छ चरण।
द्रौपदिजीले त्यागिन् देह, पुगे विदुर पनि निजी सदन॥

सोह्रौं अध्याय

शौनक सोध्छन्- कलियुग पक्डी नृपले छाडे किन भन्नोस्?
यदि कृष्ण या उनका जनको भए सुगाथा, गाउनु होस्॥
यस देखि अरू वार्ताले भो! व्यर्थ आयु व्यय हुन्छ शुभ।
हाम्रै खातिर यम क्षय वर्ष आएका छन् भूमि विच॥
महर्षिहरूले यति क्षण गाथा सुनुन् भूमिमा निर्भय भै।
भनेर बोलाएका हुन् यम मरेन यति क्षण प्राणी कुनै॥
एक त थोरै आयु छ दोस्रो समझै कम भो त्यही पनि!
रात नींदले कुकर्मले दिन बिती रहेछन् व्यर्थ बनी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूत भन्दछन्–

कलि आएको पाई थाह हिँडे परीक्षित् जित्न उता।
धर्म र पृथ्वी गाई गोरू मिली गरे यो कुरा यता॥
पृथ्वीलाई भन्छन् धर्म "किन मलिनी छौ मन के भो ?"
भन्छिन् पृथिवी "चार चरणमा यौटा बाँकि छ अभ्र के भो ?
जसको पाउंन कृपा कटाक्ष पर्छन् विधि शिव चरण शरण।
त्यही इन्दिरा जसको पाद सेवा गर्छिन् नित्य वरण॥
त्यस्तो पदले थें म सुशोभित त्यो मेरो सौभाग्य गुम्यो।
गर्व थियो सौभाग्य सुधाको हाय ! लुकी प्रभु दण्ड दियो॥
वचन हँसाई चितवनले जो हर्थ्यो स्त्रीको धैर्य मन।
विरह सहन को सक्ला ? स्पर्श पाई हुन्थें पुलकित म॥
धाम गयो जब गहना मेरो आयो कलि अति दुष्कर यो।
शोक लाग्छ यै त्यस दिनदेखि अब गति होला के जगको ?"

सत्रौं अध्याय सूत भन्दछन्–

धर्म र पृथ्वी गाई गोरूलाई पिट्ने कलि देखि।
मार्छु म भन्दै खड्ग उठाए नृपले देखी अति सेखी॥
शरण परेमा "नारी समाज हिंसा मदिरा जुवा जहाँ।
हुन्छ त्यहीं नै तैले वस्नु" भने भूपले कलियुगमा॥
पुनः याचना कलिले गर्दा भने भूपले सोच गरी।
चार कुराकै समावेश छ वस्नु स्वर्णमा झट्ट गई॥
तस्मात् श्रेयस्कासी त्यसमा पनि नृप नेता गुरूहरूले।
सेवा कहिल्यै पाँच अधर्म को न गरून् अब निश्चयले॥
तिनै परीक्षित् सम्राट् हाम्रा समासीन छन् देहलीमा।
जसको शासन बीच यज्ञ छ गर्नु भएको नैमिषमा॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
२५३

अठारौं अध्याय

सोद्धा शौनकले सम्वाद शुक र परीक्षित् विच जो भो।
भन्छन्- यसले सूत हुँ भन्ने मनोव्यथा यो दूर भयो ॥
अनन्त यो शुभ नाम लिनेको बारे झन् भनुं के म अब ?
न चाहने हो तर पनि लक्ष्मी पुज्छिन् जसको कमल पद ॥
जसका चरणोदकले पावन शंभु सहित यो विश्व भयो।
यो वेला श्री कृष्ण विना कस लाई भनौं भगवान अहो ॥
जसका निर्मम प्रेमी पुग्छन् परमहंसको आश्रममा।
जहां स्वधर्म छ शान्त अहिंसा भन्छु त्यसैको चरित यहाँ ॥
वनमा क्वै दिन तिर्खा लागी शमिक ऋषिकाँ भूप गए।
ध्यानमग्न थे ऋषि स्वागत, जल मिलेन राजालाई हरे ॥
तिसले सम्झी कपट तपस्या सर्प गलामा लाइदिए।
पछि देखी यो घटना सारा ऋषिका सुत अति क्रुद्ध भए ॥
"सात दिनमा तक्षकद्वारा मरोस्" भनी यो श्राप दिए।
थाह शमिकले पाई सुत सँग भन्छन् गर्दै खेद हरे !
"नृप नभएमा बढ्दछ चोरी हुनेछ धर्मै लोप अनि।
लोभी पापी हुनेछ दुनियाँ बन्छन् शंकर वर्ण पनि ॥
मारे श्रापे पनि ब्राह्मणले गर्न हुन्नथ्यो रोस रति।
गरोस् क्षमा त्यो सर्वात्मा प्रभु वालकमाथि भई खुशी।"
गरुन् दुष्टजन गालि र निन्दा मारपीट अपमान पनि।
बदला गर्ने शक्ति हुंदा पनि लिन्नन् बदला भक्त जन ॥

उन्नाइशौं अध्याय सूत भन्दछन्-

श्राप सुनी गृह, राज्यै त्यागी अनशन ब्रत ली हर्ष भई।
गई बसे नृप, गङ्गातटमा आए ऋषि मुनिहरु त्यहीं।
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्छन् परीक्षित्- घरमा सक्त हुने मलाई श्राप पऱ्यो।
जसले गर्दा मो बैराग्य गाइदिनोस् हरिचरित प्रभो ॥
जन्मु जहाँ तर कृष्ण-चरणमा होस् मेरो अनुराग रति।
प्रीति भक्तप्रति जीवमात्रमा होस् शुभ मैत्रीभाव ऋषि !"
सुनेर नृपको विनय ऋषिमुनि भन्छन्- निर्मल लोक यिनी।
नगए सम्मन् बसौं यहीं सब हाम्रो यै हो शील पनि ॥"
यसपछि सोरह वर्षिय सुन्दर सब गुणप्रगणले युक्त सदा।
आए हेरीरहुँ भैं लाग्ने ब्रह्मस्वरूप शुक त्यहीं अहा !"
मान गरी नृप सोध्छन् "हे शुक ! मर्न जनले कुन-कुन काम।
गऱ्यो भने भवसागर पारी पुग्दछ ? भन्नोस् हे शुभकाम !॥

अथ द्वितीय स्कन्ध

पहिलो अध्याय शुक भन्दछन् – परीक्षित् प्रति

आत्म स्थिति जो जन जान्दैन त्यसको निम्ति अनेक।
सुन्ने गर्न कुरा हजारौं रहन्छ बाँकि नरेश'
रात नीदले या स्त्रीसुखले कट्दछ व्यर्थ बनी ॥
दिन कट्दछ धन हाय-हायले बान्धव पाल्न भनी।
स्त्री सुत धन हुन् असत् परन्तु मानव मोह भयो ॥
तिनी मरेको देखीकन पनि भएन चेत अहो !
निर्भय खोज्ने जनले गर्नु हरिको भजन रति।
लाभ यही हो जन्म भएको हरिको हुनु स्मृति ॥
कीर्ति सुन्नु औ कीर्तन गर्नु, गर्नु महिमा याद।
यसलाई नै भजन प्रभुको भन्छन् हे नरपाल !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्भय खोज्ने वैरागी यति लाई पनि त नृप ।
हरिकीर्तन नै गर्न निर्णय दिदैछ शास्त्र सब ।।
पागल धेरै दिव बाँचेर लाभ छ जगमा के ?
बरु मुहूर्तै बांच्नु छ श्रेय निज आत्मा सम्झे ।।
दुइ घडि मैं खट्वांग परमपद गए बुझी सब बात ।
तिम्रो ता अझ सात रात छ, गर वा निज पथ साफ ।।
युक्त चित्त भैं धारण गर्नु प्रभुको रूप विराट् ।
जसको शिर हो सत्यलोक औ गोडा हो पाताल ।।
स्वप्ना देख्ने ले आफूमा देख्छ जसोरी सब ।
त्यस्तै सबमा आत्मा यौटा गर्दछ नित अनुभव ।।
त्यसकारण सत् चित् आनन्द प्रभुको भजन गरोस् ।
अरु वस्तुको गर्छ भने यदि पतन भएर गिरोस् ।।

दोस्रो अध्याय

यही धारणा गरी नियतिले स्मृति लौ सृष्टि गरे ।
अतिले चल्दछ काम त्यती नै संग्रह गर्नु परे ।।
सुत्न भूमि छन् पिउन अञ्जलि थाङ्नाहरू छन् वस्त्र ।।
पिउन खान नदी रूखले दिन्छन् बस्न गुफा छ प्रशस्त ।
शरण परेकोलाई रक्षा गर्छन् हरि भगवान् ।
तैपनि गर्छन् किन हो विद्वान् धनिकै कीर्ति गान ?
यसरी भैं वैराग्य हृदयमा बस्ने हरि भगवान् ।
रक्तसिद्ध त्यो प्रियतम आत्मा भज्नु नास्न अज्ञान ।।
को जन गर्ला प्रभुको छाडी अरु वस्तुको मान ।
कोही ऋषि ता हृदयदहरमा स्मृति गर्छन् यो ध्यान ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विष्णु चतुर्भुज सुन्दर विग्रह एक एकको ध्यान ।
गर्नु जहाँतक परको प्रभुमा हुंदैन भक्ति महान् ।।
योग लिई षड्चक्र जितेपछि सद्यमुक्ति त्यो हुन्छ ।।
क्रम मुक्ति यदि हुन्छ भने त्यो इन्द्रिय मन ली जान्छ ।
अग्निलोक भै ब्रह्मलोक गै कारण भूत प्रति ।
क्रमसँग मिल्दै आखिर जीव मिल्दछ ब्रह्म प्रति ।
भक्ति विना अरु छैन सुमार्ग जगको निम्ति महान् ।
तस्मात् उनकै गर कीर्तन सुन सम्झ सधैं भगवान् ।
तीन पटक सव विधिले वेद हेरी खोले मर्म ।
'प्रेम कृष्णमा जसले हुन्छ त्यै हो उत्तम धर्म ।।"

तेश्रो अध्याय

कामना निम्ति अरू द्यौताको पूजा यज्ञ गरोस् ।
निष्काम भए प्रायः गरेर हरिकै भजन गरोस् ।।
शौनक सोद्धछन्:- सूतजी सँग
कुत्ता सूकर ऊँट गधा हुन् मानव तिनी सबै ।
जसको कान वाट गदाग्रज-नाम पसेन कबै ।।
कान लिई जो हरि सुन्दैन त्यो हो केवल प्वाल ।
विष्णुक्षेत्र विच जो जाँदैन रूख हो त्यसको पाद ।।
मोरप्वाँख हो आँखा जो हरि दर्शन गर्दैन ।
भ्यागुतीको मुख हो त्यसको जो हरि भन्दैन ।।
हरिको पदमा जो झुक्तैन त्यो मूर्दाको शिर ।
पग्लँदैन जो नाम लिंदा पनि पत्थर त्यसको उर ।।
भक्तपादरज लिएन जसले सुंघेन पदको गन्ध ।
त्यो हो जिउंदो मूर्दा आफ्नो पार्‍यो द्वारै बन्द ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लगाउन्न जो सब जिउ हरिमा त्यो हो मूर्दा स्याल।
सोधे के के नृपले फेरि शुक सँग भन्नोस् हाल ?

चौथो अध्याय

"कसरी गर्छन् मायाद्वारा सृष्टि र नाश, स्थिति !
खेल्छन् आई कसरी कृष्ण ?" सोध्छन् यो नृपति ॥
शुकको वन्दना–
"भक्ति रहित जन छायाँ छुन पनि जसको सक्दैन।
खेल्छ धाममा, अधिक हुन्छ को ? जसको सम छैन ॥
जसको नाउँ सुन्दा गुन्दा भाग्दछ सारा पाप।
सबका पति श्रीकृष्णचरणमा होस् मेरो अनुराग ॥
आत्म समर्पण गर्न नसक्दा दानी, तपी ऋषि।
मुनिहरू पनि ता पद पाउन्नन् गर्छाँ सदा नति ॥
पापीहरू पनि जसको ओत लिनेहरूको ओत।
ली तर्छन् अब गर्दछु व्याख्या त्यसले दया गरोस् ॥
देह रची प्रभु जीव रूपले त्यसमा गरी शयन।
सोह्र कलाले भोग्छ विषय जो भूषित गरोस् बचन ॥"
नारदलाई ब्रह्माजीले तत्व भनेथे जुन।
भन्छु त्यही जो हरिसँग विधिले अघि पाएका हुन् ॥

पाचौं अध्याय

नारद भन्छन्–पिता ! जगतको आश्रय, संस्था, रूप
कस्तो के हो ? तप यो कसको ? गर्नु हुन्छ हजूर ! ॥
ब्रह्मा भन्दछन्–
जसले जग यो गऱ्यो प्रकाश उसको दास म हूँ।
जसको माया परी मलाई भन्छन् जगत् गुरू ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जसका साम्नु ठहर्न सक्तिन माया नर दुर्जन ।
म र मेरो बकवाद गर्दछन् भई विमोहित मन ॥
एक थियो प्रभु पहिले त्यसपछि मायाबाट महत् ।
तीन अहं अनि तामसद्वारा पाँचै भूत जगत् ॥
सात्विकले मन इन्द्रिय द्यौता फेरि राजसले ।
ज्ञान क्रियाका शक्ति सँगै ली इन्द्रिय दश निस्के ॥
शक्ति मिली जब अण्ड बन्यो यो फेरि डुब्यो जलमा ।
जीवन पाई विराट् उठ्यो औ भो सब जग रचना ॥
विराट् प्रभुको गर तिमी चिंतन भू छन् चरण प्रति ।
नाभी बीच छ भुवर्लोक शुभ शिरमा स्वर्ग शुचि ॥

छैठौं अध्याय ब्रह्मा भन्दछन्–

प्रभुका मुख, कर, पद, रउँ, आँखा, हृद्, मन पेट, कपाल ।
जति थे अवयव ती सब बाट निस्के वस्तु अपार ॥
वेद, सुधा, रवि, चन्द्र, पहाड, नर सुर, दैत्य तमाम ।
ऋषि मुनि, स्थावर, जंगम, सागर जति छन् वस्तु तमाम ॥
वस्तुको ता कोही अन्त पाउन सक्तैनन् ।
त्यसको कसरी था जसले यो विश्व बनायो झन् ॥
हरि स्मृतिद्वारा मेरी वाणी छैन झूठमा रत ।
इन्द्रिय जान्छन् कुमार्गमा न त सोच्दछ मन न असत् ॥
वेदमूर्ति तपमूर्ति मलाई गर्छन् लोक प्रणाम ।
गरें योग शुभ जान्न सकिन तर भक्ति सुलभ भगवान् ॥
शरणागतका जन्मारण नै नास्ने श्रेय स्वरूप ।
चरण-कमलमा गर्छु नमस्कार मंगलमय शुभ रूप ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जसको माया शक्ति असीम छ पाउँदैन उही पार ।
निज सीमा जान्दैन अकाशै अरु को लाओस् तार ॥
म तिमी अरु के वामदेव पनि आफ्नो मति अनुसार ।
केवल अडकल सम्म गर्दछौं मायाको परि चाल ॥
हामी ता अवतारी प्रभुले गरि बक्सेका काम ।
सम्झन्छौं तर पद जान्दैनौं गर्छौं खालि प्रणाम ॥
त्यो श्रीहरि परिपूर्ण एक रस माया लेश रहित ।
शुद्ध छ केवल निर्गुण रूप शान्त सनातन चित्त् ॥
सन्तहरूको इन्द्रिय आशय शान्त हुँदा जो खुल्छ ।
असत्तर्कको जाल बिछाए ढाकिएर जो लुक्छ ॥

सातौं अध्याय

ब्रह्मा नारद सँग भन्दैछन्- सुन चौविस अवतार ।
जो छ मधुर अति श्रवण गरेमा भाग्दछ कर्ण-विकार ॥
वराह, सुयज्ञ, दत्त र चतुसन्, कच्छप, कपिल, नृसिंह ।
नर-नारायण, ध्रुव, हरि, मत्स्य, वामन, पृथु, मनु हंस ॥
ऋषभ, धन्वन्तरि, परशुराम, रामचन्द्र, हयशिर ।
व्यास, राम औ कल्की बुद्ध रूप भनें चौबीस ॥
आफ्नो प्रतिभा द्वारा भूको गन्लान् धूलिकण ।
किन्तु कृष्णका शक्ति गन्न कोही हुन्न जन ॥
हुँदा त्रिविक्रम प्रदम्य पदको बढेर वेग अगम ।
त्रिभुवन सारा काँप्यो तर स्थिर पार्नु पर्‍यो स्वयम् ॥
जानेनौं म र तिम्रा दाजु ले पनि त्यो पद देख्न ।
गाई रहनु हुन्छ शेष नित जसको सीमा भेट्न ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शरणागत जन जान्दछ, माया तर्दछ त्यही जन।
कुकुर श्यालको खाजामा म र जसको छैन म म ॥
जसको कीर्तनद्वारा नारी, शबरी, हूण, चमार।
पापीहरू पनि माया तर्छन् औ पुग्छन् भव पार॥
यही भागवत् हो प्रभुबाट ममा मिलेथ्यो सार।
भनें तिमीले अब यसलाई गर्नु विपुल विस्तार॥
वर्णन गर्दा जसरी हरिमा जनको बढ्छ रति।
थाल्नु त्यही सङ्कल्प गरीकन हुनेछ शुद्ध मति॥
अचिन्त्य शक्ति माया वैभव वर्णन जो गर्छन्।
अनुमोदन वा सुने भने पनि ती माया तर्छन्॥

आठौं अध्याय राजाशुक सँग सोद्धछन्–

श्रद्धाले जो भन्दछ सुन्दछ पावन कृष्ण–कथा।
पसी कानको पथद्वारा हरि हृद्मा वस्छ सदा॥
निर्मल हृद्ले हरि छाड्दैन क्षणको निति पनि।
थकित पान्थले घर छाड्दैन जसरी सुखी धनी॥
प्रभुको गति औ कल्प, विकल्प, भू, पाताल, पहाड।
स्वर्ग नदी, नद, ग्रह, नक्षत्र, अण्ड जगत्को नाप॥
भक्त चरित औ आश्रमधर्म, पूजा, वेद पुराण।
सृष्टि प्रलय र स्थितिको कार्य भन्नोस् हे शुभकाम॥

नवौं अध्याय शुक भन्दछन् –

वस्तु स्वप्नका सँग द्रष्टाको नभए झैं अनुबन्ध।
पदार्थ मायाको को सँग छैन आत्माको सम्बन्ध॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माया जस्तै हुन्छ प्रतीत आत्मा अनेकन ।
माया गुणमा रमेर त्यै प्रभु भन्दछ मेरो म ॥
काल र माया परको आफ्नो महिमामा जब स्थित ।
हुन्छ, अमोही आत्माराम छाड्छ म मेरो रीत ॥
सृष्टि गर्न जब बिर्से विधिले "तप गर" भन्ने स्वर ।
सुनी गरे तप वर्ष सहस्र गरी चित्त दृढतर ॥
निज दर्शन दी तपको महिमा गाई हरिले खूव ।
आज्ञा भो- "वर माग सहर्ष खुशी भए म अपूर्व ॥"

ब्रह्मा भन्दछन् -

होस्रोस् चरित र तिम्रो रूप स्थूल, सूक्ष्मको ज्ञान ।
ईश्वर नबनौं आफू स्वतन्त्र सजग गरौं प्रभु काम ॥"
हाँसी आज्ञा हुन्छ मुकुन्द- गुह्य ज्ञानहरू सब ।
"मै थें पहिले, पछि पनि मै छु, भान छ मैमा जग ॥
निषेध गर्दा बाँकी रहने मै हूँ केवल एक ।
सबमा वस्तु तत्व भएर रहने मै हूँ एक ॥
वस्तु भएको नहुनु प्रतीत नभएको हुनु भान ।
यै हो मेरी माया जगमा तम आभास, समान ॥
पंचभूतहरू प्राणीमा झैं पदार्थ प्राणी बीच ।
प्रविष्ट झैं देखिन्छु म किन्तु पूर्ण कहाँ अप्रविष्ट ?"
ब्रह्माले कल्याण प्रजाको निति गरे अनुष्ठान ।
त्यही समय गै सोध्छन् नारद माया तत्व महान् ॥
तिनमा विधिले दश लक्षण युत दिए भागवत यो !
रचे व्यासले नारदबाट पाइ ग्रन्थ अहो !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दशौं अध्याय

सर्ग, विसर्ग स्थान र पोषण, उत्ती, मनुअन्तर ।
ईशकथा औ निरोध, मुक्ति, आश्रय दश लक्षण ॥
जो इन्द्रियको अभिमानी छ अधिष्ठात्री पनि त्यै ।
गर्छ उक्त विच्छेद दुबैको भौतिक देह लिदै ॥
आध्यात्मिक औ आधिदैविक आधिभौतिक यी ।
एक मात्र नभए दोश्राको नहुने उपलब्धी ॥
जो जान्दछ यी तीन तत्त्वको वास्तव गूढ कुरा ।
त्यै आत्मा अधिष्ठान सबैको आश्रय तत्व सुधा ॥
अण्ड फुटी जब पुरूष भएथ्यो जलमा डुब्यो अनि ।
हेर्ने, खाने, सुन्ने, हिंड्ने इच्छा गर्‍यो पनि ॥
इन्द्रिय अनि अधिष्ठात्री स्रोता, गोलक, भो उत्पन्न ।
त्यही पुरुषका तनमा निस्के स्थिर, चर, वस्तु प्रपञ्च ॥
स्थूल भन्दा पर सूक्ष्म रूप छ वाक् मन पुग्दैन ।
स्थूल सूक्ष्म दुइलाई विद्वान् साँचो मान्दैन ॥

तृतीय स्कन्ध

पहिलो अध्याय

अखिलेश्वर हरि दुर्योधनको छाडी महलै विदुर गृह ।
बोलाएका थेनन् आफै संझी पाल्नु भयो नृप !
"कहाँ विदुर मैत्रेय समागम भो" गर्छन् नृप प्रश्न जब ।
भन्छन् श्री शुक–जब धृतराष्ट्र ले पोषी निज दुष्ट सुत ॥
पाण्डवलाई लाक्ष–भवनमा अग्नि लगाए मार्न भनी ।
जब द्रौपदिको भरी सभामा केश खिचे थे उग्र बनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जिती जुवाले विपिन निकाले फर्की पुन निज पैतृक धन ।
माग्दा हिस्सा पाण्डवलाई भई दिएनन् लोलुप मन ।।
स्वयं जगत्गुरू गई सभामा अमृतमय शुभ श्रेय वचन ।
बोल्दा पनि सम्मान गरेनन् नष्ट हुँदा जब पुण्य चयन ।।
भने विदुरले "हरिले अपना एका यिनको अंश विनोस् ।
कुलको गर्ने श्रेय भए यदि कृष्ण विमुख सुत त्यागि दिनोस् ।।"
कुरू सभामा यस्तो नीति सुनेर भन्दछ सुयोधन ।
"जिउँदै दासी पुत्र विदुर कन निकाल वैरी पक्ष सम ।।"
सुनी विदुरले मर्म बाण यो दुःख न मानी द्वार बिच ।
धनु घुसारी भारत तीर्थ घुम्न हिंडे भै गतव्यथ ।।
घुमे सुपावन तीर्थ, नगर, पुर, निकुञ्ज, कुञ्ज र पर्वत वन ।
नदी, सरोवर जहाँ जहाँ छन् दिने कृष्ण स्मृति, भई अनन्य ।।
तीर्थ घुमी पछि यमुना पुग्दा उद्धवलाई भेट भई ।
विदुर सोद्धछन् हाली अँगालो क्षेम कुशल यो मग्न भई ।।
"आनन्द छ कि बल केशव औ यादव, पाण्डव, कुरूलाई ।
भन्नुहवोस् अनि लीला हरिको अति मंगल सुखदायी ।।

दोस्रो अध्याय

सुनेर यस्तो प्रश्न विदुरको सम्झी स्वामीको शुभपद ।
मुहूर्तभर चुप भै पुछि आँसु भन्छन् उद्धव भै पुलकित ।।
"कृष्णरूप रवि अस्तायो अब कुशल भनौं के आज प्रभो !
जसको विग्रह गहनाको पनि भूषण बन्थ्यो हाय ! प्रभो !
रैछन् हा ! नरलोक अभागी भाग्यहीन यी यादव झन् ।
सागरका शशी माछाले झैं चिन्न सकेनन् साँचो धन ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजसूयमा देखिहाल्नुभो द्वेष गरी शिशुपाल तर्‍यो ।
को सक्ला अब विरह सहन त्यो प्राण प्रभुको आज ? प्रभो !
त्यस्तै अरू पनि भारत –रणमा पार्थ--वाणले पूत भई ।
हेर्दै जसको मुखारविन्द गए परम पद देह तजी ।।
मार्न मनी विष स्तन प्याएर बकिले पाई मातृ–पद ।
छाडी त्यो प्रभु दयालु अरू कुन जनको जाऊँ शरण अब ?
ठान्छु असुरकन कृष्ण भक्त म बैरभावले सही अखण्ड ।
चक्रधारि हरि सहित गरूडकन सदा देख्तथे भई अनन्य ।।
वर्ष एघार सम्मन् व्रजमा गाई, बाछा चराउंदै ।
बस्नुभयो प्रभु हाँसी, खेली गोप र गोपी हँसाउँदै ।।
मार्नु भयो सब दैत्यसमूह कालियलाई नाथ्नु भयो ।
सुरपतिको दृढ तोडी गर्व रास रसिलो रच्नु भयो ।।

तेस्रो अध्याय

आई मथुरा मारी कंस गै गुरुकुल सब पढ्नुभयो ।
रूक्मिणी आदि पत्नीद्वारा जन्मे प्रद्युम्न आदि अहो !
दैत्य नृपतिहरू कैयौं मारी आपस पारी युद्ध अति ।
सोच्नुभयो "यदुकुल पनि चाँडै नश हुनेछन्, लडी भिडी ।।
यस पछि पाण्डवलाइ राज्यमा राखि गराई तिन हय मेध ।
रही सांख्यमा भई असक्त पालन गर्दै लोक र वेद ।।
आफ्नो शुभ आचरण द्वारा लोक, लोक पर, तथा विशेष ।
स्त्रीगण यदुकुल मा आनन्द दी समयोचित बस्यो सशेष ।।
आखिर माधव भो वैराग्य गृह, धन सम्पत्ति, भोग प्रति ।
भने भक्त झन् कसरी गर्ला असत् जगत्मा भोग मति ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्राप परी मुनिहरूको यादव सारा डरले गई प्रभास ।
दान गरे अनि श्राद्ध हवन पनि भक्तिभावको लिई स्वभाव ॥

चौंथौं अध्याय

प्रभास बिच पी मधु मैरेय बाँस लडे झै लडी भिडी ।
आपस यदुकुल नाश भए सब शेष रहनुभो एक हरि ॥
थियो समय निज धाम सवारी हुने थिए मैत्रेय त्यहीं ।
दिनुभो ज्ञान र भक्ति मलाई बदरी जाने बचन पनि ॥
आशय जानीकन पनि सहनै नसकी लागें नाथ पिछा ।
सुनें" जन्म यो चरम हुनाले देख्यौ आखिर निजी सखा ॥
पाद्म-कल्पमा ब्रह्मालाई मेरो महिमा प्रकट हुनि ।
ज्ञान दिएँ जुन त्यसलाई नै भन्छन् भागवत लेउ तिमी ॥"
"ममा दिनोस् त्यो ज्ञान विदुरले भन्दा भन्छन् उद्धवजी ।
मैत्रेय कहाँ गै सब जान्नोस् आज्ञा प्रभुको यै छ बुझी ॥"
प्रभुले आफुकन सम्झेको उद्धवद्वारा सुने जब ।
उनी गएपछि रुँदै विदुरजी लागे हरिको द्वार तिर ॥

पाँचौ अध्याय

पुगी विदुर हरिद्वार कुटिमा सोध्छन् श्रीमैत्रेय प्रति ।
अच्युतको शुभ भाव बढेर गद्गद भै पद बीच नुही ॥
सुखको खातिर गर्छ कर्म जन मिल्छ न सुख न त भाग्छ विपत् ।
बढ्छ दुखै झन् यसमा के अब ? गर्नु उचित हो भन्नु हवोस् ॥
सुनें सुन्न ता व्यासबाट सब धर्म कथा व्रत आदि अनेक ।
कृष्ण कथामृत छाडी ती सब बाट भएँ म वाक्क विषेश ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरिको गाथा सुनेर तृप्त होला को ? भै सन्तमति ।
कानबाट जो पसेर काट्तछ जन्ममृत्युप्रद गेहरति ।।
सखा हजुरका व्यास कृष्णले विषयीसुख उल्लेख गरी ।
कृष्णचरित प्रति खिच्न व्यक्तिकन भारत रचना गरे अघि ।।
भो श्रद्धा हरि गाथामा यदि हुन्छ विरक्ति सबैतिर ।
विरति भएमा पदस्मृति हुन्छ स्मृतिले भाग्दछ दुःख पर ।।
शोक लाग्छ ती कथा विमुखको काट्छ आयु सब जसको काल ।
गर्छ व्यर्थ जो वाद विवाद चिंतन चेष्टा असती जाल ।।
अतः श्रेयको निति कृपालो ! कथा हैन , तर त्यसको सार ।
छाँटो काँटी सुनाउनु होस् जसले हौंला भवको पार ।।
श्रेय कृत्यको कुन हो बाटो ? जसले केशव हुन्छ खुशी ।
सृष्टि गरी कति वृत्ति बनायो ?" अनि भन्छन् मैत्रेय ऋषि !
"धन्य तपाई पुत्र व्यासका यमराज स्वयं कृष्ण स्वजन ।
जीव अनुग्रह खातिर यस्तो सोध्नु कस्तो भाव परम ।।
भक्त र भगवान्को पनि प्यारो हुँदा कृष्णले अन्तिम दिन ।
ज्ञान दान दिनु भनी मलाई थियो भनेको धन्य जनम ।।
"एक थियो अघि भए महत् औ इन्द्रिय, द्यौता भूत अहम् ।
चल्न सकेनन् भिन्न हुनाले स्तुति प्रभुमा यो गरे स्वयम् ।।
"शरण परेका जनको निति छाता रुपी पाउकमल–
मा छ नमस्कार, जसमनि बस्ने पर्याक्छन् बाहिर दुःख सकल ।।
शीत ग्रीष्म औ वर्षा तीन काल चक्रमा जीव पर्‍यो ।
छुट्नलाई त्यसबाट अखण्ड चरण भजे भव पार भयो ।।
देह गेह औ तुच्छ वस्तुमा तेरो मेरो दुराग्रह ।
गर्ने जनको सँगै भए पनि टाढा छौ ल्यौ शरण अब ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कथा सुनेमा बढ्दछ भक्ति भक्ति भए हृद् हुन्छ अमल ।
अमल हृदयमा ज्ञान र विरति मिल्छ अनि प्रभु धाम कमल ॥
सृष्टि भयौं जुन कार्य निमित्त गर्न सकेनौं किन हो ? नाथ !
लौन प्रभो ! अब देऊ शक्ति चरण–शरण छौं भयौं अनाथ ।"

छैटौ अध्याय

चेतनको शुभ रूप लिएर ईश पस्यो जब उठ्यो विराट् ।
बुद्धि, हृदय, मन, आँखा, तालु कान बन्यो अनि खुट्टा, हात ॥
त्यसमा द्यौता बसे गएर निज निज इन्द्रिय साथ लिई ।
स्वर्ग भयो शिर, अन्तर नाभि, पद भो प्रभुको यो पृथिवी ॥
मुख, कर, उरू पदद्वारा ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र यति ।
क्रमले जन्मे वृत्ति संगै ली, जुन गर्दा हरि हुन्छ खुशी ॥
वाणीको एकान्त लाभ ता प्रभुको लीला गाउँनु हो ।
कान मिलेको लाभ महान कृष्ण कथामा लाउनु हो ॥
माया मायी कन पनि मोहित पार्छे अरू को चाल बुझोस् ?
थाह लगाउनु हुन्न हरि पनि कसरी अरूको बुद्धि खुलोस् ?
लौटन्छन् मन वाणी द्यौता पुग्नै नसकी जहाँ प्रति ।
जसको सीमा वर्वै जान्दैन केवल गर्छौं आज नति ॥

सातौं अध्याय

विदुर सोद्धछन् "निर्गुणलाई मोक्ष र बन्धन भो कसरी ?
व्यापक कन वुर्भगत्व किन भो ?" भन्छन् अनि मैत्रेय ऋषि ॥
"यही त हो श्री हरिको माया न्याय विरूद्ध छ जगमा जो ।
जल चल्दामा चन्द्र चले झैं केवल हरि मै भान छ यो ॥
प्रभु अनुग्रह प्रभुकै भक्ति गाथा प्रभुकै सुने सदा ।
भाग्छे माया त्यसको अनि त्यो बन्दछ निर्मल भक्त अहा !"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विदुर सोद्धछन्-"सज्जन सेवा अतपस्वीमा - दुर्लभ छ।
जसको सङ्गत बिच श्रीहरिको निर्मल गाथा गाइन्छ॥
बुद्धि परको औ पठ मूर्ख यी दुइ थरि छन् सुखी अति।
मध्यश्रेणिका संशयी व्यक्ति सारै दुःखी भए ऋषि॥
कृपा हजुरको परी अनात्म्य पदार्थ जानें खालि प्रतीत।
हटाउने छु त्यो पनि सेवा तिम्रा पदको गर्दै प्रीत॥
विभूति प्रभुको भन्न हवोस् जो द्वारा भो सब विश्व खडा।
सृष्टि, प्रजापति, भूको संस्था, नर, सुर, पशुको रूप खडा॥
वर्णाश्रम, ऋषि, वृत्ति, अनेक, काल, ग्रह अनि तत्वहरू।
प्रभुको लीला भन्न हवोस् औ छन् जति जे जे तत्व अरू॥
अभय जीवमा दिनुको सोरह अंश बरावर हुंदैन पुण्य।
यज्ञ तपस्या दान बेद तप सारा जोड्दा पनि छ नगण्य॥"
कुरुप्रधानले यसरी प्रश्न गरिएका श्री मुनिप्रधान।
प्रसन्न मुद्रा लिदै खुशीले लागे गद्‌गद गर्न बयान॥

आठौं अध्याय

भन्छन् यमकन श्री मैत्रेय-"पूरुवंश यो धन्य भयो।
कृष्ण-कीर्तिको माला जसले जन्मी पद पद नयाँ उन्यो॥
संकर्षणको पाउ परेर जान्न ब्रह्मको तत्व स्थिति।
सनकादिहरू बसे, प्रभु थ्यो वासुदेवको ध्यान प्रति॥
गंगाजलले जटा भिजेको पदमा लगि जब स्पर्श गरे।
जसमा नागकुमारी गर्थे पूजा स्नेहिक विधानले॥
लीलाका थे ती मर्मज्ञ गाउन लागे अस्पष्ट।
हजारमणिले परमोज्वल त्यो देखिन्थ्यो स्थिति अलमस्त॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाए चतुसन्ले सङ्कर्षण बाट भागवत् जउन् अघि ।
भन्छु म सुन्नोस् "नारायणको नाभिकमलमा भए विधि ॥
'को हुं' भनी सब कारण खोज्न तल जाँदा पनि नभै पता ।
फर्की तपमा देखे विधिले नारायणको शुभ्र छटा ॥
कमल, सलिल, नभ, मारूत, आफू मात्रै देखी सामु यति ।
सृष्टि नितिमा लागे ब्रह्मा श्रीपति प्रभुको गर्न स्तुति ॥"

नवौं अध्याय

ब्रह्मा भन्दछन्–(प्रथम रत्न)

राखी सब यो विश्व उदरमा, थकितहरूमा दी विश्राम ।
सुत्तछ जो संकर्षण माथि त्यसलाई अब गर्छु प्रणाम ॥
तिम्रो यो शुभ विग्रहलाई गर्छ नारकी अनादर ।
प्रसंग तिम्रो तजी विषयमा लाग्ने जन हुन् दैवहत ॥
चरण कमल सौगन्ध कर्णले जो सुंघ्छन् अति स्नेह गरी ।
दूर हुँदैनौं कहिल्यै तिनको हृदय सरोरुहबाट हरि !
तिम्रो पदबौ न वरे सम्म भय छ जहाँ पनि भयंकर ।
तिमी छौ भावित भावयोगमा सबका आत्मा निरन्तर ॥
वात पित्त कफ भोक प्यास औ वर्षा सर्दि र गर्मि स्थिति ।
क्रोधकामले दुःखित जनता देखी खिन्न छु नाथ ! अति ॥
भिन्न हजुर सँग स्वयं भए तक जन्ममरण छुट्तैन प्रभो !
मिथ्या हो तर क्षेत्र कर्म फल हुँदा दुःख त्यो भोग्नु पऱ्यो ॥
ऋषि नै हुन् तर नाथ विमुख छन् भने परे भवचक्करमा ।
भाव दयाको छैन भने यदि छैन खुशी प्रभु तप, मखमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूप लिँदा जो बन्न गए थे तिम्रा निर्मल नामहरू !
गर्छ ग्रहण जो अन्त समयमा बन्दछ तिम्रै रूप प्रभु !
कुशल कर्ममा लोक उदास छ उल्टोमा उल्लास सदा।
त्यस्ता जनको बाँच्ने आशा काट्छौ प्रभु भै काल सदा॥
शक्ति रमा सँग ली अवतार जो जो गर्छौ चरित तिमी।
जग रच्ने यो मेरो उद्यम त्यसमध्ये कै एक छ नि !
मायाद्वारा विस्मृति भो सब सिर्जन अघिको हे भगवन् !
बोली मधुरो व्यथा हटाऊ रच्न सकौं जग रमारमण॥

भगवान् बोल्नुहुन्छ–

खेद नगर विधि भागवतीय अनुष्ठान गर फेरि तिमी।
भेट्नेछौ स्मृति अघिको रजगुण ले छुन सक्नेछैन अनि॥

दशौं अध्याय

मैत्रेय विदुरप्रति भन्दछन्–

गरी तपस्या हेर्दा विधिले ठूलो देखी कमल खडा।
गरे त्यसैमा त्रिभुवन सृष्टि जीव बस्छ सब जहाँ सदा॥
महत्, अहं औ इन्द्रियद्यौता, इन्द्रिय भूत र तमको पुंज।
सातौं वनका लहरा पात, आठौं पशु औ पंछी हुन्॥
मानिस नउमा, देव दशौं हुन्, प्राकृत छः हो वैकृत चार।
चतुसन्हरू हुन् प्राकृत, वैकृत, दुवै तर्फका सृष्टि समाज॥

एघारौं अध्याय

अणु देखि लिई बर्षौं सम्मन् सृष्टि भयो डर लाग्दो काल।
हाम्रो अयन त दिन भो सुरको पक्ष पितृको भो दिन रात॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हजार युगको विधिको एक दिन भो त्यति नै रात पनि ।
साँझ प्रलय औ प्रात: सृष्टि हुन्छ जगत्को नित्य अनि ।।
दुई परार्द्ध भर बाँच्छन् ब्रह्मा हरिको बित्तछ एक निमेष ।
पचासकोटी योजन विश्व छ यस्ता छन् अरु अगणित देश ।।
अणु परमाणु देखि लिएर द्विपरार्ध पर्यन्त समान ।
छ फैलिएको सर्व समर्थ काल सुदुस्तर एक महान ।।
तर सर्वात्मा श्री हरि माथि प्रभुता त्यसको छैन रति ।
देह आदिमा जो अभिमान गर्छ समर्थ छ त्यसै प्रति ।।
जुन प्रभुमा ब्रह्माण्ड अनन्त देखिन्छन् कण धूलि समान ।
सबको कारण अक्षर ब्रह्म त्यै हो वैष्णव धाम महान् ।।

बाह्रौं अध्याय

अज्ञान तथा चतुसन्, शंकर, नारदादि दश पुत्रहरु ।
धर्म मृत्यु अनि काम, सरस्वती, क्रोध, लोभ ओ सिन्धुहरु ।।
निर्ऋति, कर्दम, वेद, पुराण, आश्रम, सबका वृत्तिहरु ।
पुण्य, दान, तप, विद्या, सत्य, गायत्री, स्वर छन्दहरु ।।
जन्मे विधिका अवयवबाट किंतु जगत् यो पूर्ण न भै ।
मनु शतरूपा जन्मे फेरि विधिको कायाबाट दुवै ।

तेह्रौं अध्याय

विधिले देखी पृथ्वी जलमा ध्यान गरे जब केशवको ।
सानु सुकर भै निस्की श्रीहरि गर्जनुभो अति अद्भुत भो ।।
सुनेर घर्घर सूकरको स्वर जन तप सत्य निवासी जन ।
लागे स्तुतिमा प्रभु हात्ती झै पाल्नु भयो जल बीच स्वयम् ।।
उठाई पुच्छर नभमा उफ्री फटकारी रौं गर्दनको ।
खुरले बादल फारी सेतो-दाह्रा लोचन प्रकाश थ्यो ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कराल दाह्रा थियो तथापि सौम्य भाव थ्यो लोचनमा ।
गर्दै ब्राह्मण ब्रह्मालाई पस्यो जनार्दन पानीमा ॥
अहो ! सिंधुको फाट्यो पेट छाल उठ्यो मन हाथ उठ्यो ।
सिंधु आर्त भै मनोरहेछन्- "हे यज्ञेश्वर ! पाहि प्रभो ! "
खुरले चिर्दै पानि रसातल पुगेर देखी भूमिकन ।
लिई दाँतमा आउन लाग्दा गऱ्यो दैत्यले आक्रमण ॥
मारी राक्षस तमाल वर्ण पाल्नु भयो जब माथि हरि ।
कर जोरीकन वेदवाक्यले ब्राह्मण लागे गर्न स्तुति ॥
"जयहोस् जयहोस् जसको रउँमा यज्ञहरु छन् टम्स अरे ।
वेदत्रयी तन फटकारी कन गर्दै पावन विश्व हरे !
दीक्षा तिम्रो हो अवतार गर्दन इष्टि तीन भयो !
प्रायणीय उदयनीय दाह्रा जिह्वा प्रवर्ग्य रूप प्रभो !
शिर तिम्रो हो आवसथ्य औ सभ्य नामका अग्नि दुई ।
चयन इष्टिका तिम्रो प्राण यज्ञ रूप हे नाथ हरि !
पृथ्वो ली जव आयौ नाथ ! क्रति स्वाएको कति सुन्दर !
पत्र सहितको कमल लिएर हिंड्ने हात्ती झै मनहर ॥
रसा पुगेको भूमि उबार्न हजुर विना को समर्थ थ्यो ?
यसमा के आश्चर्य भयो र ? जसले अद्भुत विश्व रच्यो !
अपार तिम्रो पाउँछु पार भन्ने जन हो भ्रष्ट-मति ।"
सुन्दै स्तुति यो पृथ्वी राखी पाल्नु भयो हरि धाम प्रति ॥
विश्व पावनी कृष्णकथामृत कर्णाञ्जलिले पान गरी ।
सुन्न नखोज्ने को होला जन दैत्य बिना यो विश्व भरी ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चौथौं अध्याय

विदुर सोद्धछन्-"सूकर हरिले राक्षस हिरण्याक्ष खति।
गर्नु भयो प्रभु ! कसरी भन्नोस् ? सुन्ने इच्छा भयो अति ।।"
भन्छन् श्री मैत्रैय "प्रश्न यो मृत्युपाश नै काट्नेछ।
जसको लीला गाई मृत्यु जिती पुगे ध्रुव परं पद ।।
साँझ समयमा कामार्दित भै कश्यपका सँग गई दिती।
भन्छिन्-हे प्रिय ! पुत्र दिनोस् अब गरी अनुग्रह दीन प्रति ।।
"क्षणभर पख वा" भन्ने पतिको वचन नमानी पक्डिन्छिन्।
गर्भ लिई पछि, पछितो गर्दै शिवको स्तुतिमा मन दिन्छिन् ।।
"स्त्रीलाई ता व्याधा नै पनि दया गर्दछन् झन् शिव त।
मेरा नै हुन् वहिनी ज्वाई गर्दैनन् के अनुग्रह ?"
देखी मलिनी भन्छन् कश्यप-" पुत्र हुनेछन् दुई चण्डाल।
श्री परमेश्वर कुपित भएर तिनको गर्ने छन् उद्धार ।।"
दिती भन्दछिन् "मर्छन् पुत्र त चक्रपाणि प्रभुबाट मरुन्।
यही कुरा चाहन्छु म स्वामी ! ब्रह्मशापले ता नमरुन् ।।
ब्रह्मदण्ड वा प्राणीमा भय दिने जहाँ नै जाओस् जन।
जीव नारकी पनि त्यसलाई दया कहिल्यै गर्दैनन् ।।",
भन्छन् कश्यप "पश्चाताप र प्रभुमा आदर हुँदा अति।
नाति भगवद् भक्त हुनेछन् प्रभावशाली पूज्य स्थिति ।।
प्रौढ भक्तिले उरमा भगवान् राखी त्यागी अहंपन।
अनासक्त भै मित्र सबैको दुख नास्ने छन् चन्द्र सम ।।
ललना लक्ष्मी को लावण्य झिलमिल कुण्डल युक्त मुख।
हरि को दर्शन पाउँदछन् यी भित्र र बाहिर निरन्तर ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'प्रभुद्वारा दुई सुत उद्धार हुन्छन् नाति भक्त अति।'
सुनेर यस्तो पतिको वाणी हुन्छिन् साह्रै हर्ष दिती।

पन्ध्रौं अध्याय

दितीगर्भको तेज बढेर द्यौता सब निस्तेज भई।
सत्यलोक गै भने सबै अनि ब्रह्मा भन्छन् तत्व बुझी॥
"वैकुण्ठ पुगे चतुसन् क्वै दिन प्रभुको दर्शन गर्न भनी।
जहाँ रहन्छन् विष्णु रूप ली निष्कामी जन एक बनी॥
वेदान्तप्रतिपाद्य प्रभु छन् सत्व रूपले जहाँ विराज।
जहाँ छवै ऋतु नैश्रेयस वन जसको थ्यो कैवल्य स्वभाव॥
विमानचारी गण गंधर्व गर्थे गाना प्रिया सहित।
जसमा हरिको लोक शमल सब नासक यश थ्यो विश्व पुनित॥
गन्ध माधवीको ली मारुत खोज्थ्यो तिनको खिन्न स्थिति।
खिन्नु कता बरु उल्टै बोल्थे भला बुरा ती वायु प्रति॥
जब गाउँदथ्यो भ्रमरो उच्च हरिगाथा झैं चसका दी।
चूप रहन्थे अरु पक्षी सब मानो श्रोताको सुख ली॥
हरिको भूषण तुलसी देखी पारीजात मन्दारहरु।
मान गर्दछन् ज्यादै उनका तपको कस्तो भाग्य तरु?
विमान, हीरा पन्ना सुनका थिए, कर्मफल द्वारा यो।
प्राप्त हुन्न हैं, केवल पदको स्मृतिले मात्रै मिल्दछ जो॥
थिए चढेका त्यसमा स्वच्छ कृष्ण परायण मात्र जन।
युवतीहरु सयतैन थिए निज हावभावले खिन्न मन॥
नूपुरको झंकार दिई श्री लीला कमल घुमाउँदथिन्।
स्फटिक प्रति प्रतिबिम्ब परी भू मानु बढारी ती रै छन्॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रिय चुम्वित निज वदन निहारी स्वच्छ सरोवर पानीमा।
संझी निज सौभाग्य पुज्दछिन् तुलसी – दलले चरण रमा।।
मति मार्ने जो सुन्छन् कुकथा पुग्दैनन् ती यहाँ अहो !
धर्म ज्ञान युत मनुज हुँदा पनि नभजे माया वीच सड्यो ।।
हरि चर्चाले रोमाञ्चित भै बहाउँछन् जो अश्रुकण।
तिन संग यम छन् दूर तिनै जन पुग्छन् शुभ बैकुण्ठ सुन ।।
छः द्यौढी कन पार गरेर पुगे सातबाँ बीच तिनी।
जय र विजयले जान दिएनन् भित्र महलमा क्रुद्ध बनी ।।
"विषम भयौं किन यहाँ तिमीहरू यस्तो प्रभुको दास बनी।
स्वाएनौं झर तलतिर" भन्दै दिए मुनिले श्राप अनि।।
थाहा पाई पाल्नु भयो श्री सहित लिई . हरि द्वार प्रति।
देखी प्रभुको सुन्दर विग्रह चतुसन् गर्छन् आर्त स्तुति ।।
"सुन्न त ब्रह्माबाट सुनेका थ्यौं तर देख्यौं आज छवि।
राग छुटेका ग्रन्थि टुटेका मात्रै देख्छन् भक्ति बढी ।।
चरित रसिक औ शरणागत जन मोक्षलाई . ता गन्दैनन्।
इन्द्र आदि को पद जो नश्वर त्यसको इच्छा कहाँ गरुन् ?
नरक परे पनि चित्त भ्रमर झैं तिम्रो पदमा नित्य रमोस् ।
बोली तिम्रो नामसुधामा कथासुधामा कान भुलोस् ।।'

सोह्रौं अध्याय

भगवान् आज्ञाहुन्छ-चतुसन् प्रति
सेबकले अपराध गरेमा हुन्छ पाप त्यो मालिककै।
माफ म माग्दछु चाड़ै फर्कुन् ठीक छ यिनमा दण्ड सबै ।।
मेरो यशमा डुबे पवित्र हुन्छ जगत् चाण्डाल पनि।
पाएको हूँ यस्तो महिमा हजुर बाटै महामुनि !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्मात् ववै होस् हजुरहरुको विरुद्ध चल्दछ भने यदि।
नहोस् हात किन मेरै तत्क्षण काटी दिनेछु क्रुद्ध भई॥
हजुरहरुको सेवाबाटै मेरो पदरज पावन भो।
शील मनोहर पाएँ, लक्ष्मी छोड्दिनन् क्षण एक अहो!
सर्वकर्म फल अर्पण गर्ने ब्राह्मणको मुखबाट जति।
खाँदा तृप्त छु, अग्नि द्वारा दिंदा आहुति छैन त्यति॥
ब्राह्मण, गाई, दुःखी मैं हुँ भेददृष्टिले यिनमा जो।
दिन्छ विपत्ति, तिनको आँखा झिक्छ मरेपछि गृद्ध अहो!
यदि ब्राह्मण कटु बोलुन् किन्तु मधुर वाणीले स्नेह छरी।
आदर गर्छन् भने मलाई पारे वशमा हेर गडी।"
क्रोधसर्पले थियो डसेको किन्तु मंत्रवत् मनोहर।
मधुर सार युत प्रभु वाणी ले मुनिहरूको भो शान्त उर॥
चतुसन् भन्छन्-द्विजको मान गर्दा घट्छ र तिम्रो मान।
पर्छ उचित जे गर यिनलाई खुशी हुनेछौं त्यसमा राम!"

ब्रह्मा भन्दछन्–देवताप्रति

झरे दुवै ती तलतिर तत्क्षण बसे दितीको गर्भ वनी।
अब हाम्रो के लाग्छ र यसमा ? गर्छ उसैले श्रेय पनि॥

सत्रौं अध्याय

अति डर लाग्दो भो उत्पात जन्मे जोडी कडा असुर।
हिरण्याक्ष औ हिरण्यकशिपु नाम लिई अति भीषण रूप॥
हिरण्याक्ष सब लोक जितेर माग्छ वरुण सँग युद्ध गई।
भन्छन् वरुण-म शिथिल छु अहिले हरि छन् जाऊ योग्य अति॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भेट्न सक्यौ यदि भने शेखि सब हुनेछ तिम्रो चूर बुझ।
सुन्ने छौ अनि भँमा ढालि घेर्छन् श्याल र कुकुर दल॥"

अठारौं अध्याय

रसातलवाट पृथ्वी वोकी आउँन लाग्ने हरि देखी।
हिरण्याक्ष खल पिछा लिईकन भन्दछ गर्दै अति शेखी॥
"वनपशु! लज्जा छैन तँलाई? भाग्न रहिछस् असत् पुरुष।'
सुनेर यस्लो गरी उपेक्षा गर्नु हुन्छ हरि भू स्थापित॥
त्यसपछि मर्माहत गर्ने खल लाई हरिले भन्नु भयो।
'साँचै वनका पशु हौं हामी भाछौं ग्रामिण सिंह अहो!
मृत्युपाशमा पर्ने जनको आत्मश्लाघा सुनोस् कुन?
बाँधि बैरता बीर तिमी सँग सकिन्छ भाग्न र कहाँ भन॥"
गदा गदाले हुँदा लडाई हुन लाग्यो जब सायंकाल।
भन्छन् ब्रह्मा "यसको वल अब बढ्दछ हे प्रभु! गर उद्धार॥
अहिले अभिजित् नामक योग रेछ परेको अतः प्रभो।
तमगुण नासी विजय प्रदान सुरमा गर्नोस् झट्ट प्रभो!"

उन्नाईसौं अध्याय

भो आपसमा घोर लडाइँ गदा खसायो केशवको।
त्रिशूल चलायो हरिले चक्र द्वारा टुक्रा पार्नु भयो॥
घुस्सा दी कन लुक्यो परन्तु असर नाथमा परेन क्यै।
माया फैलायो तर योग मायेश्वरमा व्यर्थ सबै॥
गर्छु दवाई चूर्ण भनेर च्याप्यो बाहिर किन्तु हरि।
मुक्का हान्यो चड्कन पायो दैत्य लड्यो निष्प्राण भई॥
एक तमाचा सुस्त दिँदैमा वृक्ष सरी भू बीच गिर्यो।
बरे प्रशंशा सुरले त्यसको जो प्रभुको मुख हेरि मर्यो॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दैत्य तरेपरि अखण्ड उत्सव हुने निजी शुभ धाम प्रति।
पाल्नुभयो हरि जो यो सुन्दछ नारायणमा मिल्छ मति॥"
मुखद्वारा मैत्रेय मुनिको सुनी ललित हरि चरित सुधा।
संत विदुरजीलाई आयो अतिशय नै आनन्द अहा !
भई निराशा सबतिरबाट शरण आउने सरल सँग।
कृष्ण प्रसन्न छ ! भए कृतज्ञ सेवा छोड्ला को सुजन ?

बीसौं अध्याय

अज्ञान तथा यक्ष, रक्ष औ असुर र संध्या, देवहरू।
गंधर्व तथा अप्सरका गण, पिशाच, ज्योत्स्ना, भूतहरू॥
साध्य, सिद्ध, उन्माद र जृम्भण, निद्रा पितृ, विद्याधर,
नाग, सर्प, अहि, किन्नर फेरि सृष्टि गरे मनु विधिले सब॥
मनु जन्मे पछि पहिलेका सुर हरूले विधिको गरे स्तुति।
"मानव योनीद्वारा मात्रै प्राप्त गर्दछौं हामी हवि॥"

एकाईसौं अध्याय

दशहज्जार वर्षों सम्म गरे तपस्या कर्दमले।
हरिको दर्शन पाई भन्छन् "पाऊँ सन्तति नाथ ! हरे !॥
मायाहत छन् जो जन तिनीहरू मोक्ष दिने प्रभु-पादकन।
तुच्छ भोगको खातिर भन्छन् मिल्छ नरकमा भोग जुन॥
योगी जन्मौं गरी प्रयत्न इच्छा गर्छन् दर्शनको।
पाई मेरा नेत्र सफल छन् आज अकस्मात् धन्य प्रभो !
ए सर्वेश्वर ! सबका अधिपति कामीहरूछन् बद्ध-श्रुति।
आज्ञा पालन रूप म गर्दछु बलि समर्पण देउ मति॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कालचक्र अति प्रबल छ जसको धुरि ब्रह्म औ नेमि ऋतु ।
मास तेह्र छन् अरा र तीन चतुर्मास छन् नाभि प्रभु ॥
स्रोत अनन्त छ क्षण पल रूप जोड छ अष्टोत्तर शत दिन ।
सम्वत्सर छन् काल चक्र नै गर्छन् जगको आयु विलीन ॥''
भन्नु हुन्छ हरि–''पर्सी मनुले छोरी अर्पण गर्नेछन् ।
छोरी हुन्छन् नउ औ छोरा हुन्छु म नै पछि हे ब्रह्मन् !''
बोली यस्तो सिद्धभूमिमा हुनुभो श्रीहरि अन्तर्धान ।
प्वाखँ गरूडको द्वारा सुन्दै सामवेदको सूक्त महान ॥
आउनु भो अनि छोरी ली मनु कर्दम मुनिको आश्रममा ।
सम्मान गरी मुनि यो सोध्छन् ''गरुँ के आज्ञा ह्वोस् ममा'' ॥

बाईसौं अध्याय

श्रीमनु भन्छन्– देवहूति यी सुता समर्पण गर्छु मुने !
यिनको पनि त म बुझ्छु हजुरको सेवा गर्ने भाव मुने !
स्वतः प्राप्त सुख भोग अनादर गर्नु विरक्ति लाई पनि ।
छैन उचित भन् विषयासक्त फो त फुरे के गर्नु मुनि !
प्राप्त भोगकन गरी अनादर हात पसार्दछ कृपण सँग ।
भने कीर्तिका साथ समस्त मान भङ्ग पनि हुन्छ गुन ॥
भन्छन् कर्दम–वत्स हजुरकी उच्चपादकी बहिनी यी ।
वरण आफुकन आइन् गर्न स्वीकृत नगर्ला को र बुझी ?
किन्तु सन्तति भए पछि म भागवती अनुष्ठान तिर ।
लाग्दछु शपथ छ अनन्त यसमा प्रमाण मेरो उच्चतर ॥''
बुझेर मनुले भाव सुताको अर्पण कर्दमलाइ गरे ।
खुशी गराउँन दिई दाइजो विरह विकल युत विदा भए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सरस्वतिका दुइतिर तटमा ऋषिमुनिहरूका स्वच्छ सफा।
आश्रम-सम्पत् हेर्दै श्रीमनु फर्के, हुन्छन् हर्ष प्रजा॥
सुन्दै भन्दै हरिको कीर्ति ऊषादेखिन् निशा तक।
आफ्नो अन्तर कृष्ण प्रसङ्ग बाट बिताए मस्त सँग॥
सबको हितमा लागी पर्ने हरिका आश्रित भक्तजन।
भौतिक, दैविक, दैहिक दुःख समर्थ छ र के कष्ट दिन?

तेईसौं अध्याय

स्वामीको अभिप्राय बुझेर गर्धिन् सेवा देवहूति।
दंभ' द्वेष औ काम, वासना, लोभ, पाप, मद आदि तजी॥
गौरव संयम सुमधुर भाषण व्रतले दुर्बल देवहूति।
देखी भन्छन खेद गरी कन गद्‌गद-वाणी कर्दम जी॥
"तनुधारीको देह छ प्यारो अति आदरको किंतु प्रिये।
मेरो सेवा बीच लगाई गरिनौ रति परवाह प्रिये॥
प्रभु सेवाले विभूति प्राप्त छ प्रसाद प्रभुको संझ तिमी।
अभिमानि कन यस्तो भोग मिल्छ कहाँ अब भोग तिमी॥"
सन्तति, गृह, धन अनुरूप माग्दा दिए बनाई स्वच्छ विमान।
चढी त्यसैमा भोगी भोग पाए छोरी नऊ समान॥
लागे कर्दम जब वन जान भन्छिन् रोई देवहूती।
"छोरीहरू यी बालक नै छन् मेरो पनि ता को छ पति?
सक्त विषयमा भई हजुरको जान्नसकिन प्रभु भाव परम।
तथापि आफ्नो जानि मलाई दिनोस् अभयपद आज स्वयम्॥
सज्जन सङ्गत गर्व मिल्यो यदि भने हुन्छ निःसंग मन।
दुर्जन सङ्गतद्वारा मिल्छ जन्म-मरणको चक्र तम॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्म गरी वैराग्य र धर्म हरिको भक्ति भएन भने ।
श्वास सहितको मूर्दा हो त्यो के होला त्यसबाट भरे ॥"

चौबिसौ अध्याय

मानवीको यो वचन सुनी ऋषि भन्छन् सम्झी शुक्ल वचन ।
"चाँडै नै अब आउँछ तिम्रो स्वच्छ उदरमा रमारमण ॥
श्रद्धापूर्वक भजन गरी बस नारायण अविनाशीको ।
गर्छ तिमीमा लौ अवतार ग्रन्थी तिम्रो छेदन जो ॥"
जन्मनु भो जब कपिल देव प्रभु पुष्प–वृष्टि भो भूमि भरी ।
गाए गाना नाचे अप्सर, बाजा ठोके थरी थरी ॥
विहा गरी नौ छोरीहरुको कपिल प्रभुको सामु बसी ।
गर्छन् कर्दम चरण कमलमा शिर निहुराई आर्त स्तुति ॥
"नाथ कृपाले आप्तकाम छ तर पनि तिम्रो चरण स्मृति ।
गर्न जान्छु सन्यास लिई बन आज्ञा देऊ प्राणपति !"
भन्छ कपिल प्रभु 'तत्वविवेचन गर्दै दर्शन आत्माको ।
खुला दिलाउन मेरो जन्म यहाँ भएको जान्नु अहो !
कर्म समर्पण गरी समस्त मृत्यु जिती कन पिउन सुधा ।
सबमा रहने स्वयं प्रकाश श्रीहरि भज्नोस् नित्य पिता !
आमा लाई कर्म चुँडाल्ने विद्या आध्यात्मिकी गति ।
दिनेछु जसले तर्ने छिन् भय चिंता उनको नहोस् रति ॥"
बिदा भई कन गई विपिन तिर परी प्रभुको शरण ऋषि ।
द्वेष र इच्छाबाट फरक भै पाए परमा उच्च स्थिति ॥

पच्चिसौ अध्याय

कपिल प्रभुको सामु गएर देवहूतिजी भन्छिन् यो ।
"विषयहरूमा भो वैराग्य कसरी पारी तरौं ? प्रभो !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाथ कृपाले मेरो जन्म भयो टुङ्गिने निश्चय नै।
अन्धा थे अज्ञानबाट जन तिमी उदायौ भास्कर भैं॥
देह गेहमा मेरो औ म स्फूर्ति दिने पनि तिमी नै हौ।
महामोह यो मेरो काट्न एक तिमी नै कुठार छौ॥
धर्म भागवत् का ज्ञातामा तिमी श्रेष्ठ छौ शरण लिने।
प्रकृति पुरुषको केहो तत्व भन जान्ने मन भयो मुने !"
सुनेर यस्तो ज्ञान दिने अति गुह्य कुराको प्रश्न शुचि।
आमाको मन मनै प्रशंसा गर्दै लाग्यो भन्न हरि॥
"मन हो केवल कारण आमा ! ममा लगाए मोक्ष दिने।
अन्त लगाए बन्धन पारी भव चक्कर बिच फालिदिने॥
ब्रह्म सिद्धिको निंति मुमाज्यु अखिलात्माको भक्ति विना।
छैन दिने कल्याण मनोहर अर्को बाटो यो जगमा॥
म र मेरो जब छोडी मानव गर्दछ मेरी भक्ति अति।
अनि पाउँछ था प्रकृति पुरुषको के हो कस्तो तत्व कति ?
भक्तहरूको सुन्नोस् लक्षण शत्रु हुँदैनन् कहीं कदा।
प्राणिमात्रको हितू सरल मन सहने शक्ति हुन्छ सदा॥
प्रेम अनन्य म बीच लगाई छोड्छन् स्वजन र कर्म पनि।
कीर्तन गर्छन् सुनी चरित्र चित्त समाली ममा रमी॥
जगमा आई पर्ने ताप आउँछ तिनमा पनि मुमा।
तर गर्दैनन् वास्ता केही चित्त रमेको हुँदा ममा॥
वेद विहितमा लग्न हुने औ ज्ञान, विषयको गराउने।
इन्द्रियहरु स्वाभाविक हरिमा लाग्नु अहैतुको भक्ति गुने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्तहरु ता मेरो सुन्दर बदन, नयन पद स्मृति गरी।
मुक्ति दिए पनि नाइँ भन्छन् क्षण क्षण मैमा मग्न परी॥
एकमात्र म प्रिय आत्मा सुत मित्र पनि छू ओत सदा।
त्यसको कहिल्यै हुन्न नाश न दाल कालकै गल्छ कडा॥
यो ऊ लोक र लिंगदेह औ जति छन् जगका वस्तुहरु।
सुन पशु पैसा पति सुत ऐसा त्यागी संग्रह एक प्रभु॥
मेरो सर्वात्मना भक्तिले गर्लां जो जन भजन सदा।
त्यसलाई नै मृत्यु समुद्र बाट उबार्दछु व्रत छ कडा॥
नत्र काल म द्वारा भीत, छन् जल थल सुर प्रकृति सब।
तीव्र भक्तिले चित्त ममा स्थित हुनु श्रेयको मार्ग बुझ॥

छब्बिसौं अध्याय कपिल भन्नु हुन्छ

चित्त, अहं, मन, बुद्धिहरुको बासुदेव, संकर्षण औ।
अनिरुद्ध, प्रद्युम्न, यी चार व्युहहरु हुन् जानी ल्यौ॥
ब्रह्म, महत् अनि चित्त, अहं, मन, बुद्धि, भूत, सब विषयहरु।
भिन्न हुँदातक यिनले सृष्टि गर्न सकेनन् पर्‍यो प्रभु॥
छिद्र बनेपछि अधिष्ठात्रीहरु बसे गई तर विराट् जगत्।
उठेन जब चित् गई पसेथ्यो उठ्यो जुरुक्कै विराट् जगत्॥
जुन चित् विन जग उठ्न सकेन त्यो नै हो बुझ सूक्ष्म स्थिति।
भक्ति विरति औ ज्ञानद्वारा गर चिंतन भै शान्त मति॥

सत्ताईसौं अध्याय कपिलभन्नुहुन्छ

गुणको सङ्गत पाई शुद्ध आत्मा ठान्दछ "हूँ कर्ता"।
अनि गर्दछ त्यो कर्म, कुकर्म भव चक्करमा घुम्छ सदा॥
सत्सङ्गत निष्काम भजनले एकनिष्ठ औ करुण भई।
देह विषयमा छाडे प्रेम हरिपद पाउँछ भक्ति बढी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भोगिसकेको देख्तै दोष त्याग भएको प्रकृती पुनः।
स्वरूपमा स्थित सज्जनलाई विगार्न सक्ली कसो भन ?
चित्तबाट सब अणित आदि मैल बढारी पर्याप्तछ जो।
भाग्छ मृत्यु नै त्यससँग आखिर आत्यन्तिक पद पाउँछ त्यो ॥

अट्ठाईसौं अध्याय कपिल भन्नुहुन्छ–

अब भन्दछु सुन सबीज योग जसको सेवा गरे मन।
चित्त शुद्ध औ भई प्रसन्न लाग्दछ प्रभुपथ बीच जन ॥
शास्त्र विहित कृति यथाशक्ति होस् शास्त्रविरोधी कबै नहोस्।
प्राप्त वस्तुमा होस् संतोष ज्ञानी जनको शरण परोस् ॥
ग्राम्य धर्म प्रति होस् उपराम मोक्ष धर्ममा प्रेम गरोस्।
पवित्र परिमित भोगोस् भोग निर्भय हुन एकान्त रहोस् ॥
योग मार्गले शोधी प्राण पारी निर्मल चित्त सदन।
चित्त स्थिरता नभए सम्मन् ध्यान गरोस् यो लिई लगन ॥
हरिको सुन्दर लोचन चारू, कमल सरोको स्वच्छ ददन।
पीताम्बर, वनमाला, बाजू, मृदुल, मनोहर लाल चरण ॥
चिंतन हरिको समग्र विग्रह बीच जमेपछि शान्त उर।
एक एक शुभ अंगमनोहर संझोस् धेरै बेर तक ॥
सुन्दर युगपद जानु औ उरु, कटि नाभि, स्तन, वक्ष, गला।
हात, सुदर्शन, माला, शङ्ख, कौस्तुभ, कौमोदकी गदा ॥
वदन नयन, स्मित, भ्रू, द्विज–पंक्ति, ध्यान क्रमैले गरोस् अनि।
उत्कण्ठित भै पुलकित हुन्छ औ मिल्दछ पछि चित्त उहीं ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनन्तिसौं अध्याय कपिल भन्नुहुन्छ

डाह र हिंसा ढोंग निकाली, यश, धन, पाउन, नास्न कलुष ।
भेद गरी जो पुज्छन् ती हुन् तम, रज, सात्विक गुणले युक्त ॥
जलधाराबत् मनको गति सब रहन्छ जसको ममा बनी ।
यै हो लक्षण भक्ति योगको खोज्दैनन् जो मुक्ति पनि ॥
सुन्नु कथा औ कीर्तन गर्नु जीवहरूमा दया अति ।
जो यति नगरी मूर्ति मात्रै पूज्छन् ती हुन् मूढमति ॥
टम्म सर्वतिर रहने छाडी प्रतिमा पुज्दछ एक स्थल ।
भने खरानी मा नै होम्यो फल के मिल्ला त्यहाँ अब ?
सबतिर टम्म छ आत्मा किन्तु भिन्न भावले अभिमानी ।
दोस्रो देखी गर्दछ द्वेष शान्ति कसोरी हुने अनि ?
प्राणीको जो गर्दछ द्वेष त्यसले चाहे बडे बडे ।
विधानले नै यज्ञ गरोस् म छैन खुशी दुख हुन्छ भरे ॥
थोरै पनि जो आफ्नो साथ अरु आत्माको देख्तछ भेद ।
नेत्र फुटेको त्यसको सामु मृत्यु बनी मैं पुग्दछु देख ॥
प्राणी रुपले प्राणी भित्र बस्ने म परमात्माको ।
दान मान सौहृद समदृष्टि द्वारा पूजा गरे तर्‍यो ॥
जीव रूपले अंश लिएर साक्षात् प्रभु सब प्राणीमा ।
अनुगत देख्तै मनले गर्नु प्रणाम आदर साथ मुमा !
काल छ सब मा टम्म कराल आमा ! विष्णु छ यसको नाम ।
यसकै डरले गर्छन् काम रवि, शशि, हावा, सिंधु तमाम ॥
फुल्छ फल्छ फल ,फूल लताम्न, समय समयमा भीत बनी ।
भूमि डुबाउन छैन समर्थ जसकै डरले सिंधु पनि ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसकै भयले रचना गर्ने विष्णु आदि सब देवगण।
जगत् बनाउन युगक्रम द्वारा तत्पर हुन्छन् धन्य मन ॥
अनादि भै जो आदि बनाउँछ अनन्त सैकन गर्दछ अन्त।
जन द्वारा जन जन्माएर यम द्वारा जन मार्छ अनन्त ॥

तीसौं अध्याय कपिल भन्नुहुन्छ

मायाले स्त्री देह गेहमा सक्त हुने नरलाई हरे !
काल कल्याउँछ जगमा जस्तो घनावलीकन मारुतले ॥
देखा देखी काल न देखी मर्दिन भन्ने ठान्छ अहो !
नरकमहाँ पनि रहुँ पर्छ उम्कन मन गर्दैन अहो !
सुत, गृह, स्त्रीमा मस्त भएर बन्दछ पापी स्वयम् महान् !
दिईन जब धन गर्छन् हेलाँ कृषिले बूढो गोरु समान ॥
बूढो बन्दछ, हुन्छ कुरूप, रोग लाग्छ, रोकिन्छ रुचि।
काश श्वासले पक्डी घाँटी गर्दछ घुरघुर, रुन्छ अति ॥
"चिन्नु भयो" यो भन्छन् कोही तर के चिन्थ्यो हरे ! उता।
देखी यमका दूत अगाडि मर्दछ छाडी मूत्र दिसा ॥
जब मर्दछ नर आई यमका दूत भयंकर डोरि लिई।
बाँधी लान्छन् राजसिपाही ले अपराधीलाई सरी ॥
सूर्य, डढेलो, तिर्खा भोकद्वारा पीडा दिलाउँछन्।
तप्त बालुवा बीच घचेट्तै, पिट्तै, तान्दै, हिंडाउँछन् ॥
मूर्छा पार्दै दुई मुहूर्तमा लाखौं योजना नघाउँछन्।
पोल्छन् काट्छन् आन्द्रा झिक्छन् आफ्नै मासु घिचाउँछन् ॥
पापीहरु सब नरक क्रमैसँग घुमेर फाली पाप सब !
यहीं आउँछन् शुद्ध बनेर मातृ गर्भमा हेर नृप !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकतीसौं अध्याय कपिल भन्नुहुन्छ–

बस्छ गर्भमा जब यो जीव बढ्छ कर्मले देह गति।
टोक्छन् कीरा क्षण क्षण मूर्छा हुन्छ मूत गुहु बीच सुती॥
पीरो नुनिलो पर्छ घाउमा पोली छट्पट गर्छ अति।
प्रभु सम्झी अति लामो श्वास फेर्दै, गर्दछ आर्त स्तुति॥
"महिना पल पल गर्दै नाथ! गुहु मूत्रको कुण्ड बिच।
बसी रहेछु कहिले बाहिर गराइ दिन्छौ लौन अब॥
अन्धकूपमा छू तर किन हो? बाहिर जाने छैन मन।
जहाँ गयो कि मायाजीको परिन्छ फेला हुन्छ भ्रम॥
दश मैनाको गर्भे बच्चा लाई यस्तो ज्ञान हुनु।
करुणा-सागरको शुभ दृष्टि पर्नु सिवा के भन्नु अरु॥
कष्ट गर्भको औ मायाले दिने जति हुन् बाहिर भ्रम।
दुवै कुरा जुन चरण कमलको स्मृति भएमा बन्दछ शुभ॥
त्यही चरणको गर्दै भक्ति पारी बुद्धि विवेकवती।
म छू एकताको अनुभवमा के चिन्ता अब बोलुँ कति।?"
जन्मेपछि पनि मूत र गुहुमा सुत्छ कुरा सवै बुझ्दैन।
चडुस, किराले टोक्छन् खालि रून्छ कुरा सवै बुझ्दैन॥
शैशवमा पनि इच्छित चीज पाउँदैन रिस बढ्छ अति।
यौवन जब भो स्त्रीमा लागि छाड्दछ शम दम श्रेय गति॥
तस्मात् छाडो त्रास कृपणता सम्भ्रम आदि भाव सब।
ज्ञानी प्राणी को गति धीर मुक्त सङ्ग भै डुलोस् जग॥
"जसद्वारा यो देह बनेथ्यो उसले नै लिनु स्वत्व निजी।"
भन्दै जगमा देह धरौटी राखी विचरण गर्नु क्षिति॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बत्तिशौं अध्याय कपिल भन्नुहुन्छ–

गर्दछ अनि त्यो देव, पितृको पूजन कामी भई अति।
क्षीण भएमा पुण्य समूह झर्छ फेरि तल मन्द मति॥
जसबेला हरि सुत्तछ शेष–शय्यामा सब सूक्ष्म बनी।
सकामिहरूमा प्राप्त हुने जति लोक हुनेछन् लीन त्यहीं॥
प्राणीहरूको हृदय-कमलमा मन्दिर रचना जसको छ।
मात्र भक्ति गरि भामिनी जाऊ चरण शरण अति रसको छ॥
ब्रह्मा मरीचि सनकादि ऋषि योग प्रवर्तक सिद्ध तमाम।
नैष्कर्मी थे सगुण ब्रह्म पनि पाएका हुन् किंतु महान॥
भेद दृष्टिले रहदा बाँकि कुछ कर्तृत्वाभिमानता।
काल प्रेरणा परी प्रकट हुनु पर्छ पूर्ववत् सृष्टि हुँदा॥
अर्थ धर्म औ काम परायण हुने त्रिवर्गी विषयी नर।
कीर्तनीय श्रीकृष्ण चरित प्रति बन्छ विमुख के भन्नु अब ?
मित्र प्राणीको साँचो जो छ बाहिर जो वैराग्य छ जन।
मलाइ जो प्रिय मान्दछ त्यसकन ज्ञानदिनु यो अति अनुपम॥"

तेतिसौं अध्याय

सुनी कपिलको यस्तो वाणी मोह पटल सब खुल्न गई।
कर्दम मुनिकी प्यारी पत्नी गर्छिन् प्रभुको स्तुति नुही॥
"नाम हजुरको सुन्दा भन्दा चाण्डाल पनि ता तर्छन् रे !
जसको दर्शन पाएँ साक्षात् के होला के भनौं हरे !
जसको अलभ्यो हरि जिभ्रामा श्वपच हवस् ता पनि त्यसले।
गऱ्यो तपस्या, होम्यो होम, वेद पढ्यो सब गऱ्यो हरे !"
कपिल जानु भो अनि ऐश्वर्य सारा छाडी देवहूति।
गरी तपस्या पुगिन् हरिको निर्मल पदमा सबै भुनी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जहा सिद्ध भँन् देवहूतिजी त्यसको नाम छ सिद्ध पद।
तीनलोकमा छ प्रख्यात यहीं छ सुन्दर बिंदुसर ।।

चतुर्थ स्कन्ध

पहिलो अध्याय मैत्रेय भन्दछन् – विदुर प्रति

रूचिले आकूति बिच पाए दुइ यज्ञ, दक्षिणाहरू अनि।
तप गरी अत्रि मुनिले पाए शशि, दुर्वासा, दत्त मुनि ।।
कर्दमका अरू सातसुताले पाए सन्तति योग्य उता।
प्रसूतिद्वारा दक्षप्रजापति ले पाए अनि सोह्र सुता ।।
तेह्र धर्मले पितृ अग्निले एक, एक औ एक सती।
शिवले व्याहे, धर्म मूर्तिमा नर नारायण भए ऋषि ।।

दोस्रो अध्याय

प्रजेशहरूको यज्ञ हुँदा अघि सभा बीच जब दक्ष गए।
शिव नउठेको देखी रिसले "भाग नपाएस्" श्राप दिए ।।
नन्दीजीले श्राप दिए यो "बोकाको होस् यसको शिर।
यस सँग लाग्ने द्विज हुन् मार्गने नष्टाचारी भ्रष्ट पतित ।।"
देखी यस्तो भृगुले फेरि श्राप दिए यो शैव प्रति।
"नष्ट शौच औ पाखण्डी भैं हुनेछ यिनको अधोगति ।।"
खिन्न भई कैलाश गए शिव यज्ञ पूर्ण भो लामु प्रति।
प्रयागमा भो अवभृथ स्नान फिरे विरज भै गेह प्रति ।।

तेश्रो अध्याय

दक्षयज्ञमा लागे जान स्त्रीसँग सुरहरू चढी विमान।
सतीले भन्दा–"जाऊँ हामी" भन्छन् शंकर–"के भो भान ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्या, तप, धन, तन, वय, कुल यी खलमा अवगुण बन्छ प्रिये !
स्मृति नहुँदा देख्तैन प्रभाव सन्तहरूको शुद्ध प्रिये !
बान्धवका घर जान नडाकी हुन्थ्यो तर सब भए खुशी ।
दक्ष मदेखी छन् रिसिएका घोच्नेछन् वाक्वाण अति ॥
जो आफ्नो घर बीच आउने लाई आँखा तर्छ जन ।
त्यस्ताको घर जानु व्यर्थ किन गए हुन्छ अपमान सुन ॥
महापुरूषको समृद्धि देखी इन्द्रियमा दुख, हृद्मा ताप !
हुने दुष्टजन नपाई त्यो पद रहन्छ कुँडिई हा ! दिनरात ॥
तुहतु, प्रणाम स्वागत गर्नु दोस्रै ढंग छ ज्ञानी को ।
देहाभिमानीलाई हैन अन्तर्यामी लाई पो ॥
शुद्धाशय नै हो बसुदेव वासुदेवको झलक त्यहीं ।
साक्षात् अनुभव हुन्छ प्रणाम गर्छु म त्यै पद बीच तुही ॥
प्यारी छौ तर मेरो रिसले डाकेनन् अझ गयौ भने ।
छैन हुने कल्याण अवश्य मर्ने सम्भव पर्छ प्रिये !"

चौथो अध्याय

गइन् भवानी ढिपी गरेर लागे पार्षद सबै पिछा ।
भाग देखिनन् शिवको आदर नहुँदा भन्छिन् स्वयं यता ॥
"जसका डरले रवि, शशि, ब्रह्मा समय समयमा गर्छन् काम ।
त्यसकै पूजन नगरी आज कसरी मिल्ला त्यो सुखधाम ?
गुण अवगुणमा दोष देख्नु ता परै रहोस् होस् सानु गुण ।
महान् देख्तछन् साधु, पिताजी शिवमा देख्छौ दोष किन ?
मूर्दावादीको ~ इलमै हो निन्दा गर्नु सज्जनको ।
सहन् सन्त तर उनको पदरज सहन्न नाशै गर्छ अहो !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जसको 'शिव' यो नाम विवशवश लिएर निर्मल बन्छ जन।
अलंघ्यशासन पावनकीर्ति प्रभुको गर्छौ द्वेष किन ?
पिउन ब्रह्मरस जसको पदरज सेवा गर्छन् सन्तहरू।
नाममात्रका शिव भन्ने ता तिमी विना जन को छ अरू ?
सज्जन सेवित गति अव्यक्त कसरी जानुन् धुत्रे यी।
राख्तिन अब यो देह म. यसको वीर्य बनोटी छाड्छु यहीं ॥
नीति भन्छ "प्रभु निन्दा सुनिए निस्कनु बाहिर कान थुनी।
सके जिह्व नै काटो प्राणै आवश्यकमा त्याग्नु पनि ॥
सुर नरको झैं अज्ञानी औ ज्ञानीको स्थिति हुन्छ अलग।
उपर उठेका हुन्छन् वेदबाट महामुनी यहीं सहज ॥"
यस्तो भन्दै रोकी श्वास गर्दै शिवको पद चिन्तन।
योगअग्निले देह जलाई गरिन् प्रभुमा अर्पण मन ॥

पाँचौं अध्याय

शिवले पाई थाह रिसाई जटा पछार्दा रूद्र भई।
निस्के, तिनमा भन्नुभयो यो "जडै कर्मको नास गई ॥"
पार्षद ली संग छचान्न र ब्यान्न पारी मण्डप, यज्ञ सबै।
भृगुको दारी लुछे तमाम, भगको आँखा झिके दुवै ॥
पूषाको सब भाँचे दाँत, भाँचे कतिको पाउ र हात।
दक्षप्रजापतिको शिर काटी, होमी, फर्के सब कैलाश ॥

छैटौ अध्याय

घायल द्यौताहरूको फौज ली ब्रह्मा कैलाश गए।
सुन्दर कानन पङ्कज, पानी हेर्दै वास्ना लिंदै गए ॥
पशु, पञ्छीको मीठो स्वर अनि फूल र फल लटरम्म थिए।
वापी, तट औ मार्ग सिंढीहरू मणि, मरकतका रम्य थिए ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शय योजनको बट–वृक्ष मनि शिवको सुन्दर सत्य छटा।
देखे सबले शान्त सनातन ब्रह्मविषयमा मग्न सदा॥
सामु पिताजी देखी शिवले ऊठी गर्नु भो अभिवादन।
प्रतिनिधि भैं सब ह्योताहरूको ब्रह्मा गर्छन् स्तुति-वाचन॥
"मूर्ख रहेछन् जानेनन् क्यै, यज्ञ प्रभो ! अब पार पुरा।
दक्ष बचाई अरूको अङ्ग पारी देऊ सबै सफा॥
कर्मठ क्रोधी, दुष्टहरू ता खालि दयाका भाजन हुन्।
भक्तहरूमा क्रोध हुँदैन हुन्छ कसो ो प्रभुमा भन् ?"

सातौं अध्याय

दक्ष बचाउनुभो बोकाको शिर जोडीकन शंकरले।
अरूको पनि सब अङ्ग जुटाई आउनुभो अनि यज्ञविषे॥
शिवलाई खुशी पारी दक्ष गर्छन् हरिको सत्य स्मृति।
हर्ष गराई सुन्दर विग्रह पाल्नु भयो श्री रमापति॥
राखी आसनमा प्रभु दक्ष पूजा गर्छन् परी शरण।
ब्रह्मा शंकर ऋत्विक् ह्योता गर्छन् स्तुति यो भई भगन॥
"क्लेश क्लेशमय दुर्ग छ भित्र सर्प बसेको ताक गरी।
जहाँ छ तेरो मेरो गड्डा जंगली पशु छन् नित्य अरि॥
दावानल अति उठी रहेछ छैन कहीं विश्राम स्थल।
यस्तो पथमा भट्की रेछ अज्ञानी नर अधोक्षज !
देह गेहको ढोई भार मृग तृष्णामा दौड गरी।
काम भोगले दुःखी जो छ शरण आउला कसोगरी ?
विविध दुःख दानानल द्वारा दग्ध तृषित मन हाती यो।
चरित सुधा सर बीच घुसी दुख संभन्छ न निस्कन्छ अहो !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्वकल्पमा लोव गराई विश्व उदर मा गर्छशयन !
गोदी बीच श्री संकर्षणको दर्शन पायौं भयौं मगन ।।
नाम हजुरको कीर्तन द्वारा विघ्न यज्ञका सब भाग्छन् ।
यज्ञ विनष्ट छ दृष्टि दी शुभ पूर्ण बनाऊ हे भगवन् !"
दक्ष प्रति प्रभु आज्ञा हुन्छ "आपना तनका हात पयर ।
लाई आफू देखी भिन्न संझदैन जन कुनै तवर ।।
त्यस्तै यौटै मात्र ब्रह्ममय जगमा ब्रह्मा रूद्र भनी ।
अलग भावले विज्ञ भए यदि देख्ला को जन भिन्न बनी ।।"

आठौं अध्याय

श्रीध्रुव जो उत्तानपादको काख बीच जब बस्न गए ।
भन्छिन् सुरूची–"छैन अधिकार जन्म ममा मन बस्न भए ।।
म बाट जन्मन हरि खुशीपार भेटौला अनि राज्यासन ।"
सुनेर आमा कहाँ पुगे ध्रुव लामो फेर्दै श्वास विमन ।
लिदैं धैर्यले गहिरो श्वास भन्छिन्–"छोरा ! दोश्रा को ।
तिमी अमंगल नगर कामना गरे पर्छ त्यै भोग्न अहो !
सुरुचिले जो भनिन् ठीक छ सपत्न आमा भए पनि ।
द्वेषभावना छाडी हरिको आराधन गर शान्त बनी ।।
प्रपितामह श्री पूज्य पितामहले पनि जसको शरण परी ।
पाए पदवी दिव्यभोग को साथै आखिर मोक्ष पनि ।।
बाबू ! आश्रय लेउ तिमी पनि त्यही प्रभुको सत्य चरण ।
मुमुक्षु खोज्छन् जुन पदको पथ चक्र चुडाउन जन्म मरण ।।
श्रीहरि छाडी दुःख दूर यो गर्ने देख्तिन कोही म ।
जसको खोजी गर्छन् करमा कमल लिई श्री दीप सम ।।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो आमाको अमृत वाणी सुनी हिंडे ध्रुव विपिन प्रति।
नारद पथमा भेटी भन्छन् गर्न परिक्षा कुरा यति॥
"भेट्न हिंडेको कृपा प्रसाद यदि भए तिमी बचन सुन।
दुराराध्य त्यो मेरो मतमा श्रेय छ फर्कनु शर्यो गुण॥
अनासक्त भैं यत्न कठोर गर्छन् योगी धेरै काल।
तर प्रभुको मिल्दैन पत्ता कर्यं खाएका छन् सबले हार॥
गुणीहरू सँग हुनु प्रसन्न, कमी भए गुण गर्नु दया।
समान सँग होस् मैत्री भाव जानु पर्छ सुख खोजन कता?"
भन्छन् ध्रुव "तर क्षत्रीय भाव हुंदा छैन त्यो विनय ममा।
सुरुचीको दुर्वचन बिजेको छाति पिउँदछ सुधा कहाँ?
त्यो पदको अधिकार म खोज्छु पिता पितामह कुनै अरू।
जहाँ सकेनन् हुन आरूढ बताउनोस् त्यो मार्ग प्रभु॥"
नारदजीले लायक ठानी दिए अमृत-मय यो उपदेश।
'ॐ नमो भगवते बासुदेवाय मंत्र तथा विधि अरू अनेक॥
मधुवन गै ध्रुव उग्र तपस्या छः महिना तक तपेपछि।
श्वास रोकिंदा लोक समस्त पर्छन् हरिको शरण गई॥
भन्नुहुन्छ हरि-उग्र तपस्या ध्रुवले गर्दा रूक्यो गति।
दर्शन दी अब शान्त गराउँछु अमर! नहोऊ भीत रत्ति॥"

नवौं अध्याय

पाए दर्शन ध्रुवले हरिको बोल्न सकेनन् शङ्ख लगी।
कपोलमा जब दिनुभो स्पर्श गर्छन् स्तुति अति मग्न भई॥
'हे हरि! हे मनमोहन श्याम!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिमिले वाणी बोल्न सिकायौ चेतन प्राणी बीच दिलायौ ।
एक भई नानात्व जनायौ, नति गर्दछु प्रभु धन्य छ आयौ ॥
मोक्ष दिने पद पावन भज्दै नारकीय सुखलाई रोज्दै ।
हिड्छ भने मति त्यसको चोरी मायाले भव तर्छ कसोरी ॥
भक्तचरित औ तिम्रो चिंतन बीच छ जति सुख रसको स्पन्दन ।
निजानन्द मै कहाँ छ त्यो पन, होला अरुकुन लोक प्रति झन् ?
भक्तहरूको सङ्गत पाऊँ, मिल्दछ जसमा प्रभुको नाऊँ ।
कथा सुधामा चित्त डुबाऊँ भवसागरको दुःख मिटाऊँ ॥
फल त भजनको प्रभु-प्राप्ति हो तर भरखर प्रभु तिर लाग्नेको ।
इच्छा टाली दीकन खालि रोकी देऊ सृष्टि प्रणालि ॥'
भन्नु हुन्छ हरि–पायौ दुर्लभ उज्वल ध्रुव गति मेरो पद ।
धेरै भोगी राज्य र भोग, मेट्ने छौ पछि त्यो शुभपद ॥"
"जन्म अनेकौं गरी समाधि देख्छन् जुन पद सिद्ध यति ।
छः महिनामै पदको छाया पाएँ तर भो भिन्न मति ॥
हेर ! मूर्खता मोक्ष दिने प्रभु, कहाँ पुगी कन नश्वर चीज ।
मैले मागें सम्राट् सँग गै मागे झैं भो भूस सप्रीत ॥"
यस्तो भन्दै घर तिर लागे उती नभै कन खुशी ध्रुव ।
लिन आए नृप प्रजा साथ ली गरे सबैले सुस्वागत ॥
जो सँग मैत्री आदि गुणले नित्य प्रसन्न छ जनार्दन ।
त्यसको सामु प्राणी सारा झुक्छन् पानी प्रवाह सम ॥
देखी ध्रुवकब योग्य राज्यका सबका संमत प्रेय अति ।
अभिशेष गरी राज्यासनमा गए पिताजीं विपिन प्रति ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दशौं अध्याय

भ्रमी इला दुई विहा गरेर पाए ध्रुवले पुत्र कति।
उत्तमलाई यक्षहरूले मारे यस्तो सुने पछि।।
गई लँडाइँ गरे भयानक मारे धेरै यक्ष समाज।
यक्षहरूले माया धेरै फैलाए ध्रुवबीच 'अपार।।
असुरहरूले ध्रुव बीच नाना देखी कपट फिजाएको।
ऋषिहरू भन्छन् नभमा आई, एकै स्वरले वाणी यो।।
'नास्नेछन् अब तिम्रा शत्रु, हे ध्रुव! हरिले आज तमाम।
जसको नामै सुन्दा गुन्दा जितिन्छ दुर्जय मृत्यु महान्।।"

एघारौं अध्याय

मनु आए अनि यक्ष मरेमा नाती रोकौं भनीकन।
भन्छन् 'हाम्रो होइन बाबु! रिस गर्नै यो काम सुन।।
तिमी शरण पर राम्रै बाबा! उही जगत्पति श्री हरिको।
सुधा भक्तको निति प्रमत्त लाई भयंकर मृत्यु छ जो।।
जसलाई बली अर्पण गर्छन् प्रजापतिहरू जागो भै।
दाम्लोद्वारा नाथीएका दाई गर्ने गोरू भैं।।
भैंगो छाडो देऊ युद्ध जाऊ हरिको शरण पर।
कुबेरको पनि हेलन भो अति खुशी गराऊ पाउ पर।।
महापुरूषको तेजद्वारा नहुँदै हाम्रो नाश कुल।
नम्र भईकन शान्त गराऊ" भनी गए मनु लोक तिर।।

बाह्रौं अध्याय

कुबेर आई-ध्रुव! वर माग भन्दा "हरिको नित्य स्मृति।
रही रहोस्" यो वर मागी ध्रुव घर गै लागे यज्ञ प्रति।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुण्य भोगले, पाप धर्मले, क्षय पारी सन्यास लिई।
संझी माया रचित विश्वकन दृश्य प्रपञ्चित स्वप्न सरी॥
देह, पुत्र, स्त्री, सेना, मित्र, भरी खजाना, महल, मही।
मुख भित्रै छन् सबै कालको भन्ने संझी गै बदरी॥
रोकी सारा वृत्ति चित्तका गरे विराट्को रूप स्मृति।
आखिर ध्याता ध्येय भुलेर निर्विकल्पमा पुगे पछि॥
भक्ति द्वारा उनको अश्रु बाँढ आउँथ्यो आँखामा।
द्रवीभूत उर औ रोमाञ्च भई गल्यो जब अहंपना॥
विमान आयो दुइ पार्षद थे "चढ्नोस् यसमा" भने अनि।
टेकी कालको शिरमा ध्रुवजी पुगे विष्णुपद स्वच्छ बनी॥
जो छ प्रकाशित निजी प्रकाश द्वारा झललल विष्णु पद।
तीन लोक छन् जसकै तेज वाट उज्याला सबैतिर॥
प्राणी खातिर चेष्टा गर्ने मात्रै पुग्छन् व्यक्ति त्यहाँ।
जीव दयामा लागि नपर्ने लाइ छ ढोकै बन्द जहाँ॥
त्यो अच्युत-पद बीच पुगे ध्रुव जहाँ शान्त सम दृष्टि हुने।
मात्र थिए हरि भक्त लाइ निज साँचा वान्धव संझि लिने॥
भगवत्-पथको मर्म द्वारा अनभिज्ञ प्रति गाथा यो।
गाउँछ यदि कवै भने हुने छन् प्रसन्न त्यो सँग अमर अहो!
अविनाशी ध्रुवको आश्रयमा घुम्दछ ज्योतिश्चक्र सबै।
देखी यस्तो महिमा नारद गाउँदछन् यो विणा सँगै॥
"सुनीतिसुतले जो गति पाए पाउन्नन् ऋषि भूप कवै।
अजित जित्यो यति चाँडै जसले निश्चय ध्रुव छन् धन्य सधैं"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेह्रौं अध्याय

ध्रुवका कुलमा अंग भए नृप प्रवृतिपरक मख शुरू गरे।
सुर आएनन् सन्तति नहुँदा जन्म्यो मख गरि वेन हरे!
वेन बन्यो अति क्रोधी, पापी लाग्यो दुःख दिन दुनियाँमा।
देखी सुतको क्रूर कुचाल अङ्ग हिँडेछन् प्रातः कहाँ॥
मंत्रि पुरोहित लागे खोज्न शोकाकुल भै यता उति।
जसो कुयोगी हृदय भित्रको प्रभु नन वाहिर खोज्छ अति॥

चौधौं अध्याय

वेनलाई नृप पारे तर त्यो नास्तिक मदले मत्त हुँदा।
"यज्ञ नगर अब दान नदेऊ" भन्नो झ्याली पिट्यो कडा॥
संझाए ऋषि मुनिले धेरै किन्तु नमान्दा भयो खलास।
डाँका बढ्न अराजकताले लागे गर्छन् ऋषि विचार॥
"समदर्शी छन् ब्राह्मण किन्तु गरे उपेक्षा दुःखीको।
पानी फुटेको घडाबाट झैं चुहिन्छ ज्ञानै सब तिनको॥
कृष्ण आश्रयी हुँदा अंगको वंश टुंगिए पर्छ फसाद।"
भनि त्यसको उरू मथ्दा निस्क्यो कालो पुड्के घोर निषाद॥

पन्ध्रौं अध्याय

बाहु मथेपछि निस्के जोडी पृथु अर्ची अति सुन्दर रूप।
अभिषेक गरे हरिको अंश जानी ऋषिहरूले भै खुश।
लोकपाल औ नद, गिरि, नर, सुर, हरि, शिव, विधि सब भई खडा।
दिए सबैले निज जिन श्रेष्ठ वस्तु लगी भै हर्ष बडा॥
गाउन लागे यश वन्दी जन भन्छन् पृथु श्री वण्णु छ्रै।
मेरो कीर्ति गाउनु हँस्ती साथ मूर्खता हुनेछ है!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोह्रौं अध्याय

ऋषिहरूद्वारा प्रेरित भैकन मागध, बन्दी, सूत मिली।
पृथु प्रभुको शुभ कीर्ति भविष्य गाउँदछन् अति भक्ति बढी ॥
"साक्षात् हरि ह्वौ हे नरभूषण !
धर्म सनातन रक्षरण गर्छौं, इन्द्र सरी भै पालन गर्छौं।
प्रजाहरूफन छोरै ठान्छौ, परस्त्रीलाई आमा मान्छौ ॥
खल जनको अपमान सहन्छौ प्राणी हितमा तन मन दिन्छौ।
कुरा गुप्तचर द्वारा सुन्छौ उदासीनवत् त्यसमा हुन्छौ ॥
प्रदक्षिणा पृथ्वीको गर्छौ लोकपाल नृप सँग बलि लिन्छौ।
तिनका स्त्री को गाना सुन्छौ प्राणीहरूको आपद नास्छौ ॥
दुष्टहरूमा अति भय पार्छौ भूमि दुहुन्छौ, पर्वत फाँड्छौ।
प्रवृतिपरक मख शय्यौं गर्छौं, आखिर चतुसन्‌द्वारा तर्छौं ॥

सत्रौं अध्याय

"अन्न नपाई आटचौं मर्न रक्षा गर" यो आर्त पुकार।
सुनी प्रजाको पृथ्वी मार्न जोर्छन् धनुमा शर भूपाल ॥
भन्छन् पृथु-स्त्री हवोस् पुरुष या नपुंसकै किन नहोस् तर।
जीवमाथि गर्दैन दया यदि त्यसको वध नै अवध बुझ ॥"
धेनु रूप ली भाग्छिन् पृथ्वी लाग्छन् नृप पछि मार्छु भनी।
डरले पृथ्वी गर्छिन् स्तुति यो कालमूर्तिमा शान्त बनी ॥
"सृष्टि गऱ्यो यो जसले विश्व त्यै आएमा मार्न भनी।
जानु कहाँ अब शरण हरे प्रभु ! लौन बचाउ आर्त छु नि ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अठारौं अध्याय

पृथ्वी भन्छिन्–दुहुनोस् बाछा योग्य बनाई योग्य कुरा।
फांडि दिनोस् यो डांडा काँडा हुनेछ जसले श्रेय सदा ॥
दुराचारि श्री अव्रती अतपीहरूले खाए अन्न अनि।
राजा भंकन पालन आदर छाडे मेरो गर्न पनि ॥
स्वार्थि बने सब देखी यस्तो यज्ञ निर्तिको वनौषधि।
मैले आफू बीच छिपाएँ भिक्नोस् राजा! यत्न गरी ॥"
पृथुले अनि मनु बत्स बनाई दोहे औषधिहरू सबै।
अरू अरूले पनि निज निज नायक बाछा पारी दुहे सबै ॥
दुही सकेपछि सारा वस्तु, पृथुकी छोरी भइन् क्षिति।
डांडा समतल पारी देश, ग्राम बसाए थरी थरी ॥

उन्नाईसौं अध्याय

यज्ञ गरे अनि पृथुले शय्यौं किन्तु पछिल्लो यज्ञविषे।
बार बार श्री सुरपति आई कपट रूप ली अश्व हरे ॥
आखिर घोडा ल्याई लागे सुरपतिलाई होम्न भनी।
ब्रह्मा आई रोकी भन्छन् "हुन् नृप! यज्ञै रूप यिनी ॥
मोक्ष धर्मका विघ्न हुनाले यज्ञ छाड्नु नै पुर्ण वुझ।
तिम्री लाइ पृथु! यज्ञ गर्नुको आवश्यकता छैन कुछ ॥
बरू यिनि द्वारा सृष्टि भएको पाखण्डी पथ नाश गर।"
मानी आज्ञा पृथुले मैत्री–भाव गरे सुरपाल सँग ॥
यज्ञ पूर्ण भो अवभृथ स्नान गरे भन्दछन् विप्रहरू।
"दान मानले तृप्त भयौं सब होस् तिम्रो कल्याण प्रभु!"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बीसौं अध्याय

पाल्नुभयो हरि इन्द्र लिएर पृथु प्रति आज्ञा भयो पनि ।
"इन्द्र माग्दछन् माफ तिमीसँग हरण गरें जो अश्व भनी ॥
देह हैन यो आत्मा तस्मात् ज्ञानी बुद्धिमान जन ।
अरु प्राणीको द्वेष र द्रोह गर्दैनन् बुझि आत्मपन ॥
तिमी जस्ता सत्पुरूषहरु यदि मायाद्वारा मोह भए ।
ज्ञानीहरुका पाउ परेको खालि थकाइ भयो बुझे ॥
शरीरमै जब भयो असक्त त्यसबाटै उत्पन्न हुनि ।
छोरा, घरमा ममता गर्ला को जन जगमा मूर्ख बनी ॥
भई निराशी गरी स्वधर्म भजे हुन्छ मन खुशी अति ।
चित्त शुद्ध जब भो त्यागी गुण पाउँछ शान्त ब्रह्म स्थिति ॥
गुण प्रवाहमा आउनु जानु लिंग देह नै गर्छ बुझ ।
यसमा आत्मा को सम्बन्छ छैन कुनै ऊ अलग्ग छ ॥
उत्तम मध्यम अधम दुःख सुख लाई सम्झी एक सदा ।
मेरा स्नेही आपद सम्पद बीच हुँदैनन् मोह कदा ॥
वर लेऊ" यति प्रभुको आज्ञा पाई पृथु प्रभु पाउ परे ।
सुरपतिलाई हाली अँगालो द्वेष हटाई स्नेह छरे ॥
गर्न अनुग्रह भयो विलम्ब श्री हरि पार्षद सबै रुके ।
आँशुले प्रभु दर्शन रोक्यो गद्गद भै न त बोल्न सके ॥
पाउ समाती आँशु खसाली भन्छन् गद्गद भई नुही ।
"यस्तो मोहक वाणी नाथ ! नहोस् न आज्ञा दीन प्रति ॥
छैन लालसा मुक्ति हुने पनि मागौं अरू के तुच्छ कुरा ।
कानहरु हुन् ! !दशहज्जार सुन्दा प्रभुको कथा सुधा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाथ ! रसिक मुखबाट झरेको चरित सुधा कण चित्त बिच।
पस्यो भने यदि निजी कुरा स्मृति भैहाल्दछ के माग्नु अब ?
एक पटक पनि सुनेर कीर्ति त्याग्ला पशु बिन को र जन ?
लक्ष्मी सुन्छिन् चरित निरन्तर सुन्दर संग्रह गर्न गुण ॥
लक्ष्मी जस्तै सेवा गर्न, छ चाहना तर चरण प्रति।
मन एकाग्रित गर्न होड लौ न होस् रमा सँग कलहरति ॥
भयो हुने नै भाव विरोध किन्तु दीनका पक्ष तिमी।
आत्मरमणकन भला रमासँग लिनु के छ र भो जीत यहीं।"
सुनी स्तुती यो खुशी भई हरि "होस् मेरो शुभ भक्ति अब।"
भन्दै पृथुमा भयो सवारी पार्षद ऋषि मुनि लिई सँग ॥

एकाईसौं अध्याय

विदुर सोध्छन् "अरु नृप ता पृथुका रेछन् उच्छिष्ट फगत्।
सुनौं अरू पनि पावन कर्म भन्नोस् होस् सब नाश असत् ॥"
भन्छन् श्री मैत्रेय "कुनै दिन पृथुले महासत्र गरे।
देव ऋषि औ राज ऋषिगण देव प्रजा सब जमा थिए ॥
उठी प्रजाको बीच सभामा दिन्छन् भाषण पृथु नृपति।
"हे मेरा प्रिय-प्राण प्रजा हो ! भन्दछु सुन सब कान दिई ॥
जो राजा कर मात्र लिएर दिँदैन शिक्षा धर्म प्रति।
पाप प्रजाको भोगी त्यसले नास्तछ सब ऐश्वर्य पछि ॥
कर्ता उपदेशक र समर्थक लाई मरे पछि मिल्छ फल।
समानताले, तस्मात् मेरो अनुमोदन गर विनय शुभ ॥
कुनै भन्दछन् दिने कर्म फल यज्ञपति छन् जनार्दन।
यहाँ उहाँ पनि, कुनै कुनैको तेजोमय तन नत्र किन ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनु, प्रियव्रत, उत्तानपाद, ध्रुव, अंग, पितामह आदिको ।
विधि, शिव, बलि, प्रह्लाद र यस्तै उच्चकोटिका व्यक्ति को ॥
मतमा चारै वर्ग प्राप्ति कन आवश्यक छन् गदाधर ।
मतभेद छ दौहित्र मृत्युका वेन आदिको मात्र बुझ ॥
नित्य लगाओ हरिमा चित्त, कीर्तन त्यसकै नित्य गर ।
ब्राह्मण, हरिजन, गाईलाई हरि सम्झी सम्मान गर ॥"
सुनेर यो उपदेश प्रजाहरु टेकी शिरले भूमि प्रदेश ।
भन्छन्–तिम्रो जय होस् धन्य छ हरि सम्झायौ आज नरेश ।"

बाईसौं अध्याय

चतुसन, आए दर्शनले नै प्राण पृथुको बाहिर गो ।
रोकन खडा पृथु भए सदस्य साथै कस्तो स्वागत यो ?
भन्छन्–धन्य छ गरिब पनि त्यो जसका घरमा साधु पुगे ।
जल तृण पृथ्वी सेवक स्वामी आदि वस्तु स्वीकार गरे ॥
जसको घरमा सज्जनका पद को जल विंदु परेन भने ।
ऋद्धि सिद्धिले पूर्ण छ किन्तु साँप बसेको बृक्ष अरे ॥
विश्वानल-संतप्त मनुष्य कसरी पाउँछ श्रेय भन ?"
सुनी प्रश्न यो भन्छन् चतुसन् गरी अनुग्रह हर्ष मन ॥
"विषय वासना छुटेर हरिको भक्ति हुनु हो श्रेय अति ।
जसद्वारा यी पञ्चकोषहरु दढ्छन् अनि देखिन्छ पति ॥
त्रिवर्गलाइ त विषयासक्ति घात छ जगमा भने नृप !
मोक्षलाई के भन्नु तस्मात् सक्त नहोवोस् कहीं नर ॥
अन्तःकरण उपाधि रहेतक जीव र इन्द्रिय विषय अहम् ।
को अनुभव हो जल ऐना यदि न भए छ कहाँ त्यो प्रतिबिंव ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जराबाट जल खिच्छन् कुश तृण, तलाउको तिर बीच बसी।
विषयी विषयै बीच फसेर हुर्छ चेतना भुल्छ स्थिति ॥
जति चाँडो हरिभक्तिद्वारा मनको चूरो मर्छ सबै।
त्यति चाँडो अरु योग यागले मन निर्मल बन्दैन कबै ॥
स्थिर चर प्रत्यक्मा छ प्रकाश जसको हरि त्यो आफू हुन।
जसमा मायाबाट असत् सत् हुन गो त्यसकै शरण भन ॥
दुस्तर सिंधु छ छवटा ग्राह लाग्न दिंदैनन् पार ठुँगी।
जाऊ पारी पाद कमल श्री वासुदेबको भजी भजी ॥"
पदमा राखी शिर पृथु भन्छन्—यसको बदला दिउँ म के?
सर्व लोकको शासन, सेना पतित्वका अधिकारी प्रभु!
हुन् वेदज्ञ अनुग्रह उनकै बाट पाउँछन् भोग्न अरू ॥
ज्ञान दान जो दिनुभो त्यसको बदला हुनुहोस् स्वयं खुशी।
दिउँ भने पनि आफ्नै हुन्छ हँसी उडाउनु विश्वप्रति ॥"
पृथुको शय सर्वत्र भरियो स्त्रीजनको पनि कान प्रति।
सज्जनहरूको छाती बीच रामनाम झैं धन्य स्थिति ॥

तेइसौं अध्याय

"जेको निति जन्म लिएँ थें पूर्ण भयो त्यो काम सब।
ढल्यो अवस्था पनि अब मेरो पाउनु पर्दछ मोक्ष शुभ॥"
भनी पुत्र बिच पृथ्वी सुम्पी पृथु अर्ची बन तर्फ गए।
वैखानस आश्रम ली गाह्रो गरी तपस्या उहीं रहे ॥
भक्तिद्वारा धोई कल्मष प्राप्त ज्ञान वैराग्य गरी।
जीवकोश निज काटे जो नै संशय हो भव प्राप्त करी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राप्त आत्म–स्थिति हुना साथ नै छाडी दोश्रो बुद्धि कन ।
तत्वज्ञानको निति प्रयत्न पनि छोडे भो आत्म पन ॥
जब तक मानव कृष्ण कथामा गर्दैनन् अनुराग अति ।
त्यो वेला तक योग साधना गर्नु योग्य छ जान्नु यति ॥
भजन गरी गरि निर्मल बन्दै छाडे पृथुले देहगति ।
अर्ची पनि गै चडिन् चितामा भन्छन् सुरस्त्री पुष्प छरी ।।
"ओहो ! वधू यी पृथुकी रानी हरिकन श्रीले तुल्य अहा !
सेवा गर्दै लागिन् पति सँग धन्य छ यिनको कृत्य सदा ॥
खेद छ क्षितिमा मानव जन्म भई मुक्तिका पात्र हरे ।
मस्त विषयमा भएर आत्मा घात गरी हा ! सब ठगिए ॥"

चौबिसौं अध्याय

पृथुका कुलमा प्राचीनबर्हि जन्मे दश सुत अद्भुत भो ।
लागे जब ती तपमा शिवले दर्शन दी यो भन्नु भयो ॥
"प्रकृति पुरुष पर वासुदेवको शरण पर्छ जो यहाँ नर ।
त्यो मेरो हो अतिशय प्यारो तिमिहरूको होस् श्रेय अब ॥
गरे जन्म शय भर अनुष्ठान मानव ब्रह्मा हुनेछ है ।
त्यो भन्दा पनि धैरैले शिव को पद मिल्दछ पावन भै ॥
किन्तु कृष्णका स्वजन तुरुन्तै पाउँदछन् त्यो धाम सफा ।
भएपछि अधिकार समाप्त मात्र पाउँछौं हामि अहा ॥

योगादेश दोश्रो–रुद्र गीता–

हे वासुदेव भगवन् ! लेऊ प्रभो नमस्कार !
हो उच्च आत्मज्ञानी को श्रेयलाई तिम्रो ।
उत्कर्षता, गरोस् त्यो कल्याण आज मेरो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनिरूद्ध शेष साक्षात् प्रद्युम्न हो नमस्कार।
रस, चन्द्र वेद, आकाश, गर्छु प्रभो! नमस्कार॥
देउ मनोज्ञ दर्शन अति चारू सौम्य मूर्ति।
जसको स्वजन बनेमा फर्किन्छ काल तर्सी॥
यश तीर्थ स्वधुनिमा बाहिर भित्र न्वाई।
फालेर पाप, गर्छन् जो जीवको भलाई॥
सङ्गत मिलोस् तिनैको तत्काल फुक्छ फन्दा।
ठूलो छ साधु सङ्गत स्वर्गादि मोक्ष भन्दा॥
सोर्छौं प्रमत्तलाइ भै उग्र काल भगवन्!
को पाउ छाड्न सक्ला पण्डित स्वयम् भई भन्?
भयभीत भै पिता औ चौधै मनु झुकेर।
गर्छन् विना विचारै सेवा मुरारि! हेर॥
प्रचेताप्रति–
वासुदेवको भक्त भएर गर्नु स्तुति यो कुरा बुझी।
भेट्छ प्रचेता हो! त्यसले सब श्रेय कुरा अनि हुन्छ सुखी॥

पच्चिसौं अध्याय

नारद संग प्राचीनर्बहि नृप सोध्छन् यो अति नम्र भई।
"ज्ञान कसोरी होला? कर्म जसले दव्दछ क्यै नरही॥
कपट धर्ममय गृहस्थ वीच स्त्री धन सुतमा रमी रमी।
विश्व विपिनमा भट्की रहने लाइ कहाँ कल्याण मुनि!"
नारद भन्छन्– मार्यौ पशुहरू ती सब तिम्रो क्रूर कुरा।
सम्झी पर्खी ताकिरहेछन् हेर उतातिर लिन बदला॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरञ्जनको इतिहास भन्दछन् राजाप्रति–

अविज्ञातका सखा पुरञ्जन पुर खोज्दै जब हिंडे अति ।
देखे नारी राम्री यौटी नउ ढोके पुर बीच पछि ॥
दश सेवक थे दासी अनेक बसे तिनसँग खुसी भई ।
निस्कन्थे नउ ढोकाबाट देश देशमा मित्र लिई ॥
खुशी भएमा खुशी हुने औं दिक्क भएमा दिक्क हुँदै ।
स्त्रीका सँगमा लट्ठ भएर नृप क्रीडामृग बने कठै !

छविसौं अध्याय

धनुष, कवच औ अक्षय बाण, सेनापति ली एघार ।
अश्व पाँच युत बग्गि चढेर पंचप्रस्थ वन गए नृप ॥
रथमा दुइ दुइ ईषा, पाँग्रा, तीन ध्वजा, औ एक धुरी ।
डोरी पाँच औ एक लगाम एक सारथी, जुवा दुई ॥
पाँच चाल ली चल्थ्यो यान, सुनकै सारा साज थियो ।
अस्त्र पांच आवरण सात औ बस्ने यौटा स्थान थियो ॥
हिंडे पुरञ्जन खेल्न सिकार छाडी पत्नीलाइ यसै ।
मारे धेरै पशु यो देखी दयालुमा, भो दुःख कठै ॥
निरपराध पशु लाई मारे वृत्ति आसुरी लिईकन ।
भोक प्यास अति लागी थाकी फर्के घर तिर पुरञ्जन ॥
रिसले पत्नी सुतिछन् भैमा देखे जब यो, प्रेम गरी ॥
काख लिएर भन्छन्-प्यारी ! हांसन हेरी माफ गरी ॥
अपराध गर्‍यो कसले आज भन तिमीलाई झट्ट सखी ।
मुरारिका यदि नभए दास दिन्छु म तिनमा दण्ड अति ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सताइसौं अध्याय

यसै गरी नव यौवन छाडी सन्तति पायो अनगिन्ति ।
यसकै कुलले ढाक्यो देश यज्ञ गर्‍यो पशु अनगिन्ति ॥
बूढो भो जब लागे मार्न गन्धर्व र गन्धर्वी मिली ।
सात शये बिश थिये अनौठा चण्डबेगका सेवक यी ॥
लड्यो प्रजागर पाले एक्लै वर्ष शयौं तक धैर्य लिई ।
लड्दा लड्दा जीर्ण भयो जब बस्यो पुरञ्जन दिक्क भई ॥
सुता कालकी औ प्रज्वार, यवनेश्वर पनि फौज लिई ।
चारै पट्टी थाले हिंड्न विजय मचाई उग्र भई ॥

अट्ठाईसौं अयाय

पुगी पुरञ्जन पुरीमा सारा लागे भत्काउन त्यो पुर ।
कालसुताले गर्दा सबतिर भत्की भो पुर चकनाचूर ॥
प्रज्वार गई लायो आगो ताते सब पुरवासी अनि ।
भय आयो औ लागे लान पुर छाडी गो सर्प पनि ॥
पशु मारेको हुँदा नरकमा ठोके तिनले पेट भरी ।
नारी सम्झी हुंदा मरेको जन्म्यो नारी रूप भई ॥
मलयध्वज संग बिहा भयो अनि तप्न गए बन दुबै पछि ।
पति जब हरिमा मिले उनी पनि जान तयारी भइन् सती ॥
आई अघिका साथी ब्राह्मण सम्छन् वाणी नम्र बनी ।
"कसकी को हौ ? कसको शोक ? चिन्यौ मलाई मित्र भनी ?
अविज्ञात हुँ तिम्रो साथी भुसुक्क बिर्स्यौ किन यसरी ?
छाडि मलाई भोग्न विषय सुख हैन गएकी तिमी अघि ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मित्र बनीकन म तिमी मानस–सरमा खेल्थ्यौं वर्ष हजार।
गयौ तिमी भू बीच सक्त भै बन्यौ क्रिडामृग धन्य छ चाल !"
यसरी संझाए पछि हाँस लाई हाँसले खुला गरी।
विछोह द्वारा भूल भएको संझे आफ्नो ज्ञान तरी ॥
प्राचीनर्बहि ! तिमी लाइ यो आत्मज्ञानको दिग्दर्शन।
परोक्ष द्वारा भनें, हुन्छ प्रभु परोक्षले नै आकर्षण ॥

उनन्तिसौं अध्याय परोक्ष को अपरोक्ष

यसको केही नबुझी तत्व सोद्धा नृपले सबै खुला।
भन्छन् नारद "पुरञ्जन जीव, ईश्वर हो, अविज्ञात सखा ॥
बुद्धि स्त्री हो, इन्द्रिय साथी प्राण नाग हो, मालिक मन।
पञ्चाल वीषय, कोठा हृदय, हो अनि त्यो नउ ढोका तन ॥
इन्द्रिय घोडा, पाप पुण्य दुई पाङ्रा औ सम्वत्सर बेग।
त्रिगुण ध्वजा भो पाँच प्राणहरू डोरी औ तन रथ हो एक ॥
लगाम मन भो, बुद्धि सवार, कर्मेन्द्रिय गति, हृदय गुफा।
शस्त्र विषय भो, पर्दा धातु, अनि हो दुई सुख दुःख जुवा ॥
ज्ञानेन्द्रिय अन्याय विषय तिर लाग्नु हे नृप ! भयो शिकार।
चण्डवेग हो काल तथा दिन गन्धर्व र गन्धर्वी रात ॥
काल यवन भो सेवकहरू दुई आधी व्याधी थे त्यसका।
बुढ्याइँ कन्या दुबै किसिमको ज्वर हो त्यो प्रज्वार कडा ॥
यसरी आरद पाई जीव कर्मद्वारा घुम्छ जगत्।
कुकुर सरी कहिं भात र काँहीं दण्डा खाई हिंड्छ फगत् ॥
शिरको भारी कन्धामा झैं औषधि सब बेकार बुझ।
स्वप्न स्वप्नमा झैं दोटै हुन् खालि अविद्या मूल नृप !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भोक प्यास भय शोक मोहकन नास्न छ औषधि कीर्ति सुधा।
तर गर्दैनन् खेद छ मानव अहंकारले प्रीति कदा ! ॥
प्रजापति गण सनकादि मुनि ह्मब्र शंकर भृगु वशिष्ठ।
म लगायत ऋषि ब्रह्मवादिले देखेनौं त्यो ईश्वर प्रष्ट ॥
परे अनुग्रह त्यागछन् वेद र लौकिक बुद्धि भक्त नर।
तस्मात् यो अज्ञान कर्ममा तथ्य दृष्टि अब त्याग नृप ॥
जसले बुद्धि लाग्यो हरिमा त्यैं हो विद्या पढ्नु पनि।
कृष्ण खुशी भो त्यैं हो कर्म सुन साधन अब गुप्त तिमी ॥
व्याधा पछि पछि अघि अघि ब्वाँसो तृण चर्नें मृगबीच महाँ।
को हो यस्तो ? आफैं हौ तिमी जाउ शरण अब हंस कहाँ ॥''
प्राचिनबर्हि सोध्छन् ',हाम्रा प्रोहितले यो तत्व किन।
जान्न सकेनन् निश्चय तिनीहरु रेछन् मोहित कपटमन ॥
गर्ने तन यहिं छुट्छ पछाडि भोग्छ कर्म तन अर्कोले।
अदृश्य बन्दछ कर्म उसैक्षण पछि कसरी त्यो मिल्छ ऋषे ? ॥''
नारद भन्छन्- ''स्थूल देह यो लिंगदेहको अधीन छ।
मरेपछि पनि साथ रहेर कर्मीय फल भोगाउँदछ ॥
लिंगदेह हो शब्द, बुद्धि, मन, इन्द्रियहरूको संघात।
यो रहँदा तक स्थूलदेहमा रहन्छ मेरो म भाव ॥
सुषुप्ति, मूर्छा, दुःख, मृत्युमा हुन्छ म मेरो पन गुप्त।
औंशी निशिमा शशी लुकेझैं गर्भ बाल्यमा त्यो लुक्छ ॥
प्राणी जब जब विषय-भोगको चिंतन गर्दै गर्छ कृति।
तब अविद्यावश त्यो हुन्छ भुलेर आफ्नो सत्य स्थिति ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्म द्वारा छुट्न विश्वकन देख्तै भगवद्‌रूप नृप !
सब प्रकारले भजन गरोस् जन श्रीहरिकै पद मनोहर ॥"
नारदद्वारा पाई ज्ञान प्राचीनर्बहि बनी ऋषि ।
कपिलाश्रम गै भक्तिद्वारा प्रभुको पदमा पुगे पछि ॥

तीसौं अध्याय

रूद्रगीत जप गरी प्रचेता बसे सिन्धुमा वर्ष कति ।
सुन्दर विग्रह श्रीहरि आई आज्ञा भो भै हर्ष अति ॥
"कण्डू ऋषिकी पुत्री रूखले पालेका छन् विहा गर ।
वर्ष लाख दश भोगी दिव्य जाउ पछाडि परम पद ॥
मेरो चर्चा द्वारा याम बिताउने जन लाई घर ।
बन्धनको बन्दैन हेतु सुन भए कामना माग वर ॥"
ती सब भन्छन्– दर्शनले नै पूर्ण भयौं के माग्नु वर ?
प्रभुले संज्ञनु देखी वढ्ता भाग्य छ हाम्रो के र अब ?
जहाँ जहाँ जन्मन्छौं हामी माया द्वारा कर्म गरी ।
त्यहां त्यहाँ होस् भक्तहरूको सङ्ग यही वर पाउ हरि !
जन्म मरण दुस्साध्य रोगका बैद्य श्रेष्ठतम हजुरकन ।
पायौं शिवको संगत द्वारा शरण पर्दछौं जनार्दन !
तीर्थ पावन पार्ने सुरले पृथ्वी बिचरण गर्दछ जो ।
त्यसको सँगत सुखद नहोला भीत भएका लाइ कसो ?
बद्ध, बिप्र, गुरू, आर्य, मान्यजन, सुहृद र भाई जीवहरू ।
खुशी गराऊन भए सकेको एक तिमी ह्वो खुशी प्रभु !"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'हुन्छ' भनी प्रभु शरण्यवत्सल खुशी भई अति स्नेह गरी।
तृप्त थिएनन् यता प्रचेता पाल्नुभयो मन चित्त हरी।।
निस्की देखे क्षितिमा टम्म बृक्ष डढाए अग्नि झिकी।
रोके विधिले, रूखले छोरी दी जन्मे अनि दक्ष पछि।।

एकतिसौं अध्याय

भन्छन् श्री मैत्रेय बिदुर कन 'दशै प्रचेता गेह तजी।
लागि पश्चिम भेटी नारद लाई भन्छन् पाउ परी।।
'शिव, हरि द्वारा प्राप्त भएको ज्ञान विषयले निली दियो।
पुनः प्रकाशित पारी दिनु होस् !' भन्दा भन्छन् नारद यो।।
जन्म, कर्म, वय भन्नु त्यै हो जुनद्वारा सेविन्छ हरि।
योग, सांख्य, तप गऱ्यो भयो के ? जुनद्वारा भजिइन्न हरि।।
जराविषे जल हाल्दा जसरी तृप्तिन्छन् सब पात, लता !
हरिको सेवा गर्दा प्राणि मात्र बन्दछन् तृप्त अहा।।
सूर्यबाट वर्षन्छ पानि पछि पस्छ सूर्य मै ग्रीष्म हुँदा।
हरि बाटै हो दृश्य प्रपञ्च लुक्तछ हरिमै आखिर ता।।
बादल, अन्धकार, प्रकाश नभ द्वारा नै हुन्छ प्रकट।
किन्तु छैन त्यो लिप्त, ब्रह्मको रूप बही हो जान सहज।।
तस्मात् सबमा दया गरी अति बन सन्तोषी तिमीहरु।
शमन गराऊ इन्द्रिय वर्ग हुन्छ खुशी सर्वात्म प्रभु।।
रहित ऐषणा सज्जनहरुको अति चिंतनले खिचिई मन।
बस्छ हृदयमा निज जनको वश परी जनार्दन स्नेहसँग।।
निर्धनको धन श्रीहरि तिनको पूजाहरू लिनुहुन्न रति।
विद्या धनको शेखीले जो सज्जनमा दुख दिन्छ अति।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रमा सेविका, नरपति, द्यौता लाई वास्ता नगरी जो।
वन्छ भक्तको प्रेमाधीन छाड्न सक्छ हरि कृतज्ञ को ?"
यस्तो भन्दै नारद लागे सुन्दर ब्रह्मलोक प्रति ।
ज्ञान सुनी यो पुगे प्रचेता हरिको पदमा भक्ति गरी ॥
प्रश्न गरेका थिए अनेकौं तर यतिले नै दृष्टि खुली ।
गए विदुरजी वान्धव हेर्न हरि पाई कृतकृत्य भई ॥

पंचम स्कन्ध

पहिलो अध्याय

शुक भन्छन्-

लागेथे जब तपमा प्रियव्रत ब्रह्मा भन्छन् नाति प्रति ।
"प्रभुपदलाई आश्रय पारी बस घरमै षड्शत्रु जिती ॥
पहिले घरमै यत्न गरेर जित्छन् शत्रु वीर सबै ।
षड्वर्ग जिते घर के गर्छ ? नजिते हुन्छ र के बनमै ?
तनुधारीमा विधान जसको टाल्न कुनै सक्तैन जन ।
शोक मोह भय भोक दुःख सुख पाउन हो नर देह सुन ॥
वेदवाणिले जकडीएर प्रभुको इच्छा वाट सबै ।
गर्छौं कर्म स्वरूपी सेवा अर्पण नरकन गोरू झैं ॥"
वाजेको यो आज्ञा शिरमा राखी तिनले विहा गरे ।
योग्य अनेकौं सन्तति पाई कैयौं अर्बुद राज्य गरे ॥
लागे रथमा घुम्न सूर्य झैं रातलाई दिन पार्छु भनी ।
सात सिन्धु भो पाङ्राद्वारा सात बनेछन् द्वीप पनि ॥
प्रभु-पदरजको सेवाद्वारा षड्गुण जित्ने भूप प्रति ।
यो के अद्भुत हो र नाम नै, जप्ने पनि ता लिन्छ गति ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भई विषयमा अति वैराग्य छोराहरूमा राज्य दिई ।
लागे प्रियब्रत वनका तर्फ हरिलाई मन भित्र लिई ॥

दोस्रो अध्याय

जम्बूका पति थे प्रियब्रतका जेष्ठ पुत्र आग्निन्ध्र पति ।
पितृलोक पाउन तप गर्थे आइन् अप्सर पुर्वचिती ॥
ग्राम्य कुराले अनुनय गर्दै वसी तिनै सँग पुत्र नउ ।
पाई, बाँडी वर्ष नवोटा पाए अप्सर लोक प्रभु !"

तेस्रो अध्याय

आग्निन्ध्र-पुत्र नाभि अपूतो हुदा गरे मख पुत्रेष्टि ।
पाल्नु भयो हरि स्तुति यो गर्छन् ब्राह्मण ऋत्विग्हरू उठी ॥
"प्रणाम गर्छौं सज्जनहरूले यही सिकाए गर्न अहा ।
प्रकृति पुरुषका परको तिम्रो को जान्ला त्यो रूप छटा ?
वर्णन गर्दछ भने कुनै जन एक भागको हुन्छ गुण ।
स्नेह सहित यदि अर्पे अंकुर लिन्छौं तुलसी पानि तृण ॥
अनुराग बिना यज्ञ छ व्यर्थ नबुलाएता पनि तिमी ।
आयौ मुक्ति गर्न प्रदान के मागौं अरू तुच्छ बनि ॥
हाइ छिउँ ज्वर मरण दशामा लड्दा गिर्दा भेट्न स्थिति ।
तिम्रो पावन कलिमल नाशक नाम उदाओस् वदन प्रति ॥
स्वर्ग मोक्षका स्वामी सँग गै मागे झैं भो भूस हरे !
हजुर तुल्य सुत इच्छा गर्दै नाभि भूपले यज्ञ गरे ॥"
"मसरी जगमा छैन अरू क्वै आउँछु मैं अब" भनी यति ।
जन्मनु भो हरि ऋषभ भएर धर्म वताउन योगगति ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चौथो अध्याय

छोरालाई राज्य दिएर नाभि हिंडे तप गर्न भनी ।
ऋषभदेवले शय सुत पाए भरत एक नउ भए मुनि ।।
एक्कासी सुत विप्र बने औ नउ सुत नउ पति भए अनि ।
सबै दिन ब्रह्मावर्त पुगेर नृपले भाषण दिए पनि ।।

पाँचौं अध्याय

ऋषभदेवको भाषण– प्रजा तथा पुत्रहरू प्रति

भोग निम्ति यो होइन देह भोग त गर्दछ गधा पनि ।
तप निति हो देह पुत्र हो ! जसले मिल्दछ ब्रह्म पनि ।।
सज्जन संगत मुक्तिद्वार हो, कामी संगत नर्क बुझ ।
विनयी सरल र भई असक्त मेरो कीर्तन भक्ति गर ।।
अज्ञान रहेसम्म छ हार कर्म गरेतक मिल्छ तन ।
प्रीति ममा दृढ नभए सम्म जन्ममरणमा घुम्छ जन ।।
शिष्य, प्रजा, सुतलाइ कसैले उपदेश नदिनु गर्न सकाम ।
हुनेछ अन्धालाई खाल्टो बीच धकेले सरी नकाम ।।
भक्ति गर भनी कालबाट जो बचाउँदैनन् बन्धुहरू ।
ह्वैनन् ती सब आमा, बाबु, पति, विधाता, स्वजन, गुरू ।।
केमा निज कल्याण छ छाडी तुच्छ क्षणिक सुख निति हरे !
वैर परस्पर गर्दै मूर्ख पाउँछ दुख निस्सीम भरे ।।
मेरो यो अवतार रहस्य आउँदैन गम बीच रति ।
मत्सर छाडी भजे भरतकन मात्र हुनेछौ पार पछि ।।
स्वर्ग मोक्षको स्वामी हुं तर मबाट लिन्नन् भक्त कुछ ।
पद पदमा तिमि प्राणीलाई मेरै चैतन्यांश बुझ ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यँ हो मेरो साक्षात् पूजा मन इन्द्रियको सत्य फल ।
यस्तो पूजा नगरी काल-पाशो कांटिदैन दृढ ।"
छोराहरूमा यो उपदेश दिई जडान्ध, मूक भई ।
डुल्नु भयो गौ, मृग कौवा झैं परमहंसको वृत्ति लिई ॥
यसरी हिंड्दा ऋषभ प्रभुमा आए अष्टसिद्धि पनि ।
किन्तु वास्ता राख्नु भएन तिनले देलान् दुःख भनी ॥

छैटौं अध्याय

नृप सोध्छन्-ऋषि ! आतमाराम निर्मल मुनिहरूलाई पनि ।
दुख दिन सक्छन् अष्टसिद्धि के ?" भन्छन् श्री शुकदेव मुनि ॥
"व्याधा जसरी मृग छाड्दैनन् विश्वास नलागेर कहीं ।
त्यस्तै योगी मनसित कहिल्यै गर्दैनन् विश्वास पनि ॥
योगीको गति देखाएर बहिरो, लाटो सरी भई ।
देह डढेलो बीच डढाई ऋषभमा पाल्नुभो धाम प्रति ॥
सात सिन्धुका सात द्वीपमा भारत कस्तो पुण्य छ यो ।
जसमा रहने जन गाउँदछन् मुरारिको शुभ गान अहो !
यदु पाण्डवको स्नेही भएर पति, गुरू, सेवक, दूत पनि ।
बन्ने हरि बरू मोक्षै दिन्छ दिंदैन भक्ति-योग कहीं ॥
रजोगुणी कन मार्ग मोक्षको देखाउन अवतार लियो ।
प्रियव्रतको कुल कस्तो उज्वल जहाँ उदायो ऋषभ अहो ॥"

सातौं अध्याय

छोरा पाई पाँच भरतले राज्य करोडौं वर्ष गरे ।
दुनियाँ पाले खुशी गराई धेरै थरिका यज्ञ गरे ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जति जे गर्थे हरिमा सारा अर्पण गर्थे भक्ति गरी ।
घर त्यागी पछि लागे वनमा बिर्से सब यो लठ्ठ परी ॥
भक्ति बढ्यो प्रति पूजन बन्दन छुट्यो भए नृप मग्न अति ।
उठी उषामा गर्थे नित्य रविको यो उपस्थान विधि ॥
"वरेण्य रविको महान महिमा चिंतन गर्छौं गरी नति ।
गरोस् प्रेरणा हाम्रो बुद्धिलाई पाउन उच्च स्थिति ॥"

आठौं अध्याय

कयौं दिन मृगिणी नदिमा उफ्री पारी तर्दा भीत भई ।
जन्म्यो बालक भरत गएर ल्याए कुटीमा प्रेम गरी ॥
पाले पोसे पुत्र गराई किन्तु हरायो शोक गरी ।
बिर्से तप औ छाडे प्राण हरिण संझदै राम भुलो ॥
हरिण हैन प्रारब्ध कर्म हो निज सुत त्याग्ने बीर कन ।
नत्र हरिणमा किन आसक्त पर्‍यो महान् यो विघ्न भन ॥
मृग भै जन्मे पूर्व स्मृतिभो कृष्णार्चनका प्रभावले ।
पूलहाश्रममा आई तिनले छाडे आफ्नो देह हरे !

नवौं अध्याय

जन्मे ब्राह्मण भई भरतजी स्मृति अघिको सब साथ लिई ।
विघ्न मोक्षमा पर्ला भन्दै स्वजन सङ्गसंग भीत भई ।
अरूको सामु देखिन्थे जड पागल बहिरो मूक सदा ।
थिए विलक्षण राजी तुष्ट संझी प्रभुको चरण सुधा ॥
मग्न रहन्थे प्रभुमै नित्य थिएन तनको सुधी बुधी ।
बालि खेतमा कुर्न बसेका थिए कुनै दिन लट्ठि लिई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नरबलि दिन्छु भन्ने भाकल पूर्ति गर्न श्री भरतकन।
लगे वृषलले देवी स्थलमा देखी लक्षण शुभ्रतम॥
ब्रह्म-तेज नै देवीबाट निस्की मान्यो दुष्ट जति।
महापुरुषमा अत्याचार गर्ने आफैं हुन्छ खति॥

दशौं अध्याय

लगे रहूगण नृपको पाल्की बोक्न भरतकन त्यहीं लिई।
चाल बिगारी थाले हिंड्न राना भन्छन् छेड गरी॥
"थाक्यौ होला, एक्लै बोकी दुब्ला रेछौ भाई तिमी।"
छाडेनन् तर तिनले चाल, भन्छन् "दण्डै दिन्छु" अनि॥
भरत भन्दछन्–ठिक हो भार छ त बोक्नेको खातिर छ।
पथ हिंड्नेको निति छ खालि आत्माको के यसमा छ?
दुब्लो, मोटो, रोग, क्रोध, भय, इच्छा सब हो देहँ को।
लाग्छ मलाई कहाँ थकाई हुन्छ बुढ्याइँ कहाँ अहो॥
को राजा को प्रजा तथापि गर्नुपर्‍यो भन मैले के?
दण्ड दिई के हुन्छ मलाई पिठो पिनेमा हुन्छ र के?"
सुनी कुरा नृप भन्छन् "माफ पाउँ को ह्वौ लौन तिमी?
योगी ह्वौ वा शुक्ल स्वरूप बोल्छौ यौगिक वाक्य पनि॥
त्रिशूल शिवको, सुरको वज्र, यमको दण्डाबाट त्यति।
भीत छैन म ब्रह्मस्वरूपको अपमान हुँदा हुन्छु जति॥
'को छ जगतमा शरण लिने' यो कपिल प्रभुसँग सोध्न भनी।
लागेको हुँ जान तपाइ नै के हरि हुनुहुन्छ? मुनि!॥
भारी बोक्नेलाइ थकाई लागेको देखिन्छ अति।
असत् घडामा कसरी पानी ल्याउनु भन्नोस् लौन ऋषि?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आगो द्वारा तात्छ कसौंडी, पानी, चावल मर्छ चुरो।
सन्निधिले तन इन्द्रिय मनको आत्मामा श्रम हुन्न गुरो ?
राजाको अनुशासन पालन ठानेको थें धर्म भनी।
त्यो पनि व्यर्थै भन्नुभयो के बुझ्न सक्नु यो वचन मुनि !
गरें अवज्ञा अहंकारले निरहंकारी हजूरको।
शिवै भए पनि गरे अनादर नासिन्छन् अरु बच्ने को ?"

एघारौं अध्याय

भरत भन्दछन्:—

लौकिक झैं बुझ वैदिक नै पनि सत्य हैन जो काम्य हुँदा
वेदैमा पनि सत्य कुराको देखिदैन अभिव्यक्ति पुरा ॥
मूर्ख भईकन विद्वान् तुल्य बनाउँछौ किन बात अति।
तत्व विचारको वेला ता मान्दैनन् यो बात ऋषि ॥
स्वर्ग आदि सुखलाई तुच्छ जो मानिस मान्दैन कहीं।
त्यसलाई शुभ ज्ञान गराउन सक्दैन श्रुतिवाक्य पनि ॥
जन्म मरण, सुख दुःखहरूको मन हो केवल कारण एक।
गुणमा नभए मन यो लिप्त, हुँदैन सुख दुख, दैहिक क्लेश ॥
मनका एघारह छन् वृत्ति द्रव्य स्वभाव र आशय काल।
कर्म द्वारा शयौं हजारौं बन्छ करोडन भेद अपार ॥
तर आत्मामा यिनको सत्ता छ हैन आपस स्वतः मिली।
मन सँग आत्माको सम्बन्ध छैन कुनै पनि हेर निजी ॥
स्वप्न र जाग्रत् विच देखिन्छ छिप्छ सुषुप्ति समय कता ?
वेख्दछ यो क्षेत्रज्ञ दुवैतिर नारायण परिपूर्ण हुँदा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

असत् कार्यमा डाली आफ्नो रूपैं सांचो छोपिदिन्नी।
मन वैरीकन चाँडो मार नगर उपेक्षा यो छ खुनी॥
मन यो वशमा नभए सम्म नअडी घुम्नैं पर्छ जगत्।
हरिसेवनले वशमा राख उपाय मनको यै छ फगत्॥

बाह्रौं अध्याय

प्रश्न रहूगण गर्छन् "द्विजवर ! गूढ रूप प्रभु ! गर्छु प्रणाम !
दृश्य कुराहरू हुन् सब झूठ" के हो यसको चौन प्रमाण?
प्यासालाई शीतल जल झैं औषधि रोगीलाइ समान।
अहं सर्पले डसिएको म, लाइ छ तिम्रो कथन महान्॥"
भरत भन्दछन् "डोले राजा पृथ्वीकैं हुन् खालि विकार।
पृथिवी यिनमा के छ र भिन्न स्थिर चर सब हुन् पृथ्वी खास॥
अब को राजा? डोले को हो को गर्दछ अनि शासन यो?
आखिर क्षिति पनि अणु हो अणु पनि कल्पित माया हो हरिको॥
चले भूमिमा भरिया यसकन भन्छन् पालिक छ काँध प्रति।
सौविर राजा चडी रहेछ अहं बढी निज आत्म भुली॥
महापुरूषको ब्रह्म सभामा बोल्छ बात अति बढी बढी।
कुरा कष्ट को परी रहेछ दीन दुखी जन दली दली।
सत्य तथा परमार्थ वस्तुता वासुदेव नैं जान तिमी।
जसलाई अज अन्तर्यामी भन्छन् पण्डित् विज्ञ मुनि॥
सन्त-चरणरजद्वारा स्नान गर्नु बिना अरू भिन्न कुरा।
योग तपस्या, पूजन गर्दा पनि हरिको पाइन्न पता॥
सत्संगतमा हरिगुण-चर्चा रहन्छ जसमा ग्राम्य कथा।
पन्छाईकन वासुदेवमा अनपायिनि मति लाग्छ अहा!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थिएँ भरत पहिले मृग संगतबाट भएँ मृग किन्तु अति !
कृष्णार्चनको प्रभावले थ्यो मृगत्तनमा पनि पूर्व स्मृति ॥
तस्मात् मानिस हवस् असङ्गी सज्जन संगत गरोस् अति ।
हरि गुणलीला स्मरण गरोस् अनि पाउँछ निश्चय परंगति ॥

तेह्रौं अध्याय

भरत भन्छन्-(भवाटवीको वर्णन)

हिंड्छ वणिक् धन साथ लिएर घोर भयंकर भवाटवी ।
छः वटा डाँका छन् यिनले धन सारा लुट्छन् सबै मिली ॥
खोस्छन् धन सब गीद्ध मिलेर टोक्छन् उपियाँ डाँस अति ।
कहिले लाग्दछ भोक र कहिले शान्ति मिलेझैं हुन्छ स्थिति ॥
कहिले देख्तछ पुर गन्धर्व, कहिले राँकेभूत पनि ।
घर, धन खोज्दछ नेत्र थुनिन्छ, हावा लागि घोर बनी ॥
झिल्लि, उलुकको स्वरले कानै खान्छ र कहिले बन्छ दुखी ।
मृग तृष्णामा पुग्दछ कहिले पापतरूमा बस्छ गई ॥
पर्छ डढेलो बिच कहिले त्यो चड्दछ कंकट युक्त पहाड ।
बन्धुहरुसँग अति झोकिन्छ पोल्दछ, पद–पद अग्नि अपार ॥
झिक्न गएमा मह मौरीले टोक्छन्, बलले झिके पनि ।
खोस्छन् अरू नै कहिले जाडो, गर्मी हावा खान्छ अनि ॥
मिल्छ अजिंगर कहिले खस्छ खाडलमा त्यो अन्ध बनी ।
गरीब भई धन माग्छ र हेलाँ पाउँछ कोही मर्छ त्यहीं ॥
मर्नेलाई छाडी हिंड्छ मित्र नयाँ ली खुशी बनी ।
लताहरुको आड लिएर पन्छीहरूको सुन्छ ध्वनि ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिहहरुसँग तर्सी कहिले' बक आदिसँग मिल्छ गई।
हाँस कहाँ गै नमिली, वानर सँग गै मिल्दछ बन्छ त्यही॥
खस्छ गुफामा, हात्ती देख्छ, लता समाई अड्छ अनि।
उस्की पुग्दछ आफ्नो दलमा रेछ घुमी त्यो अझै पनि॥
हेर रहूगण ! तिमि पनि आज घुमिरहेछौ भवाटवी।
हरिभक्ति गरी भई असक्त जाऊ पारी युक्त भई॥"
सुनेर यस्तो ज्ञान रहूगण "धन्य रहेछु धन्य" भनी।
संशय फाली गए प्रभुको पदमा निर्मल रूप बनी॥
प्रश्न परीक्षित् गर्छन् शुकसँग–बुझ्न सकिनँ यो भवाटवी।
के हो प्रष्ट आज्ञा होस् त्यो अज्ञानी पनि बुझुन् स्थिति॥

चौधौं अध्याय

भवाटविको प्रष्टिकरण—

जीव वणिक् औ जग हो जङ्गल इन्द्रिय छवटा डाँका हुन्।
बान्धव गीद्ध र धन, हो धर्म, दुष्ट डाँस औ भुसुना हुन्॥
नाम छ छोरा नारी किन्तु गिद्ध र ब्वाँसा समान भैं।
हेर्दा हेर्दै छिन्छन् धन सब भेडा ब्वाँसा हरूले झैं॥
गन्धर्वपुरी असत् जगत हो, सुन हो, राँकेभूत अछूत।
मृगतृष्णा हो विषयहरू सब नृप झिल्लिक औ शत्रु उलुक॥
कृपण धनीजन, पाप तरू हो हावा स्त्री, दुख खाडल हो।
घर दावानल, धर्म गृहस्थी शैल चढाई समान हो॥
बीज खेतमा नसके वड्न उम्रन्छन् ती झाडी भैं।
घर पनि हो यो कर्म पिटारी पर्छ जलाउनु ज्ञानी भैं॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पिता पुत्र स्त्रीको सम्बन्धलाई मानी सत्य समान।
सहवास गरी तिनसँग रम्नु क्षणिक स्वप्नको हो सुख भान ॥
दाह भोक हो, सिंह सुकर्म, मह हो पर धन, अजगर नींद।
पुत्र चरा हुन्, लहरा नारी, बक आदि हुन् द्यौता नीच ॥
परी नीदको चंगुलमा नर अन्धकारमा हुन्छ गुम।
शून्य विपिनमा पर्याँकेको शव त्यसै पडेको तुल्य गुन ॥
लेनदेनमा बेईमानी दमडी भर नै गऱ्यो भने।
त्यो संग शुरू भै हाल्छ वैरता कसरी त्यो जन पार हुने ?
काल चक्र नै जसको आयुध घुम्छ निरन्तर कर्र गरी।
ब्रह्मा देखी तृण पर्यन्त धूलो पार्दछ चरै फिरी ॥
पाखण्डीको चक्करमा परि त्यस्तो प्रभुको भजन तजी।
कंक गृद्ध सम सुरको लिन्छन् आश्रय आगम तर्फ भुली ॥
हंस भनेको द्विज-आचार, वानर कुल हो शूद्र गति।
रोग गुफा हो, हात्ती मृत्यु, वन्यलता हो पुण्यकृति ॥
होड गरुडको पाखाले झैं को नृप सक्लान् गर्न अरू ?
मलवत् त्याग्यो यौवन मै स्त्री सुत धन जसले राज्य प्रभु ॥
मधुसूदन को सेवा बीच जसको मन अनुरक्त बन्यो।
त्यसले सांसारिक ऐश्वर्य न चाहँनु यो उचितै हो ॥
मृग तन त्याग्दा उच्चस्वरले जसले गायो खुला दिल।
नारायण हे योगेश्वर हरि ! प्रकृतिअधीश्वर ! धराधर ॥

पन्ध्रौं अध्याय

भरतबंशमा गय नृप जन्मे श्रीहरिको शुभ अंश लिई।
खुशि गराए श्रीहरिलाई धेर किसिमका यज्ञ गरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खुशी हुँदा जो ब्रह्मादेखि जड प्राणी सब बन्छ सुखी।
त्यस्तो श्रीहरि खुशी बन्नुभो राजा गयका साथ अति॥
गयका कुलमा आखिर जन्मे विरज नामका लोकपति।
प्रियव्रत-कुलको कीर्ति बढाए हरिले चौता तर्फ सरी॥

सोह्रौं अध्याय

'मात्र द्वीपको भन्नोस् स्थूल विग्रहमा मन भने पस्यो।
निर्गु णमा पनि पस्ला'' नृपको प्रश्न सुनी शुक भन्छन् यो॥
हरिको माया विभूति बर्णन आयु मिले पनि चौताको।
गर्न व्यक्ति सक्तैन समस्त भन्छु मुख्य जति कुरा छ त्यो॥
जम्बूद्वीप छ योजन लाख, छन् गिरि आठ र वर्ष नउ।
छ इलावृत बिच मेरू पहाड, लाखौं योजन उँचो ऊ॥
इलावृतको चारैपट्टी आठ छ पर्वत सीमा रूप।
मेरू बीच गिरि चार छ जसमा चारवटा छन् अग्ला रूख॥
रुखका फलले चार बने नद उपवन छन् अनि चार थरी।
मेरूमै विधि, लोकपालको लोक र अरू छन् धेर गिरि॥

सत्रौं अध्याय

प्वाल परी वामनको नखले गंगा विष्णुपदी झर्छिन्।
कुलदेवताको चरणोदक यो भन्दै धारण ध्रुव गर्छन्।
सप्तऋषिको आदर पाई शशिमण्डलमा सेचन दी।
ब्रह्मलोकमा आइ पुगेपछि बन्छिन् गंगा चार थरी॥
सीता, अलकनन्दा, चक्षु, भद्रा यस्तो नाम लिई।
चार दिशातिर बहँदै सबको हिड्छिन् कलमष नाश गरी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्मक्षेत्र हो भारत अरू ता केवल हुन् सुख भोग्ने स्थान ।
वर्ष इलावृत बिच गर्छन् शिव सङ्कर्षणको यो स्तुति ध्यान ।।
"भज्छु सधैंभर पद भजनीय सज्जन भावन हे सुखधाम ।
जसको शिरमा जग यो सर्स्यूं तुल्य छ गर्दछु प्रभो ! प्रणाम ।।
लोचन राता देखी मन्छन् "मत्त" हजुरकन मूढ जन ।
चरणबाट मन हट्यो कि हामी बन्छौं क्रोधी उसै क्षण ।।
जसका वशमा त्रिगुणहरू छन् पिंजडा विचका पन्छि सरी ।
मिली अनुग्रह जसको हामी गर्छौं सृष्टि र नाश, स्थिति ।।
माया मोहित जीव कदाचित् जान्लान् माया किन्तु अहो !
मुक्त हुने त्यसबाट उपाय जान्ने छैनन् शरण प्रभो !"

अठारौं अध्याय

भद्राश्वविषे भद्रश्ववाहरू .हयशिर प्रभुको स्तुति गर्छन् ।
'उद्धार गऱ्यो जसले वेद प्रणाम गर्छौं हे भगवन् !
तिम्रो चेष्टा अति छ विचित्र काल नदेखी सामु खडा ।
लाग्छ विषयमा खोज्दछ बाँच्न, पोलीकन पनि पुत्र, पिता ।।"
हरिवर्षमहाँ प्रह्लाद सदा गर्छन् नरहरि उपासना ।
'कर्मवासना नाश प्रभो ! सब, नाश गराऊ दुष्टपना ।।
जय होस् सबको, खल हुन् सज्जन आपस जयहोस् भनुन् सदा ।
हरिजन संगत, हरिको भक्ति, विषय विरक्ति बनौं सदा ।।
सत्सङ्गतमा मिल्छ कृष्णयश सुने भाग्छ पर भेदभ्रम ।
सुरहरू बस्छन् ज्ञान आदि गुण लिई भक्तसँग रातदिन ।।
हरि नै आत्मा प्राणीमात्र का एक, पानी भैं माछाको ।
छाडि त्यो प्रभु सक्त गेहमा भए सुचोला माटो भो ।।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केतुमालमा काम स्वरूप सुन्दर प्रभुको नित्य रमा।
संवत्सरका पुत्र, सुता स्त्री गर्छिन् स्तुति औ उपासना॥
"पति हो त्यै जो सबतिरबाट सबछ सुरक्षित राख्न सदा।
लोक अहो ! अरूलाई भज्छन् जो छ स्वयं पनि भीत सदा॥"
रम्यकमा पनि माछा प्रभुको गर्छन् मनुजी चिंतन गान।
"प्रलय भएमा जसले रक्षा गऱ्यो मलाई गर्छु प्रणाम॥"
अर्यमा, हिरण्मयमा गर्छन् कछुवा प्रभुको उपासना।
"जति छन् स्थावर, जङ्गम लोक सब ह्वौं, पर्दछु पाउमा।"
उत्तरकुरूमा सूकर प्रभुको भूमि गर्दछिन् सुन्दर गान।
"रसातलबाट ल्यायो जसले त्यसलाई अब गर्छु प्रणाम॥"

उन्नाईसौं अध्याय

किंपुरूषमा हनुमान् गर्छन् राम प्रभुको उपासना।
"ब्रह्मण्य देव ! महापुरूष ! प्रभु ! गर्छु नमस्कार पदयुगमा॥
केवल आकृति, कुलिन, चतुरता द्वारा हुन्न म खुशी भनी।
गर्नु भयो प्रभु ! वानर साथ मैत्री धन्य छ धन्य छ नि॥
मानव शिक्षालाई तिमी हौ, हैनौ, राक्षस मार्न फगत्।
आत्मरमणकन सीताद्वारा मत्र पर्नु किन व्यर्थ विपत॥"
भारतमा नर नारायणको नारद गर्छन् उपासना।
'ममता काट्ने प्राकृत भक्ति पाऊँ पर्दछु पदयुगमा॥
हिरण्यगर्भले योग आदिको सफल यही नै भन्नुभयो।
"अन्तकालमा निर्गुण तिम्रो पदमा बुद्धि लाग्नु प्रभो !"
स्त्री सुत धनमा सक्त लालची, झैं विद्वान् पनि यहाँ प्रभो !
मर्न डराउँछ यदि भने सब प्रयत्न त्यसको माटो भो।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुन भारतमा निज आश्रम बिच बस्दा मिल्दछ मुक्ति पनि ।
यस्तो देखी श्रोताका दल गाउँदछन् यो भरत बनी ॥
"धन्य भारत, धन्य भारतका प्रजा यी धन्य हुन् ॥ धु ॥
ईश लाग्दछ यी प्रजाको के गरेछन् पुण्य त्यो ।
कृष्ण सेवायोग्य-मानुष जन्म पाए जो अहो ।
योग व्रत, तप, आदि द्वारा स्वर्ग पायौं के भयो ?
कामनाले सम्झना क्यै छैन जाहाँ नाथको ॥
सत्य आदि लोक भन्दा पुण्य भारत श्रेष्ठ हो ।
हुन्न आई मुक्ति जो नर त्यो अभागी दुष्ट हो ॥
जन्म पाऔं पुण्य केही बाँकि होला स्वर्गको ।
गर्छ जाहाँ नित्य रक्षा भक्तलाई नाथ त्यो ॥"
सगरपुत्रले घोडा खोज्दा जम्बूद्वीपकै अन्तर्गत ।
बन्न गए उपद्वीप आठ नै भन्छन् कोही हे परीक्षित् !
स्वर्णप्रस्थ औ मन्दर, हरिण पांचजन्य औ आवर्तन ।
चन्द्रशुक्ल औ रमणक, सिंहल, लंका नाम छ निर्वाचन ॥

बीसौं अध्याय

जम्बू, प्लक्ष र शाल्मलि कुश औ क्रौञ्च, शाक अनि पुष्करद्वीप ।
सात सिन्धुले क्रमले घेरी राखेका छन् परिखा रूप ॥
एक द्वीप पछि एक समुद्र द्वीप फेरि अनि यसै गरी ।
पहिलो भन्दा दोस्रो दोवर मान भएका छन् सब यी ॥
रवि, शशि, आगो वायु, पानी कर्महरूको क्रमै संग ।
गर्छन् पूजा छः द्वीपका यी मानिसहरू अति भक्ति संग ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस पर लोकालोक पहाड छ, त्यस पर योगी मात्र बुझ्नु ।
पचास कोटी योजन जम्मा भुगोलकको नाम बुझ्नु ।
द्यावा पृथिवीको अन्तरमा अण्ड मध्य छन् सूर्य सदा ।
पच्चिस कोटी यो ब्रह्माण्डबाट छ अन्तर सूर्य अहा !

एक्काईसौं अध्याय

नउ कोटी अनि एकाउन्न लाखौं योजन नापेमा ।
सूर्य घुम्दछन् दुइ हज्जार दुई योजन क्षण एकैमा ॥
इन्द्र, वरुण, यम, शशीको लोक ग्रह ग्रह घुम्दै सूर्य सदा ।
निशि दिन घटि बढि पादैं हिंड्छन् कोल चक्र झैं भई सदा ॥
संवत्सर यो नाम लिएको यौटा पाङ्रो जसमा छ ।
बार अरा, तिन नाभि, छ नेमि यो रविरथको मनोहर ॥
रथधूरीको सीरा एक छ मेरु गिरिको चोटिबिच ।
अर्को मानस उत्तर गिरिमा पुग्न गएको सुशोभित ॥
तैलयन्त्रवत् पाङ्रो मानस उत्तर गिरिको माथितिर ।
घुम्दछ अर्को धुरि ध्रुवलोक संम पुगेको हेर शुभ ॥

बाइसौं अध्याय

घुम्छन् यसरी भगवान् सूर्य सबलाई अति श्रेय गरी !
शशि छन् रविको योजन लाख मास्तिर सोरह कला भरी ॥
शशि भन्दा तिन लाखौ योजन मास्तिर अठ्ठाइस ग्रह छन् ।
यस भन्दा दुई योजन लाख मास्तिर उशना भार्गव छन् ॥
यसको योजन दुइ दुइ लाख अन्तर मास्तिर तिन ग्रह छन् ।
बुध औ मंगल सुरगुरू आदि क्रमले सुन्दर उज्वल छन् ॥
त्यस भन्दा दुइ योजन लाख माथि शनि औ त्यसमाथि ।
लाख एघार योजनमा छन् ध्रुवपद घुम्ने सप्त ऋषि ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेइसौ अध्याय

ऋषि भन्दा पनि तेरह लाख माथि छ ध्रुवपद श्रीहरिपद ।
मेह वद्ध पशु घुमे सरी सब जसमा घुम्छन् ग्रह, नक्षत्र ॥

शिशुमार चक्रको वर्णन

शिशुमार भनो ग्रह समुदायलाई मान्छन् रूप कति ।
तलतिर शिर औ मास्तिर पुच्छर मा ध्रुवजी कटि वीच ऋषि ॥
धाता, विधाता पूच्छ मूलमा, अङ्ग अङ्गमा सव ग्रह छन् ।
रवि, शशि, यम, गुरु, शनि, नारायण, तनमा, रउँमा तारक छन् ॥
नक्षत्र र ग्रह तारामय यो हरिको आधि दैविक रूप ।
तीन समय संभन्छ भने जन तीन कालको पर्याँक्छ कलुष ॥

चौबिस अध्याय

सूर्य देखि तल दश हजार योजन बीच छ राहु अपार ।
यति नै तल छन् सिद्ध लोक औ अझ तल बस्छन् भूत पिचाश ॥
त्यसतल उड्लव् पंक्षीका दल, त्यसभन्दा तल भूमि भुमा ।
मयको छोरो बस्छ अतलमा, वितलमहाँ छन् शम्भु उमा ॥
सुतललोकमा छन् बलि भक्त, मय छ तलातल वीच पति ।
सर्प महातलमा छन् क्रोधी, दैत्य रसातलवीच कति ॥
पातालविषे नागहरू छन् अनेक शिरका अति उज्वल ।
क्रमसँग तल तल दश हज्जार योजन अन्तर छन् यी सब ॥
त्यसमध्ये सुन सुतल लोकको भूप परीक्षित् कुरा कुछ ।
जसमा छन् बलि प्रभुका प्यारा दानीमा प्रख्यात खुव ॥
छिक्ता लड्दा एक पटक पनि लियो भने हरि जसको नाम ।
छुट्तछ बन्धन योगीकन जुन औसर दुर्लभ हुन्छ महान ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्म-भावले बलिले भूमि दान गरेका थिए तर।
माया मय यो असत् सुतल के त्यसको नृप हुन सक्छ फल?
कहीं न देखी अन्य उपाय बाँधि पाशले गुफा प्रति।
हरिले फ्याँके पछि भन्छन् यो वलि महात्मा भई बली॥
"वृहस्पति छन् मंत्री जसका, विद्वान् भैकन स्वयं अति।
कुशल भएनन् साँचो स्वार्थ सिद्ध गर्न भै अमरपति॥
दास्य नमागी मन्वन्तर तक टिक्ने मागे लोक अरे!
जो छ कालको अवयव किंचित् के जाने निज स्वार्थं हरे॥
छाडी पैतृक-राज्य पितामह ले ता मागे दास्य फगत्।
न वासना न शान्त छ मेरो न कृपा प्रभुको पर्‍यो सतत॥"

पच्चिसौं अध्याय

रसादेखि तल तीश हजार योजनमा अति सुन्दर तन।
सात्वतहरूका मालिक आत्मा राज भएको संकर्षण॥
महाप्रलयमा हुन्छन् भृकुटी बाट रूद्र एघार प्रकट।
मूल रसातल बिच राज छ जो महिमामा स्थित भई सतत॥
हलो नीलाम्वर कुण्डल एक, वनमाला युत रम्य प्रभु।
जसको युगपद गर्छन् ध्यान देव, असुर, ऋषि नागहरू।
गर्छ शेषको स्मृति जो त्यसको फुक्छ अविद्या ग्रन्थि सब।
तुम्बुरुसग गाउंदछन् नारद ब्रह्म-सभामा शेष यश।
"जसको दृष्टि परेर गुणहरू चलाउँछन् जग कार्य सब।
एक भई नानात्व हुने ध्रुव अनादिको के जान्नु पथ!
महान् कृपाले मूर्ति लियौ यो चित्त स्वजनको खिच्न अरे!
तिम्रो लीला अपनाएछ वीर सिंहले मात्र हरे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हजार शिरका एक फणामा अणु तुल्य छ यो भूमि खडा।
गन्न पराक्रम हजार जिब्रो पाए पनि को सक्छ ? अहा !
हाँस्दा, लड्दा पनि झुकिएर "शेष" खालि यो नाम लिदा।
भारदछ सारा पाप भने अब कसको पदमा जानु अहा ?"

छविसौं अध्याय

नरक छ दक्षिण पट्टी क्षितिको केही तल जलमाथि खडा।
पापीलाई दण्ड दिने छन् धेर किसिमका नर्क कडा॥
परस्त्री, धन जो हर्दछ फेरि उडुस, किरा पशु मार्दछ जो।
ब्राह्मण आदि जाति भएर गधा र कुक्कुर पाल्दछ जो॥
खान्छ नबाँडी, गर्छ शिकार, जीव सताउँछ मानव जो।
दंभयज्ञमा पशुवलि दिन्छ अरूको चित्त दुखाउँछ जो॥
रक्सि पिउँदछ, पैसा केवल दान नगरीकन राख्तछ जो।
प्राणीलाई थुन्दछ जो नर धर्म सनातन नास्तछ जो॥
जतिथिलाई जोर रिस गर्छ, साक्षी झूठा वोल्दछ जो।
घोर भयंकर नरकहरूमा पर्छन् यस्ता व्यक्ति अहो !
प्रभुको यो हो विराट् स्वरूप भू, द्यौ ग्रह पाताल वन।
मनें स्थूलमय हरिको रूप, सूक्ष्म प्रति मन पसाउंन॥

षष्ट स्कन्ध

पहिलो अध्याय

शुक भन्दछन् –
तस्मात् झट्पट देह नलड्दै नर्क नजाने काम।
गरोस् सदा हरिकीर्तन जसले भारदछ पाप तमाम॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विरलै हुन्छन् वासुदेवमा हुने परायण जन।
भक्ति गरी ती भेद फाल्दछन् रविले कुइरो सम ॥
आत्मसमर्पण औ सत्सेवन ले पापीको पाप।
शुद्ध हुन्छ जति तप आदिले कैल्यै हुन्न सखाप ॥
निर्भय औ कल्याण स्वरूप छ, भक्ति को शुभ पंथ।
हिड्छन् जुन पथ कृष्ण–परायण सुशील साधु सन्त ॥
कृष्ण विमुख जन गरोस् जगत्का प्रायश्चित्त सबै।
हुँदैन पावन, घडा सुराको नदीहरूले भैं॥
एकपटक पनि चरण–कमलको मनकन प्यायो रस।
यम औ यमका दूत स्वप्नमा पनि देख्तैन अवश्य ॥
थियो अजामिल पापी, मर्दा देखी यमका दूत।
छोरो नारायण को नाम लियो कराई खूब ॥
यम–दूतलाई रोके तत्क्षण आई हरिका दूत।
"किन काँ लाने भन लौ" भन्दा भन्छन् यमका दूत ॥
"पापी हो यो शूद्राको पति शुभ आचार रहित।
त्यसकारण यस ब्राह्मणलाई लान्छौं पार्न पुनीत ॥"

दोस्रो अध्याय

विष्णुदूतहरू यमदूतलाई भन्छन् "कष्ट पर्‍यो।
यमको संसदलाई अधर्म ले हा ! स्पर्श गर्‍यो ॥
रक्षक भैकन दुःख प्रजामा दिन्छ भने दुनियाँ।
काहाँ जाऊन् शरण हरे शिव ! यो अन्याय यहाँ ॥
धर्म अधर्म न जानी जसको दिई काखमा शिर।
सुत्ने जन प्रति के विश्वास घात गर्दछन् धीर ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्त्य समयमा बोल्यो यसले "नारायण" यो नाम ।
नाश भयो सब पाप यत्तिले लानु नरक के काम ।।
कोटि जन्मको कोटि पाप पनि आजै पखालियो ।
विवशै जो कल्याण स्वरूप हरिको नाम लियो ।।
हरिको नामबाट सकर्म भुटिन्छ जसरी सब ।
भुटिन्न ब्रह्मवादी निर्मित व्यर्थै छन् व्रत, तप ।।
गर्दा हेलन औ संकेत, तान तथा परिहास ।
यदि गर्दछ क्वै नामोच्चारण कष्मल हुन्छ खलास ।।
चिप्लिइँदा भ्रो लड्दा डँसिदा जल्दा भङ्ग हुँदा ।
हरि हरि ! भन्छन् भने तिनीकन यमको किन फन्दा ?
जानी अथवा भनोस् न जानी हुन्छ पाप सब नाश ।
आगोले यदि लकडी पाए के पार्दैन खलास ?
जसरी अमृत नबुझी खाँदा पनि गर्दछ निज काम ।
त्यस्तै हरिका नाम ग्रहणले भाग्छन् पाप तमाम ।।"
यसो भनी यम बाट छुटाई गए दूत बैकुण्ठ ।
धर्म भागवत् सुनी अजामिल भए भक्त अति सन्त ।।
गरी पापको पश्चाताप भने हुन्छ कल्याण ।
नत्र मृत्युको बेला मुखमा कसरी यो भगवान् ।।
कहाँ म कपटी पशु निर्लज्ज पापी दुष्ट खुनी ।
कहाँ सुमगंल नारायणको सुखतर नाम गुणी ।।
अब जीवन भर गर्दै कीर्तन लाउँछु हरिमा मन ।"
भनी गई हरिद्वार तजे तन पाए प्रिय मोहन ।।
छैन करौंती कर्म छिनाल्ने अर्को नाम विना ।
रहन्छ कसरै प्रारू साधनको स्रोत लिए जगमा ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुत्र वहाना नाम कराई गए अजामिल धाम ।
भने मन्त्र के श्रद्धा पूर्वक हरि बोल्ने को शान ॥

तेस्रो अध्याय

फर्की किंकर भन्छन्, यम संग–गरी दिनोस् अब हल ।
कति छन् शासक विश्व भरी प्रभु ! दिने कर्मको फल ॥
आज्ञा पालन गरी अजामिल ल्याउन थियौं तयार ।
नारायण ! भनी बोल्यो त्यसले आई व्यक्ति चार ॥
काटी फन्दा बोले न डरा ! को हुन् भन्नोस् ती ।"
सुनेर यम यो भन्छन् हरिको चरण कमल संभी ॥
"पर छ म भन्दा स्थिरचरको त्यो स्वामी एक महान् ।
त्यसका नै हुन् अंश स्वरूप विधि शिव विष्णु तमाम ॥
किसानका वश बैलहरू झैं देव प्रजापति गण ।
गर्छन् डरले भई अधीन जसमा बलि अर्पण ॥
जसको चेष्टा सत्वगुणीले बुझ्न सकेनन् क्यै ।
बुझ्लान् अरू क्यो ? आँखालाई पदार्थहरूले झैं ॥
शत्रु विपत्ति म द्वारा पनि भक्त राख्न सुरक्षित ।
हिंड्ने हरिका पार्षद हुन् ती सुन्दर अति अद्भुत ॥
धर्म कसैले छैन बुझेको प्रभुनिर्मित शुभ शुद्ध ।
केवल हामी बान्ह जान्दछौं भागवत् धर्म विशुद्ध ॥
शम्भु, स्वयम्भू, नारद, चतुसन्, भीष्म, बलि प्रह्लाद ।
जनक, कपिल, शुकदेव तथा म स्वायम्भुव मनुराज ॥
धर्म यही हो जनको वास्तव हरिमा हुनु भक्ति ।
नाम लिंदैमा हेर, अजामिल कसरी भो मुक्ति ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खेद छ विद्वान् नाम भए पनि फलमा मग्न गरी ।
वेद तिरै छन् सुगमातिसुगम प्रभुको नाम नली ॥
दण्डच छैन त्यो जो जन हरिमा गर्दछ स्थापित भाव ।
पाप गरे पनि भजन गरी गरि गरि छाड्दछ मन साफ ॥
बिर्सीकन पनि पाउ नहाल्नु जहां छ हरिकीर्तन ।
यिनमा कालै छैन समर्थ अरू व्यक्ति त के भन् ?
जो हरि कीर्तन विमुख छ मानिस जो छ विषयमा लठ ।
यस्तालाई मात्रै ल्याओ नगर भक्तमा हठ ॥
योगी, ज्ञानी जो होस् तर यदि लिन्न भने हरिनाम ।
ल्याउनु हरिसंग जो नुहुँदैन जो छन् विषयाराम ॥"
सुनेर यमको मुखद्वारा यो प्रभुको महिमा दूत ।
त्यो दिन देखी जान भक्तकाँ छन् अति नै भयभीत ॥
जरै पापको उखेल्न सक्ने नाम छ सर्वोत्तम ।
यसबाटै कल्याण जगत्को हुनेछ गर कीर्तन ॥
कृष्ण चरणका रसिक विषय तिर फर्की रम्दैनन् ।
बिमुख हरू गरी कर्म विविध हुन निर्मल सक्तैनन् ॥
अगस्त्यले ईतिहास गुप्त यो मलयाचलको बीच ।
विष्णुयज्ञमा सुनाउनु भो गरी मलाई प्रीत ॥

चौथो अध्याय

दशै प्रचेता सागर बाट निस्की रोस गरी ।
वृक्ष ढलाउन लागे भन्छन् आई चन्द्र यही ॥
"सब प्राणीको भित्र छ एक आत्मा रूप हरि ।
उम्लि उठेको रिस जो रोक्छ निर्गुण बन्छ त्यही ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर विवाह यो रूख की छोरी हुनेछ श्रेय अति ।"
सुनेर आज्ञा गरी विवाह जन्मे दक्ष पछि ॥
अघमर्षणमा गरी तपस्या दक्ष प्रजापति ले ।
गरे प्रभुको स्तुति यो सुन्दर कट्तछ पाप सुने ॥

दोश्रो रत्न

"छैन तिमिकाँ कुनै प्रमाणहरूको पुग्न पहुँच ।
प्राण र तन मन हरू पनि जान्न सक्तैनन् प्रभु खूद ॥
जब चञ्चल मन सम्भनु, देख्नु छाड्दछ योग लिई ।
त्यसबेला जो अनुभव हुन्छ त्यसमा गर्छु नति ॥
सखा भई जान्दैन सख्यता तिम्रो बसी सँगै ।
विषयहरूले इन्द्रिय वृत्तिलाई न जाने भैँ ॥
पन्ध्र मन्त्रले लकडीबाट अनल निकाल्छन् ववै ।
शक्तिहरूको भीडभाडमा ढुँड्छन् ज्ञानी त्यैं ॥
निषेध गर्दा रहने शेष हौ आनन्द तिमी ।
रूप नाम सब तिम्रै हो प्रभु ! खुशी हौ आर्द्र बनी ॥
शक्ति हजुरको बाद बिवाद गर्ने लाई मोह ।
दिन्छ हजुरकै श्रोत लिएर छैन छ भन्छन् ओह !
त्यस्तो प्रभु पनि गर्न अनुग्रह लिएर नाम र रूप ।
आयौ लीला गर्न अगोचर खुशी हवौ सर्व स्वरूप ॥"
हंसगुह्य यो द्वारा दी शुभ हरिले निज दर्शन ।
"मिथुन धर्मले प्रजा बढाऊ" भन्दै भयो गमन ॥

पाँचौं अध्याय

सृष्टि निति तप गर्न दक्षका छोरा गए अयुत ।
सिन्धु र सागर संगममा थ्यो नारायण सर पूत ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पानि छुँदैमा निर्मल भो हृद् परमहंसको धर्म ।
मा लागी मति भन्छन् नारद पथमा भेटी मर्म ॥
"अन्त्य भूमिको छैन, एकौटा राष्ट्र, पुरुष छन् स्त्री ।
बाहिर हुन बिल छैन, दुइतिर बहने रेछ नदी ॥
वज्र छुरी झैं चक्र र पच्चिश टुक्रे घर छ अहो !
हाँस छ यौटा नबुझी आज्ञा, गर्छौं सृष्टि कसो ?"
भन्दै यस्तो नारद फर्के हरिकीर्तनका बीच ।
प्रष्ट झल्कने पद मनमा ली भन्दै हरि हरि प्रीत ॥
थिए जन्मदै बुद्धिमान ती नारद बात सुनी ।
विचार गर्दै मनमा आफैं लागे गुन्न अनि ॥
"लिंगदेह नै भू हो आत्मा बद्ध यसैले छ ।
अन्त्य नदेखी भन के गर्नु असत् कर्मले र ?
तुरीय यौटा आश्रय भगवान् साक्षी देख्नु बिना ।
प्रभु असमर्पित कर्म गरी के लाभ हुन्छ यहाँ ?
वेश्या जस्तै नाना रूप लिने छ बुद्धि अरे ।
यो नबुझी कन कर्म अशान्त गरी हुन्छ भन के ?
सृष्टि प्रलय दुईतिर बहने हुन् माया उभय नदी ।
पार पुग्न यसबाट तीरको लिन्छन् ओत कति ?
तर माया त्यो तट भत्काउँन उर्लो वेग सँग !
क्रोध अहंको रूप लिई कन लाग्छे हा ! बहँन ॥
तरी नसक्नु छ माया त्यसमा भै अनभिज्ञ अति ।
कर्म गरोस् तर कसरी होला त्यसको शुद्ध मति ?
हाँस शास्त्र हो बन्धन मोक्ष छुट्याउँछ जो झट ।
नबुझी यो अध्यात्म व्यर्थ किन गर्नु कर्म असत् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शास्त्र पिताको हो आदेश सकाम गर्नु त्याग
हट्ने आज्ञा नबुझे मिल्ला कर्म गरी के लाभ
चक्र काल हो, घर हो नरतन, विल हो ज्योति परम
स्वयं न जानी मायिक कर्म गरी मिल्छ के मन
परमार्थिक अध्यात्म पंथमा छाडी चित्त दि
गरे पनि सब कर्म समूह व्यर्थै हुन्छ भन।
सोच्तै यस्तो गए महापथ यता प्रजापतिले
पाए छोरा फेरि हजार तपमै फेरि गए
यिनीहरू पनि उतै हराए नारदको सुनी बा
छैनन् तिनीहरु अझै फिरेका सरी वितेका रात
थाह दक्षले पाई यो सब ऋषिको कपट कृति
खूब रिसाई दिन्छन् श्राप "नसके टिक्न कहीं।

छैटौं अध्याय

सुता दक्षले साठी पाई धर्मलाई दी द
सत्ताइश शशि, दुई कृशाश्व' तेह्रौटी कश्यप
तार्क्ष चार औ अंगिरा, भूत हरुमा दुई दुई
स्थिर, चर, नर, सुर, पशु यिनबाटै सृष्टि भए सब यी
तिनिहरूमध्ये अदितीजीका छोरा बाह्र थि
बामन कान्छा पावन हुन्छ तिनको नाम लि
वरुण, अर्यमा पूषा, त्वष्टा, मित्र, भग, विवस्वा
सविता, धाता, शक्र, विधाता श्री वामन भगवा

सातौं अध्याय

आफू पुग्दा पनि नउठेको देखी इन्द्रकन
फर्के गुरूजी सुरपतिलाई पछितो भयो सु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्छन् आफ्नो निंदा गर्दै "धनले गर्व बढ्यो।
सुरपति भै गुरूलाई अनादर मैले गरें अहो!
कोही आए पनि नउठोस् नृप आसनबाट कवै।
भन्ने जन छन् धर्म न जान्ने असुर भएँ सुर भै॥
त्यस्तो शिक्षा दिने स्वयं नै गड्ढा तर्फ गिर्‍यो।
आज्ञा मान्ने पनि पत्थरको नौका तुल्य डुब्यो॥"
गुरूलाई अपमान गरेर दुख पाई भरपुर।
इन्द्रादि गई ब्रह्माजीका पदमा गरे उजूर॥
ब्रह्माजीले "विश्वरूपकन प्रोहित पार गई।"
भन्दा सबले विश्वरूपसँग पोखे दर्द गई॥
भन्छन् उनी अनि–बन्नु पुरोहित कर्म छ निन्द्य तर।
हजूरहरुको आज्ञा हुन्न कसरी भनौं म अब?
वृत्ति शिलोञ्छन नै धन जसले गर्छौं श्राद्ध हवन।
पुरोहित्याँई ले ता बुद्धि साथै दड्दछ मन॥"
भन्दै स्वीकृत गरी पुरोहित मा ती वरण भए।
नारायणको कवच दिए अनि सुरले स्वर्ग जिते॥

आठौं अध्याय

विश्वरूप सुरपति प्रति भन्छन् नारायण सुकवच।
गर्नाले जो धारण सुरपति जगमा भए अवध्य॥
"अष्टाक्षर श्रीनारायणको जप्नु सदा शुभ मन्त्र।
अंगन्यास करन्यास गरेर जप्नु द्वादश मन्त्र॥
षडक्षर हरिको मन्त्र जपेर, गर्नु सफा दिक्बन्ध।
प्रभुको विग्रह मनमा राखी भन्नु कडा यो मन्त्र॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'जति छन् प्रभुका रूप र अस्त्र, पार्षद औ शुभ नाम।
सवै समयमा आपत बाट रक्षा गरुन् तमाम॥
अट्टहासले भगाउने भय श्रीनरसिंह हरि।
दिशा माथि तल बाहिर भित्र रक्षक बनोस् भरी।
विश्वक्सेन र गरुडहरू दुइ आफ्नो नाम प्रभाव।
द्वारा हामीलाई विपत्ति बाट लगाउन् पार॥"
विश्वरूप सँग वैष्णव विद्या प्राप्त गरी रण बीच।
जिती असुर सब भोगे स्वर्ग सुरपतिले अति प्रीत।

नवौं अध्याय

विश्वरूपले गुप्त तवर सँग असुरलाई पनि भाग।
लाए तर था पाई काटे सुरपतिले तिन भाल।
ब्राह्मण-हत्या स्त्री, जल, भू, रूखहरूमा लाए भाग।
अरि मार्ने सुत पाउन त्वष्टा, गर्छन् यज्ञ कराल।
निस्को मखमा वृत्र कराल हारे सुरका दल।
परी शरणमा गरे अमरले स्तुति यो अति सुखतर।
"काल छ यौटा जसका डरले ब्रह्मा, भूत, त्रिलोक
पूज्छन् त्यो पनि जससँग भीत छ त्यो होस् हाम्रो ओत।
पूर्णकाम छौ विस्मित छैनौ जो छाडी प्रभु पद
खोज्छ पार हुन यो संसार त्यो हो मूर्ख सहज।
जसले सिङमा डुंगा बाँधी मनुको कष्ट हर्‍यो
त्यसले वृत्रासुरको दुस्तर नाश गरोस् भय यो।
पँले ब्रह्मा जलमा खस्ता वायु लागी प्रचण्ड
[illegible] जसको त्यसले रक्षा गरोस् मुकुन्द !॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो स्तुति सुनि पाल्नु भयो हरि पार्षद सोह्र लिई।
दर्शन पाई सुरहरू भन्छन् पृथ्वी बीच लडी ॥

तेस्रो रत्न

पर्छौं पदमा हंस स्वरूप वासुदेव जगपाल !
साह्रै दुख भो लौन मुरारे ! लौन पुऱ्याऊ पार ॥
आधुनिकी जन तर्क कुतर्क भूठा शास्त्र प्रमाण।
द्वारा बन्छन् दुराग्रही अति पाउंनु कसरी धाम ?
तिम्रो रूप छ वाद विवाद द्वारा दूर अति।
खेल्छौ माया भित्र छिपेर नहुनु के छ स्थिति ?
दैत्य र दानव पनि विभूति केवल तिम्रैं हुन्।
तर यो वेला हैन उन्नति तिनको हुने मुकुन्द !
सज्जनहरूले संग्रह गरिने तिम्रो पावन यश।
भवको मौका हो हामीकन मिलोस् त्यही केशव ॥
हुन्छ भने यदि सत्वगुणीको नास्नोस् शत्रु हरू।
हाम्रो तब कुछ एक हजुर नै बान्धव परम प्रभु ॥"
सुनी अमरको स्तुति यो सुन्दर आज्ञा हुन्छ प्रभु।
"खुसी भए अति पाए भक्ति के चाहिन्छ अरू ?
विषयै लाई सत्य सम्झने त्यस्ता मूर्ख कन ?
इच्छित वस्तु दिने व्यक्ति पनि हो नासमझ मन ॥
दिदैन रोगीलाइ कुपथ्य उत्तम वैद्य भए।
ज्ञानीजन भन्दैन कर्म गर मूर्ख प्रति कहिले ॥
दधीचि ऋषिसँग माग दिनेछन् उनले तनको हाड।
त्यसद्वारा दृढ वज्र बनाई शत्रु मार सुरपाल !"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दशौं अध्याय

दधीचि सँग गै मारदा सुरले उनका तनको हाड ।
भन्छन्–ऋषिजी लिनुहोस् अहिल्यै छोड्दछु तन तत्काल ॥
नश्वर तन लौ जीव दया, यश जो जन जोड्दैन ।
रूख भन्दा पनि गए बितेको त्यो मानव हुँन ॥
अरूको दुखमा दुःख र सुखमा सुखको हुनु अनुभव ।
हो अविनाशी धर्म यही जो साध्छन् सन्त सतत ॥
मरणशील जन असत् देह ;धन ले पनि पर उपकार ।
गर्दैनन् छुच्च्याइँ कस्तो कसरी तिनको तार ? ॥"
यति भनी तन त्यागे ऋषिले प्रभुमा लीन भई ।
हाड द्वारा वज्र बनाई लडे इन्द्र भिडिई ॥
असुरहरूको शस्त्र प्रयोग सुरमा व्यर्थ भयो ।
कृष्णभक्तमा दुष्टहरूको निन्दा तुल्य अहो !
भाग्न असुर जब लागे रणमा भन्छन् वृत्र असुर ।
मर्नै पर्दछ किन हो भाग्ने बरू दिऊँ यही शरीर ॥
योगबाट तन त्यागीदिनु औं मर्नु युद्धको बीच ।
यी दुइटा छन् मृत्यु जगतमा पाई नसक्ना चीज ॥"

एघारौं अध्याय

वृत्र इन्द्रको पर लडाइँ भन्छन् वृत्र असुर ।
"हान्दैनौं किन बज्र मलाइ कहाँ छ तिम्रो शूर ?॥
दीक्षित निज गुरू, मेरो भाइ मार्ने दुष्ट कन ।
मारी बन्छु म उऋण जगतमा बन्दछु खुशी मन ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्राह्मण कन विश्वास दिलाई काटचो शिर कस्तो ?
भाकल गर्दै कठोर मानव काट्तछ पशु जस्तो ।।
लाज, दया, श्री यशले त्यागे गर्दा नीच कृति ।
मर्छस् अब तर छुन्न अग्निले खान्छन् गृद्ध लुछी ।।
शक्ति वज्रमा दधीचिको छ विष्णुको परि जाल ।
जता विष्णु छन् उतै बिजय श्री जुट्छन् यही छ चाल ।।
हैन मलाई मेरो फन्दा लाई वज्रले झट ।
काट म पुग्दछु मुनि जनोचित जो हो निर्भय पद ।।
चाहिंदैन रति त्रिभुवनको सव सम्पत् पनि सुरपाल ।
कि त मार्दछु कि त मार मलाई पुग्दछु प्रभुको पाद ।।
हाम्रो प्रभु ता स्वजनहरूको गर्छ त्रिवर्ग घात ।
ठान्छौं हामो प्रभुको यै हो सच्चा आत्मप्रसाद ।।'
भन्दा भन्दै भक्ति बढ्यो अति सम्झे शेष स्वरूप ।
मास्तिर फर्का लागे मन्न गद्‌गद हुँदै असुर ।।

"हे प्राणनाथ ! भगवन् ! भिक्षा यही म पाऊँ ।।ध्रु०।।
तिम्रा स्वजनहरूको सेवा म गर्न पाऊँ ।
प्रभुको कथा सुधामा तन, मन, वचन लगाऊँ ।।
चाहन्न स्वर्ग मुक्ति छाडेर नाथ पाउ ।
विषयी मनुष्यहरूको संगतविषे नलाऊ ।।
हुन्छन् जसो वियोगी प्रियलाई हेर्न उत्सुक ।
प्रभुलाई हेर्न त्यस्तै आतुर सदा बनाऊ ।।
हुन् सर्बलोक गुणमय छन् सृष्टि भित्र सीमित ।
निस्सीमता छ विरहँ गुणलेश छैन किंचित् ।।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बोली यस्तो वृत्रासुरले रणमा सत्य कुरा ।
देखाए आदर्श यथार्थ निर्गुण मार्ग अहा !

बाह्रौं अध्याय

"जिती इन्द्रसंग, पाउनु स्वर्ग भन्दा झट्ट मरी ।
पाउनु श्री हरि वेस छ" भन्दै लडे वृत्र भिडिई ॥
छिन्न भयो जब वृत्रासुरको रणमा यौटा हात ।
वज्र गिराए तिनले ह्वानी सुरपति माने लाज ॥
नउठाएको देखी वज्र भन्छन् वृत्रासुर ।
"सुरपति ! किन हो वीर भएर तिम्रो यस्तो भूल ?
यश-अपयश औ जीत-पराजय सुख-दुख, जन्म-मरण ।
जे मा पनि सम राखी भाव प्रभुको पर्नु शरण ॥
प्राण छ बाजी, बाण छ पासा, बाहन हुन् थर्की ।
वज्र उठाऊ खेद नगर अब दुइमा सम सम्झी ॥"
सुरपति भन्छन्– "सिद्ध भएछौ हरिका भक्त अति ।
अद्भुत भो रजगुणी तिमीले पाउनु कृष्णरति ।
भक्ति छ हरिको भने विषयको आवश्यकता के ।
अमृत सिन्धु नै पाए, गड्ढा को पानि किन ए ?"
सुरपतिद्वारा अर्को बाँकि छिन्न भयो जब हात ।
निले सुलुक्कै वृत्रासुरले ऐरावतकै साथ ॥
भित्र गई निज वज्रद्वारा फेरी पेट अपार ।
बाहिर निस्की काटी, मारे तेज गयो उस पार ॥

तेह्रौं अध्याय

'वृत्रवधको पाप कहाँ गै धूँला मार्दिन म ।"
सुनी इन्द्रको बचन ऋषिहरू बोल्छन् वाक्य सुन ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"यज्ञ गरी श्रीनारायणको हत्या त्यो पुछ्'ला ।
विश्वै वधको पाप पनि हरि मखले नासौंला ॥
नाम गरे संकीर्तन जसको पिता र गुरु, ब्राह्मण ।
गौ मार्ने यदि भए कसाही पनि बन्दछ पावन ॥"
दिंदा प्रेरणा स्वार्थीहरूले मारे वृत्रासुर ।
किन्तु इन्द्रकन सहन पर्‍यो सुन क्लेश जलन भरपूर ॥
ठीक हो संकोची जनलाई कलंक आइपरे ।
धैर्य आदि गुणले पनि कत्ति दिंदैन चैन भरे ॥
पछि लागि अनि ब्राह्मण-हत्या रूप बनी बिकराल ।
मानसरोवर कमलडाँठमा लुके गई सुरपाल ॥
वर्ष हजारौं बसे त्यहीं नै प्रभुको ध्यान गरी ।
कल्मष फालेपछि ब्राह्मणले डाके मतो गरी ॥
यज्ञस्वरूपी नारायणको प्रेमाभक्ति गरी ।
पाप पखाली पाए फेरि पहिलेकै पगरी ॥

चौधौं अध्याय

"ऋषि र देवतालाई पनि छ दुर्लभ भक्ति अति ।
भने कसोरी वृत्रासुरमा भक्ति भयो गुरूजी !
असंख्य प्राणी धूलि सम छन् तिनमा मनुज फगत् ।
चेष्टा गर्छन् श्रेय नितिमा अरू ता विषय जगत् ॥
ती मध्येमा मोक्ष चाहने विरलै हुन्छ जन ।
हजार मुमुक्षु जनमा सिद्ध यौटा जान्छ हुन ॥
मुक्त पुरुष जन कोटीमा पनि एक छ मिल्न कठिन ।
नारायणमा हुने परायण शान्त सुशील सुजन ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहो ! युद्ध बिच नारायणमा दृढमति भो कसरी ?
वृत्रासुरको ?" भन्ने नृपमा भन्छन् श्री शुक जो ॥
"पहिले थे यी चित्रकेतु नृप पत्नी थिए करोड।
अंगिराबाट यज्ञ गराई पाए छोरो एक॥
पुत्रवती थिन् जेठी रानी अरूलाई भई पीर।
विष ख्वाएछन् पुत्र मरे अनि आमा भइन् अधीर॥
शोक गरिन् अति आए बाबु थाले गर्न विलाप।
आए अंगिरा साथ लिएर नारद दीनदयाल॥

पन्ध्रौं अध्याय

नारद अंगिरा भन्दछन्—राजा प्रति
हे नृप ! तिम्रो को हो यो र ? गर्छौं यसरी शोक।
जलमा बालु मिल्छ, छुटिन्छ यसमा केको शोक ?।
बीज बाट जन्मन्छ बीच औ बन्दछ नष्ट स्वयम्।
त्यस्तै प्राणीद्वारा प्राणी जन्मछन्न् मर्छन् ॥
बीजबाट जन्मे झैं बीज पिताबाट सुत हुन्छ।
पुत्र पितामा देही यौटै देह भिन्न देखिन्छ॥
जसो मृत्तिका वस्तुहरुमा घटत्व आदि जात।
औ घट आदि व्यक्ति विभाग छन् कल्पित नै खास॥
त्यस्तै देही देह विभाग जान अनादि हो।
खालि अविद्या माया कल्पित जाने पार भयो॥
जसरी यसले शोक गरायो त्यस्तै हुन् अरू चीज।
दुःख नदीकन जादैनन् है, स्त्री, धन, पुत्र अतीव॥
जादू हुन् यी खेल खेलौना मिथ्या वस्तु तमाम।
शोक मोह भय दिन्छन् खालि नगर शोक श्री ध्यान॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बरू बिर्सीं सब संकर्षणको सात रात शुभ मन्त्र।
धारण गर अनि देखिनुहुन्छ भगवान् शेष स्वतन्त्र ॥
शम्भु आदिले पहिले जसको सेवाद्वारा द्वैत।
भाव हटाई पाएथे जुन अतुल अङ्घ्रि अद्वैत ॥

सोहरौं अध्याय

नारदले शिशुलाई जियाई भन्नुभयो यो बात।
"तिम्रा बान्धव दु;खी छन् यी बस बा! यिनकै साथ॥"
जीव भन्छ--"यो जगमा बान्धव, द्वेषी, मित्र, अरि।
क्रमले सबको आपस हुन्छ सबसित यै छ गति॥
कहिले छोरा, कहिले बाबु, कहिले बन्धु पत्नि।
बनियो यस्तै रेछ जगत् यो किन हो ताप अनि ?"
यस्तो भन्दै जीव गयो जब लागे तपमा भूप।
नारद प्रेरित प्रभुको सम्झी चार ब्यूह शुभ रूप॥
भगवान्! वासुदेव! प्रद्युम्न! सङ्कर्षण! अनिरुद्ध!
गर्छु नमस्कार ब्रह्म सनातन! शान्त स्वरूप विशुद्ध!
हजुर कहाँ नपुगी मन वाणी लौट्छन् जिल्ल परी।
सदसत् पर चित्मात्र अरूपी निर्गुण बनोस् तरी॥
नभ झैं व्यापक परम एकरस तिमी छौ शुद्ध सधैं।
ज्ञानेन्द्रिय सक्तैन! जान्न कर्मेन्द्रिय न छुनै॥
तन, इन्द्रिय, मन चैतन्यांश मिले गर्दछन् काम।
आगो द्वारा तप्त फलाम सक्छ जलाउँन ग्राम॥
जाग्रदादिमा 'द्रष्टा' तिम्रो पर्छ एक शुभ नाम।
तर त्यसको अस्तित्व कहाँ छ तिमी भिन्न भगवान्॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाए पछि निज बिद्याधर का पतिको पद औ रूप।
पुगे शेषको चरण निकटमा देखे रूप अनूप॥
गौर वर्ण औ कालो धोती किरीट वाजुवन्द।
भक्ति बढ्यो अति भो रोमांच हुन गो बोली सन्न॥
चौकी भो निथ्रुक्क अश्रुले टपटप भै जलवृन्द।
दर्शनले सब भेद हटी गो लागे गद्‌गद भन्न॥

चौथो रत्न

समदर्शीले जित्यो तिमीकन तिनकन तिमिले बश।
पान्यौ जन निष्कामीलाई दिन्छौ आफ्नै रस॥
तिम्रै वैभव विधि, शिव होड गर्छन् भिन्न बनी।
सवका आदि, अन्त्य र मध्य बिच छौ, रहित तिमी॥
कोटीयौं ब्रह्माण्ड तिमीमा अणु झै रन्छ घुमी।
तर पनि तिम्रो हेर अनन्त ! सीमा छैन कहीं॥
विषयी नर पशु पुज्छन् अरू नै छाडी तिम्रो पद।
तिनको आशा तिनकै पछि पछि हुनेछ नाश अवश॥
तिमी प्रति गरिने सकामता पनि भुटिएको बीच झैं।
उम्रँदैन सुख दुःख दिने ता निर्गुण हैन, गुणै॥
धर्म भागवत् भनेपछि भो जगमा तिम्रो जीत।
मोक्ष निम्ति मुनि जसको ओत लिन्छन् गर्दै प्रीत॥
यो धर्म छ अति पावन जसमा छैन म मेरो पन।
सकामले सुखो आफैं हुन्न होलान् अरू के झन्?
अद्‌भुत होइन प्रभु दर्शनले नाशिनु सबै कलुष।
सुन्दा जसको यौटै नाम तर्दछ नीच मनुष्य॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दर्शनले मन मैल धुलियो नारद कृपा परी ।
विनय गरौं के ! ज्ञान स्वयं कन रविमा जूनकिरी ॥
जसले फेर्दा फेर्छन् श्वास ब्रह्मा आदि तमाम ।
जो चल्दा जग चल्दछ सारा त्यसमा गर्छु प्रणाम ॥
जसको शिरमा भूमण्डल यो सर्यूँ सम छ फगत् ।
मणिरश्मिले दिन्छ ज्ञानको महिमा पूर्ण झलक ॥"
सुनेर स्तुति यो चित्रकेतुमा भन्दछ शेष प्रभु ।
"म हूँ प्राणी, मेरै रूप ब्रह्म र वेदहरू ॥
म छू जगतमा जगत ममा छ व्याप्त दुवैमा म ।
छन् यो कल्पित मेंमा दौटै यी हो तत्व गुन ॥
भए स्वप्नमा स्वप्नान्तर जग देख्तछ आफूमै ।
स्वप्नान्तर जब टुट्छ स्वप्नमै जागी देख्छ सबै ॥
वास्तव त्यो पनि स्वप्नै हो बुझ त्यस्तै यो छ जगत् ।
यस्तो जानी साक्षी रूप हरि नै सम्झ फगत् ॥
निद्राको औ त्यसका सुखको अनुभव जो हुन्छ ।
हूँ म त्यही नै ब्रह्मस्वरूप या आत्मा सम्झ ॥
जाग्रत निद्राको विच अनुभव गर्ने पुरुष प्रभु ।
बिर्से के भनु ! जन्म मरणमै घुम्छन् तिनीहरू ॥
स्वार्थ त्यही हो ब्रह्म र आत्मा एक गर्नु अनुभव ।"
यस्तो भन्दै विश्वात्मा श्री हरि भो अन्तर्भव ॥

सत्रौं अध्याय

वर्ष करोडौं चित्रकेतुले भोग गरी शुभ पद ।
शम्भु काखमा उमा बसेकी देखे एकै दिन झट ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्छन्--ओहो ! ईश्वर भैकन लाज मलो रतिभर ।
पत्नीलाई साधुसभामै काख लियो आश्चर्य !"
सुनी उमाले श्राप दिइन् यो "चाँडै भएस् असुर।"
चित्रकेतु झट वर्ली भन्छन् निहुराईकन शिर ॥
"मंले पाउनु पर्ने फलको पूर्व सूचना हो ।
बोली दिनुभो तपाईंले यो यही कुरा बुझियो ॥
योग गति पनि सीमा बद्ध छ मायाकार्य बुझें ।
माया ! तिमी संग क्षमा माग्नु पनि देखें मूर्ख हुने ॥"
चित्रकेतु सँग थियो समर्थ गर्ने बदला श्राप ।
राखी शिरमा साधु सुलक्षण देखाए निज भाव ॥
जो यो पढ्दछ श्री सङ्कर्षण सम्बन्धी इतिहास ।
तम्झी आफ्नो सत्य स्वरूप पुग्दछ हरिको पास ॥

अठारौं अध्याय

सुरपति मार्ने छोरो मागिन् पतिसँग दिती गई ।
भन्छन् कश्यप "बस्नु पर्छ व्रत बर्षौं धैर्य लिई ॥
व्रत बस्छिन् दिती गर्छन् सेवा स्वार्थी इन्द्र गई ।
छिद्र परेमा पेट भित्र गै काटे सात गरी ॥
काटे फेरि भए उनञ्चास निक्ले इन्द्र सँगै ।
आमालाई खुशी गराए बोली सत्य सबै ।
'प्रभु अर्चनको प्रभावद्वारा गर्भ मरेनन् यी ।
क्षमा दिनुहोस् अम्ब ! मलाई अमर हुनेछन् यी ॥"
भनी इन्द्रले लगी स्वर्गमा अमर गराए सब ।
दैत्य भए पनि प्रेम गरीकन पारे आफ्नै दल ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उन्नाईसौं अध्याय

पुंसवन व्रत कसरी गर्ने ? भन्दा भूप प्रति।
भन्छन् श्री शुकदेव महामुनि सम्झी रमापति ॥
"मार्ग शुक्लको दिन थालेर व्रत ली वर्ष भरी।
लक्ष्मी–नारायणको गर्नु पूजा भक्ति गरी ॥
भन्नु लक्ष्मीनारायण हौ हेतु चराचरका।
लक्ष्मी माया प्रकृति अव्यक्त, तरिनसक्नु छ हा !
तिनका स्वामी हजुर स्वयं हरि फलभुक् यज्ञ प्रभो !
यज्ञ क्रिया अनि क्रिया समस्त रूप रमाको हो ॥
श्री अभिव्यक्ति तीन गुण की ! आशय इन्द्रिय तन।
व्यक्त गरी गुण भोग्ने भोग आत्मा तिमी मोहन !
नाम रूप सब लक्ष्मी जी हुन् तिमी प्रकाशक ह्वौ।
सबका आश्रय सर्वाधार खिची शरणमा ल्यौ ॥"
सिद्ध हुने दिन आहुती गर्नु पायस विष्णुकन।
वीरवती औ द्विजको गर्नु पूजा मनोरम ॥"
जो सुन्दछ यो मरुद्हरुको मंगल जन्म कथा।
हुन्छ खुशी हरि हुतभुक् साथै बिनेछ सत्य कुरा ॥

सप्तम स्कन्ध

पहिलो अध्याय

नृप सोध्छन्–– समप्रिय हौ हरि तर विषम भई सुरपक्ष बनी।
मार्छ असुरहरु किन भो यस्तो !" भन्छन् श्रीशुकदेव मुनि ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सात्विक हुन् सुर, तम गुण राक्षस, राजस गुण हुन् असुर जति।
जता बढ्यो गुण जउन् त्यतैतिर लाग्दछ पक्ष ह्वैन रति॥"
प्रश्न युधिष्ठिर गर्छन् ऋषिसँग :"कसरी तऱ्यो शिशुपाल" गुरो!
गालि ब्रह्मकन गऱ्यो हजारन न कोरी भो नत नर्क पऱ्यो॥"
भन्छन् नारद "हरिको रिशले तन्मय भो हरिबीच प्रति।
तीन जन्ममा बल्ल कृष्णको पार्षद पदमा पुग्यो निजी॥
व्यापक आगो हुन्छ मथेपछि मात्र प्रकट यो विश्व प्रति।
बाध गरी सब प्रपंच हृद्मै ब्रह्म देख्दछन् सन्त यति॥
निंदा स्तुति हो तनको खालि प्रकृति पुरूष अविवेक परी।
दण्ड र कुवचनले दुख दिन्छ देह म हूँ जब भन्छ भुली॥
हरिमा त्यो अभिमान हुन्न तब हिंसा कल्पित गर्नु किन।
प्राणीको कल्याण निमित्त गर्छ चरित जो दिनहुँ दिन॥
मायाले नरदेह लिनेसँग गरी वैरता घरी घरी।
चिन्तन गर्दै पावन बन्दै पायो प्रभुको अनुप छवि॥
सक्त भई व्रजवधूले पाए कंस डराई गयो तरी।
द्वेष गरी गरि शिशुपालादि वृष्णि-यदु सम्बन्ध परी॥
भक्ति गरी गरि हामीले मन प्रभुमा लायौं कृपा परी।
स्नेह गरी हरि तिमीहरूले पायौ सुन यो तत्व भरी॥
पाँच यिनीमा वेन परेन तस्मात् जनले होस गरी।
कुनै हवोस् तर गरी उपाय पर्छ हृदयमा राख्नु हरि॥
श्राप परेका हरिका पाले हुन् यी पहिला जन्मविषे।
दिए अनेकौं दुख प्रह्लादलाइ र आफैं नष्ट भए॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दोस्रो अध्याय

भाइ मरेमा हिरण्यकशिपु भन्छ रिसाई दैत्य प्रति ।
"नाश गराओ तप, वर्णाश्रम, धर्महरू अब झट्ट गई ॥"
फेरि भन्छ --हे आमा, भतिजा भाइ बुहारी, नगर न शोक ।
थे सुयज्ञ नृप मरे युद्धमा स्त्रीहरू गर्छन् शोक अनेक ॥
आई भन्छन् यम-किन शोक ? यै पथ जानु छ स्वयं पनि ।
आत्मा व्याप्य र देह छँदैछ केको गछौ शोक अनि ॥
फालेमा पनि उसले हेरे बाँचदछ वनमै भए पनि ।
रक्षा गर्दा मर्दछ उसले दृष्टि नराखे घरै पनि ॥
सुन्ने बोल्ने देखिदैन थ्यो कहिल्यै आज न देखा छ ।
शोक गर्नु के हैन मूर्खता ? तिमीहरूले कि देख्या छ ?
यही दशा तिमीहरूको हुन्छ व्यर्थ गर्दछौ शोक किन ?
यसरी शय्यौं वर्षन् रोऊ फर्कनन् अब छोड तम ॥"
दैत्यपतिको यस्तो भाषण सुनी दितीले वधू सहित ।
पुत्रशोक क्षणभरमै त्यागी चित्त दिईन् प्रभुबीच पुनीत ॥

तेश्रो अध्याय

कशिपुले तप गर्‍यो कठोर लाग्यो पृथ्वी काँप्न पनि ।
सुरले विधिमा विन्ति गरे अनि पाल्नुभयो विधि सँगै उहीं ॥
गर्छ कशिपु स्तुति-"कल्प अन्तको अन्धकारमा दिई प्रकाश ।
गर्‍यो प्रकट यो जसले विश्व गर्छु नमस्कार हीन विकार !॥
"श्रेष्ठ असुरजी ! लौ वर माग" भन्दा विधिले, हर्ष भई ।
माग्छ स्तुति गरी "नमरौं तिम्रो सृष्टिद्वारा कसै गरी "।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चौथो अध्याय

वर पाई त्रैलोक्य जितेर शासन लाग्यो गर्न कडा।
कहीं न देखी शरण अमरले पक्डे हरिको चरण सुधा॥
नभमा बोल्यो "गर्नु प्रतिक्षा भए कसैको वरै पनि।
पुत्र भागवत् बीच द्वेष जब गर्ला मार्ने मै छु" भनी।
चार पुत्रमा कान्छा प्राकृत भक्त प्रह्लाद थिए।
शत्रु देवता जसको गाथा गाउँदथे अति आदरले॥
गुण असंख्य थ्यो त्यसमा प्रेम जन्म जात थ्यो कृष्ण प्रति।
स्मृति दिलाई शीतल पार्थे दीनहरूको चित्त अति॥
शान्त चित्त अति निस्पृह दान्त, सब गुणले युत थिए उनी।
हरि-ग्रह लागी रुन्थे कहिले, नाच्थे कहिले, मत्त बनी॥
पुलकित हुन्थे कहिले हाँस्थे बस्थे कहिले मौन लिई।
यस्ता छोरालाई तैपनि दुःख पिताले दियो अति॥

पाँचौं अध्याय

लिएर छोरो काख कुनै दिन हिरण्यकशिपु भन्छ पनि।
"श्रेय कुरा भन के हो बाबु ?" भन्छन् श्री प्रह्लाद नमी॥
"घोर अँध्यारो कूप समान ममताको घर छाडी घर।
वन गै हरिको आश्रय गर्नु पिता ! म ता यै ठान्छु असल'॥
फेरि पठायो पढ्न रिसाइ भन्छन् गुरुका दुबै सुत।
"कुरा सिकायो कसले यस्तो भन वा प्रिय प्रह्लाद सब ? ॥"
"जसको माया बाट म औ तँ भन्ने हुनगो भान अनेक।
छन् जुन पथमा वेदबादी नै मोहित त्यसकै खेल छ एक॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चक्रपाणी को ओर स्वतः मन मेरो खिचिई रेछ प्रति ।
लोहा चुम्बक प्रति खिचिए झैं परी अनुग्रह दीन प्रति ॥"
कापाधवको कुरा सुनेर भन्छन् गुरू सुत रोष गरी ।
'चन्दन वनमा काँटादार वबूल पैदा भयो अरि ॥
विष्णु वञ्चरो यो भो वींड वन चन्दन को काट्न हरे ।
कलङ्क कुलको रेछ महान श्रेय छ दण्डै विनु मरे ॥"
तसर्थाई अर्त्ति नीति एढाई लगे नृपति को सामु पुनः ।
सोध्छ कशिपु निज काख लिएर-पुत्र ! असल के पढ्यौ भन ?"
प्रह्लाद भन्छन्-"नवधा भक्ति जसले हरिमा मस्त भई ।
गऱ्यो त्यसैले पढ्यो पिता जी ! ठान्दछु उत्तम म ता यही ॥"
वाक्य सुनी यो भन्छ रिसाइ "कमी दुष्टको छैन रति ।
मित्र रूपको बाना भिर्दै कार्य गर्दछन् शत्रु छिपी ॥
परन्तु तिनको फलई खुल्छ बेलामा पछि त्यसै गरी ।
रोग रूपले खोल्दछ पोल पापी जनको जसो गरी ।"
भन्छन् गुरूसुत--"यी प्रह्लाद जो भन्छन् त्यो कुरा प्रभो ।
जन्मजात हो हाम्रो, अरूको वहकाईले हैन अहो ॥"
भन्छ फेरि "भन् ! कहाँ सुनिस् यो ?" भन्छन् अवि प्रह्लाद नमी ।
"भोगेको पुन भोग्छ विषय सुख नरक जान्छ के बुझ्नु छ नि ॥
स्वार्थ विष्णु हुन् आफ्नो भन्ने जसलाई था छैन यही ।
गृहासक्तको बुद्धि कृष्णमा लगाउँदैमा लाग्छ कहाँ ॥
अन्धाको पछि लाग्ने अन्धो गिर्दछ निश्चय खाडलमा ।
काम्य कर्ममा मस्त हुने जन पर्छ विपद्को चक्करमा ॥
कृष्ण--चरणको स्पर्श नपाई जन्म मरण छुट्तैन पिता !
प्राप्त गर्न त्यो सन्त चरणरज द्वारा न्वाउनु पर्छ सदा ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाक्य सुनी यो रिसले काँपी हुकुम दियो सुत मार्न भनी।
काटे, ठोके पोले, झारे पर्वत देखिन् क्रूर बनी ॥
तर क्यै नहुँदा पढ्न पठाउँछ भीत भई अति कशिपु यता।
मान्दैनन् प्रह्लाद असल त्यो छैन कृष्ण को जहाँ कथा ॥
इन्द्रिय दूषित नभएका शिशु साथी बोलाएर नजिक ।
लागे श्री प्रह्लाद भन्न यो जो छ भागवत्धर्म पुनीत ॥

छैठौं अध्याय

प्रह्लादको उपदेश--

मानुष जन्म छ नश्वर दुर्लभ लाग भागवत् धर्मप्रति।
मिल्छ नरकमा पनि इन्द्रिय सुख प्रयत्न त्यसको नगर रति ॥
विषयी सक्छन् कसरी त्याग्न र स्त्रीको सौभग सुख सहवास ?
तोते बोली बालकहरूको बन्धु सुहृद् औ माल अगाध ॥
चोर र सेवक व्यापारीहरू वाजि प्राणको लगाउँदै ।
संग्रह गर्छन् त्यो धनको के सक्लान् इच्छा त्याग्न कुनै ?
स्त्रीको मृग झैं निजी पयरमा नेल लाउने कोही होस् ।
गरीब त्यो कहिं कसै गरेपनि हुन्न स्वयम् उद्धार बुझोस् ॥
जानेका छन् चोर्नु हुन्न तर पैसा ! पैसा हाय ! भनी ।
कुटुम्ब ममताले गर्दा हा ! चोरि हाल्दछन् धन्य छ नि ॥
विषयी नै हुन् दैत्य भयानक तिनको त्यागी सङ्ग पर ।
नारायणको जाउ शरणमा जो छ सन्तको एक भर ॥
नश्वर हो सब सत्य छ आत्मा व्यापक केवल अनुभव रूप ।
ब्रह्मादेखि कमिला सम्मन् सबमा टम्म छ अद्वय रूप ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्मात् सबमा गर्नु दया औ छाड्नु असुरको भाव जति।
भक्तिभावले हरिको कीर्तन गर्नु असुर हो नित्य प्रति।।
ईक्षा, न्याय र दण्ड, त्रिवर्ग, कर्मकाण्ड, ब्यापार, सकल।
आत्मनिछावर गर्न सहायक भए सत्य हुन् नत्र विफल।।"
सुनी ज्ञान प्रह्लादको सखाको भन्छन् बालक असुरहरु।
"सत्संगत भो कहाँ र तिमीले था पायौ यो ज्ञान प्रभु?।।"

सातौं अध्याय

प्रह्लाद भन्दछन्--

अघि पिताजी तपमा लाग्दा गर्भिणी आमालाई लगी।
ज्ञान दिए जुन नारदजीले स्मृति छ अझै सुन ज्ञान त्यही।।
गुण र कर्मले आत्मालाई बन्धन पार्‍यो किन्तु तमाम।
हो मिथ्या अज्ञान प्रतीति भान स्वप्नमा परे समान।।
तस्मात् गुणमय कर्महरुको बीज दढाऊ प्रेम गरी।
वृत्ति बुद्धि का निवृत्त हुनु नै ब्रह्म मिलन हो खास गरी।।
यसका साधन हजार छन् तर जसले स्वाभाविक प्रभुमा!
प्रेम लाग्छ त्यै श्रेष्ठ उपाय आज्ञा हरिको यै छ यहाँ।।
भजन गरी हरिकथा सुनेर काटी बन्धनहरु जति।
इन्द्रिय वशमा राखे हरिको स्वाभाविक झल्कन्छ रति।।
जब हरिगाथा सुन्दा आँसु झार्दछ, पुलकित हुन्छ अति।
ग्रह लागे झैं छाडी लाज जब भन्दछ "हरि! विश्वपति!
छुट्छ त्यसैदिन त्यसको बन्धन मनको चूरो पाप पनि।
यसकारण अब हरिको भक्ति गर बा। त्यसमै लग्गु बनी।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय जोड्न झैं पर्छ परिश्रम त्यस्तो के प्रभु गर्न भजन ?
जो सबको प्रिय सबतिर रहने आत्मा आफ्नु छ जीवन धन ।।
धन स्त्री हात्ती महल खजाना चल सामग्री हुन् सब यी ।
अचल एक छन् श्रीहरि उनकै गर्नु भजन हैं नित्य प्रति ।।
अमल भक्तिले हरि खुशी हुन्छ अरू जप, तप, व्रत नक्कल हुन् ?
भजन गरे हरि पाउँदछन् सब चाहे, सुर नर, दैत्यै हुन् ।।
देख्नु हरि सर्वत्र र प्रभुको भक्ति गर्नु एकान्त नित ।
परमस्वार्थं हो यति नै जगमा नरचोलाको निति बुझ ।।

दशौं अध्याय

घटना यो था पाई भन्छ कशिपु रिसाई पुत्र प्रति ।
"त्रिभुवन काँप्दछ थर्र म देखी तँ किन भइनस् भीत रति ।
कसको पाइस् बल तैंले भन् ? " भन्दा दिन्छन् पुत्र जवाफ ।।
'तिम्रो, मेरो, विधिको, सबको बल त्यै हो जो व्याप्त छ काल ।।
न जितेको मन देखी अर्को छैन जगत्मा शत्रु पिता !
भाव असुरको त्यागी साम्य हुनु नै हो प्रभु पूजा ता ।।
छन् इन्द्रिय सर्वस्व लुटेरा नजिती तिनकन जितें रण ।
भन्दै हल्ला गर्नु देखि अरू बेवकुफ के सक्छ हुन ?"
छोराको यो वाक्य सुनेर भन्छ असुर अति क्रूर बनी ।
"काट्छु शिरै अब गरोस् त रक्षा हेरौं तेरो विष्णु पनि ।।
भनिस् सबैमा छन् तर किन यो छैन ल खम्बा बीच ? "भनी ।
उफ्री मुड्की दियो कठोर खम्बामा, अति क्रूर बनी ।।
न त मृग हो न त मानिस नै हो जन्तु अनौठा एक प्रचण्ड ।
निस्क्यो खम्बाबाट भयङ्कर नरहरि गर्दै पृथ्वी कम्प ।।
मार्नु भयो त्यस राक्षसलाइ लीलैले निज काख लिई ।
स्तुति गर्छन् शिव, ब्रह्मा, सुर औ पार्षद, श्री पनि भीत भई ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नवौं अध्याय

स्तुति गर्दा पनि शान्त नदेखी ब्रह्माजी प्रह्लादकन ।
पठाउँछन् प्रभुकहाँ प्रह्लाद पर्छन् गै पदमा शरण ॥
चरण परेको शिशुकन काख ली शिरमा कर राख्नु भयो ।
काल सर्पको डरले शरण पर्ने मात्रै पउँछ जो ॥
बचे छुचेको अशुभ हटी गो परम तत्वको स्पर्श परी ।
रोमाञ्चित भै अश्रु खसाली मुख हेर्दै स्तुति गरे तुही ॥

पाँचौं रत्न

'कृष्णविमुख त्यो ब्राह्मण भन्दा श्वपच असल यो ठान्छु म ता ।
जो हरिमा मन, चित्त दिएर गर्दछ कीर्तन, स्मरण सदा ॥
दुःखै दुखको खाडल भित्र गिरें बनाऊ दास प्रभो !
कहिले आफ्नो चरणशरणमा बोलाउदँछौ लौन प्रभो !
रूप भयंकर देखी तिम्रो डर लागेको छैन प्रभो !
भय छ त दुःस्सह बन्धन देखि दिन्छौ कहिले मोक्ष अहो !
लुतो सरी हो भोग विषयको भोग गरेतक मजा हुने ।
भोग सक्यो जब उग्र भएर टट्टाई अति चन्याउने ॥
ग्रास काल भै गरी रहेछौ श्री, वय लोक र विषय बल ।
देह रोगको जन्मभूमि हो झूठ विषयको भोग सब ।
मन छ दुष्ट अति कामातुर औ हर्ष शोक, भय कलुष युत ।
कसरी तिम्रो संझोस् लीला ? जानोस् कसरी तत्व शुभ ?
धेरै पत्नी खिच्छन् जसरी पतिकन आफू तर्फ सदा ।
त्यस्तै इन्द्रिय ज्ञान, कर्मका खिच्छन् जनको चित्त बडा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुःखीहरूकन छाडी एक्लै हुन्न प्रभो ! म त मुक्ति पनि ।
लाग्छ पीर अति विषयीहरूको कसरी होलान् मुक्ति भनी ?
ऋषि मुनि पनि अति रेछन् स्वार्थी तपे एकलो मुक्ति हुन ।
हुन्न म ता प्रभु एक्लै मोक्ष साथ न लौ सब कृपरण जन ॥
ब्रह्मचर्य, एकान्त, पढाई, व्रत औ भाषरण, शास्त्र श्रवरण ।
मौन, समाधी, स्वधर्म, जप यी दश मुक्तिका हुन् साधन ॥
यस्तो साधन अजितेन्द्रिय जन जीवन वृत्ति बनाउंछन् !
भंडाफोड भएपछि दंभी हरू ता त्यो पनि गुमाउँछन् ॥
स्तुति, श्रवरण औ कर्म समर्परण, पूजा चिंतन तथा प्ररणाम ।
सेवाका छः अंग विना यी कसरी पाउनु भक्ति महान ॥"
नारद भन्छन् शान्त हुनु भो आज्ञा भो यो भक्त प्रति ।
"खुशी भएँ म लौ वर माग हे प्रिय ! होस् कल्यारण अति ॥"

८४॥ आठौं अध्याय

चित्त जांच्न हो प्रभु आज्ञा यो, वस्तुकामना हजुर सँग ।
गर्ने कोरा व्यापारी हो, कसरी सेवक भन्नु भन ?
दासबाट निज पूर्तिकामना गर्ने स्वामी हैन प्रभो ।
वस्तु चाहने स्वामीवाट साँचो सेवक हुन्छ कसो ?
नउठोस् इच्छा मनमा केही शुद्ध वनुन् यी पिता भनी ।"
वर प्रह्लाद माग्छन् श्री हरि तिनसंग आज्ञा हुन्छ अनि ॥
"जहा जहाँ समदर्शी भक्त वसे, किकटै होस् त पनि ।
शुद्ध हुन्छ, अनुयायी तिम्रा बन्नेछन् पछि धन्य तिमी ॥
पुण्य भोगले, देह कालले, पाप सुकृतिले त्याग गरी ।
कीर्ति फिजाइ स्वर्ग सम्म भेट्ने छौ पछि धाम त्यही ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नृप-पदमा तिमलाई राखी जानुभयो बिधि, शम्भु पनि ।
धन्य तपाईहरू जसको घर ब्रह्म वस्यो निज बन्धु बनी ॥
जसले शिवको यश फैलायो मय श्रौ शिवको लडाइँमा ।
धेनु रूप ली सुधा पिई सब दैत्य हरायो तत्क्षणमा ॥
ब्रह्मा बाछो हरि गाई भै अमृत सारा पिए जब ।
अमृतरक्षक किंकरलाई शोक रहित भै भन्छ मय ॥

मय गीता

देव असुर या नर कोही हुन् आफ्नो अरूको प्रारब्ध ।
लाइ मिटाउन सक्तैनन् जव शोक गर्दछौ किन व्यर्थ ?

एघारौं अध्याय

प्रभुका प्रियको चरित सुनेर युधिष्ठिर सोध्छन् भई खुशी ।
"वर्णाश्रमको लक्षण के हो ?" उत्तर दिन्छन् देवऋषि ॥
"श्रीहरिलाई गरी प्रणाम भन्छु सनातन धर्म स्थिति ।
शम, दम, ऋजुता, तुष्टि, तपादि ब्राह्मण लक्षण जान यति ॥
क्षत्रिय लक्षण रक्षा, त्याग, शौर्य, क्षमा, बल वीर्य धृति ।
सुर, गुरू, हरिको भक्ति र उद्यम, नैपुण हो यति वैश्य कृति ॥
नम्र, शौच श्रो सेवा, सत्य, गोद्विज-रक्षण शूद्र स्थिति ।
अपतित पतिको निश्छल सेवा स्त्रीको लक्षण हो नृपति !
अन्तेवसाय जातिहरूको जो जो गर्थ्यो वंश अघि ।
त्यही त्यही हो धर्म यथार्थ जुन गर्दा हरि हुन्छ खुशी ॥
स्ववृत्तिको ली श्रोत स्वधर्म गरे हुन्छ नैर्गुण्य जन ।
वीज क्षेत्रमा वारंवार रोपे उम्रँदैन पुनः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उच्छ विषयको अति सेवनले वन्छ शिथिलता व्यक्ति अहो।
एकै बाबी घरै नै घिउ हाले निस्दछ अग्नि जसो ॥

बाह्रौं अध्याय

शान्त भई गुरुकुलमा ब्रह्मचारी बालक बसोस् गई ।
वेद पढी घर वा वन जाओस् त्यागी होस् वा बसोस् त्यहीं ॥
आगो आफू गुरू औ सबमा देख्नु प्रभुको नित्य विहार ।
आज्ञा न मिले गुरुको भोकै बसोस् खुशीसंग नित्य कुमार ॥
वानप्रस्थमा सूर्यपाकहरू खाई वनमा बसोस् गई ।
होम गरोस् अनि नसके होम्न अनशन व्रत ली मरोस् त्यहीं ॥
मर्नु पहिले ममता त्यागोस् अनि तन अवयवलाई पनि ।
निर्जनिज कारण बीच मिलाई स्थित होस् आत्मा बीच पनि ॥

तेह्रौं अध्याय

संन्यासी निरपेक्ष भएर दण्ड, लगौंटी मात्र लिई ।
ग्रामैकरात्रविधिले विचरोस् नारायणमा मग्न भई ॥
सुषुप्ति जागो को सन्धीमा पाओस् अनुभव स्वरूपको।
जानोस् बन्धन मोचन सारा केवल माया कल्पित हो ॥
गरोस् बाँच्नु कै नत अभिनन्दन जो छ अनिश्चित यो जगमा ।
मृत्यु देखि नै नत घबडाओस् अवश्य नै जो हुन्छ यहाँ ॥
असत् वस्तुको वर्णन गर्ने नहोस् शास्त्रमा प्रीति कहीं ।
बाँच्न जीविकाहरूको आश्रय नलिनु कहिल्यै मूर्ख बनी ॥
वादविवाद न गर्नु तर्क रति पक्ष नलिनु रति कतै पनि ।
शिष्य नजोर्नु ग्रन्थ नपढ्नु व्याख्या नदिनु विज्ञ बनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लम्बे चौडे कर्मकलाप को नगरोस् प्रारम्भ कुनै।
राखोस् अथवा त्यागोस् चिह्न वन्धन त्यसमा छैन कुनै॥
हेर्नु र पढ्नु भाषण, झगडा, गर्नु द्वारा दूर बसी।
लाटो, बहिरो सम भै गर्नु काल प्रतीक्षा त्यहाँ पछि॥
"भेट कुनै दिन अजगर मुनिसित भै भन्छन् प्रह्लाद नमी।
को ह्वौ भन लौ छौ सन्तोष ? शान्त निपुणदृक् ह्वौ कि मुनि !

अजगर भन्छन् (परमहंस गीता) तेश्रो--

तृष्णाद्वारा घुम्दा घुम्दा पाएं आपद दुःख प्रति।
अजगर मधुकर गुरू दुइ पारी तुष्टि बिरक्ति सिकें पछि॥
कहिले सुत्तछु भुँमा, कहिले उच्च पलङमा, लिप्त नभै।
कहिले धेरै खान्छु म कहिले थोरै कहिले पर्छु पर्सै॥
प्रेम गरोस् क्वै गरोस् प्रशंसा अथवा कोही गालि गरोस्।
हुन्छु खुशी न त रिसाउँछु म भन्दछु सबको श्रेय हवोस्॥"
दत्तात्रेयको मुखद्वारा यो परमहंसको धर्म सुनी।
पूजा गर्दै श्रीप्रह्लाद फर्के गृह तिर शान्त बनी॥

चौधौं अध्याय

गरोस् गृहस्थी कार्य गृहोचित हरिमा अर्पण गरी सबै।
निरासक्तको सेवा गर्दै स्वत्व नठानोस् वस्तु कुनै॥
गरोस् बराबर श्रद्धा पूर्वक हरि लीलामृत पान जन।
सत्सङ्गतले सङ्ग घटाओस् स्त्री धन सुतमा दिनौं दिन॥
जागो होस् नित पिता बन्धु जे भन्छन् निर्मम भई गरोस्।
धन अच्युतले दिनुभएको भन्दै शुभ प्रभु कार्य गरोस्॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जतिले आफ्नो प्राण रहन्छ त्यति नै त्यसको लाग्दछ हक।
जो बढ्ता हक ठान्दछ त्यो त चोरै हो औ दण्डच छ शठ॥
दीन, पतितमा वाँडी मात्र गर्नु वस्तु उपभोग सबै।
स्वत्व नठान्नु स्त्री पनि लाउनु अतिथि हरिको सेवामै॥
पंचयज्ञ औ गर्नु श्राद्ध ब्राह्मण पूजा गर्नु नृप।
पुत्र सरी सबलाई ठान्नु दुःखीमा दिनु अन्न खुब॥
तीर्थ पर्वमा गर्नु सुकर्म अक्षय बन्दछ त्यो सुकृति।
यसले गर्दछ अति कल्याण यै हो जीवन सफल स्थिति॥
देश शुद्ध त्यो प्राय जहाँ छन् गंगा यमुना आदि नदी।
जहाँ दया, तप युत सज्जन छन् मथुरा अवध र कुशस्थली॥
पात्र एक छन् अच्युत जसमा दिए खेर जाँदैन रति।
जीव सबै हरि भित्र छ पूजन त्यसकै गर जग हुन्छ खुशी॥
प्रभु छ एक रस किंतु सबैमा न्यूनाधिक देखिन्छ प्रकाश।
पुरुष एक नै त्यो जान्ने छ अतः श्रेष्ठ हुन् पुरुषै खास॥
आपसमा अपमान र द्वेष लागे मानव गर्न जब।
त्रेता तिर नै मूर्तिप्रतिष्ठा विद्वान्हरूले गरे बुझ॥
प्रतिमा पूजा सिद्ध हुँदैन द्वेष गरे तक प्राणीको।
प्राणी मात्रमा प्रेम गर्नु नै प्रभुको ठूलो पूजा थ्यो॥

पन्ध्रौं अध्याय

श्राद्ध महा भिड भाड नगर्नु डाक्नु एक वा ब्राह्मण तीन।
देव-कार्यमा दुइ वा एक डाक्नु ब्राह्मण हे राजन्!॥
शुद्ध अन्न नै गर्नु प्रयोग आमिष अर्पण नहोस् रति।
दीता, ऋषि औ पितृ, स्वजनमा अन्न दिनु प्रभु रूप बुझी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परमधर्म यो भन्दा ठूलो मानवहरूका छैन कुनै ।
प्राणीलाई तन, मन, वाणी द्वारा न दिनु दण्ड कवै ॥
सन्तोषीको निति दिशा सब सुखमय हुन्छन् जता पनि ।
जुत्ता लाए पीर हुँदैन घोच्ला भन्ने जसो कहीं ॥
कुकुर बच्यो नर रसन जनन यी दुइ इन्द्रियले गरीकन ।
जलले जीवन चल्दैन र जन हुन्न किन्तु संतोष किन ?
असंतोषले विद्या, यश, तप, ज्ञान आदि पनि चुहिन्छ है ।
संशय छेत्ता ज्ञानि सभापति पनि यस द्वारा गिर्छ तलै ॥
बन्छ मिले पछि ईच्छित वस्तु क्रोध कामना शान्त दुवै ।
विश्व जिती तर भोगोस् भोग हुन्न लोभको अन्त कवै ॥
डाँका छ वटा वशमा राखी योग विधिले योग गरी ।
पाउँछ आखिर पद निर्वाण अग्नि निभेमा अर्चि सरी ॥
ज्ञान दिने गुरू हुन् भगवान् सादा मानिस मान्दछ जो ।
स्नान गरे झैं हात्तीले सब श्रवण गरेको माटो भो ॥
गुरूको सेवा रूपी खड्ग ली काटी सब शत्रुहरू ।
वस्तु शान्त भै नत्र खसाल्छन् अन्धकूपमा दस्यूहरू ॥
इन्द्रिय मन वश भयो कृष्ण रति न भए निष्फल छ त्यो सबै ।
खेती औ व्यापारहरूले मुक्ति दिदैनन् जसो कवै ॥
झंझटले घर त्याग्यो पहिले, सन्यासी भो केश मुडयो ।
फर्क्यो घर निर्लज्ज बनेर कुक्कुर हो त्यो बान्त पिच्यो ॥
शरीरलाई विष्टा, कीरा राख भन्छ मुखबाट तर ।
मान दिन्छ यदि भने नीच त्यो आत्मा पाउँछ कसरी र ?।
प्रवृत्त, निवृत्त दुइ छन् धर्म पहिलोले फर्काउन्छ यहीं ।
दोश्रोले प्रभुधाम पुगिन्छ, हुन्छ सदा अनि लीन उहीं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देख्नु वस्त्रमा केवल सूत यसकन भावाद्वैत बुझ।
वाक् तन, मन प्रभुनैं अध्यस्त क्रियाद्वैत यो जान नृप !
सुत, स्त्री, आफु र सब प्राणीको भोग स्वार्थ हो एक भनी।
भेद नमान्नु लाई राजा ! मन हैं द्रव्याद्वैत तिमी॥
द्रव्य, क्रिया औ भाव तीन यी अद्वैत छ त्यसलाई मुक्ति।
अनुभव गर्दै त्रिस्वप्नबाट बिउँझन्छन् यहीं हेर तिमी॥
पहिले उपवर्हण गन्धर्व थें हरि–गायक सुन्दर रूप।
ताल चुकेमा दासी पुत्र भएँ पछि यो नारद रूप॥"
आफ्नो पहिलो जन्म बताई, पार्थ सभामा स्नेह बढी।
भन्छन् नारद युधिष्ठिरलाई श्री हरिको संकेत गरी॥
"जान्दैनन् क्वै जसको रूप विधि, शिवहरू पनि त्यही हरि।
तिम्रो घरमा बसी रहेछ गुप्त स्वरूप ली बन्धु सरी॥
कस्ता भाग्यमानी तिमीहरू जसकाँ ऋषि मुनि प्राय गरी।
वस्छन् आई यसको दर्शन गर्न खुशी भैं, धन्य हरि!"

अष्टम स्कन्ध

पहिलो अध्याय

शुक भन्छन्-

स्वायम्भुव मनु पहिला मनु थे तपमा स्मृति यो गाए गान।
"आत्मा मात्र छ सबमा तस्मात् त्याग सहित गर भोग तमाम॥
जसले चेतनशील छ विश्व विश्व सुतेमा जाग्दछ जो।
त्यसलाई जान्दैन विश्व जो जान्दछ त्य परमात्मा हो॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देख्ने साक्षी लाई इन्द्रिय रैछ देखिँई देख्तैनन् ।
जीव हृदयमा राज हुने श्री कृष्णशरणमैं विश्व परून् ।।"
उनका पाला रक्षा गर्न प्रभु आउनुभो यज्ञ स्वरूप ।
स्वारोचिष थे दोस्रा उनका पाला विभुले लिनुभो रूप ।।
तेस्रा उत्तम उनका पाला सत्यसेन भै पाल्नुभयो ।
चौथा तामस मनु थे हरिले ग्राहबाट गज तार्नु भयो ।।

दोस्रो अध्याय

त्रिकूट गिरिमा ऋतुमन् नाम नाना मणि, फल, फूल भरी ।
वरूणको छ अति राम्रो उपवन पशु, पन्छी, द्रुम, लता भरी ।
गरम भई अति हात्ती यौटा स्त्री, सुत ली सर भित्र पस्यो ।
खुट्टा पक्डयो ग्राह रिसाई नसकी उम्कन युद्ध पर्‍यो ।।
वर्ष हजारौं युद्ध परेपछि थकित भई गज भन्छ नमी ।
"त्यसकै पर्दछु शरण म जो सँग भाग्छ मृत्यु नै भीत बनी ।

तेश्रो अध्याय

गर्छु प्रणाम भगवन् ! आई उबार झट्ट ।।
नटुवा समान तिम्रो साक्षात् स्वरूप तत्व ।
सक्तैन जान्न कोही द्यौता मनुष्य दैत्य ।।
अध्यस्त यो छ विश्व प्रभुमा परेर माया ।
देखिन्छ यो कहिले, देखिन्न हेर छाया ।।
तर दृष्टि एक नास देखिन्छ नित्य जसको ।
अधिष्ठान त्यो छ सबको रक्षा गरोस् जगत्को ।।
प्राणी पदार्थ सबमा व्यापक तिमी विना क्वै ।
म सरो प्रपन्न पशुको पाशो छिनाल्छको खै ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छौ पुत्र स्त्री र धनमा आसक्तलाई दुर्लभ।
मुक्तात्मको हृदयमा छौ ज्ञानरूप झल्झल॥

लय विश्व यो भएमा गहिरो गहन अँध्यारो।
पारी विराज गर्छौ गर नाथ! श्रेय हाम्रो॥

नैष्कर्मभाव द्वारा आगम उपर हुने जन॥
हरूमा प्रकाश प्रभु छौ गर्छौं प्रणाम पल क्षण।

तिम्रा स्वजनहरू ता छाडेर भुक्ति मुक्ति!
तिम्रो कथा सुधामा बन्छन् सदैव मस्ती॥

द्यौता, न दैत्य, मर्त्य न त जन्तु ह्वौ, न स्त्री ह्वौ।
रहला निषेध गर्दा जुन वस्तु नाथ! त्यै ह्वौ॥

देखी नभमा श्रीहरिलाई कमल उचाली आर्त बनी।
भन्दछ हात्ती "नारायण! हरि! हे भगवन्! अब लौन" भनी॥
सान्है आतुर देखी हरिले वर्लौ झटपट् आर्द्र बनी।
चक्र चलाई काटी ग्राह वचाउनुभो भक्त अनि॥

चौथो अध्याय

पुष्प वृष्टि भो अनि त्यो ग्राह भो हूहू गन्धर्व स्वरूप।
अघि देवलको श्राप परेर पाएथ्यो जो पाप कुरूप॥
पूर्व जन्ममा इन्द्रद्युम्नजी गर्थे हरिको ध्यान बसी।
अगस्त्य ऋषिले देखी क्वै दिन भने खेदले वचन यति॥
"अतिथि सेवा आदि गृहोचित छाडी पर उपकारहरू।
गर्यौ तपस्या हात्ती होऊ, बर्ष हजारौं सम्म वरू॥"
पूर्व जन्मको प्रभावले थ्यो हात्तीमा पनि स्मृति हरिको।
छाडे पछि त्यो हात्ती योनि तत्क्षण पार्षद भए अहो!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जाँदा हरिले आज्ञा भो यो शंख बजाई खुशी भई।
"जो यो घटना तत्व सहित शुभ संझन्छन् नित प्रात उठी॥
संझन्छन् अवतार चरित्र गंगा यमुना सरस्वती।
पुण्य श्लोक ध्रुव आदि भक्त, दिन्छु म आखिर शुद्धमति॥"

पन्चौं अध्याय

पाँचौं रैवत मनु थे हरिले लिनुभो शुभ वैकुण्ठ स्वरूप।
चाक्षुष छैटौं मनु थे, लिनुभो अजित भई पई पछि कच्छप रूप॥
नृप सोध्छन्–किन कच्छप हुनुभो? सात्वतपतिको कथा सुनी।
तृप्त छैन प्रभु भन्नुहवोस् त्यो" भन्छन् अनि शुकदेव मुनि॥
"जब द्यौताले हारे स्वर्ग ब्रह्मा सँग गै बिन्ति गरे।
ब्रह्माले प्रभु-धाम पुगेर देव सहित यो स्तुति गरे॥
"प्राण बुद्धि मन अहं र इन्द्रिय विषय सबैका ज्ञाता छौ।
धूप र छायाँ छैन, फगत् तिन युगमा विग्रह तिमि लिन्छौ॥
पाङ्ग्रो एक र आठ नेमि छन् प्राण र इन्द्रिय पन्ध्र अरा।
तीन नाभि औ माया गर्छिन् संचालन, प्रभु सत्य धुरा॥
निर्मल! व्यापक! सत्य वरेण्य! प्रभुमा गर्छौं आज प्रणाम।
तिम्रैं तनका अवयव हुन् यी स्वर्ग, मही, पाताल, तमाम॥
जति छन् स्थिर, चर, द्यौता, वस्तु सब तिम्रै हुन् अङ्ग प्रभो!
महाविभूति! नाथ! खुशी भै दर्शन देऊ लौन प्रभो॥
प्रभु अर्पण नभएको कृतिमा क्लेश अधिक, फल हुन्छ कम।
अधिक जसो ता विषयीलाई फल उल्टा नै मिल्छ सुन॥
सबको प्रिय, हितु, आत्म हुनाले प्रभुमा अर्पित कर्महरु।
थोरै साने हुन् तर कहिल्लै विफल हुदैनन् धन्य प्रभु!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पानि जरामा सिंचन गर्दा शाखा हाँगा सिञ्चिन्छन्।
सर्वात्माको आराधनले प्राणी सारा तृप्तिन्छन् ॥"

छैठौं अध्याय

पाल्नु भयो हरि स्तुति गर्छन् सुर "दर्शनले उल्लास बढ्यो।
हात्ति दढेलो बीच परेको थ्यो गंगा जल बल्ल झऱ्यो॥
उद्यम, भू गौ, लकडीहरूमा वृत्ति, अन्न, पय, अनल यति।
प्राप्त भए झैं विषय भीडमा प्राप्त गर्दछन् संत स्थिति॥"
एक मात्र प्रभु थियो समर्थ कार्य पटाउँन यहाँ तर।
केलि सिंधु बिच गर्ने इच्छा भै आज्ञा भो अमर सँग॥
"गर आफ्नो सर नपरे सम्म दानवहरु सँग गई मिलाप।
मन्दरद्वारा मथ सागर अनि पेऊला पछि सुधा अपार॥
बिष देखी नडराउनु लोभी नहुनु इच्छित बस्तु प्रति।
कार्य क्रोधले सफल हुदैन शान्त भईकन हुन्छ जति॥"
लुक्नुभयो हरि दी आदेश फर्के ब्रह्मा शम्भु पनि।
पुगे सबै सुर स्वर्ग बलिका दैत्य सभाबिच शान्त बनी॥
बलि सँग मैत्री भाव गरेर ल्याए मन्दर शैल तर।
गरौं भई गिरि गिऱ्यो पिसिए दैत्य वर्ग गीर्वाण सब॥
प्रभु आई निज दृष्टि दिए पछि उठे सबै ती स्वस्थ बनी।
गिरि गरूडमा राखी सागर पाल्नु भयो गोविन्द अनि॥
देव असुर पछि लागे हरिको यात्रा सागर बीच पुग्यो।
फर्के प्रभु संकेत मिलेर तट बाटै श्री गरुड अहो!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सातौं अध्याय

नेति वासुकीलाई र मन्दर लाई मथानि पारिकन ।
देव असुर मिली थाले सागर गर्न मथन अति वेग संग ।।
लाग्नु भयो हरि वासुकी मुखतिर त्यतै जुटे सब देव गण ।
"पुच्छर त्यो पनि अशुभ साँपको कसरी पक्डनु लौन भन ?
थौता भन्दा केमा कम छौं" भनी गएनन् असुर कुनै ।
हाँसी पुच्छर पक्डनु भो गै हरिले सुरहरु जुटे त्यतै ।।
मथ्दा मथ्दै मन्दर डुब्न लाग्यो सागर बीच अनि ।
कच्छप प्रभु नै हुनुभो टेवा बस्नुभयो गै माथि पनि ।।
दैत्य देवमा बल उत्साह वासुकीमा भै निद्रा रूप ।
माथि हजारन करले टेवा तल कच्छप तन हेर अनूप ।।
मुख द्वारा विष निस्क्यो दैत्य दढे शालका वृक्ष समान ।
सुर पनि बच्न सकेनन् हुनुभो हरि घन, वर्षा, वायु तमाम ।।
सकेन निस्कन जब पीयूष मथ्नुभयो गै स्वयम् हरि ।
कालकूट विष निस्केथ्यो जब सुरले संझे शव स्थिति ।।
प्राणीमोक्षको निंति तपस्या गर्ने शिवको परी शरण ।
भन्छन् सुरहरु–विषले लाग्यौं दड्न सुरक्षित राख चरण ।।
पाँच उपनिषद् मुख हो तिम्रो पदच्छेदले अठतीश ।
मंत्र बन्यो जब प्रपञ्चबाट हट्छौ त्यै हो स्थिति शिव ।।
नष्ट दक्ष मख, कामदेव वध, त्रिपुर नाश औ पान विष ।
प्राणी–द्रोही–असुर नाश यो स्तुति हजूरको हैन शिव !
प्रलय समयमा आफैं द्वारा निक्लेको चिनगारी ले ।
जगत् जलाउँछ किन्तु ध्यानमा हुन्न पता तिमीलाई अरे !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वयं हृदयमा आत्माराम हरू गर्दछन् चरण स्मृति।
साथ सती औ श्मसानबासी देखी भन्छन् निठुर कति ॥"
पग्लो शिवको चित्त उमा प्रति आज्ञा भो यो बाक्य महान्।
"खाई विष यो दुख टारौं है प्रिये! यही हो हाम्रो काम॥
क्षणभगुर दी प्राण प्राणीको रक्षा यदि जन गर्छ भने।
सर्वात्मा हरि हुन्छ प्रसन्न म पनि चराचर सहित प्रिये॥"
यस्तो भन्दै विष खाएर देखाउनुभो साधु प्रमाण।
हरि, विधिले पनि गरे प्रशंसा देखी शिवको कृत्य महान्॥

आठौं अध्याय

सागर मथ्दा कामधेनु गौ निस्किन् ऋषिले लिए पनि।
ऐरावत द्विप. सेतो घोडा, ईन्द्र र बलिले लिए अनि॥
कौस्तुभ हरिले कल्पवृक्ष औ अप्सर लागे स्वर्गप्रति।
लक्ष्मीले सबलाई छाडी रोजिन् केशवलाई पति॥
कुनै तपस्वी छन् तर क्रोधी; ज्ञानी छन् आशक्त कुनै।
कुनै महान् छन् कामी तर क्वै, प्रभु छन् आश्रयमा अरू कै॥
धर्म कुनैमा छ प्राणीको छैन प्रेमको लेश रति।
त्याग कुनैमा छ तर मोक्ष लाई गरेको हैन शुचि॥
वीर कुनै छन् तर छन् काल को पंजामा बद्ध सधैं।
निरासक्त छन् किंतु समाधि मै छन् अति तल्लीन कुनै॥
चिरायु छन् क्वै शील नराम्रो शील छ वयको छैन पता।
दुवै कुरा छन् किन्तु अमॅगल वेष कसैको हेर छटा॥
एक विष्णु छन् उनमा मंगलमय गुणगण सब मौजुद छन्।
म स्वाउने आश्चर्य छ किन्तु मेरो इच्छा गर्दैनन्॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो सोची लक्ष्मीले माला अर्पी गरिन् बरण ।
वास्तवमा जो लक्ष्मी जी को आश्रयदाता थियो चरण ॥
कृपादृष्टि परि लक्ष्मीजीको देव, प्रजापति तथा प्रजा ।
शील र गुण सम्पन्न भएर भए खुशी अति मग्न अहा !
लक्ष्मीले जब गरिन् उपेक्षा दैत्यहरू निस्तेज भए ।
निर्बल औ निर्लज्ज र लोभी, निर्उद्योगी हुँदै गए ॥
असुरहरूले वारुणिलाई ग्रहण गरे अनि सुधा लिई ।
धन्वन्तरि हरि पाल्नुभयो तर खोसे अमृत दैत्य गई ॥
लागे कीर्तन गर्न देवता अनि श्रीहरि अति आर्द्र बनी ।
रूप मोहिनी ली सबलाई पार्नु भयो अति मोह पनि ॥

नवौं अध्याय

असुर भन्दछन् तिनको रूप द्वारा मोहित भई अति ।
"बाँडी देऊ सुधा बराबर देव असुरमा एक बुझी ॥"
'बाँडीदिउँला जसरी बाँडे पनि यदि लाग्छौ चूप भने ।'
यस्तो तिनको वाक्य सुनेर अनुमति दिन्छन् दैत्य हरे ! ॥
हाव भाव ली हिंड्दै केवल धौताहरूमा सुधा दिई ।
असुरहरूमा नदिई ओझेल हुनुभो मोहिनी रूप त्यहीं ॥
स्त्री सँग झगडा गर्नु आफ्नो संझन्थे बदनाम कुरो !
दोश्रो उन सँग टुट्ला प्रेम भन्ने पनि थ्यो भित्र चुरो !
मोहिनीको सन्मान द्वारा बद्ध भएका असुर दल ।
बोल्न सकेनन् अप्रिय कुरा क्यै हुँदा प्रतिज्ञा पऱ्यो छल ॥
अमृत पिलाउन लाग्दा सुरमा पियो राहुले छली छली ।
रवि, शशिले यो खोले पोल चक्र द्वारा मऱ्यो ढली ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भयो अमर शिर ब्रह्माले ग्रह दिए बनाई राहु भयो ।
पर्व पर्वमा सूर्य र चन्द्र लाई आक्रमण गर्दछ जो ।।
देब सागर मिली सागर मथ्ने कार्य गरे तर अद्भुत भो ।
बल, महत्त औ बुद्धि, प्रयास दुवै थरीमा एक थियो ।।
प्रभुपद–पङ्कज आश्रयद्वारा पाए सुरले पिउँन सुधा ।
असुरहरूले पाएनन् त्यो जगतपति हरि विमुख हुंदा ।।

दशौं अध्याय

दैत्यहरूले जब त्यो अम्मृत पाएनन् अति क्रुद्ध बनी ।।
गरे लडाई निज निज योग्य योद्धा सँग घनघोर त्यहीं ।।
दानवी माया हुँदा प्रयोग मोह भए सब देवहरू ।
गरे अनेकौं यत्न तथापि व्यर्थ भए सब यत्नहरु ।।
सम्झे श्रीहरि पाल्नुभयो प्रभु हट्यो दैत्यको कपट कृति ।
हरिको स्मृति नैं बिपत् नाश हो दैत्य भए उद्धार कति ।।

एघारौं अध्याय

चल्यो परस्पर फेरि लडाइँ देव असुरमा घोर भई ।
मरे अनेकौं दैत्य समूह वलिलाई पनि साथ लिई ।।
नारदद्वारा विधिले रोके रचना होला वन्द भनी ।
दैत्य बचाए उशनाले, थ्यो जसको साबुद अङ्ग अनि ।।

बाह्रौं अध्याय

प्रभुले स्त्री को रूप लिनु भो भन्ने अद्भुत फुरा सुनी ।
उमा साथ गै मधुसूदन को सामु भन्दछन् शंभु त्यहीं ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"श्रेय चांहने जनहरू इह, पर लोक कामना त्याग गरी ।
हजूरका चरणारबिंदको भक्ति गर्दछन् सबै भुली ।।
ब्रह्म भन्दछन्, कुनै धर्म हो, प्रकृति पुरूष पर हजुर कब ।
नौ शक्तियुत परम पुरूष ववै महापुरूष क्वै एक सम ।।
सृष्टि तत्वकै पत्तो छैन शंभु म विधि ऋषिलाई रति ।
हजूरको झन् के होस् पत्ता मर्ने नर झन् बुझोस् कति ?
देख्तैछु अवतार सबै म देखौं मोहिनी रूप पनि ।"
भन्नु हुन्छ हरि--"हेर सकामी हरूको आदर रूप" भनी ।।
देखाउनुभो हरिले सुन्दर हावभाव युत रम्य स्वरूप ।
शङ्कर यो सब बिर्सी पक्डन पाल्नु भयो भै मोहित खूब ।।
"हेर छकाई मायाले मति होला को अब पार यहाँ ?"
भने शंभुले लाज विषाद मानेनन् रति गर्व कहाँ ?
हरिले दर्शन दीकन फेरि आज्ञा भो श्री शम्भु प्रति ।
"मायाले अब जित्न तपाईंलाई सक्ने छैन रति ।।"
फिर्दा शिवले ऋषि मुनि सामु उमा प्रति यो भन्नु भयो ।
"देख्यौ यो सँग म पनि छु मोहित सक्ला अरू को बचन अहो ?
योग समाधि सकिना साथ सोधिथ्यौ तप कसको हो ?
यही मोहिनी रूप हरिको नाम जपेको मैले हो ।।"
अमृत पिलाउंछ भक्तहरुमा, जो छ अगोचर दुष्टप्रति ।
कपट युवतीको रूप लिने हरि, नति गर्छौं अब ह्वौन खुशी ।।

तेह्रौं अध्याय

सातौं देखिन् चौधौं मनुका पाला सम्मन् नाथ हरि ।
एक एकमा एक एक भै पाल्नु हुन्छ अति दया गरी ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक एकमा हुन्छन् इन्द्र हुन्छन् सबमा सप्तऋषि।
द्यौता पनि सब मन्वन्तरमा हुन्छन् भिन्नाभिन्न कति ॥
चौकडी फिर्दा एक हजार हुन्छ कल्पको बराबर।
चौदह मनुहरु भोग गर्नै सँग जसको गर्छन् कल्प भर ॥

चौधौं अध्याय

यज्ञ भागहरु द्यौता खान्छन् ऋषिहरु रक्षा गर्छन् वेद।
जग संचालन मनुहरु गर्छन् वर्षा गर्छन् इन्द्र सुरेश ॥
सिद्ध रूप ली ज्ञान बताउंछ कर्म काण्ड ऋषि रूप लिई।
योग बताउंछ भै योगेश सृष्टि प्रजापति रूप भई ॥
मार्छ लुटेरालाई नृप भै काल रूप ली संहार।
विश्वैलाई गर्दछ श्रीहरि बुझोस् र त्यसको को चाल ॥
हरिकै आज्ञा पाई चल्दछन् हरि नै हुन् ऋषि देवहरु।
मूढहरुमा दर्शन शास्त्र द्वारा पनि देखिन्न प्रभु ॥

पन्ध्रौं अध्याय

स्वर्ग पाउँन बलिले यज्ञ शुक्रद्वारा गरेपछि।
आफैं समका दानव फौज लिई हिंडे बलि स्वर्ग प्रति ॥
सक्दैनन् है पुग्न त्यहाँ बवै जीवद्रोही दुष्ट, ठग।
कामी, लोभी, मानी, पापी, तथा घमण्डी क्रूर नर ॥
देखी सुरले फौज कराल भागे गुरुसंग मतो गरी।
बलिले भोगे सुख सँग स्वर्ग, प्रवृति परक मख शयौं गरी ॥

सोहरौं अध्याय

पुगी एक दिन कश्यप भन्छन् अदितीलाई खेद गरी।
"किन मलिनी छौ गृहस्थ ता यो अयोगीलाई दिन्छ हरि ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतिथीको गरिनौं कि सेवा ? सक्त तिमी भै कुटुम्बमा ।
गुफा श्यालको हो त्यो घर पनि हुन्न अतिथि सम्मान जहाँ ।।
कि समयमा भन हवन गरिनौं जो थ्यो जीवन प्राणीको ।"
सुनी भन्दछिन् अदिती–सारा ठिक छ कृपाले हजूर को ।।
किन्तु पुत्रहरु असुर द्वारा निर्वासित छन् आज प्रभो !
कसरी तिनको आपद नाश हुन्छ कुरा त्यो शोच प्रभो !"
कश्यप भन्छन्––ओहो माया ! स्नेह–बद्ध सब हेर मफत् ।
कहाँ देह यो भौतिक काहाँ आत्मा परको एक फगत् ।।
न कसैका पति, पुत्र यहाँ छन् न त वान्धव छन् यहाँ प्रिये !
खालि मोह नै मानिसलाई रेछ नचाई व्यर्थ हरे !
प्रिये ! तिमी अब हृदयस्थित श्री बासुदेवको भजन गर ।
पूर्ण कामना गर्छ उसैले भगवद्भक्ति अमोघ छ ।।
फाल्गुण शुक्ल परेवादेखि त्रयोदशी तक शुद्ध भई ।
बस्नु पयोव्रत बाह्रौं दिनतक हरिको स्तुति औ नाम जपी ।।
खीर चढाउनु; पूजन, होम गर्नु श्रद्धा युक्त भई ।
ब्राह्मण, दुःखी खवाउनु हरिको दिनेछ वर अनि खुशी भई ।।
यो सर्वव्रत नाम लिएको व्रतले श्रीहरि हुन्छ खुशी ।
जसले श्रीहरि हुन्छ प्रसन्न त्यै हो व्रत, तप, दान, विधि ।।

सत्रौं अध्याय

बसिन् पयोव्रत अदिती आमा, दर्शन पाइन् केशवको ।
दुःख विसाइन् हरिमा आपनो गरिन् पुकारा भनिन् "प्रभो ।।
यज्ञपुरूष हे अच्युत ! तिम्रो नाम श्रवण सुखदायी छ ।
विपद्विनाशक पतित उवारक ! गर हाम्रो कल्याण अब ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुँदा खुशी प्रभु विधिको आयु, वस्तु अभीष्ट र दिव्य तन।
सिद्धि र केवल मिल्छ ज्ञान पनि शत्रु जित्नु के भला भन ?"
हरिले आज्ञा भो 'बलि अहिले जिती नसक्ना छन् तदपि।
व्रतले छु खुशी पुत्र स्वयं भै आई रक्षा गर्छु वसी ॥"
गर्भ लिईथिन् जब अदितीले ब्रह्मा आई गरे स्तुति।
"रक्षा गर प्रभु ! द्यौताहरूको एक तिमी छौ परं गति ॥"

अठारौं अध्याय

चार हात लो पाल्नु भयो हरि सम्मुख अदिती आमाको।
हर्ष भए सब पुष्पवृष्टि भो ढोल, नगाडा, शङ्ख बज्यो ॥
भाद्र द्वादशी शुक्लपक्षको अभिजित् योग नक्षत्र श्रवण।
थियो समय मध्याह्न सुशोभन जन्मनु भयो हरि श्रीउरुक्रम ॥
ब्रह्मचारी वटु वामन देखी महर्षिगण सब खुशी भई।
राखी कश्यप लाइ अगाडि जातकर्म हरू गरे शुचि ॥
उपनयन भयो छाता, दण्ड लिई कमण्डलु बटु वामन।
पाल्नु भयो अनि भक्त बलिको यज्ञमहाँ सब भए मगन।
शिव सम्मानित जल शिर छर्की भन्छन् गद्गद भई बलि ॥
"जन्म सफल भो आजै हे बटु ? माग्नोस् इच्छित चीज छ कि।

उन्नाईसौं अध्याय

वचन सुनी प्रभु आज्ञा हुन्छ--सुर्नें कुलोचित वाक्य नृप !
जसका छन् प्रह्लाद पितामह माग्दछु पृथ्वी तीन पद ॥
अजितेन्द्रिय जन तृप्त हुँदैन भोग समस्तै मिले पनि।
तिन पगले सन्तोषी नबने वर्ष र द्वीपै मिले पनि ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तृप्त हुँदैनन् हेरन पृथु, गय सात द्वीपका अधीपति ।
थे तर तृष्णा शान्त भएन थिएँ सुनेको कुरा अघि ॥
असन्तोष नै जन्म मृत्युमा डाल्ने कारण मुख्य बुझ ।
जो कुछ मिल्दछ भो सन्तोष भने यहीं भो मुक्त नर ॥"
बलि लागे जब अर्पण गर्न भन्छन् शुक्राचार्य उठी ।
"नबुझी बोल्यौ 'दिन्छु भनेर यो ता हो है स्वयं हरि ॥
दियौ भने अब स्वर्ग लिन्छ नदिए पछौं नर्क तिमी ।
नासिन लाग्यो वृति भने ता बोल्नै पर्ने झूठ पनि ॥"

बीसौं अध्याय

"ठिक हो गुरू ! यो धर्म गृहस्थी तर त्यस्ताको नाति भई ।
दिन्न कसोरी भनौं म पृथ्वी नदिए पनि जो छुट्छ पछि ॥
"झूठ सरी अरू छैन अधर्म सक्तिनँ झूठो थाम्न जन ।"
भन्छिन् पृथ्वी तस्मात् हे गुरू ! धोका दिन्न म विप्रकन ॥
डराउन्न दुख, राज्यनाश औ मृत्यु गरीबीबाट तर ।
बोलेको नपुऱ्याउनुबाट बन्छ असाध्यै भीत उर ॥
मर्दा छुट्ने वस्तुद्वारा प्राणीको दुख नास्न गुरो ?
सकिन्न अर्पण गर्न भने यदि लाभै के भो बाँचि अहो !
दधीचि शिबिले प्राणै अर्पी गरे भलाई भने जन ।
पृथ्वी आदि गर्न प्रदान शोच विचारै गर्नु किन ?
पाइन्छन् रणबीच नफर्की प्राणै त्यागने प्राय जन ।
पाइन्नन् सत्पात्रहरूमा दान स्नेहले दिने धन ॥"
बचन सुनी यो शुक्र रिसाए जसद्वारा बलि भ्रष्ट भए ।
बलिले बटुको पाउ पखाली तिनपद पृथ्वी दान दिए ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बटुले लिनुभो रूप विराट्को स्वर्ग पुग्यो शिर, पाउ रसा।
एक पाउले पृथ्वी ढाक्यो अर्को सत्य लोक अहा ! ॥

एक्काईसौं अध्याय

जहाँ वेद, उपवेद, तर्क, नियम, यम पुराण, श्रुति इतिहास गण।
भई मूर्तिमान् बस्छन् पाए थे पद स्मृति ले धाम जुन॥
सत्यलोक मा पुग्यो त्यहाँ पद कमण्डलुको जलद्वारा।
धोए विधिले भइन् स्वधुंनी भयो सुपावन जग सारा॥
ब्रह्मा आदि ऋषि द्यौताले प्रभुको पूजन भक्ति गरे।
जाम्ववानले दिशा दिशामा दौडी प्रभुको कीर्ति छरे॥
बुझी विराट्को इच्छा बांध्छन् बरूण पाशले गरूडजी।
सोमपान जुन दिन थ्यो गर्ने वलि बाँधिए धन्य कृति॥
भन्छ विराट् प्रभु वलितिर, हेरी "बोल्यौ अतिशय मूर्ख बनी।
तेस्रो पद यो राखौं म कहाँ ? नदिए जाउ नर्क तिमी ! ॥"

बाईसौं अध्याय

विचलित नभई शिर थापेर भन्छन् बलि यो नाथ प्रति।
'शिरमा बक्स्योस् तेश्रो पाउ रेछ अनुग्रह ममा अति॥
दियौ दण्ड तर हैन दण्ड यो भन्छु म ता हो कृपा प्रसाद।
दिन सक्तैंनन् बन्धु सुहृद् औ भाइ यस्तो वस्तु अगाध॥
सुरका हौ तिमी प्रष्ट परन्तु असुरहरूका गुप्त गुरू।
न त लज्जित छु, न त दुःखित नै, बाँधे पनि छु हर्ष प्रभु !
"दियौ तिमिले, लियौ तिमीले, कति राम्रो भो प्रभो" भनी।
आई गर्छन् स्तुति प्रह्लाद, भन्छिन् विन्ध्यावली अनि॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"खेलम बनायौ तिमीले विश्व आफ्नो ठानी मूर्ख जगत् ।
लाज मलीकन अर्पण गर्ने मँ हुँ भन्दछ हेर ! भफत् ॥"
विधि भन्छन्--गति उत्तम मिल्दछ जसलाई जल चडाउँदा ।
भन् यिनले ता सब टकन्याए किन पाउनु प्रभु ! दुःख कडा ?'
ब्रह्मासँग प्रभु आज्ञा हुन्छ-- गर्नु छ जसको श्रेय अति ।
हर्दछु ममता सबतिर जसले बिर्सन्थ्यो निज आत्म स्थिति ॥
घुम्वा घुम्दा भयो मनुष्य अहं बढेनछ त्यहाँ कुनै ।
जन्म, कर्म, वय, विद्याहरूको भने कृपा भो संभ सधैं ॥"
बलिप्रति श्रीहरि आज्ञा हुन्छ --"जित्यौ तिमीले धैर्य लिई ।
भयो परिक्षा मैले हारें तिम्रो होस् कल्याण बलि !
मेरो खातिर त्याग गर्‍यौ सब तिम्रो कुछुं म वस्तु घरै ।
जो आज्ञा उल्लंघन गर्ला बसी द्वारमा काट्छु शिरै ॥

तेइसौं अध्याय

भने बलिले--पुरा प्रणामै गर्न सकेको थिइनँ प्रभो !
पर्‍यो म माथि कृपा प्रसाद सुर दुर्लभ यो धन्य प्रभो !"
भन्दा भन्दै पाश वरूणको फुक्यो त्यसै यो देखिकन ।
भन्छन् श्रीप्रह्लाद "भई सम देख्छु भक्तको पक्ष किन ?"
भन्नुहुन्छ हरि--हे प्रह्लाद ! सुतल गई बस नाति लिई ।
नित्य गदा लो बस्ने मेरो देख्नेछौ शुभ रूप उहीं ॥"
"विघ्न शिष्यको नास्नोस् ब्रह्मन् !" भन्दा हरिले शुक्र प्रति ।
भन्छन् "जसका मालिक प्रभु छौ होला कसरी विघ्न हरि ?
मन्त्र, तन्त्र, औ देश, कालमा जो जो पर्छन् विघ्नहरू ।
ती सब बन्छन् तिम्रो नाम सङ्कीर्तनले पूर्ण प्रभु ! ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इन्द्रलाई अनि स्वर्ग दिएर प्रभु जगको पति बन्नु भयो।
बामनको भो नाम उपेन्द्र गई स्वर्गमा बस्नु भयो॥
पृथ्वीका रज गनुन् परन्तु प्रभुको महिमा गन्ने को?
"जन्म्यो कोही न, छ जन्मन्छ !" भन्छन् ज्ञानीहरू यसो॥
देव, पितृ औ मानिसहरूका कार्यहरूमा प्रेम गरी।
वामन लीला पढ्छ भने यदि बन्दछ अक्षय त्यो सुकृति॥

चौविसौं अध्याय

राजा भन्छन् "कपटी माछो हरिको, गाथा आज्ञा होस्।
किन लिनु भो यो विग्रह हरिले ?" भन्छन् शुक-नृप ! सुन्नुहबोस्॥
हयग्रीवले जब वेद हरेथ्यो, श्रीहरि हुनु भो मत्स्यस्वरूप।
सत्यव्रतले देख्दा देख्तै शय योजनको भयो स्वरूप॥
भन्छन् उनी प्रभु ! मत्स्य भयौ किन ! तिम्रो पर्नु चरण शरण।
अरू जनको झैं व्यर्थ हुँदैन सर्व सुहृद् प्रिय हे मोहन ?"
आज्ञा भो ती नृपमा प्रभुले "ब्राह्मप्रलय अब हुन्छ अनि।
डुङ्गा आउँछ सप्तऋषि औ बीज सबै ली चढ्नु तिमी॥
मेरो सिङमा डुङ्गा बाँध्नु वासुकीद्वारा झट्ट" भनी।
पाल्नु भयो हरि प्रलय भयो अनि आयो डुङ्गा सरं त्यहीं॥
यो बेला ऋषि भन्छन् "राजन् ! नाम जप्नुहोस् केशवको।
बचाउने यो संकटबाट नाथ बिना अरू छैन अहो !"
आयो मत्स्य नियुत योजनको स्वर्ण वर्ण सिङ एक थियो।
डुङ्गा बाँधी झटपट सिङमा गरे सत्यव्रतले स्तुति यो॥
"ढाकी ज्ञान अविद्याले नर पीडित छ अति आर्त पनि।
परे अनुग्रह पर्छ शरणमा मुक्ति दिने गुरु एक तिमी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुखको खातिर गर्छ कर्म तर मिल्छ दुखै अनभिज्ञ कन ।
जसको सेवा गरे असम्मति हट्तछ काटोस् ग्रन्थि मम ॥
खार्दा आगो बिच सुन चाँदी लिन्छ जसोरी रूप निजी ।
त्यस्तै तिम्रो सेवाले गुरू ! त्याग्दछ नर अज्ञान निशि ॥
सब गुरू सब सुर, मिली सब जनता गरून् अनुग्रह हुन्न तर ।
नाथ कृपाको दश हज्जार अंश अंशको लेश सन्ह ॥
अन्धा अन्धाकन गुरू पारुन् अज्ञानी अज्ञानीकन ।
हामी ता प्रभु स्वयं प्रकाशलाई मान्छौं गुरू, धन ॥
सबको प्रिय, हितुकन जान्दैनन् हुँदा कामना बद्ध जन ।
शरण पर्दछौं पाउँन ज्ञान काटी देऊ ग्रन्थि तम ।!"
प्रलय अन्तमा श्रीकेशवले ब्रह्मा विम्झे वाद खल ।
हयग्रीव मारी छिनी श्रुतिहरू दिनुभो ब्रह्मालाई सब ॥
युक्त ज्ञान विज्ञान भएका कृष्ण कृपाले गरी मनूँ ।
भूप सत्यब्रत यही कल्पमा वैवस्वत छन् हेर मनु ॥
जसले ब्रह्म-तत्व बतायो सत्यब्रतहरूलाई महान ।
अखिल जगत्को कारण एक कपटी माछो ! गर्छु ! प्रणाम ॥

नवम स्कन्ध

पहिलो अध्याय

शुक भन्छन्-

पहिले नारायण पछि ब्रह्मा तिनका मरीचि पुत्र भए ।
यिनका कश्यय उनका सूर्य, वैवस्वत रवि-पुत्र थिए ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुत्रेष्टि गरे वैवस्वतले, पत्नीले तर, गुप्ति गरी।
छोरी पाउन यज्ञ गराइन् जन्मिन् छोरी इला भई॥
वशिष्ठले तर छोरै पारे, खेल्न गए सुद्युम्न शिकार।
"स्त्री बन्ने" शिव-श्राप परेको वनमा गै स्त्री बने कुमार॥
तिनमा बुधले पाए छोरा फेरि ऋषिले यत्न गरी।
महिना पुरुष र महिना भर स्त्री हुने गराए भक्ति गरी॥
सुद्युम्नले अनि छोरा पाए बिमल आदि तिन राज्य गरी।
पुरुरवामा राज्य दिएर लागे वन नृप वृद्ध भई॥

दोस्रो अयाय

वैवस्वतले फेरि तप गरी पाए पछि, दश पुत्र असल।
दुइ थे छोरा कवि र पृषध्र, ब्रह्म-स्थितिमा पुगे सहज॥
पाँच थिए सुत नरिष्यन्त, नृग, करुष, धृष्ट औ दिष्टहरू।
वनी गृहस्थी वैवस्वतको वंश बढाए धेर अरू॥

तेश्रो अध्याय

वैवस्वतका सुत शर्याति सुता सुकन्या थिन् तिनकी।
तपी च्यवनको आँखा घोची दिइछन् के हो भनी पछि॥
दिए तिनैमा छोरी नृपले दुब्ला, बूढा थिए उनी।
अश्विनीलाई भाग दिउँला भनी भए ती युवा अनि॥
शर्यातीकुल बीच ककुद्मी सुना रेवती थिन् तिनकी।
दिऊँ सुता कसलाई भन्दा भने विधिले वचन यही॥
"भार भूमिको हर्न भनी जो पुण्य श्रवण भगवान बल।
अंश निजी ली जन्मेको छ उसलाई नै अर्प नृप!"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चौथो अध्याय

वैवस्वतका पुत्र नभग औ तिनका सुत नाभाग गुन।
पाए आफ्नो अंश पिताजी पिता भन्छन् पुत्र सुन ॥
छः छः दिनमा अङ्गीरसहरु वैश्वेदेविय सूक्त दुई ।
भुल्छन् भनिदिनु त्यो मखबीच द्रव्य दिनेछन् शेष जति ॥"
भनेअनुसार गरी गए ऋषि धन लिन माग्दा शिव भन्छन् ।
',मेरो धन हो सोध पितासँग', भने नभगले 'हो भगवन् !"
खुशी भै सत्य कुराले मंत्रद्रष्टा लाई प्रेम गरी ।
दिनुभो साक्षात् ज्ञान सनातन सत्यप्रिय शिवले यसरी ॥
संझे साँझ सवेर हुनेछ ज्ञानी कवि वेदज्ञ जन ।
अंबरीष थे तिनका छोरा प्रभुका साँचा भक्त सुन ॥
दुर्लभ वैभव थियो परन्तु संझन्थे नृप स्वप्न समान।
प्रेम भक्त प्रभुप्रति हुँदा नित द्रव्य लोष्टवत् भयो तमाम ॥
प्रभुपदमा मन, कान कथामा, लोचन दर्शन गर्न सदा।
नतिमा शिर औ स्तुतिमा वाणी,, राख्थे प्रभुमै वृत्ति सदा ॥
ब्राह्मण हरु जो भन्थे त्यसमा सही गर्दथे भूप सदा ।
कथा र कीर्तन सुन्दै भन्दै चाहँदैन थे स्वर्ग प्रजा
सुत, गृह, धन, स्त्री सबै असत्य भन्ने निश्चय थियो सदा।
त्यसो हुनाले रक्षालाई थियो सुदर्शन चक्र खडा ॥
दुर्वासा ऋषि थिए कुनै दिन अतिथि यिनकाँ किन्तु व्रति ।
व्रतको संकट पर्दा नृपले पानि पिएछन् थाम्न स्थिति ॥
झोकिएर ऋषि जटा पछारे कृत्या निस्की घोर भई ।
झम्टी राजालाई किन्तु भष्म गऱ्यो प्रभु चक्र गई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पिछा लियो पछि त्यसले ऋषिको दौडे दौड्ने सम्म उनी।
विधि, शिवले पनि दया गरेनन् प्रभुकै पदमा परे अनि॥
भगवान् बिष्णु आज्ञा हुन्छ 'भक्त पराधिन छू म अति।
जानोस् गर्लान् क्षमा उनैले मेरो थयै चल्दैन गति॥
हृदय साधुको मैं हूँ मेरो हृदयै सज्जन छैन फरक।
गरे सन्तको अनिष्ट उल्टा आफैंमा बज्रन्छ सतत॥
विद्या औ तप यी दुइ कृत्य मोक्ष दिने हो विप्रकन।
किन्तु नम्रता नभए त्यसक्रन फल उल्टा हुन जान्छ भन॥"

पाँचौं अध्याय

ऋषि आई निज शरण परेमा भन्छन् राजा चक्र प्रति।
"नाथ! मदेखि खुशी भए यदि! बिज्वर हुन् अब झट्ट ऋषि॥"
हट्यो सुदर्शन खुशी भए ऋषि, विष्णु भक्तको बुझे प्रभाव।
वर्षौं पछि भो भोजन दुइको, दुर्वासाजी फिरे स्ववास॥
आफ्नै कारण ऋषिजी दुखमा पर्नु र स्तुतिले छुट्नु पनि।
आफू द्वारा हो तर नृपले सम्झे हरिकै दया मनी॥
सर्वकर्मले परमेश्वरमा भक्तिको अभिवृद्धि गरी।
नरक सरी सब सम्झी लोक पाए आखिर ब्रह्मगति॥

छैठौं अध्याय

वैवस्वतका सुत इक्ष्वाकु तिनका शयमा एक शशाद।
थिए ककुत्स्थ तिनका छोरा जिते स्वर्ग गै दैत्य अगाध॥
थिनका कुलमा थे मांधाता, जन्मे बाबूबाट थिनी।
छोरी पचास सौभरि ऋषिले विहा गरे अति मोह बनी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जलमा माछा माछी देखि सांसारिक सुख भोग गरे।
सम्झी अघिको आस्था पछुतो गर्दै प्रभुमा लीन भए॥
पत्नीहरूले पतिको देखे थे जब आध्यात्मिकी गति।
शान्त अग्निमा ज्वाला तुल्य लीन भए भो शान्त स्थिति॥

सातौं अध्याय

मान्धाता कुल बीच त्रिशंकु हरिश्चन्द्र थे तिनका पुत्र।
भने वरुणसंग "छोरो पाऊँ गर्छु त्यसैले यज्ञ पवित्र॥"
पाए छोरा यज्ञ गरेनन् आले टाले गरी गरी।
वरुण रिसाए लाग्यो रोग छोराको प्रति स्नेह गरी॥
शुनःशेप किनी नरमेध गरे रोग निको भो स्वस्थ भए।
आखिर रानी साथै नृपले निर्मल हरिपद प्राप्त गरे॥
मखमा होता विश्वामित्र थिए अध्वर्यु जमदग्नि।
व्रह्मा वशिष्ठ र साम गाउने अपास्य थे मृदु गला हुनि॥
पत्नी सहित श्री हरिश्चन्द्रजी लाइ सत्यमा देखि दृढ।
ज्यादै विश्वामित्र खुशी भै दिनुभो अव्यय ज्ञान शुभ॥
जस द्वारा निर्वाण सुसंविद पाई त्यागी ज्ञान पनि।
पाए स्वस्थिति अनिर्देश्य श्री अप्रमाण जो रेछ बनी॥

आठौं अध्याय

हरिश्चन्द्रका कुलमा जन्मे सगर नामका नरेश्वर।
तिनका छोरा साठी हजार कपिल–सामु गै दढे, सब॥
यिनीहरूलाई कपिल क्रोधले जले भन्दछन् मूर्ख जन।
जसले जगतै पावन गर्‍यो हुन्छ त्यहाँ रिस कसो भन ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सांख्यमयी दृढ नाउ बनायो मुमुक्षुहरू जसबीच चढी ।
पार पुग्दछन् त्यस्तो प्रभुमा होला कसरी पृथङ्मति ?॥
असमंजस थे अर्का छोरा योगेश्वर भै हिँडे उनी ।
तिनका छोरा अंशुमान गै विनय कपिलमा गरे अनि ॥
"ब्रह्मा पनि देख्तैनन् तिमिकन युक्ति समाधी आदि गरी ।
तिनका सृष्टि ऋषिमुनि हामी के गरी संझौं त्यो पदवी ॥
यो जग मायाको छ करामत सत्य संझने मूर्ख नर ।
घर, तनहरू मै भट्की रहन्छ क्रोध कामना गरी नित ॥
बाहिर बुद्धि हुने जन जानोस् के गरी आफ्नो सत्य स्थिति ?
चतुसन्ले ता बुझ्न सकेनन् मूढ म जानौं कसो गरी ॥"
"काकाहरू यो गङ्गाद्वारा मात्र हुनेछन् सब उद्धार ।"
भन्ने प्रभुको आज्ञा पाई आए घोडा लिई कुमार ॥

नवौं अध्याय

अंशुमानका नाति भगीरथद्वारा गङ्गा भूमि प्रति ।
आई क्षणमै दिइन् सगरका छोरालाइ परं गति ॥
सौदास भए तिनका कुलमा बाह्र वर्ष ती दैत्य बनी ।
खाए ब्राह्मण, पाए श्राप "मैथुन गर्दा मरेस्" भनी ॥
तिनले स्त्रीमा वशिष्ठद्वारा पाए अश्मक एक सुत ।
तिनका कुलमा थे खट्वाङ्ग जिते स्वर्ग गै दैत्य सब ॥
था पाई सुरबाट आयु निज भने "ब्रह्मकुल मेरा छन् ।
इष्टदेव ती भन्दा प्यारा छैनन् स्त्री, सुत, भू, तन, धन ॥
बचपनमा पनि चित्त अधर्म तर्फ गएन त्र कुनै दिन ।
कृष्ण देखि अतिरिक्त कहीं पनि देखिनँ मैले वस्तु पन ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इन्द्रिय मन छन् विषय प्रति नै भने देवतै नहुन् किन ?
प्रियतम लाई जान्दैनन् झन् जानुन् तम, रज गुणी कुन ? ॥
अतः विषयमा रम्दिन अब म जो छ समरको नगर समान।
"शरण म पर्दछु" भन्दै भाव-मग्न भए खट्वाङ्ग महान ॥
प्रभुले पहिल्यै हुँदा खिचेको छाडी जगका भाव अरू ।
पाए प्रभुपद भन्छन् जसकन 'वासुदेव' यो भक्तहरू ॥

दशौं अध्याय

खट्वाङ्गको कुलमा 'राम' नाम लिई हरि पाल्नुभयो।
जनक कहाँ धनु भाँची सीता साथ विहा शुभ गर्नु भयो ॥
पाल्नु भयो बन खल रावणले सीता लाई हऱ्यो उहीं।
विरूप गराई सुर्पणखाकन राज भयो बन दुःख सही ॥
दीन सरी भै घुम्दै वन वन सीता खोज्नु भयो अति ।
यो शिक्षा थ्यो स्त्रीमा जो नर आसक्ती छन् तिनी प्रति ॥
पुल बांधी खल रावण मारी भक्त बिभीषणबाट अहो !
अन्त्येष्टि सब क्रिया गराई हेर्न जानकी पाल्नु भयो ॥
अशोक वनमा दुःखी विरही आफू लाई देखीकन ।
हुने उज्याली सीता देखी भयो कृपाले द्रवित मन ॥
एक कल्प भर लंका राज्य दिई विभीषण लाइ तमाम ।
पाल्नु भयो हरि भरत जहाँथे प्रथम त्यहीं नै चढी विमान ॥
गोमूत्र विच पाकेको जौ खान्थे बल्कल जटा भिरी ।
भुँमा सुत्थे देखी राम दुःखित हुनुभो अश्रु झरी ॥
प्रेममिलन भो राम भरत को अश्रु द्वारा भिजे दुवै ।
टक्-पाउनुभो राज्य भरतले, सुखसागरमा डुबे सबै ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एघारौं अध्याय

बसिष्ठ कन आचार्य गराई शुभ सामग्री जमा गरी।
आफैं आफ्नो आश्रम यजन हरि गर्न लाग्नुभो व्यक्ति सरी॥
दान गर्नु भो सीताराम ले द्विजकन सर्वस्व जगत्।
वापस गर्दै भन्छन् ऋषिमुनि देखी प्रभु वात्सल्य सहज॥
"अज्ञानान्ध त सबै हटायौं हाम्रो हृदबिच पसेर राम!
के दिन बाँकी राखेको छ र? प्रभुले पर्छौं शरण महान॥"
राम कुनै दिन भई गुप्तचर हिंडदा यस्तो सुन्नु भयो।
"राम सरी स्त्री लोभी म हैन अतः तँलाई राख्तिनँ" यो॥
दुनियाँको अपवाद सुनी पछि सीतालाई त्याग्नु भयो।
सीताजी पनि लव, कुश पाई पृथ्वीतलमा पाल्नुभयो॥
हाल सुनी यो रोक्ता पनि गुण सीताजू को ललित अहो!
हरिले बिर्सन सक्नु भएन स्त्रीको गुण अरू भुल्ने को?
अग्निहोत्र गरी तेह्र हजार वर्षौं ब्रह्मचर्य बसी।
स्वजन हृदयमा छाडी पाउ, पाल्नुभयो हरि धाम पछि॥
गाउँदछन् नृप जसको कीर्ति राजसभामा अझै पनि।
त्यस्ता रघुपति चरणकमलमा शरण म पर्दछु दीन बनी॥

बाह्रौं अध्याय

कुशका कुलमा योगेश्वर मरु जन्मे छन् यी अझै पनि।
कलिमा रविकुल नाश भएमा चलाउनेछन् वंश यिनी॥
यिनका कुलमा शाक्य हुनेछन् तिनका सुत शुद्धोद अनि।
आखिर यिनका कुलमा राजा सुमति हुनेछन् पुछाउनी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेह्रौं अध्याय

ईक्ष्वाकु सुत निमिले डाके बशिष्ठकन मख गर्न भनी ।
उत्तर पाए "सुरपतिको मख सकी गरौंला" पछि भनी ॥
निमिले थाले यज्ञ नपर्खी रिसिए ऋषि औ आपसमा ।
"मरेस्" भनी यो श्राप दिएर ऋषि जन्मे उर्वशीमहाँ ॥
निमि निमेष मैं बसे परन्तु तिनको काया मथेपछि ।
जनक भए नृप तिनका कुलमा भए पछाडि महावशी ॥
मैथिल नृपहरू ज्ञानी थे सब योगेश्वरका प्रसादले ।
घरमै रहंदा पनि सबका सब द्वन्द्वद्वारा मुक्त थिए ॥

चौधौं अध्याय (चन्द्र वंश)

चन्द्रवंश अब भन्छु पवित्र, नारायणका पुत्र विधि ।
ब्रह्माका सुत अत्रि उनमा जन्मे अमृत तुल्य शशी ॥
बुध हुन् शशिका छोरा फेरि तिनमा जन्मे पुरूरवा ।
यिनको गुण, यशद्वारा आइन् यिनकै सँग उर्वशी अहा ! ॥
धेरै रम्मन् यिनका साथ खेली छाडी गइन् पछि ।
पाए यिनकै लोक पुरूले पुरूमै निस्कयो बेदत्रयी ॥

पन्ध्रौं अध्याय

ऐलवंशमा गाधि भए ऋषि, सत्यवती थिन् एक सुता ।
ऋचिक ऋषिले व्याही पाए जमदग्नि ऋषिलाई यता ॥
जमदग्निमा हरिको अंश परशुरामजी पाल्नुभयो ।
पछि एक्काइस बाजी सारा क्षत्रियलाई मार्नुभयो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गाई चोर्ने हैहयलाई फौज सहित सब मार्नु भयो ।
कामधेनु गौ दिई पितामा 'मारें राजा' भन्नुभयो ॥
जमदग्निले भने ',राम! यो अपराध गऱ्यो नृप भारी।
तीर्थ घुमीकन आऊ बाबा! अच्युतलाई मनमा ली ॥
भयौं क्षमाले हामो पूज्य पूज्य बने विधि क्षमै गरी।
विप्र क्षमा ले चम्कन्छन् अति सूर्य प्रभा झैं झलल परी॥
क्षमा गरेमा सर्व शक्तिमान् शीघ्र हुनेछन् प्रसन्न हैं।
चिसो भूमिमा पर्ने आगो निस्दैन र के स्वयं त्यसै ॥

सोहरौं अध्याय

एक वर्षतक घुमेर तीर्थ परशुराम कुटि फिर्नु भयो ।
वचन पिताको मानी आमा दाज्यूलाई मार्नु भयो।
नपाउँदा हुन हवन समयमा प्रभुले यस्तो गर्नु पऱ्यो ।
"वर ल्यौ" भन्दा "बांचुन् यी सब" जमदग्निमा भन्नु भयो॥
हैहयका सुतहरूले बाबुलाई मारे भनी सुनी।
मार्नु भयो गै ती सबलाई, बचाउनुभो पिता पनि॥
महेन्द्र गिरिमा राज भएको, छ अझ भार्गव रूप हरि।
बस्छन् सुर, गंधर्व र चारण बरपर प्रभुको कीर्ति छरी॥
गाधिका सुत विश्वामित्र क्षत्रिय भै जो विप्र बने ।
छोरा शय थे त्यस मध्येका कोही छोरा म्लेच्छ बने॥

सत्रौं अध्याय

पुरूरवाका छोरा आयु तिनका छोरा पांच अपूर्व ।
यिनकै कुलमा पाल्नुभयो हरि धन्वन्तरिको लिई स्वरूप॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यिनकै कुलमा भए अलर्क, भए कुनै ता बिप्र पनि।
आयुकै सुत नहुष नृपति थे, सुन अब उनको वंश पनि ॥

अठारौं अध्याय

देवयानी औ शर्मिष्ठाहरू न्वाउन हृदमा पसे दुई।
गुरूपुत्रीको वस्त्र लिईछन् शर्मिष्ठाले झट्ट भुली ॥
गालि गरिन् अति गुरुपुत्रीले शर्मिष्ठाले कुवा प्रति।
दिइन् खसाली आई ययाति दिए बचाई झट्ट झिकी ॥
यिनै नहुषका पुत्र ययातिसँग भो यिनको विहा पछि।
दासीमा शर्मिष्ठा लगिईन् दुवै . बनेछन् गर्भवती ॥
"दासीमा पनि गर्भ रह्यो" यो कुरा सुनी श्रीउशनाले।
खूब रिसाई ज्वाइँलाई "वृद्ध भए" यो श्राप दिए ॥
"श्वसुराको यो श्राप सुनेर मागी यौवन फेरि पनि।
'साट्न कसैसँग पाए साट" यस्तो उत्तर लिए पनि ॥
अरू छोराले यौवन नदिँदा साटे कान्छो पुरू सँग।
भोगे नाना विषय हजारौं वर्षौं सम्मन् सोख संग ॥
नभमा घन झैं जसमा विश्व कहिले देखा पर्छ नृप।
कहिले यो ः खिन्न उही हरि को राजाले गरे मख ॥

उन्नाईसौं अध्याय

ययाति नृप पछि भै वैराग्य निज गाथा सब प्रिया प्रति।
बोकाको छलबाट भनेर तत्व विषयको सबै बुझी ॥
प्वाँख बढेपछि गँड घराले झैं नृपले पनि लिङ्गतन।
सूक्ष्मानुभवबाट छुटाई अमल ब्रह्ममा पुगे सुन ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवयानिले पतिको वाणी निर्गुण पथको प्रेरक हो।
सम्बन्धीको भेट–घाट हो प्याउका झैं यात्रीको ॥
यस्तो ठानी स्वप्न सरीको सङ्गत छाडी कृष्ण–चरण।
मा मन अर्पी लिङ्ग देह यो त्यागी पाइन् गति परम् ॥
जानु पहिले ययाति नृपले कान्छो छोरा पुरूकन।
उनको यौवन साथै राज्य दिई हिंडे थे शून्य वन ॥

बीसौं अध्याय

पुरू वंशमा थे दुष्यन्त, वनमा व्याहे शकुन्तला।
भरत नामका पाए छोरा हरिका थे जो अंश अहा!
दिग्विजय गरी मारे घेरै म्लेच्छ भरतले लोक घुमी।
प्रवृत्तिपरक मख एकशये औ तेतिश बाजी गरे पनि ॥
तीन रानी थे पुत्र भएनन्, सन्तति पाउन यज्ञ गरे।
मरुत्हरूले "भरद्वाज" यो नाम भएको पुत्र दिए ॥

एक्काईसौं अध्याय

रन्तिदेव थे भरद्वाजका कुलमा दानी, धीर गरीब।
अठचालिस दिन सम्मन् भोकै परे विचारा बन्धु सहित ॥
आयो केही खाने चीज लागे बांडी, खान भनी।
ब्राह्मण आए बांडे तिनमा आयो यौटा शूद्र अनि ॥
त्यसलाई दी लागे खान, आयो कुक्कुर लिई कुनै।
दिई खुशीले बाँकी खाना, लागे पानी पिउँन कठै ॥
आयो "पानी देऊ" भन्दै पुलकस अर्को दीन बनी।
पानी अर्पण गर्दै भन्छन् अमृत भर्ने वाक्य उनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"चाहन्न म क्यै ईश्वरबाट अष्टसिद्धि औ मोक्ष पनि ।
केवल दुःखीहरूको दुःख भोग्न म पाऊँ एक बनी ।"
तीन रहेछन् विष्णु र विधि, शिव दिन आए क्यै सामु तर ।
गरी नमस्कार राजाले पनि स्पृहा गरेनन् कुनै वर ॥
अर्पे मन श्री वासुदेवमा माया काटी पार पुगे ।
यही वंशमा दिवोदास औ आखिर कृप औ कृपी भए ॥

बाईसौं अध्याय

भरद्वाज कुलमा अजमीढ तिनका कुलमा कुरु भए ।
कुरुकै कुलमा जरासन्ध औ शन्तनु आदि भूप भए ॥
विचित्रवीर्य र भीष्मपितामह शन्तनुकै सुत थिए दुवै ।
भए पराशर ऋषिका व्यास तिनको छोरो भएँ म नै ॥
भ्रातृ-क्षेत्रमा व्यास पिताका थे धृतराष्ट्र र पाण्डु; बिदुर ।
धृतराष्ट्रमहाँ दुर्योधनादि थिए पाण्डुमा पाण्डव बीर ॥
दिवोदास कुल बीच द्रुपद थे तिनका धृष्टद्युम्न भए ।
अर्जुनका थे सुत अभिमन्यु पिता हजुरका उनै भए ॥
यो कुल कलिमा हुन्छ समाप्त राजा क्षेमक कहाँ पुगी ।
मागधहरू पनि वर्ष हजार पछि दब्नेछन् क्यै नरही ॥

तेइसौं अध्याय

ययातिका सुत अनु थे तिनका कुलमा अधिरथ भूप भए ।
द्रुह्यु थिए अनि अर्का छोरा तिनका शय सुत म्लेच्छ बने ॥
अर्का सुत यदु तिनका कुलमा वृष्णि तथा मधु भए पछि ।
यिनकै कुलमा थे शशबिंदु औ थे ज्यामघ लोकपति ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चौविसौं अध्याय

ज्यामघ कुलमा अन्धक, यिनका कुलमा आहुक भूप भए।
उग्रसेन थे यिनका छोरा यिनमै जन्म्यो कंस हरे ! ॥
ज्यामघ कुलमै वृष्णि, दशार्ह सात्वत, सात्यकि आदि भए।
सात्वतकै सुत अन्धक तिनका कुलमा नै भजमान भए ॥
यिनकै कुलमा जन्मे शूर, तिनका सूत वसुदेव थिए।
शेष र हरिले बल औ कृष्ण विग्रह लिनुभो यिनै विषे ॥
प्रेम बढाई दाजु र भाई खेली व्रजमा दैत्य दली।
लीला गर्नुभयो अनेकन सुन्यो भने नर जान्छ तरी ॥
जसको आनन, हास, बिलास, नित्योत्सवले तृप्त नभै।
नर-नारीहरू खुशी भै पिउँथे क्षण क्षण निमिप्रति रिसाउदं ॥
मथुरा व्रजको, जन्म वसाई सम्बन्धी बिस्तार अनि।
तमगुण नाश र यज्ञ प्रचार गर्नु भयो प्रभु व्यक्त बनी ॥
अर्जुनको जय गरी घोषणा भार भूमिको हरीकन।
घाम गयो हरि गहना भूको उद्धवमा दी ज्ञान-धन ॥

दशम स्कन्ध पूर्वार्ध

पहिलो अध्याय

"सोम सूर्य औ यदुको वंश सुनें हजुरैबाट ऋषे !
अब यदुकुलमा जन्म लिने श्री हरिको लीला सुनौं ऋषे !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तृष्णा नभएकाले गान गरिएको भवरोग दवा ।
सुन्नेको मन कान रसीलो पार्ने रूचिर छ कृष्ण कथा ॥
आत्म घाती वा पशु मार्ने जन विना अरू यदि मनुज भए ।
प्रीति नगर्ला सुखद चरितमा को जन भन्नोस् मना ऋषे !"
सुनेर यस्तो प्रश्न नृपतिका सम्झी निर्मल कृष्ण कथा ।
श्री वैयासकि लागे गद्गद वाणीद्वारा भन्न अहा !
"राक्षस–राजाद्वारा पीडित कई कराइन् भई भूमि ।
सँग धौता ली ब्रह्माजीले केशवको स्तुति गरे अनि ॥
पाई उत्तर सुर प्रति ब्रह्मा भन्छन् "यदु बिच जन्म गई ।
माया औ प्रिय शेष सगै ली जन्म लिनेछन् त्यहीँ हरि ॥"
बिहा कुनै दिन भो वसुदेव देवकीको, नभवाणि भयो ।
"कँस ! तँ मर्छस् यिनको आठौं गर्भद्वारा सत्य छ यो ॥"
लाग्यो वहिनी मार्न तथापि घेर बुझाई ज्ञानहरू ।
दिउँला छोरो भनी छुटाए शौरिले निज नयाँ बधू ॥
जन्मे पुत्र र लगी बुझाए शौरिले प्रति धैर्य गरी ।
देखी समता भन्दछ कंस "डर यस द्वारा छैन रति ॥"
छाडिदिएपछि लिई गए सुत खुशी नभै उति शौरि पनि ।
"इन्द्रिय वशमा न हुने जनको प्राय हुन्न बिश्वास" भनी ॥
साधुमा छ के दुःसह वस्तु ? के छ उपेक्षा ज्ञानिकन ?
त्यागन जितेन्द्रिय सक्तैनन् के ? गर्दैनन् के ! नीच जन ?
'नन्द आदि सब ब्रजवासी औ वृष्णि र यादव प्राय गरी ।
सुर हुन्" यो था नारदबाट पाई खलले थुन्यो लगी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दोस्रो अध्याय

दुर्वदिन लाग्यो कंस कडा अति भागे यादव कता कता!
छैटौं मारी सक्यो पुत्रहरू सातौं जन्मे शेष अहा!
"रोहिणीमा अब देवकीगर्भ शेष पुऱ्याऊ झट्ट खिची।
जन्म यशोदा द्वारा देवी! पूज्य हुनेछौं विश्व प्रति ॥"
मायाप्रति यो दी आदेश आमाको शुभ कोष प्रति।
पाल्नु भयो हरि जगन्निवास तर भेँनन् उनी रूचिर उति॥
बन्द घडाको दीपशिखा र ज्ञानीखलको ज्ञान सरी।
भेंनन् आमा विकसित विश्वव्यापी लाई कोष धरी॥
भन्यो कंसले "बैनि, एक ता दोस्रो नारी गर्भवती।
गिर्दछु मारें भने म आफैं अन्धकारमय नरक प्रति॥"
यति भनीकन हटी हरिको जन्म प्रतिक्षा 'लाग्यो गर्न।
खांदा, सुत्ता, उठ्ता वस्ता पनि तन्मय भो भयो अनन्य॥
जन्मभूमि श्री मथुरा बीच ऋषि मुनि, नारद साथ लिई।
भुँमा टेकी शिर ब्रह्मा, शिव लागे गद्गद गर्न स्तुति॥

देवताको स्तुति--सातौं रत्न

"हे भगवन्! हरि सत्य स्वरूप! गर्छौं पदमा सत्य प्रणाम।
टाढा छौ मन वाणीको तर साधनमा प्रभु! हुन्छौ भान॥
"मुक्त म हुँ" भनी ठान्ने मूर्ख माथिर चढ्छ र गिर्छ अति।
प्रभुका भक्त त तल गिर्दैनन् निर्भय हिंड्छन् विघ्न मिची॥
नाथ! हजुरको यदि नभए यो सत्वगुणी अवतार तन।
कसो गरिकन पुछ्थे मानव भेदभाव अज्ञान पन॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिम्रो पावन नाम रूपको कीर्तन चिंतन, श्रवण, स्मृति ।
गर्नेले भो झेल्नु नपर्ने जन्म मरणको विकट स्थिति ॥"
गर्भस्थित हरिको यस्तो स्तुति गरी विधाता, शम्भु, सुर ।
आमालाई "नडराउनुहोस्" भन्दै लागे धाम तिर ॥

तेश्रो अध्याय

सर्वतिर भो अति शोभन वेला जन्मनुभो हरि जेलविषे ।
नभमा गाए, नाचे, पुष्प वृष्टि गरे, सब मग्न भए ॥
चार हात हरि देखी शौरि गर्छन् गद्‌गद भई स्तुति ।
"जानें मैंले परम पुरूष ह्वौ सबका साक्षी लोकपति ॥"
महापुरूषको लक्षण देखी आमा भन्छिन् सामु गई ।
"प्रलय भएमा हुन्छौ शेष, अब बालक बन झट्ट यहीं ॥
कालद्वारा डरले भाग्दा नाथ ! नपाई शरण कहीं ।
जब भेट्तछ नर तिम्रो पाउ अनि सुत्तछ त्यो स्वस्थ बनी ।
भय छ कंसको रूप चतुर्भुज झट्ट लुकाऊ हे मोहन ।
देहै आत्मा मान्ने लाई कहाँ छ योग्य र यो दर्शन ?"
पूर्व जन्मको सब बृत्तान्त भनी पिताजी लाई प्रभु ।
बालक हुनुभो प्राकृत तुल्य हेर्दा हेर्दै धन्य प्रभु ॥
लिई गए ब्रज आज्ञा पाई, द्वार खुल्यो सब एकाएक ।
वर्षाउँदछन् जलकण मेघ फणा फिजाई रोक्छन् शेष ॥
गहिरी, भँवरी युत थिन् यमुना को ले ? भन्दै पार पुगे ।
छोरो राखी फर्के शौरि नन्दसुता ली जेल हरे ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चौथो अध्याय

खाँदा, सुत्ता, हिँड्दा, वस्ता जे गर्दा पनि लग्न भई।
गरीरहन्थ्यो कंस प्रतिक्षा कहिले हरि जन्मन्छ भनी॥
"जन्म्यो" भन्ने शब्द सुनेर झट्पट आई कंस त्यहीं।
लिई पछाऱ्यो, तर नभमा गै देवीले यो भनिन् पनि॥
"यहीं कतैतिर तेरो मृत्यु छ, दुःखीलाई व्यर्थ नमार।"
सुनी कुरा यो बैनी ज्वाइ, छाडि पछुतो गऱ्यो अपार॥
त्यसका भोलिपल्ट कुमतिले डाकी, मन्त्री दैत्य पनि।
घटना सारा गरी बयान अनुमति माग्दछ भीत बनी॥
पाई अनुमति धर्म सनातन, गाई ब्राह्मण, वेद, ऋषि।
नष्ट गराउन असुर खटायो थाले ती पनि गर्न खति॥
जसको शिरमा नाच्छ मृत्यु त्यो गर्छ सन्तको अनादर।
जसले श्री, यश धर्म, आयु, सुख साधन गर्दछ नष्ट सब॥

पाँचौं अध्याय

ज्योतिषी, ब्राह्मण डाकी नन्द दान गरी अति खुशी बनी।
स्वस्ति-वाचन पढ्न लगाए पाए छोरो योग्य भनी॥
नौनी दहि ली पुगे सखीहरू कुण्डल भूषण झिली मिली।
वसन लगाई फूल खसाई व्रजको सुन्दर मार्ग भरी॥
आशिष दी कन गाउँन लागे नन्दोत्सवमा भेला भै।
बज्यो बिचित्रित मंगल बाजा अनन्त आए भनी सबै॥
व्रज नै उलट्यो नन्दभवनमा छ्यापे हर्दी तेल पनि।
गोपहरूले छ्यापा छ्याप दहि, जल, नौनी गरे पनि॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिनं गए कर मथुरा नन्द, शौरी आई कुशल पुछी।
भन्छन् "आईहाल्नोस् हे प्रिय ! हुने छ व्रजमा विघ्न अति ।।"
शौरीको यो कुरा सुनी हरिः शरणम् भन्दै नन्द पनि।
लागे गोकुल मथुराबाट चढेर गाडा भीत बनी ।।

छैठौं अध्याय

नित्य कार्यमा जहाँ हुन्न श्री हरिको कीर्तन, श्रवण, स्मृति।
त्यहीं राक्षसी को वस्त चल्छ पर्छ अनेकन दुःख स्थिति ।।
आई पूतना सुन्दर रूप लिई कुनै दिन महावन।
प्याउन थाली दूध विषाक्त लिई काखमा जनार्दन ।।
तर पीदिनुभो प्राण समेतै लडी भयानक रूप लिई।
छः कोषका रूख चूर्ण भए सब त्यसका तनले दम्म थिची ।।
झट्ट सबाती ल्याए कृष्ण गोपीहरूले स्नेह गरी।
थाले सातो बोलाउँन सब पऊँत हरूले न्याइ वरी ।।
भूत, प्रेत औ रोग समस्त ग्रह, स्वाप्निक, उत्पातहरू।
हुउन् नाश्र हरि नामोच्चारण का प्रभावले विघ्नहरू ।।
फिरे नन्दहरू मथुराबाट देखे पूतना देह महान्।
तन द्वारा सौगन्ध वहेको अति आश्चर्यित बने तमाम ।।
मार्न भनी विष स्तन प्याएर पाई यसले परं गति।
भने भनौं के श्रद्धा पूर्वक चढाउनेको श्रेय गति ।।

सातौं अध्याय

भूपं सोद्धथन्--शैशव लीला हुनेछ तृष्णा शान्त सुने।
सख्य भक्तमा भक्ति कृष्णमा निर्मल मनवा हुन्छ सुने ।।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्छन् शुक— थ्यो हरिको कोल्टे फिर्ने उत्सव नन्द कहाँ।
उत्सवमा सब आएका थे व्रजवासीहरू गोकुलमा॥
गाडा मनि थ्यो शयन हरिको आमा थिन् सत्कार प्रति॥
रूने पुत्रको स्वरै सुनिनँ छन् स्वागत मै थिन् मस्त अति।
पय: पानको निति कृष्णले पाउ उफार्दा जोड सँग।
पल्ट्यो गाडा, पय, दधि द्वारा छ्याल ब्याल भो भूमि सुन॥
कुनै एक दिन कृष्ण काखमा गह्रौं हुँदा भू बीच धरिन्।
चिंतन गर्दै हरिको आमा घरको धन्दा गर्न पुगिन्॥
तृणावर्त नै आँधि भएर कृष्ण उडायो बेग सँग।
चूर्ण भयो तर खसी जमीनमा झर्नु भयो हरि उसै सँग॥
पियाउँदै स्तन, खाँदै हवाई, हरिको मुखमा कुनै दिन।
स्थिर, चर देखी, आँखा चिम्लिन् आमाले भै भीत–मन।

आठौं अध्याय

गर्ग महावन आए क्वै दिन, गरे दुवैको नाम–करण।
"राम" "कृष्ण" भो मुख्य अरू पनि नाम अनेकौं गरे वरण॥
लागे वामे सर्न दुवै ती व्रजआँगनमा मुग्ध भई।
नाना थरिका खेल्थे खेल गोपी हेर्थे लुब्ध भई॥
बाछाहरूको पुच्छर पकडी खेल्थे झुन्डिई युगल प्रभु।
छाडी धंदा लोट पोट भै हाँस्तै हेर्थे सखी हरू॥
आगो, काँटा, यमुनामा पनि पस्थे चञ्चल नाथ हरू।
आमाहरू सक्दैन थिए निज गृहको गर्न कार्य अरू॥
लागे ताती गर्न खडा भै देखी चञ्चल नन्दकुमार।
लाउँदछन् सब गोपी आई आमालाई कुरा अपार॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"बाछा फोई छाड्दछ कहिले चोर्दछ कहिले नौनि दही ।
केही नपाए न्वाउँछ बालक, फोर्दछ भाँडै क्रुद्ध भई ।।"
"माटो खाए हरिले" भन्ने सुनी मुमाले पक्डी हात ।
हेरी मुखमा देखों स्थिर चर, स्तुति गर्छिन् भै छक्क अपार ।।
"मेरा गोधन, गोप र गोपी यी मेरा सुत, प्राणपति ।
भन्दछु जसको मायाद्वारा, त्यो श्रीहरिमा गर्छु नति ।।"
वेद, उपनिषद, योग सांख्य श्री सात्वत जसको गान गरी ।
अघाउँदैनन् त्यस्ता प्रभुकन छोरो ठानिन् तत्व भुली ।।
"नन्द यशोदा पिता र माता हैनन् तैपनि कुल नपले ?
भाग्य मिल्यो यो ?" सोध्ने नृपमा भन्छन् श्री शुकदेव सखे !
द्रोण नन्द हुन् धरा यशोदा, पहिले पनि थे भक्त अति ।
ब्रह्माको वर सत्य गराउन पाल्नु भयो हरि पुत्र भई ।।"

नवौं अध्याय

बाल चरित गाउँदै यशोदा लागिन् मन्थन गर्न दहि ।
रोक्नु भयो श्रीहरिले हात पक्डीकन अति स्नेह गरी ।।
झट्ट उठाई राखी काख प्याइन् स्तन वात्सल्य बढी ।
उम्ल्यो दूध ए फाली कृष्ण झट्ट उतारिन् भित्र कुदी !
रिसले ठेकी फोरी कपिमा दिनुभो नबनी खान भनी ।
लट्ठी ली पछि जाँदा आमा, भाग्नु भयो हरि भीत बनी ।।
योगी जनहरू पाउँन जुन स्थिति सूक्ष्म शुद्ध मन बनाउँछन् ।
त्यही कृष्णको पीछा लीकन हेर यशोदा दगुर्दछिन् ।।
दौडी पछि पछि थकित भई अति बल्ल समाइन् नन्दकुमार ।
दाम्लो ल्याई लागिन् बाँध्न दुइ अंगुल कम भयो नृपाल !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्को ल्याइन् दुइ अंगुल नै कम भो ल्याइन् अरू सबै ।
दुइ अंगुल नै कम भो आखिर बांधिनुभो हरि झट्ट यसै ॥
जसको वशमा सारा लोक छ त्यसले बाँधिएर यहाँ ।
देखायो यति प्रेमीको वश म छु मनीकन अभिज्ञपा ॥
सुलभ छ जति यो गोपीनन्दन भक्तहरूकन यहाँ नरेश !
छैन त्यति अभिमानी ज्ञानी कर्मीलाई पनि विशेष ॥
अघि नारदको श्राप परेका खरिका रुख थे त्यहीं दुई ।
आफ्ना घरमा लाग्दा ओखल ताग्दै पाल्नुभयो त्यहीं ॥

दशौं अध्याय

कुवेरका सुत शिवका सेवक नलकूवर मणिग्रीव दुइ ।
नाङ्गै खेल्थे रक्सि पिएर युवतीसंग जलवीच गई ॥
नारद पुग्दा पनि ती दुइले पँरेनन् निज वस्त्र अहो !
भन्छन् नारद "अरू मद भन्दा धन मदले जन गिर्छ अहो !
जन्म वृक्ष भै गोकुल वीच" भन्दै ऋषिले श्राप दिए ।
अहिले प्रभुको ओखल तेर्सो लड्यो र निस्के स्वच्छ भए ॥
यमलार्जुन रूखबाट तिनीहरू निस्की साह्रै दीन भई ।
दामोदरको निकट गएर गर्छन् स्तुति पद वीच नुही ॥
प्रभुपदमा मन, कान कथामा आँखा दर्शन बीच भुलोस् ।
नतिमा शिर ओ स्तुतिमा वाणी प्रभुसेवामा हात भुलोस् ॥"
वर पाई शुभ प्रभुको भक्ति, नलकूवर मणिग्रीव दुई ।
दामोदरको आज्ञा पाई, लागे आपना धाम प्रति ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एघारौं अध्याय

शिशुलीलाले गोप र गोपीलाई प्रफुलित पराउँदै ।
नाची, गाई प्रीति बढाई खेल्नुभयो हरि हँसाउदै ॥
गोपीको वश परी मुग्ध भै हुन्थ्यो पाउँनु, नाच्नु हरि ।
आज्ञा मानी पिरा, खराऊ ल्याउनु हुन्थ्यो प्रीति गरी ॥
'फल ल्यौ' यो स्वर सुनी पाल्नुभो सर्वफलप्रद धान लिई ।
गिऱ्यो पथैमा सबै अनाज बिइन् किन्तु फल हात भरी ॥
फल अर्पँको बदला प्रभुले प्रेम रूप मणि गऱ्यो प्रदान ।
अन्तःकरण नै थियो टोकरी भाग्यो इच्छा अन्य तमाम ॥
खरिका दुइ रूख भाँचेको दिन खेल्ने यमुना बीच हरि ।
लाई डाकिछन् आमा "हे बल ! हे हरि ! आऊ झट्ट तिमी ॥
चढी सक्यो दिन पेऊ दूध खेलन पुग्यो प्रिय ! फर्क अरू ।
पर्खिरहेछन् तिम्रा बाबा पेऊ आई दान बरू ॥"
यसो भनी श्रीराम मुरारिलाइ समाई स्नेहसँग !
ल्याई आफ्नो घरमा स्नान, दान गराइन् कुनै दिन ॥
गोकुलमा अति देखी विघ्न गोपहरू सल्लाह गरी ।
सुखको खानी वृन्दावनमा सरे बसाइँ खुशी भई ॥
वृन्दावनकै तटमा यमुना गोवर्धन गिरि थियो अहा ।
देखी सुन्दर दृश्य प्रसन्न हुनुभो माधव, राम अहा !
खेल्थे नजिकै कृष्ण र राम गोप र खेल्ने वस्तु लिई ।
नाच्थे कहिले, खेल्थे गिर्रा खेल्थे कहिले जन्तु भई ॥
वत्स चराउन जाँदा आयो वत्सासुर हरि मार्न तर ।
हरिद्वारा उद्धार भयो त्यो बर्स्यो कुसुमित फूल, फल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वकले हरिकन निल्यो कुनै दिन बल्नु भयो हरि अग्नि सरी।
ओक्ली झस्ट्यो तर उद्धार गर्नु भयो तन चर्‌ चिरी॥
मृत्युको मुखबाट फिरेर प्रभुको मुख रति तृप्त नभै।
स्नेह सहित सब गोप निहारी कुरा गर्दछन् आपस यै॥
"जसले यसको गर्‍यो अनिष्ट अनिष्टमा त्यो स्वयं पर्‍यो!
वाक्य गर्गको सोन्है आना हेरन उतरी रेछ अहो!

बाह्रौं अध्याय

प्रातः कुनै दिन वनमा भोज खाने सुरले शृंग शुभ।
फुक्नु भयो सब गोप भए निज बाछा सँग ली उपस्थित॥
बाछा बालक ली, बनभोज खान भनी, बन कुञ्ज पसी।
पशु, पन्छी भै प्राकृत तुल्य खेल्नुभयो हरि चित्त लसी॥
थिए कृष्णका वत्स असंख्यन लगी मिसाए वत्स निजी।
चराउँदै वनमा बालोचित क्रीडा लागे गर्न शुचि॥
कहिले बक औ कहिले कोकिल, कहिले वानर, हाँस बनी।
कहिले 'छुन्छु म कृष्ण' भनेर दौड्दै खेल्थे मस्त बनी॥
भ्याउतो सँग गै उफ्री खेल्नु छपका मानुं पानी विच।
हाँस्नु छायाँ सँग अनि बोल्नु प्रतिध्वनि संग उच्च स्वर॥
जसको पदरज धेरै जन्म कष्ट गरे पनि छैन सुलभ।
त्यही कृष्ण सँग खेल्ने कस्तो व्रजवासीको भाग्य अवल॥
गुफा भनीकन अघको मुखमा गोप पसे ली वत्स दल।
श्रीहरि पनि गै, बढी गलामा गर्नु भयो उद्धार खल॥
बाछा बालक मरे समस्त, बिउँझाउनुभो दृष्टि दिई।
तेज मिल्यो गै हरिमा अघको निस्क्यो "जय! जय" शब्द अति॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूर्ति पापको थियो अघासुर तर पायो सारूप्य गति ।
साक्षात् नारायण नै उरमा पस्यो भन्नु के भाग्य स्थिति ?

तेह्रौं अध्याय

अघ मारीकन वत्स विपिनको नजिकै यमुना पुलिन बिच ।
भन्यो कृष्णले — खेलुँ सखा हो ! रेछ मनोहर हेर स्थल ।।"
गोपसखाहरू बसे वरिपरी बीचमा मोहन हेर अहा !
तुल्य कर्णिका स्वच्छ कमलको, लागे भोजन गर्न सफा ।।
वंशी पटुका बीच घुसारी लट्ठी सिंग ली काखीमा ।
बायाँ करमा गाँस छ सुन्दर मरूबाहरू छन् अंगुलिमा ।।
बसी सखाको बीच यज्ञभुक् टट्टा गर्दै हसाउँदै ।
छाक लाग्नु भो भोजन गर्न स्वर्गलाइ अति इख्याउँदै ।।
वत्स नदेखी सब घबडाए "म ल्याउँछु बस सबै" भनी ।
जानुभयो हरि खोज्न, यतातिर हरे विधिले गोप पनि ।
थाहापाई कृत्य नियतिको बाछा बालक बन्नु भयो ।
विधि औ आमा खुशी बनाउन वर्षौं सम्मन् धन्य प्रभो ।।
जस्ता बालक जस्तो वंशी कर पद जस्तो वदन थियो ।
उस्तै आकृति शील, बनी जग, छ विष्णु मय दर्शाउनु भो ।।
सर्वात्मा प्रभु आफू आफैं साथ गरीकन नित्य विहार ।
धेनु चराउन हुन्थ्यो जानु ब्रह्मा मोहित भए अपार ।।
गौ, गोपीको मातृभाव थ्यो उस्तै तर थ्यो स्नेह अधिक ।
प्रभुमा पनि थ्यो पहिलेको झैं पुत्र भाव तर मोह रहित ।।
वर्ष पुग्न कुछ बाँकी थ्यो तल हटिमा देखी वत्स गण ।
गौ गोवर्धनबाट वेगले ओर्ली चाटे प्याई स्तन ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृद्ध गोपले पुत्र गोपकन आलिगन गरी भए निहाल।
स्मरण हुँदा पछि आँशु वहन्थ्यो अनुप प्रेमको कस्तो चाल॥
देखी यो सब घटना दाउ भन्नु हुन्छ आश्चर्य परी।
"स्नेह कृष्ण प्रति मेरो जस्तै वत्स बालमा रेछ बढी॥
दैवी, मानवी, आसुरि कसकी माया हुन् यी अद्‌भुतकी?
हैन, हैन यो मोह मलाई पार्ने माया हुन् प्रभुकी॥"
दाउले जब ज्ञान दृष्टि दी हेर्दा गोप र वत्सदल।
देखी सबका सब नै कृष्ण, सोध्नु भयो प्रिय भाइ सँग
'भाइ कन्हैयाँ! बछडा ग्वाल न देवता हुन् ऋषि न जन!
तिमी एक्लै देखिइ रेछौ भिन्न भिन्न किन यहाँ मन?"
प्रभुले ब्रह्माको सब कर्तुत भाज्ञा भो श्री दाउ सँग।
देखे विधिले पहिलेको झैं खेलिरहेछन् ग्वाल सब॥
परे नियति अब चक्करमा अति दिनमा जुनकिरी तुल्य हरे!
जो महानमा गर्छ काम--छल प्रभाव आफ्नै नास्छ भरे॥
देखे विधिले अपूर्व फेरि रूप त्रिकालाबाधित सत्य।
उपनिषद नै लोचन वाला पनि देख्तैनन् जसको तथ्य॥
वेदान्तै पनि छैन समर्थ वर्णन जसको गर्न स्थिति।
तर्कबाट पर विधिले कुछ पनि जान्न सकेनन् नेत्र मुदी॥
जब विधिको भो चूर घमण्ड असामर्थ्यता देख्नु भयो।
विना प्रयासै प्रभुले माया को पर्दा झट खोल्नु भयो॥
देखे फेरि झट्ट विधिले सबको प्यारो वृन्दावन।
प्राणीको जो जीवन धन हो जो थ्यो तरू, तृण युक्त सघन॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जसको घेरा भित्र थिएनन् शोक र तिर्खा वैरपन।
सिंह र पशु, नर साथै घुम्थे मित्र सरी भै धन्य वन ! ॥
देखे आखिर विधिले माया शान्त भएका कृष्ण जब।
लठी स्वर्णको लाठी तुल्य लागे गद्गद गर्नं स्तव ॥

चौधौं अध्याय

चतुरानन छन्दछन्:—आठौं रत्न

गोपाल वेष भगवन् ! गर्छु प्रणाम खालि ॥
पिता बनी जगतको हेलाँ गरें मुरारि !
छोरै समान जानी देऊ क्षमा मलाई ॥
भक्ति छ श्रेय सरिता छाडी पिउन नाथ।
ज्ञानी बनेर कोही भुस कुट्छ हाय ! व्यर्थ ॥

तिम्रो समस्त लीला को सक्छ जान्न खोई ?
माया लिएर खेल्छौ कति हो कहाँ कसोरी ?
हेरेर पथ कृपाको भोगी विपाक खालि।
हृद्, वाक्, वपु समर्पण गर्बे छ मोक्ष भागी ॥

देखिन्छ लुक्छ जो जो त्यो हैन तथ्य प्यारे !
तस्मात् विराट् पनि हुन् माया फगत् विचारे ॥
आफू स्वयं तिमी हौ पराइ मान्दछन् क्वै।
स्वअन्तरात्मलाई बाहिर ढुँड्दछन् क्वै ॥

तिम्रो अतर्क्य आस्था जानिन्न तर्क द्वारा।
पाए प्रसाद लेश जान्नेछ भक्त सारा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पशु वा जहाँ कहीं होस् जन्मौं म पीर छैन ।
पाउँ म किन्तु तिम्रो सेवा सदैव गर्न ॥
छन् धन्य गाइ गोपी जसको पियो खुशीले ।
स्तन, जो थिएन तृप्त यज्ञादिको हविले ॥
देऊ तृणादि जन्म ब्रजको मलाइ शुद्ध ।
पदरज रहन्छ जसमा गोपादिको विशुद्ध ॥
छन् पूर्ण ब्रह्म जसका साँचा हितैषी मित्र ।
सौभाग्य उच्च तिनको गाऊँ कति म भित्र ॥
तिनको कुरा छ के ए –धारौं शिवादि हामी ।
पनि प्यूँदछौं सुधा क्यै छैनौं र भाग्यमानी ।
छौ नाथ विश्वको फल दिन्छौ सखा प्रति के ?
त्याग्यो तिमी भनी सब मन, प्राण, देह जसले ॥
छन् राग, द्वेष डाँकू, गृह जेल, मोह नेल ।
जब तक हजूरमा त्यो बन्दैन एक मेल ॥"
स्तुति गरी यो व्रज चौरासी कोश सबै तीन पटक घुमी ।
बाछा बालक अर्पी प्रभुमा, लागे ब्रह्मा धाम प्रति ॥
वर्षौंलाई क्षण भर ठाने गोपहरूले मोह बनी ।
खाई खाना लागे ब्रजतिर, हेरी अघको लाश पनि ॥
"कृष्ण बीच ब्रजवासीहरूको कसरी यस्तो प्रेम बढयो ?"
भन्ने राजासँग भन्छन् नृप– "सबको प्यारो देह छ यो ॥
तनका पछि हुन् धन जनहरू प्रिय तनभन्दा प्रिय आत्मा छ ।
कृष्णलाइ तिमी आत्मा सबको जान नहुनु किन प्रेम अब ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुरारिका पद रूपी नौका को नृप जसले प्रोत लियो ।
त्यसको निति भवसागर यो बाछाको खुर तुल्य भयो ॥

पन्ध्रौं अध्याय

कृष्ण दाजु पौगण्ड भए जब लागे गाई चराउन ।
जान्थे साथी ली बृन्दावनलाई पावन तुल्याउँन ॥
कुसुमाकर बनमा बल कृष्ण पाल्नु भयो गौ; गोप लिई ।
देखी शोभा मञ्जुल हरिले आज्ञा भो प्रिय शेष प्रति ॥
"हेर्नोस् दाजै ! बनका भ्रमरा, कोकिल, मृग, फल फूल, लता ।
गर्छन् स्वागत प्रभुको आज, धन्य रहेछन् ! धन्य यी ता ॥"
यसपछि खेली, दौडी, नाची पशु, भैं बन्दै युद्ध गरी ।
थाकी क्यै पर ताल विपिनमा ताल खसाले सबै मिली ॥
आयो धेनुक मार्न रिसाई भारी दिनुभो राम गई ।
आए अरु अरु मारिदिनुभो बल औ केशब दुवै मिली ॥
प्वांख, लता, फल सिउरी शिरमा रजले ढाकी केश अति ।
फर्की ब्रजमा, खाई खाना, सुकला हुन्थ्यो मस्त भई ॥
जमुनामा थ्यो पानी विषाक्त खाएछन् गौ, गोप, मिली ।
मरे सबै, श्री हरिले हेरी बिउँताउनुभो सुधा छरी ॥

सोहरौं अध्याय

राम बिना बन गयो कृष्ण तर देखि कुलक्षण नन्दहरू ।
बालक वृद्ध र बनिता निस्के भीत भई कन खोज्न प्रभु ॥
कालियको विष द्वारा दूषित जमुना देखी भित्र पसी ।
लड्नु भयो त्यस साथ यता हरि तटमा मूर्छा परे कति ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाच्नुभयो हरि त्यसको शिरमा सही नसक्नु भार भई।
छाद्यो रगतं, पायो दुःख, पत्नीहरूले गरे स्तुति ॥
"श्रेय गरेछन् त्यस्तो के र ? नाच्नुभयो शिर माथि हरि।
कृपा रहोस् प्रभु ! पतिको प्राण, बक्सी दासीहरू प्रति॥
पदरजको अधिकारी को हो ? आउँदैन गम सम्झ प्रति॥
जो पाउनँ श्री त्यागी इच्छा तप गर्छिन् अति कष्ट सही।
त्यही सुदुर्लभ पदरज पायो कसरी कोधी कालियले।
इच्छुँले पनि मोक्ष दिलाउँछ भने वस्तु अरू दुर्लभ के ?"
कालियले पनि गरी पुकारा आज्ञा प्रभुको लिई बरी।
पूजा हरिको गरी स्वबन्धु साथ लिई गो सिन्धु प्रति ॥

सत्रौं अध्याय

युद्ध गरूड सँग परी लुकेका हुन् यी कालीनाग यहीं।
निस्कनुभो हरि यमुनाबाट खुशी भए सब गोप पनि ॥
हालि अँगालो हांस्नुभयो बल बुझी कृष्णको दिव्य प्रभाव।
मिले परस्पर गोप र गोपी दान दिए गौ स्वर्ण अगाध॥
त्यो दिन यमुना तटमै बास बसे सबै ती थकित भई।
राति डडेलो लाग्यो हरिले पीदिनुभो अति दया गरी

अठारौं अध्याय

आयो ग्रीष्म व्रजमा किन्तु थियो बसन्त ऋतुकै भान।
कुसुमित थ्यो वन, कुञ्जे, पन्छी, हरियै थ्यो तृण, पात तमाम।
प्रकृतिमा नै टम्म मिलेर खेल्दै प्राकृत खेलतमाम ॥
पल्ल, अंकुर तृणलाई रम्नु हुन्थ्यो बाल ली वल, श्याम॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नृत्य गरे हरि गाउँदथे अरू बजाउँथे कवै वेणु र सिङ ।
ताली दिन्थे कोही भन्थे वाह ! वाह ! क्या सुन्दर ढंग ॥
बल, हरि गाउनु, वाद्य बजाउनु हुन्थ्यो नाच्थे सखा गण ।
राजा भूलन लीला गर्दै खेल्नु हुन्थ्यो कुञ्ज वन ॥
"हार्नेहरूले जित्नेलाइ बोक्ने" यो सल्लाह गरी ।
थाले खेल्न र दैत्य प्रलम्ब शिशु भै आयो मिल्यो त्यहीं ॥
गाई पशुहरू चराउँदै सब बोकिई बोक्तै हर्ष भई ।
आखिर भाण्डिरबटमा बल, हरि पुग्नुभयो गौ गोप लिई ॥
मूलपा थे दुई राम र श्याम श्याम तरफ नै हार भयो ।
बोक्नुभयो श्रीदामा हरिले, प्रलम्बले बललाई अहो ! ॥
आज्युदेखिन् पर पुग्यो बललाई बोकी खुशी भई ।
ताकत सकिई रूप लियो निज मारीदिनुभो मुड्कि दिई ॥

उन्नाईसौं अध्याय

यसरी खेल्दा पशु लागेछन् ढड्डीवनमा कता कता ?
भेटे आखिर आए पशुहरू प्रभुको बोली सुनी सफा ॥
उठी डडेलो आयो सर्वतिर सब ती लागे डढ्न अहो !
कहीं नपाई आश्रय गोप भन्छन् 'राम ! कृष्ण ! प्रभो !'
"आँखा चिम्ल त" भनी डढेलो हरिले पीदिनुभयो अनि ।
आँखा खोल्दा भाण्डिर बट पो देखे सबले छक्क बनी ॥
साँझ समयमा फिर्नु भयो हरि वंशी फुकतै धेनु लिई ।
दर्शन बिन क्षण युग शत मान्ने गोपी साह्रै भए खुशी ॥

बीसौं अध्याय

लाग्यो वर्षा बादल छायो गड्ड्याङ्गुड्ङ भो व्योम प्रति ॥
लाग्यो पानी पर्न र हरिया भए लता तृण रम्य अति ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाल्नुभयो हरि बनमा खेल्न दाजु र बालक साथ लिई।
देखी शोभा खेल्नुभयो अनि हाँस्तै, खाई भात दहि॥
चन्द्रचांदनी ले छ रम्य घन ढाक्छ त्यही तर चन्द्रकन।
निजी अहं ले स्वयं पुरूषकन ढाक्तछ कस्तो बिलक्षण ?
कीचड काँटा युक्त तलाउ सारस क्षण पनि छाड्दैनन्।
धन्दाले छुटकारा नभए पनि घर विषयी त्याग्दैनन्॥
कहिले रूखको टोड्का बीच, कहिले गूफाबीच पसी।
भोजन हुन्थ्यो फल फूल कृष्ण वर्षा ऋतुको मान गरी॥
जलको बजिकै बसी शिलामा ल्याएका दहि भातहरू।
संकर्षण औ गोप साथ ली जिम्नु हुन्थ्यो धन्य प्रभु !
बढ्यो शरद् ऋतु सबतिर सुन्दर नभ भो निर्मल, रूक्यो झरी।
तारक गणका बीच शशी छन् मानो यदुकुल बीच हरि॥
नभको बादल' वृद्धि जीवको, हिलो भूमिको, जलको मल।
हऱ्यो शरद्ले आश्रमीहरूको कृष्णभक्तिले तुल्य समल॥
अल्प पानीका जलचर तीव्र खरद सूर्यको ताप परी।
लागे छट्पट गर्न कुटुम्बी औ अजितेन्द्रिय गरिब सरी॥
घाँसपात ले कच्चापन औ क्षितिले कीचड शनैः शनैः।
त्यागे साधकले विस्तारै अहं र ममता सरी सबै।
सूर्य उदयमा कुमुद बिना सब कमल खिले अति रम्य बनी।
शस्यशालि भो फाँट नवान्नप्राशन थाले गर्न रमी॥

एक्काईसौं अध्याय

मोर करेल र पीताम्बर युत माला धारी बैजन्ती।
फुक्तै वंशी वृन्दावनमा पस्यो सखा ली अनगिन्ती॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोप र गाई ली जब केशव गौचारण बिच पाल्नु भयो ।
गाउँदछन् संगीत परोक्ष सखिहरू पालो गरी अहो ।।

वेण-गीत (प्रथम)

धन्य रहेछन् गाई, बाछा, मृग, नद, बादल, शैल चरी ।
जो सुन्दै श्रीहरिको वंशी गर्छन् स्वागत स्नेह भरी ।।
आँखा हुनुको फल त्यै हो जुन आँखाले हरि देख्छ सखी !
गरेछ तप के त्यस वंशीले अधर सुधा जो पिउँछ हगी ।।
पानि वेणुमा दिने-ह्लदिनीहरू रोमाञ्चित छन् हेर उता !
भक्त वंशमा देख्ने रूखहरू बहाउंछन् जलअश्रु यता ।।
वृन्दावनले भूको कीर्ति फिज्यो कृष्णपद पाई बोध ।
वंशी सुन्दै नाच्तछ मोर देख्ने प्राणी हुन्छ निरोध ।।
व्रजका पक्षीलाई पक्षी देख्नु भूल हो भन्नु मुनि ।
जो छाडी अरू वार्ता केवल सुन्छन् वंशीतान गुणी ।।
भीलनी पो कृतकृत्य रहेछन् गोपी उरको कुंकुम श्री ।
पदद्वारा तृणबीच सरेको लेपी पयाँक्छन् उर व्याधि ।।
हे सखि ! हरिका दास रहेछन् गोवर्धन पो श्रेष्ठ अहा !
पाई दुई प्रभुको पदस्पर्श दिन्छन् जल फल गाँस गुफा ।।
डुल्दै वनमा दाम्लो ली जब फुक्छन् बंशी गोप-हरि ।
चेतन बन्दछ जडता औ जड बन्दछ पुलकित जीव सरी ।।

बाईसौं अध्याय

व्रज कन्याले मंसिर भर व्रत कात्यायनिको बसे अनि ।
गर्थे पूजा चीरघाटमा "पति हुन् हाम्रा कृष्ण" भनी ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आखिर बिन थ्यो स्वाउन थाले आईं हरिले वस्त्र हरि।
"आईं लेऊ निज निज वस्त्र" आज्ञा भो परिहास गरी ॥
शुद्ध भावले आए कन्या आज्ञा भो "व्रत भयो च्युत।
किन विवस्त्र भै न्वायौ जलमा ?" नति गरे भा पूर्ण व्रत ॥
हँसी परी संकोच छुटाई कठपुतली बत् बनाउदै।
बसन हर्नु भो तर देखेनन् दोष कृष्णमा धन्य छ हैं॥
पास भए ती यस्तो बिधिको कडा परीक्षा हुँदा पनि।
आज्ञा भो अनि वसन दिएर हाँस्तै श्रीहरि खुशी बनी ॥
"मेरा पदको स्पर्श पाउने अभिलाषाले बस्यौ व्रत।
हुन्छ सत्य त्यो जानें मैले अनुमोदन पनि गरें बुझ ॥
भुटिएका औ उसिनीएका बीज जसारी उम्रन्नन्।
ब्रह्म कामना ले संसारी भोग तर्फ जन फिर्दैनन् ॥
आज्ञा पाई फिरे कुमारी मन नहुदै पनि भई दुखी।
'सिद्ध भयो व्रत' गर्नु प्रतिक्षा भन्ने वाणी सुनी शुचि ॥
कुनै एकदिन गौचारणमा पाल्नु भयो जब सबल हरि।
देखी सुन्दर शाखा वृक्ष भन्नु हुन्छ प्रिय सखा प्रति॥
"सुबल ! श्रिदामा ! हेरन, बृक्ष कस्ता परउपकारी यिनी।
दुःख सही जो पर उपकार केवल गर्छन् धन्य छ नि॥"
यस्तो भन्दै फल, पल्लव, दल युक्त बृक्षको नम्र शिखा।
मध्य भागले यमुना-तटमा पाल्नुभयो बल. कृष्ण अहा !

तेइसौं अध्याय

सखाहरूले "लाग्यो भोक" भन्दा आज्ञा हुन्छ हरि।
"यज्ञ छ नजिकै ब्राह्मणहरूको ल्याओ मागी भात दहि ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दाउ र मेरो कीर्तन नाम गर्नु दिनेछन् छाक तिनी।
पशुबलि नहुने यज्ञहरूको हुँदैन दूषित अन्न भनी ।।"
गै माग्दा द्विज सुनेर पनि हा! नसुनेझैं गरी मूर्ख बनी।
मानिस ठानी प्रभुकन दिन्छु न, न भन्दछन् ती दिन्न भनी ।।
फिरे त्यसै पुनः प्रभुले आज्ञा भो दर्शाई लोक गति।
असफलता ता भई रहन्छ हुन्न निराशा बन्न रति ।।
जाऊ तिनका स्त्री छन् स्नेही दिन्छन् निश्चय भात दही।"
सुनी सखाको स्नेही वाणी गरे याचना पुनः फिरी ।।
वाक्य सुनी शुभ, विविध किसिमका खाद्य लिई सब हिंडे पनि।
रोक्ता पतिले यौटी प्राणै छाडी पहिल्यै पुगिन् उहीं ।।
पाए दर्शन दाउ सहित श्री हरिको तिनले रूचिर छवि।
भन्दुहुन्छ हरि–मलाइ जान्ने मेरो गर्छन् प्रेम प्रति ।।
जसको परि सम्पर्क पुत्र, स्त्री, प्राण, देह, धन, प्यारा छन्।
त्यो परमात्मा कृष्ण म भन्दा बन्न अधिक प्रिय को सक्छन् ?"
फर्के पछि स्त्री पश्चाताप गर्दै भन्छन् विप्रहरू।
हामीकन धिक्कार छ स्त्रीले काटे मृत्यु पाश बरू ।।"
द्विजपत्नीहरू फर्केपछि सब हरिले सँग ली सखाहरू।
गर्नु भयो त्यो भोजन छाक अशोक वनमा धन्य प्रभु!

चौविसौं अध्याय

इन्द्र यज्ञ सब गर्न तयारी जानी हरिले पिता सँग।
आज्ञा भो "बा! अरू द्यौताको पूजा व्यर्थै गर्नु किन ?।।
के को हड्बडी हो यो भन्नोस् साधुहरूमा गुप्त कुरा।
हुन्न कुनै पनि जावो गर्दा मिलछ सिद्धि है जान्नु पुरा ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न देश ग्राम न घर छन् हाम्रा वनै छ जसको सुन्दर घर।
ब्राह्मण द्वारा हवन गराऊँ पुजौं पतित र धेनु कुकुर॥
रजगुणले धन वर्सी अन्न फल्छ र जीवन चल्छ जगत्।
भला, इन्द्रसँग के छ प्रयोजन गर्न सक्तछन् के र मफत्॥
जसद्वारा निज जीवन चल्छ त्यसकै पूजा गरौं पिता!
गोठाला हूँ गाई, ब्राह्मण, गिरिको पूजा गरौं अहा!"
सबले मानी थाले पूजा गोवर्धनको घुमी वरी।
हरिले अर्को रूप लिएर आज्ञा भो अनि म हूँ गिरि॥"

पच्चिसौ अध्याय

देखी आफ्नो यज्ञ हटेको, इन्द्र रिसाई गोप प्रति।
मूसल धारे जल वर्षाए गोकुललाई पार्न खति॥
देखी यस्तो हरिले गर्व गोवर्धन गिरि झट्ट उठी।
सातौं दिनतक लिनुभो करमा व्रज, गोधन जन पसे त्यहीं॥
यस्तो देखी पछि सुरपतिले वर्षा रोके स्तब्ध बनी।
निस्की अनि सब हरिसँग चिप्टे पुलकित भै अति धन्य भनी॥
बलले झट्पट चिप्टाउनुभो सबतिर उम्ल्यो स्नेह नदी।
सखिहरूले दहि—अक्षत आशिष टक्र्याए अति स्नेह बढी॥

छब्बिसौं अयाय

व्रजवासीहरू हरिको यस्तो बल देखी नृप नन्द प्रति।
कृष्ण चरित सब भन्दै सोध्छन् "के हो शङ्का भयो अति?"
गर्ग ऋषिले गाएथे जो भनिदिनुभो सब गोप प्रति।
विस्मय फाली सबले पूजा गरे नन्दको स्नेह बढी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोवर्धन गिरि लिई हातमा असिना वर्षा वज्रहरू ।
बाट सुरक्षित राख्यो जसले प्रसन्न होस् गोबिन्द ! प्रभु !

सताइसौं अध्याय

सुरपति आई लज्जित भैकन चरण मुकुटले स्पर्श गरी ।
विति गर्दछन् शरणागत भै श्रीहरि सँग अति भीत भई ।।
,'अपराध गरें माग्दछु माफ, रक्षा गर प्रभु ! दया गरी ।
शरण परें रति छैन घमण्ड, रेछौ सांचै नाथ हरि ।।
भयको बेला पवि निर्भय भै देखि डटेको मूर्ख म झैं ।
भक्ति मार्गको आश्रय न लिने होला को तजि गर्व सबै ।।
केवल आफनो खातिर बाँच्ने नै हो भूको भार जन ।
मोक्ष तिनी कन, सन्त अभ्युदय लाई हो अवतार तन ।।"
कामधेनु गौ भन्छिन्-प्रभु संग ब्रह्माको संदेश परी ।
"आयौं गछौं शुभ अभिषेक आज्ञा देऊ नाथ हरि !"
मिली इन्द्र गौ ऐरावतको सूँडले ल्याई गङ्गाजल ।
अभिषेक गरी राखे नाम राखे 'गोविन्द' भनी झप्यो कमल ।।

अट्ठाईसौं अध्याय

न्वाउँन पस्दा जलचर आइ राती नन्दालाई हरि ।
लग्यो वरुणको निकट, पछाडि पाल्नुभयो हरि झट्ट उहीं ।।
गरे वरुणले स्वागत पूजा, पिता लिई हरि पाल्नुभयो ।
गोपहरूले थाहापाई गर्छन् पर्दै छक्क ,'अहो !
यो ता यस्तो छन् प्रभुको ता कस्तो होला धाम अहा !
जहाँ निजी जन मात्र कृष्णका पुग्छन् कैले देखौंला ?"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोच्नु हुन्छ सङ्कल्प बुझेर करुणासागर नाथ हरि।
"तन कन सम्झी आत्मा, इच्छा पूर्ति गर्न जन कर्म गरी॥
सुर नर पशु मै घुम्छ जगत् सब असली निज जान्दैन गति।
भन्दै देखाउनुभो आफ्नो अन्धकार पर स्वच्छ छवि॥
"सत्य, सनातन दिव्य अनन्त, ब्रह्म, ज्योति, चित्घन धाम।
देखे सबले, गुण नरहेमा जो देख्छन् मुनि सन्त महान॥"

उनन्तिसौं अयाय

शरद् ऋतुको टकटकी जून युक्त निशामा फूल भरी।
वन देखी हरिलाई माया सँग लौ खेल्ने भयो मति॥
रसिलो वंशी फुक्नुभयो जब, छाडी निजगृह कर्न यसै।
आए गोपीहरू तर कोही घरमै रोक्त्ता भरे दठै॥
तीव्र विरहले जल्यो वासना मिल्यो अंगालो केशवको।
पुण्य क्षिकि पनि चुड्यो तमाम त्यागे गुणमय देह अहो!
पतिव्रताको धर्म बताई "जाओ" भन्ने पाई वचन।
गोपी प्रभुमा भन्छन् रोई शुष्क गराई स्वच्छ बदन॥
"आत्म ज्ञानका अधिकारीहरु गर्छन् तिम्रै प्रेम फगत्।
दुःख दिने हुन् पुत्र पति सब न छेद आशा लता सहज॥
चित्त तिमी प्रति खिचिएको छ हात पयर के काम गरून्?
घर फर्की मन कसरी बांच्नु? मनमा फुन त्यो लिई चयन?
भई सक्यौं सब दासी तिम्रा, गर स्वीकृति प्रिय नत्र यहीं।
विरह अनलमा होमी देह, भेटौंला प्रियलाई कहीं॥"
खेल्नुभयो अनि रम्य पुलिनमा, गोप सँगी लौ वरीपरी।
प्रभुका सँगले मान बढायो, हुनुभो अन्तर्धान हरि॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तीसौं अध्याय

कृष्ण लुकेमा व्यथित भई सब गोपी बन बन घुमी अति ।
सोध्छन् प्रभुको पत्ता लहरा फल तुलसी, मृग, वृक्ष प्रति ॥
प्रभुको कालिय, बक्र, वत्सासुर शैशव - लीला थिए जति ।
ती सब अभिनय गर्दै गोपी प्रभुमै तन्मय भए अति ॥
देखे प्रभुको शुभ पद चिह्न, बिच बिच स्त्रीको चिह्न पनि ।
क्षोभ भई अति शङ्का गर्दै वन वन, खोज्दै हिँडे अनि ॥
हरिसँग जाने चाहीं भन्छिन् मान मिलेमा गर्व गरी ।
"हिँड्न सकिन प्रिय ! लैजाऊ अब जहाँ छ तिम्रो चित्त उहीं ॥"
"चड त" भनी प्रभु अन्तर्धान हुनुभो भेटिन् सखी समाज ।
प्रभुदर्शनको इच्छा ली सब गोपी थाले गर्न विलाप ॥

एकतिसौं अध्याय गोपी गीत (दोस्रो)

खोजी रहेछौं तिम्रा दासी बाँची तिम्रै निति प्रभो !
सदा बचायौ आपदबाट आज कतातिर गयौ प्रभो !
अभय दिने मृदु बाहुलि ल्याई शिरमा राखी द्यौन प्रभो !
हृदय जलन भो राखी पाउ शीतल पारी द्यौन प्रभो !
विरही भान्छन् तिम्रो गाथा सुधा सरी स्वादिष्ट अति ।
दानीमा हो त्यो अतिदानी दिन्छ कथा जो विश्वप्रति ॥
चरण कमलमा तृणहरू बिझ्लान् हुन्छ यसैले चित्त भरङ्ग ।
जब फर्कन्छौ रजले केश ढाकी ब्रज तिर बढ्छ उमंग ॥
हे हरि ! तिम्रो गति जानेर आयौं छाडी बन्धु पति ।
जाऊँ कहाँ अब जे गर्छौ प्रभु ! तिमी बिना क्वै छैन गति ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बतीसौं अध्याय

केही नलागी डांकै छोडी रोए गोपी दीन बनी।
पाल्नुभयो हरि सखीहरूको सामु सुन्दर रूप बनी॥
गोपीहरूको बीच प्रकाशित हुनुभो हरि सौन्दर्य स्वरूप।
तीन लोकको शोभा जसको एक बिन्दु नै थियो अनूप॥
पाई प्रियको सङ्ग समस्त सुखसागरमा डुबे पनि।
मन्छन् प्रभुको पद पक्डेर केही कुपिता तुल्य बनी॥
"भज्नेलाइ भज्छन् कोही, कुनै नभज्नेलाई प्रभो ?
भज्नेलाई भन्दैनन् सबै को हुन् यिनमा श्रेष्ठ प्रभो !"

भगवान् आज्ञा हुन्छ--

भज्नेलाई स्वार्थी भज्दछ सन्त र आमा बाबु यति।
भजन नगर्ने हरूलाई पनि भज्छन् यी हुन् सन्त मति॥
भज्नेलाई पनि भज्दैनन् चार थरी छन् तिनी सुन।
आप्तकाम औ आत्माराम गुरूद्रोही, अकृतज्ञ जन॥
भज्दिन भज्नेलाई पनि म त प्रेम बढाउन निति अधिक।
पाएको धन फेरि हराए जस्तो चिंतित बन्छ गरिब॥
तोडी आयौ सखि हो ! आज दुर्जर घरको सिक्रि पनि।
यसको बदला तिर्न म सक्तिनँ दिव्यै आयु मिले पनि॥

तेतिसौं अध्याय

विविध किसिमले नाची, गाई प्रियका सँगमा मस्त बनी।
गोपीले हरिलाई प्राप्नै पारी खेले रास पनि॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऐना बिचको छायाँ साथ बालक खेले तुल्य हरि ।
गोपी जति थे त्यति नै रूप खेल्नु भयो हर्ष छरी ॥
कृष्ण प्रेम नै गोपी जीवन हो, गाए जब ऊँचो गरी ।
ब्रह्म स्पर्शले थे प्रसन्न अझ रेछ गुञ्जी स्वर, विश्व भरी ॥
कुनै कृष्ण सँग, कुनै चडाई गोपी लागे गाउँन राग ।
कुनै ध्रुपदमा गाउँन लागिन् दिनुभो सबकन नान प्रसाद ॥
पुछि दिनुभो श्रम आफ्नै हात द्वारा हरिले स्नेह छरी ।
यमुना विच गै खेल्नुभयो अनि पानि छ्यापाछ्याप गरी ॥
पुष्प–वृष्टि भो उब्री स्थलमा घुम्नु भयो बन यता उति ।
चिन्मय लीला भयो अपूर्व रोकी सौंरत काम जिती ॥
प्रातः लागे ब्रजतिर गोपी प्रभु आज्ञाले मनै नभै ।
जो यो पढ्दछ सुन्दछ त्यसको भाग्छ हृदयको काम सबै ॥

चौतीसौं अध्याय

वर्षो गरिने पूजा गर्न बिपिन अम्बिका बीच गई।
रात बसेछन् पक्ड्यो नन्द लाई आई सर्प त्यहीं ॥
विद्याधर भो हरि गै पदले यसो छुँदैमा, गयो पनि ।
"यौवन मदले गर्दा श्राप पाएको" सब कुरा भनी ॥
व्रज अबलाहरू लिई कुनै दिन गाई, गाउँन लाई राग ।
रम्नु भनो बल केशव साँझ हेर्दै वनको सौख्य सुहाग ॥
हेर्दा हेर्दै शङ्खचूडले ब्रजअबलाहरूलाई हरि ।
लग्यो खदिर वनमा बल कृष्ण पाल्नुभयो पछि पिछा लिई ॥
गोपी छाडी भाग्यो तिनको रक्षक भै बल दस्नु भयो ।
मारी हरिले मणि ली शिरको बलमा अर्पण गर्नु भयो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पैंतिसौं अध्याय

दिनभर बनमा जाँदा कृष्ण, गोपी विरही बनी अति।
आपस दुइ दुइ गाई गीत काट्थे सब दिन घरै बसी॥

युगल गीत – (तेस्रो)

"बायाँ गाला बिच भुज राखी बजाउँछन् तब वेणु हरि।
स्वर्गीय स्त्री पनि हुन्छन् मोह, गुंज्दछ जगतै व्याप्त गरी॥
मृग, गाई ओ चरा, मयुर, हाँस ए सारस, वृक्ष, लता।
सुन्छन् आई चित्र सरी भै छाडी निज निज काम अहा!
फल फुलले भै भार वृक्षहरू प्रणाम गर्छन् हेर तुही।
प्रेम बढी अति मधुको धारा बहाउँछन् ती कृष्ण प्रति॥
शैल शिखरमा दाउ साथ हरि छोड्छन् वंशीतान जब।
विश्वै भर आनन्द भरिन्छ स्पर्श पाउंछन् जीव जड॥
के हो? भन्दै शम्भु, सुरेश, ब्रह्मा हेर्छन् नम्र बनी।
मन्द, मन्द शुभ शब्द निकाली छाता बन्छन् मेघ पनि॥
वंशीको स्वरले मृगिनिहरू चकित भईकन बरी परी।
घेरी टकटकि लाई हेर्छन् लिन्नन् फिर्ने नाम रति॥
आमा! हेर्नोस् लाई कुन्द-माला, यमुना बीच गई।
खेल्छन् प्यारा पुत्र हजुरका भक्तहरूमा हर्ष दिई॥
फिर्ने बेला शिव, सुर मुनिहरू गर्छन् वन्दन साम्नु लडी।
अघि अघि गाइ विचमा बल, हरि सखा पछाडि हेर गडी॥
मदले घूर्णित लोचन केही बयर सरीको स्वच्छ बदन।
आउँन लाग्नु भो वनमाली गोप लिई सँग भई मगन॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हात्तीको शुभ गति ली साँझ झुल्की सुन्दर चन्द्र सरी।
विरही जनको ताप हटाउँन आई पुग्नुभो हेर हरि।।"
नित्य धेनु ली वन जाँदा हरि उनकै चिंतन गरी सखी।
तन्मय भै संगीत गाउँथे दिनहुँ यस्तै थियो स्थिति।।

छत्तिसौं अध्याय

रूप भयंकर ली वृषभासुर आयो तर्साउँदै ब्रज।
हरिले कपडा तुल्य निचोरी मारी दिनुभो निजी पद।।
"राम कृष्ण हुन् देवकीपुत्र" भन्दा ऋषि गै कंस प्रति।
ज्वाइँ बहिनीलाई मार्न खोजी आखिर थुन्यो लगी।।
केशि पठाई ब्रजतिर कंस भन्दछ शल, चाणूर अनि।
महाउतेहरूलाई डाकी "मार्नु बल औ कृष्ण" भनी।।
"ल्याऊ ब्रज गै बल औ कृष्ण" यस्तो अक्रूर लाइ भनी।
धनुष यज्ञ शुरू गर्नु भनेर जनमा आज्ञा दियो पनि।।

सैंतिसौं अध्याय

घोर भयंकर केशी आयो ब्रजमा हिंहिन शब्द गरी।
हरिले मुखमा हात बढाई मार्नु भयो, भो फूल झरी।।
आई नारद ब्रजमा हरिको गर्छन् स्तुति अति नम्र बनी।
प्रभुको भावी लीला घटनाहरू पनि भन्छन् मस्त बनी।।
एवै दिन भेडा, कोही चोर कोही पालेहरू बनी।
काम्यकवनमा खेल्दा आयो व्योमासुर पनि चोर बनी।।
चोर्दै लाँदै गोप थुनेछ पक्डी पाई थाह पछि।
गर्नु भयो उध्दार हरिले निस्क्यो "जय जय" शब्द अति।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अठतिसौं अध्याय

नन्दग्रामतिर जाँदा पथमा गर्छन् श्री अक्रूर प्रलाप।
असल कुरा के गरिछु र हरिको भाँटे दर्शन गर्न अगाध॥
हुनेछ आजै जन्म सफल यो चुँड्छन् बन्धनहरू पनि।
ढोग्दछु सब व्रजवासीलाई धन्य हुनेछु धन्य अनि॥
जसमा लग्न छ श्रुति उर कुंकुम विधिशिवश्रीको ध्येय छ जो।
गौचारणमा जान्छ दिनहु दिन देख्छु आज त्यो चरण अहो!
जन्म कर्म जब हरिको गाउँछ शोभा पाई बन्छ शुचि।
स्फूर्ति उदाउँछ, जो छ विरक्त त्यो हो मूर्दा रूचिर अति॥
पदमा लोट्नेछु जब प्रभुले शिरमा कर राख्नेछ निजी।
कालसर्प सँग झस्की पदमा पर्ने पाउँछ जुन पदवी॥
ईन्द्र र बलिले पाए स्वर्ग जसमा पूजा गरीकन।
रास-समयमा जुन करद्वारा गोपीहरूको पुछ्यो श्रम॥
खडा हुनेछु जोडी हात हाँसी हरि हेर्नेछ जब।
बन्धन खुस्की वीतशंक भै पुण्यतीर्थ बन्नेछ उर॥"
यस्तो सोच्तै नन्दग्राम तल पुगे सन्त अक्रूर यता।
उता सूर्य पनि अस्ताचल पर छिपे भयो तम एक छटा॥
देखी पथमा प्रभुपद चिह्न उफ्री बग्गीबाट तुरून्त।
लडे त्यसैमा पुलक भएर, तनमा धूलो दले अनन्त॥
शोक, दम्भ; भय त्यागी श्रवण दर्शन द्वारा यस्तै भाव।
सम्पादन जग बीच गर्नु नै नरचोलाको एक छ सार॥
देखी गाई दुहुन हिंडेका बल औ केशव झट्ट अडी।
परे सहसा पदमा लढी, बोल्न सकेनन् स्नेह बढी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

झट्ट उठाई चिप्टाउनुभो हरिले सान्है प्रेम गरी।
नन्दभवनमा स्वागत भो प्रति मिट्यो थकाई स्नेह बढी॥

उनञ्चालिसौं अध्याय

बल, हरिले सन्मान गर्नु भो लेटे सुखसँग पलङ्गमा।
पथको जो अभिलाषा थ्यो त्यो सबै पूर्ण भो आज यहाँ॥
रमानिकेतन हुँदा प्रसन्न दुर्लभ होला वस्तु कुन?
तर गर्दैनन् वस्तु कामना कहिल्यै प्रेमी भक्त जन॥
खबर भने अनि बल औ कृष्ण लिन आएको नन्द प्रति॥
कुरा सुनी यो गोपीहरूको शुष्क भयो मुख, भुले स्मृति॥
गोपी जरुमा भई विधातालाई भन्छन् रूँदै रुँदै।
"हामीले के आज बिगार्‍यौं ? लान्छस् किन प्रियलाई सँगै ?॥
धन्य विधाता ! धन्य रहिछस्, बालक चेष्टा गरिस् अहो !॥
दी अति सुन्दर प्रभुको रूप आँटिस् ओझल पार्न अहो !"
आपस भन्छन् – नाम मिलेन यो पापीको हेर, सखी !
जो अर्काको प्यारोलाई खोज्दछ टाढा लान हगी !
आज रातको प्रात हुनेछ मंगल मथुरा नारीको।
अभिलाषा सब पूर्ण हुनेछ देखी मुख बनमालीको॥
चढ्यो निठुर भै रथमा कृष्ण, लौ लौ भन्छन् गोप पनि।
लौन गरौं के छैन सहाय बिपरित भो हा ! दैव पनि॥
माधव ! दामोदर ! गोविन्द !" भन्दै त्यागी लाज यता।
रोए गोपी, भयो उज्यालो, लागे मथुरा हिड्न उता॥
हिड्ने वेला पछि लागे सखि सी, पर्सो दुइ ग्राम पुगी।
'शीघ्र फर्कि नै आउनेछु म' भन्नु भयो अति स्नेह बढी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उभिए गोपी बल केशवको यमुनातटमा पुग्यो प्रयाण ।
न्वाउन थाले गै अक्रूर देखे जलमा बल औ श्याम ॥
देखी बाहिर हेरे फेरि, जलमा देखे हरि भगवान् ।
शेष माथि थ्यो राज भएको, सब गुणगणले युक्त महान् ॥

चालिसौं अध्याय

अक्रूर स्तुति गर्दछन्—

सबका कारण प्रभुको मम ता शिव, विधिहरु पनि जान्दैनन् ।
अनात्म्य भन्ने नाना मतका बादी जन झन् के जानुन् ?
व्यक्त जगत हो हरिकै विम्ब प्रभुमै छन् सब जीवहरू ।
लिन्छौ नाना तिमो अवतार जगको रक्षा गर्न प्रभु ॥
पुत्र; देह, स्त्री धनलाई नै सत्य कुरा सम्झेर प्रभो !
घुमी रहेछु स्वप्न जगःमा भुलेर साँचो वस्तु अहो !
मृग तृष्णा झैं, माया द्वारा छिप्ने तिम्रो रूप भुलें ॥
पानी झ्याउले गुप्त छ नजिकै छाडी अन्तै खोज्न पुगें ॥
तृष्णाद्वारा नष्ट भएको मन यो सक्तिन रोक्न प्रभो ।
लौन दया गर, लौन मुरारे ! शरण परें म त पाहि प्रभो !
कपटीलाई छ दुर्लभ पद यो तर म दयाले आइपुगें ।
उपासनामा लाग्छ जीव जब वेला आउँछ मोक्ष हुने ॥"

एकचालिसौं अध्याय

स्तुति गर्दैथे जलमा दिव्य रूप कृष्णले दर्शन दी ।
छिपाउनुभो नटुवा तुल्य अक्रूरलाई धन्य हरि ॥
पाल्नुभयो रथ चढी मुकुन्द मथुरा बाहिर वास पर्‍यो ।
अर्को दिन अति उज्वल पुरको शोभा हेर्दै घुम्नुभयो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चढी अटाली बिच पुरनारी गर्छन् हरररर फूल झरी ।
गर्छन् स्वागत शुद्ध द्विजाति माला चन्दन आदि छरी ॥
प्रभुले माग्दा पनि धोबीले वस्त्र दिएन र मऱ्यो त्यहीं ।
छाँटे दर्जीले अनि बस्त्र पहिरनुभो अति रम्य बनी ॥
आशिष दी तिनलाई कृष्ण मालीका घर पाल्नुभयो ।
सुन्दर माला पहिराईकन बोल्छन् प्रभु सँग तिनी "प्रभो !
तिम्रो आँखा बीच विषमता छैन लिप्त कहीं प्राणीमा ।
तर भज्नेकन भज्दै गर्छौं प्रेम जनार्दन ! प्रेमीमा ॥
कुनै कार्यमा हजुरहरूले गर्नु भयो यदि नियोजन ।
भने ठान्छु अति कृपा, म पाऊँ भक्ति र मैत्री दयापन ।"

बयालिसौं अध्याय

हरिले लेपन लिई हिंडेकी कुब्जा देखी दया उठी ॥
मागी लेपन लाई सोझो पारी दिनुभो देह गति ।
"आउनेछु पछि" भनी मुकुन्द धनुष यज्ञमा पुग्नुभयो ।
धनु भाँची सब मारी फौज, निज डेराप्रति पाल्नु भयो ॥
हिंड्ने बेला ब्रज गोपीले सोचेका थे कुरा जुन ।
सत्य भयो पुरस्त्रीले देखे श्रीहरिको सौन्दर्य तन ॥
धोई कर, पद भोजन क्षीर गरी दाउ हरि रात्रीमा ।
सुकलाभो सुख साथ कंसको बुझी चाहना छकडामा ॥
छायाँमा शिर न देखिनु औ दुइ, दुइ देखिनु दीप, शशी ।
चिह्न चरणको हुनू अदर्शन छायाँ विच हुनु छिद्र अति ॥
गधा चढीकन हिड्नु स्वप्नमा आलिंगन हुनु प्रेतसंग ।
औंला कोची सुन्दा प्राण घोष नसुनिनू आदि पन ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुवै समयमा देखि कुलक्षण कंस कुमतिले प्रात उठी।
कुस्ती खेल्ने मञ्च बनायो आए निंतेहरू डटी ॥
कंसराजले बोलाएका नन्द आदि सब गोप पनि।
भेट समर्पण गर्दै एक मंच बीच गै बसे अनि ॥

त्रितालिसौं अध्याय

बाजाको स्वर सुनी मुकुन्द पाल्नुभयो बल गोप लिई।
ढोकामा थ्यो कुवलय हात्ती मारीदिनु भो दाँत झिकी ॥
दाँत लिई हरि, नव रस युक्त भित्र सभामा पाल्नुभयो।
देखे निज निज भाव अनुसार हरिलाई नउ रूप अहो !
हेर्दा हेर्दा तृप्त भएनन् सभ्य सभासदहरू फुनै।
गाई, प्रभु को शैशव लीला, भन्छन् "हो यो श्री हरि नै"॥
भन्दछ केशव प्रति चाणूर–मुष्टिकसंग बल, मसँग तिमी।
खेलौं कुस्ती, निर्बल छैनौ खुशी हउन् यी भूप पनि॥"

चवालिसौं अध्याय

कुस्ति पऱ्यो श्री हरि चाणूर, बल मुष्टिकको घोर भई।
स्त्रीहरू भन्छन् "भयो अनर्थ, शिशु र युवाको युद्ध भई॥
बोलोस् छान्दिन भनोस् नबोलोस् भाग दोषको हाल्छ मिली।
जहाँ अधर्म छ सभा नबस्नु निस्कनु बाहिर कान थुनी॥
ब्रज नै साँचो पुण्यभूमि हो जहाँ दाउ सँग बेणु फुकी।
गो चारणमा हिंड्छ सनातन पुज्छन् जसकन शंभु, विधि॥
यश शोभा ऐश्वर्य धाम छ सुन्दर को जो सार छवि।
देख्छन् गोपी कुन तपले जो ? दुर्लभ योगी बिच छ अति॥
धन्य रहेछन् गोपी ब्रजका दुहुदा, मथ्दा, झुलाउँदा।
लिप्दा पनि श्री हरिकै लीला, गाँउदछन् भै मन सदा।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उद्धार भयो पछि चाणूर मुष्टिक पनि गो धाम प्रति।
शल, तोशल, कुट पुगे परंपद भागे अरू सब भीत बई ॥
उफ्री, खँची थिची लडाई, दिनुभो मामाकन सुगति।
आठ थिए त्यस खलका भाई बलले दिनुभो परमगति ॥
जेल तर्फ गै, पिता र मातालाइ छुटाई ढोग्नुभयो।
सम्झी ईश्वर तिनीहरूले हाल्न सकेनन् छांद अहो !

पैतालिसौं अध्याय

बोल्न सकेनन् काख लिएर अश्रुद्धारा न्वाइदिए।
आश्वासन दी, दुखको वर्णन गर्नुभयो बल केशवले ॥
उग्रसेनमा राज्य दिएर भागेका सब वृष्णि, यदु।
लाई डाकी राख्नुभयो धन आश्वासन दी धन्य प्रभु ॥
वचन कृष्णको हेरी बृद्ध पनि भए सब युवक सन्ह।
कृष्ण दाउको बाहुद्वारा भई सुरक्षित गयो ज्वर ॥
विरह गराई व्रजतिर नन्द लाई पठाई मान गरी।
व्रतबन्ध गरी गुरूकुल बीच पढ्नुभयो गै राम हरि ॥
चौसठी दिनमा चौंसठी विद्या गुरूका घरमा पढी सकी।
पाल्नुभयो घर गुरूमृत-पुत्र ल्याई गुरूमा दिएपछि ॥

छयालीसौं अध्याय

उद्धवलाई आज्ञा भो "व्रज जाऊ माता पिता प्रति।
प्रीति बढाऊ गोपीको पनि आंधी हर संदेश लगी ॥
तन, मन, जीवन मै छु तिनको प्यारो मात्रै हैन फगत्।
आत्मा, मान्छन्, मेरै निति लोक धर्म सब तजे जगत् ॥
दूर हुदा छन् विह्वल गोपी आउँछु भन्ने सम्झि बचन।
हेरी बाटो प्राण टिकाई राखेकाछन् भेट तुरून्त ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साँझ पुगे ब्रज उद्धवजी जब, नन्द भन्दछन् मान गरी।
"कृष्ण कथा औ पदचिह्नित वन देखी हुन्छौं मूढ सरी॥
सखा, सखी औ आमा गाई, बृन्दावन औ गोवर्धन।
आफू नाथ भएको व्रजकन के सम्झन्छन् प्रिय मोहन?"
उद्धव भन्छन्-पुरूष प्रधान राम कृष्ण हुन् व्यापक यी।
भयो, हुने, जो भई रहेछ, स्थिर चर सब हुन् यिनै दुई॥
सबका हुन् यी हजुरहरूका मात्रै हैनन् पुत्र प्रभो!
अन्त्य समयमा जो सम्झन्छन् हुन्छन् तिनीहरू मोक्ष अहो!
धन्य तपाईहरू दुई जसको हरिमा यस्तो प्रेम बढ्यो।
चाँडै नै अब पाल्नुहुनेछ खेद नगर्नोस् कत्ति प्रभो?॥"
रात बिताए कृष्ण प्रसङ्ग बाट नन्द औ उद्धवले।
दूध, अश्रुकण साथ बगाइन् वात्सल्य बढी आमाले॥
कृष्ण गाउँदै उषा काल मा दहि लागे मथ्न सखी।
दशै दिशाको मिट्यो अमंगल सम्झी हरिको स्वच्छ छवि॥
भन्छन् देखी रथ ती नन्द को ढोकामा स्वर्णमयी।
"किन आयो अक्रूर कंसको पिंड विन्छरे गोपि लगी॥"
यस्तो भन्दै थिए सखीको सामु उभिए उद्धवजी।
नन्दग्रामको तल छ योगवन सूर्य उदाए लुक्यो निशि॥

सतालिसौं अध्याय

विग्रह देखे हरिकै तुल्य, जाने हरिकै दूत भनी।
लज्जा छाडी रोए सखीहरू लीला सम्झी दीन बनी॥
भ्रमरो देखिन् यौटीले जब सम्झिन् प्रियको संग पनि।
भन्छिन् प्रभुको दूत बनाई श्री हरिमा तल्लीन बनी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भ्रमर गीत (चौथो)

"कपटीको होस् दूत तँ भ्रमरा ! गाउँदछस् के व्यर्थ पनि ।
गा बरू हरिका प्रिया कहाँ गै दान दिनेछन् खुशी बनी ।।
लक्ष्मी जसकी छन् नित दासी के हुँ र हामी गँवारिनी ?
तैपनि लाग्दछ दुःखी तर्फ प्राण यसैले बाँकि छ नि ।।
जसले घर, पति बन्धु छुटायो आज त्यही भो दूर अति ।
नगरन भो भो त्यसको वार्ता तैपनि दुस्त्यज कथा क्षति ?
गए पछि पुन कठिन छ फिर्नु कसरी लाग्छस् भन्न ! तर ।
जो संग लक्ष्मी छन् निर्वाह होला हाम्रो कसरी र ?
सम्झिन्छन् के हामीलाई ? मधुपुरिमा प्रिय प्राणपति ?
हाम्रो शिरमा अगरू दलेको राख्लान् के शुभ बाहु पछि ?"
उद्धव भन्छन्–गृह, धन त्यागी पाउँनुभो जो भक्ति अपूर्व ।
धन्य हजूरहरू, म पनि छु धन्य, सुन्नोस् प्रभु सन्देश विशुद्ध ।।
"सखिहो ! हाम्रो छैन वियोग सबमा पञ्चभूत समान ।
छू म रहेको, मायावृत्तिद्वारा केही मिल्छ प्रमाण ।।
दूर रहेमा नजिक भइन्छ' आएँ बढ्ला प्रेम भनी ।
भेट्नेछौ अब सारा बृत्ति ममा लगाई मस्त बनी ।।"
भन्छन् गोपी उद्धवलाई आनन्दित भै तत्व बुझी ।
"विर्सन कसरी सक्नु त झन् यी स्मृति दिन्छन् वन शैल, नदी ।।
लक्ष्मीपति ! हे व्रजका प्राण ! दुःखविनाशक ! लौन प्रभो ?
डुब्यो डुब्यो व्रज लौन उठाऊ, हाम्रो कोही छैन प्रभो ?
के त्यो निशि श्री हरि सम्झन्छ ? कुमुद कुन्द शशिद्वारा रम्य
वृन्दावनको रास समयमा गाएथ्यौं जो गीत सुरम्य ।।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अच्युतको सन्देश सुनेर व्यथा सखीको गयो हटी।
गोपीहरूको देखी प्रेम भन्छन् उद्धव बढी रति ॥

चौथो (उद्धव गीता)

"व्रजका वधूले देह लिएको मात्र जगत्मा सफल भयो।
श्रीमा पनि अप्राप्त प्रसाद पाए यिनले धन्य अहो।
कृष्णप्रेमको उँचो आस्था गोपी लाई मिल्यो फगत्।
भक्त र भवभीत् मुनिको पनि जो वान्छनीय हो वस्तु सतत ॥
त्यो रसको यदि चसका लागे धर्म कर्म कै वास्ता के ?
लागेन भने महाकल्प भर विधि बने पनि लाभै के ?
यिनको पद-रज सेवा गर्ने, व्रजका तरू, तृण लता बनौं।
जसले प्रभुमा तन, मन, अर्प्यो यिनकै पदमा सदा नवौं ॥"
सम्झाई हरि उद्धवजीले व्रजलाई आनन्द छरी।
लागे मथुरा हिंड्न र भन्छन् व्रजवासीहरू, पाउ परी ॥
"हाम्रा मनका वृत्ति अखण्ड कृष्ण चरणमा रहुन् बनी।
जन्मू जहाँ तर दान गरौं शुभ, होस् श्रीहरिमा प्रीति घनी ॥
उद्धव ! हाम्रो विनय यही हो प्रभुलाई बिन्तिदेऊ गई।"
फर्की मथुरा उद्धवले व्रज विरह सुनाए नम्र भई ॥

अठचालिसौं अध्याय

कुब्जाका घर पाल्नुभयो हरि उनी ससंभ्रम खडा भइन्।
गर्दै विधिवत् अर्चन प्रभुको आसन उद्धवलाई दिइन् ॥
उनको मनमा थियो कामना जुन त्यो दिनुभो भाव बुझी।
स्वभाव नै हो यो श्री हरिको तर मानवको हेर खुबी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वेश्वर श्री विष्णु प्रसन्न हुँदा पनि हा विषय सुख।
माग्नु खेद छ यो भन्दा के दुर्मति लाग्नु जगत विच॥
लिई कुनै दिन दाज्यू र उद्धव पाल्नुभयो अक्रूर घर।
थर्छन् पूजा धोई पाउ स्तुति गर्छन्, अति नम्र स्वर॥
"देखें योगेश्वर औ सुरपति मा पनि दुर्लभ तिम्रो गाथ।
फाटी देऊ माया ममता तन, घर, स्त्रीमा जो छ अगाध॥
पण्डित हो त्यो कुन प्रभु छाडी लिने शरण अरू द्यौताको ?
दिन्छौं आफै स्वजन हरूकन छैन वृद्धि औ क्षति जसको॥"
बुझी, पाल्नुहोस् पाण्डबहरूको के छ अवस्था उहाँ" भनी।
पाल्नुभयो हरि निज मन्दिरमा ली बल, उद्धवलाई पनि॥

उनन्चासौं अध्याय

पुगी गजाह्वय विच अक्रूर भेटे जति थे वन्धु उहाँ।
विदुर, पृथाहरूबाट सुने सब दुर्योधनको क्रूरपना॥
देखी पाण्डबहरूको शौर्य बीर नम्रता आदि गुण।
जल्थे दुर्योधन तर दुनियाँ प्रेम गर्दथे उनैं कन॥
पृथा भन्दछिन् "शरण लिने छन् दाउ कृष्ण रे भदा दुई।
के ती आई दाजूहरूको हर्लान् यो सब विपद् स्थिति ?
ब्वाँसाका बिच मृगिनी झैं छु पितृहीन छन् वालक यी।
कृष्ण कृष्ण गोविन्द ! शरण छु छैन तिमी विन ओत कहीं॥"
यस्तो भन्दै रोइन् तिम्री बृद्ध पितामही अधिर भई।
दिए सान्त्वना अक्रूरजीले प्रभुको शुभ सन्देश कही॥
"पुत्र र पाण्डवकन सम राख्नु मरिलानु के वस्तु छ र ?
आफ्नै तन पनि संग जाँदैन स्त्री, सुतको के कुरा नृप !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अधर्म द्वारा द्रव्य कमायो लूट गर्दछन् बन्धु भई ।
आफ्नो मानी पाल्छ पोस्छ तर भोग्न पर्छ फल नर्क परी ॥
तस्मात् दुनियाँ चार दिनको चाँदनि हो यो स्वप्न सरह ।"
भन्दा अक्रूरले धृतराष्ट्र भन्छन् तिनसंग पक्डि कर !।
"कुरा ठीक हो तर पड्दैन पुत्र प्रेमले गरी रति ।
यो पनि हो श्रीहरिकै माया गर्दछु म त त्यसलाई नति ॥"
कौरवको सब चाल बुझेर, भेटी सबसँग दानपति ।
फर्की मथुरा, भने समग्र उहाँ सुनेको हाल जति ॥

उत्तरार्ध

पचासौं अध्याय

शुक भन्दछन्-
आफ्नो ज्वाइँ कंस मरेको थाहा पाई क्रोध वढी ।
जरासंध खल आयो तेइस अक्षौहिणी जन फौज लिई ॥
त्यस खललाई राखी बाँकि, मार्नु भयो अरू फौज जति ।
यस्तै सत्रह वाजी हरिसँग हाऱ्यो आफू बाकि रही ॥
ली तिन कोटी फौज यवन पनि आयो, लड्ने शूर गरी ।
आज भोली या पर्सी मागध आउनेछ है नेत्र छली ॥
कृष्ण दाऊ सल्लाह गर्नुभो "आयो मागध भने पुनः ।
बान्धव वध या बाँच्छ अतः झट दुर्ग बनाई गरौं रण ॥"
बन्यो सिधुमा योजन वारह कोश दुर्ग बिच द्वारवती ।
बन्धु लुकाई आउँनु भो हरि त्यसको सामु शस्त्र नली ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकाउन्नौं अध्याय

काल यवन पछि लाग्यो श्रीहरि दूर पस्नुभो देखी गुफा ।
पद पद पक्डें ठान्थ्यो छुन किन सक्थ्यो कल्मष शेष हुँदा ?
मुचुकुन्द सुतेका रेछन् हरि ठानी त्यसले लात दियो ।
उठे डढीगो तेज द्वारा गर्छन् स्तुति नृप तुरीय को ॥
"पाई दुर्लभ मानुष जन्म भज्दैनन् जो नाथ, हरे !
टोकिन्छन्, ती, जसरी सर्प टोक्तछ मूसालाइ हरे !
माया द्वारा ठगिए प्राणी अनर्थमा सब फसे-प्रभु !
सेवा तिम्रो नगरी मोल्छन् घरको झंझट बनी पशु ॥
घडा र भित्ता सरी शरीरलाई मान्दै नरदेव ।
चढेर हाथी घोडा रथहरू गनिनँ हजुरकन रति हेर ॥
जित्छन् विश्वै, तर फर्केर हार्छन् स्त्रीसँग वीरहरू ।
भोगै त्यागी भोग निमित्त किन तप गर्छन् मूर्खहरू ?
मोक्ष हुने जब वेला आउँछ स्वजन मिल्दछन् हजूरका ।
तिनका सँगले सज्जनका गति प्रभुमा शुभमति लाग्छ अहा !
तस्मात् छाडी सारा आशा, तिम्रो पदमा पर्छु प्रभो !
यस्ता प्रभुसँग कसले माग्ला बन्धन पर्ने वस्तु अहो !"
भन्नुहुन्छ प्रभु—भयो परीक्षा तप गर्नोस् मन ममा दिई ।
जन्मान्तरमा सर्व सुहृद द्विज भै लिनुहोला परं गति ॥
अभक्त जति नै गरोस् प्रयत्न मन रूपी वश गर्न अरि ।
क्षीण बासना न हुनाले त्यो हाल्छ कुदी पुन विषय प्रति ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाउन्नौं अध्याय

मथुरा विच गै कालयवनको मारी सेना थिए जति ।
जरासन्ध पुनः आयो लड्न भाग्नुभयो बल, कृष्ण पछि ।।
बल ले रेवतीसाथ विवाह गर्नु भयो सुख साथ यता ।
शिशुपाल र श्रीरूक्मिणीको पनि हुन लाग्यो जब बिह्रा उता ।।
रूक्मिणीको मन श्री हरिमा थ्यो, तस्मात् खोजी कुनै द्विज ।
प्रभु पदमा सन्देश पठाइन् पुगे विप्र पनि सरासर ।।
भन्नु हुन्छ हरि–संतोष छ मन ? छ कि धर्मभा कठिनता ।
संतोष नभए इन्द्र भए पनि घुम्नै पर्दछ लोक सदा ।।
संतोषी, प्रिय–प्राणीमात्रका निरहंकारी विप्रजन ।
भाल झुकाई गर्छु प्रणाम बन्छ तोषले शान्ति मन ।।
आउँनुभो किन ? भन्नोस् केही सेवा मैले गर्नु छ कि ?"
बचन सुनी यो भने विप्रले रूक्मिणीको संदेश शुचि ।।
"लिइसक्यौ प्रिय ! मेरो चित्त वरी सकें पति प्राण भनी ।
दिन लागे प्रभु ! अरूलाई नै पर्सौका दिन के गरूं नि ।।
गर्न नपाओस् जरूले स्पर्श लैजाऊ प्रिय गुप्त बनी !
भाग वीरको हो यो कायर गर्न नपाउन् स्पर्श कहीं ।।
खोज्छन् विधि, शिव पाप पखाल्न जसको पदरज शिर माली ।
पाउन्न भने अनशन ली शय जन्मौं मर्छु र भेट्छु कहीं ।।"

त्रिपन्नौं अध्याय

कुरा कृष्णको के ब्राह्मण पनि नआउँदा श्री भन्छिन् यो ।
"जरूर ममा वर्ष रेछ जुगुप्सा किन आएन त कृष्ण अहो !"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाल्नु भयो हरि कुण्डिनपुरमा, थे सारा नृपवर्ग पनि ।
रुक्मिणी निस्किन् "कुलदेवीको पूजा वन्दन गर्न भनी ।।
सकेर पूजन फर्किन् रूक्मिणी, मोह भए नृपवर्गहरू ।
अलक सम्हाली हेर्छिन् लक्ष्मी, कहाँ छ आफ्नो प्राण – प्रभु ।।
हरिले रथमा राखी झट्ट पाल्नुभयो निज धाम प्रति ।
चैद्य, शाल्वहरू आफूलाई लागे धिक् धिक गर्न अति ।।

चवन्नौं अयाय

जरासन्धहरू आए लड्न फर्के हारी, किन्तु पछि ।
रूक्मी आयो लड्न र बाँधी, मुडिदिनु भो हरि क्रुद्ध भई ।।
छाडी संकर्षण आएर रूक्मीलाई स्नेह गरी ।
गाली भाइ प्रति र बुहारी कन सम्झाउनु भयो अति ।।
द्वारवतीमा भयो विवाह लक्ष्मी, हरिको रम्य अहा ।
खुशी भए सब नरनारीहरू, गाई प्रभुको कीर्ति सफा ।।

पचपन्नौं अध्याय

जन्मे रूक्मिणीबाट प्रद्युम्न, ली शम्बरले सिंधु प्रति ।
फाल्दा खायो माछाले अनि शम्बरकहाँ गो मत्स्य पछि ।।
माछो चिर्दा निस्के बालक, रतिलाई नै दिए लगी ।
शम्बरकहाँ रति थिइन् बसेकी, यी थे कामदेव अघि ।।
युवक भए पछि शम्बर मारी, आए दम्पति द्वारवति ।
चिन्न सकेनन् नारद द्वारा चिनेर सारा भए खुशी ।।
हरिका थे प्रतिविम्ब प्रद्युम्न कामदेव नै रम्य अहा !
हुन्थे आमाहरू पनि मोह, अरू स्त्रीको के गरौं कुरा ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छपन्नौं अध्याय

सत्राजित सित थियो स्यमंतक मणि, रवि द्वारा प्राप्त महान् ।
हरिले "यदुपति लाई देऊ" भन्दा नदिई गरे प्रयाण ॥
बनमा मारी तिनका भाई सँग खोस्यो मणि, सिंह गई ।
जाम्ववानले मारी सिंह, मणि सुतलाई दिए लगी ॥
केशवलाई लाग्यो बात, मणि खोजीमा पाल्नु भयो ।
जाम्बवान संग आट्ठइस दिन सम्मन् आपस युद्ध पऱ्यो ॥
चिनेर स्वामीलाई छोरी साथै अर्पण गरे मणि ।
सत्राजितले पछुतो गर्दै, अर्पे छोरी साथ मणि ॥

सन्ताउन्नौं अध्याय

शतधन्वाले जब सत्राजित मारी भाग्यो, लिई मणि ।
बल औ केशव पाई थाह लाग्नुभयो पछि, मार्न भनी ॥
कृतवर्मा अक्रूर दुबैले आश्रय नदिदा फालि त्यहीं ।
दौड्यो, पछि पछि लागी हरिले मार्दा रेन छ साथ मणि ॥
हरिलाई बल आज्ञा हुन्छ – "जाऊ पुरमै खोज मणि ।
बस्छु म केही समय जनककाँ, मेरा छन् प्रिय भक्त उनी ॥"
मिथिला बीच श्रीराम राजभो, द्वारवती हरि पाल्नुभयो ।
खोज्नु भयो मणि हरिले आखिर अक्रूर साथै रेछ अहो !
भागे अक्रूर डरले काशी छाडी देशै द्वारवती !
डाकी, मागी, देखाई मणि, श्री हरि हुनु भो स्वच्छ अति ॥

अन्ठाउन्नौं अध्याय

इन्द्रप्रस्थ बिच पाल्नुभयो हरि, हाल्न अँगालो पार्थ पुगे ।
भीम, युधिष्ठिरलाई बन्दन गर्नु भयो श्रीयदुपतिले ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिई अँगालो अर्जुनलाई युगल भाइको बन्दन ली।
भेट्नुहुन्छ नववधू र कुन्ती लाइ पनि अति प्रेम गरी ॥
भई कुनै दिन प्रिय अर्जुनको सारथी श्रीहरि, डुल्न गई।
आगोलाई खाण्डव वन दी, पाल्नुभयो कालिन्दी लिई ॥
हरि ल्याउनुभो हरिले मित्रविंदालाई फेरि अहो !
ल्याउनुभो श्रीसत्यालाई, नाथी गोरू सात अहो !
भद्रा संग भो फेरि विवाह ल्याउनु भो लक्ष्मणा हरी।
भौम मरेपछि सोऱ्ह हजार कन्या ल्याउनुभयो वरी ॥

उनसठियौं अध्याय

हऱ्यो नरकले स्वर्गीय छत्र, कुण्डल भन्ने कुरा सुनी।
पाल्नुभयो श्रीकेशव सत्य भामा सँगमा लिई, उहीं ॥
पुगी भौमको परिखा किल्ला युक्त शहरमा क्रुद्ध बनी।
मार्नुभयो मुर त्यसको छोरा औ भौमासुरलाई पनि ॥
आइन् पृथ्वी, छाता कुण्डल हारहरू औ नाति लिई।
गर्छिन् स्तुति औ भन्छिन् 'मेरो नाति निर्भय हवस् हरि !"
भौमासुरका थुनुवा राजकन्याले हरिलाइ पति।
बर्दा, घर तिनलाई पठाई कुण्डल दिनुभो स्वर्ग गई ॥
पारिजात ली त्यसका निति गरी लडाईं, ईन्द्र जिती।
रोप्नुभयो श्रीहरिले सत्यभामा आँगन बीच लगी ॥
स्वार्थ परेमा पाउ परे जो सुरपति, अहिले पारीजात।
हरण भएमा लडे प्रभु सँग धिक् धिक कस्तो द्रव्य प्रभाव !
फर्कीं कन्या सोऱ्ह हजार सँग भो हरिको विहा, पछि।
कन्याले पनि पाइ रमापति थाले सेवा, भई खुशी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक एकका दासी शयौं थे तापनि हरिको नित्य प्रति ।
गर्थे स्वागत औ श्रृङ्गार सेवा पदको पर्छ जति ॥

साठियौं अध्याय

रूक्मिणिलाई आज्ञा हुन्छ, हाँसी ठट्टा गरी हरि ।
"उस्ता–उस्ता राजा छाडी, डरूवालाई वऱ्यौ हगी ॥
प्राय धनी, भज्दैन मलाई गुण हीन भनी जानीनौं ।
अदूरदर्शिता को कारण भिक्षु–गानमा भुली भज्यौ ॥
उदासीन छौं दाउ तथा म लोलुप स्त्री धन मा छैनौं ।
आफ्नै सुखमा पूर्णकाम औ दीप शिखावत् निष्क्रिय छौं ॥
निष्किञ्चन औ उत्पथगामी ठूलाका छौं शत्रु अति ।
गुणविहीन छौं त्यसकारण अब गुण अनुसारै खोज पति ॥"
लडिन् भइँमा मूर्छित भै श्री उठाउनुभो नाथ झरी ।
ठट्टा सम्झी निर्भय साथ हाँसी भन्छिन् पाउ परी ॥
"वचन प्रभुको ठिक हो सारा लुक्छौ डरले भित्र अति ।
अद्वय, निर्गुण छौ अनि गर्छौ काम विलक्षण गूढ कति ॥
डरले होला हरी मलाई ल्याएको पनि बीर जिती ।
आएको हुँ म ता चिनेरै छाडी शिव औ इन्द्र विधि ॥
निष्किचनता हो र दरिद्री ? हजुर भिन्न के चीज छ र ?
भन्नु गरिब, धनवान हजुरकन मेरो त छ यै चरण भर ॥
भरत, अंग, गय राज तजी वन गए किन्तु दुख कहाँ पऱ्यो ?
म त भजने को मिथ्या भाव हटाउने पद भज्छु प्रभो ॥
त्यो जावोस् खर, बैल, कुकुर सम शिशुपालादि भज्न हरि !
छैन सुनेको जसले तिम्रो लीला लीला–नाश करी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुन्दर युवती भनेर हैन रजगुण कन स्वीकार गरी ।
मलाइ हेरे को पनि हैन र ? परम अनुग्रह धन्य हरि !''
भन्नुहुन्छ हरि–''रिसले तिम्रो ओठ चलेको हेर्न हँसी !
गरें धन्य कति गरौं प्रशंसा ? झण्डै दिइथ्यौ प्राण अघि ॥
मोक्ष प्रदाता पाईकन पति खोज्छ मने पुन विषय रति ।
नरक जान अति राम्रो मान्ने हो त्यो तिमी छौ धन्य सती ।।''
यस्तै अरू पनि हज्जारौं विज रानीहरू सँग योगपति ।
ठट्टाको छलबाट अहंपन नास्नुहुन्थ्यो धन्य हरि !

एकसट्ठियौं अध्याय

यौटी यौटी पत्नीबाठ जन्मे दश दश पुत्र शुचि ।
प्रद्युम्नबाट श्रीअनिरूद्ध जन्मे अरु ता भनौं कति ?
रूक्मीले निज पौत्री अर्पण गर्‍यो स्वयम् अनिरूद्ध प्रति ।
होड लगाए बिहा सकेर खेले रूक्मी र राम अति ॥
भन्यो दाउकन ''पाशा खेलन जान्दैनौ तिमी गोपाल ।
धेनु चराऊ पाशा बाण खेल्छन् केवल भूपाल ॥''
रूक्मीले अति झेल गरेर जित्यो र हाँस्यो मुर्ख कलिङ्ग ।
हांस्नेको सब दाँतै भाँची रूक्मी मार्नु भयो तुरून्त ॥

बासट्ठियौं अयाय

देखी ऊषा ले अनिरूद्ध साथ समागम स्वप्नमहा ।
बिउँझी गर्छिन् शोक र चित्र लेखा लेख्छिन् चित्र त्यहाँ ॥
सबको लेखी पछि अनिरूद्ध लेख्दा यै हो भनिन् अनि ।
योगद्वारा ल्याइन् चित्र लेखाले अनिरूद्ध त्यहीं ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कामात्मज अनिरूद्ध जगतमा साह्रै सुन्दर थिए अहा ।
खेलीरहन्थे ऊषा साथ लाई माला वस्त्र सफा ॥
धेरै दिनपछि वाणासुरले छोरीको अपवाद सुनी ।
आई बांध्छन् विस्मित बन्दै नागपाशले क्रुद्ध बनी ॥

त्रिसट्ठियौं अध्याय

नारदद्वारा खबर सुनी यो फौज लिई बल, कृष्ण अनि ।
आए शिब पनि फौज लिएर वाणासुरको पक्ष बनी ।
युद्ध पऱ्यो अति मोह भए शिव छाडे शिवज्वर यदुप्रति ।
वैष्णवज्वर गै पीडित पार्दा शरण परी ज्वर गर्छ स्तुति ॥
"ओत सत्व को नलिए सम्म रज तम आशा टिक्छ अहो !
तार्ते तिम्रो शान्त भयङ्कर उग्र ज्वरले पाहि प्रभो !"
भन्छ कृष्ण "खुशी भएँ म त्रिशिर ! भय मेरो ज्वरबाट नहोस् ।
गर्छ स्मरण जो यो सम्बाद त्यसमा तिम्रो त्रास नहोस् ॥"
काटीदिनुभो चार विना सब बाणासुरको हात अनि ।
शिव भन्छन् स्तुति गर्दै "भोमो प्रभो ! दया गर आर्द्र बनी ॥
प्रभुमायाले नर स्त्री, सुत, धन, रूपी सागर वीच डुब्यो ।
विष खाई नित त्याग्छ सुधारस धोका आफैलाई दियो ॥"
"हुनेछ पार्षद मुख्य हजुरको अब यो" भन्दै शम्भु प्रति ।
पाल्नुभयो हरि नाति बुहारी सँग ली प्यारो द्वारवती ॥

चौंसट्ठियौं अध्याय

देखी कूवा बिच छेपारो नसकी झिक्नै कृष्णकुमार ।
भन्छन् प्रभुसँग प्रभु आएर छुँदा, भए नृग नर सुकुमार ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रभुको पदमा गरी प्रणाम भन्छन् गद्‌गद भई तिनी।
"कसरी भयौ प्रभु ! दृष्टिगोचर अमलात्माको ध्येय तिमी ?
सम्झी आफ्नै गाई दान दिएँ फुनै दिन किन्तु प्रभो।
थवँ ब्राह्मणको रेछ यसैले पाएँ यस्तो योनि प्रभो ! ॥
जान्छु म ता अब देवस्थितिमा दानी नृग थेँ प्रभो ! अघि।
जहाँ गए पनि अल्झोस् यो न तिम्रो पदमा नित्य हरि !"
बिदा भई नृग लागे स्वर्ग फिर्दा हरिले बन्धु प्रति।
ब्राह्मण–धनको भनी प्रभाव दिनुभो शिक्षा लोक प्रति ॥
ब्राह्मण–धन हो विष भन्दा पनि ठूलो विष यो विश्वप्रति।
पुत्रोहरू हो ! मारे श्रापे पनि ब्राह्मणमा गार्नु नति ॥
म कां न आओस् ब्राह्मणको धन जसको इच्छा मात्र गरे।
पनि भ्रष्ट भै मरेपछि त्यो बन्छ सर्प उद्वेगी अरे !

पैसट्ठियौं अध्याय

पाल्नुभयो बल गोकुल बीच सब जन गद्‌गद भए अति।
आँखाद्वारा जल वर्षाई चिप्टे गोपी गोप कति ॥
"राम ! उहाँ के प्रिय सञ्चै छन् ? सम्झन्छन् कि गोठ पनि।
नआउने रे व्रजमा एक पटक पनि के निठुर बनी ? ॥
जो भनेर सब छाड्यौं पति घर चटक्क छाडी गयो उही।
बात बनाई तिमी ह्वौं मेरा ऋणि छु भन्दै फुरा छली ॥"
यस्तो भन्दै रोयो व्रज नै डाँकै छाडी लडीबुडी।
सम्झाउनुभो बलले हरिको हृदयङ्गम सन्देश छरी ॥
खेलन बनमा कुण्डल एक लाई सखी संग खेल्नुभयो।
डाक्ता यमुना आइनन्, जब, खिची हलोले तान्नुभयो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जलमा खेली, उत्री तटमा, लक्ष्मीद्वारा प्राप्त सफा।
नीलो धोती, माला लाई खेल्नुभयो कति रात अहा !
राजन् ! अझपनि बलको वीर्य सूवन गर्दै श्री यमुना।
देखिन्छिन् व्रजबीच हलोले खिचिएकी अति रम्य जहाँ॥
मुग्ध भई बल रास खेल्नु भो एक रात सम धेरै रात।
बिते गोपिका साथ समयको भएन स्मृति नै कस्तो बात ?

छयसट्ठियौं अध्याय

वासुदेव ता म हुँ तँ हँनस् छाड् झूठा सब चिह्न पनि।
नत्र युद्ध दे" यो पौण्ड्रकको दूतद्वारा बाक्य सुनी॥
सभ्य सभासद हाँसे प्रभुले आज्ञाभो त्यो दूत प्रति।
त्यागनेछु जब चिह्न तँ सुत्लास् घेर्लान् कुक्कुर र स्याल कति॥"
दिनुभो पौण्ड्रक काशीराज दुइ गुणलाई सत्व स्थिति।
काशीराजको सुतले कृष्ण मार्न गऱ्यो अभिचार विधि॥
द्वारवती गो त्यसको आगो, हिंड्यो सुदर्शन पिछा लिई।
फर्की, डढायो कर्ता साथै वाराणसि पनि, क्रुद्ध भई॥
तोष चक्र हुन् सखा कृष्णका जो यो लीला अनुमोदन।
गर्ला त्यसको भेद समस्त जलि होला मन संशोधन॥

सतसट्ठियौं अध्याय

स्त्रीहरू ली गिरिनार विषे बल खेल्नुभयो खल द्विविद कपि।
आई किलकिल गरी गिज्यायो स्त्रीहरूमा भो बडो हंसी॥
गर्नु नगर्नु गरी उपद्रव, बलको हेलन गऱ्यो अति।
वारुणी कलश हिंड्यो उचाली हाँस्तै झोक्याउँदै कपि॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुख दिन्थ्यो पुरबासीलाई अत्याचारी रेछ अति ।
खिची हलोले, मूसल द्वारा ठोक्नुभयो शिर, लड्यो कपि ॥
उठेर बलको छाती बीच मुड्की दियो अति क्रोध गरी ।
बलले मुड्की दी उद्धार गर्नुभयो भो फूल झरी ॥

अठसट्ठियौं अध्याय

दुर्योधनको छोरीलाई हरण गरेछन् साम्ब गई ।
युद्ध गरी षड्रथी गएर फर्काए औ थुने लगी ॥
यो था पाई, बल आएर भन्नुभयो "किन थुन्यौ ?" भनी ।
"जुत्ता आई शिरमा चढ्दा ल्याइ बाँध्यौं" भने अनि ॥
जसको पदरज बिच शिरपेच राख्छन् लोकपाल, जगत् ।
ब्रह्मा, लक्ष्मी म पनि त जसको एक कला हूँ खालि फगत् ॥
नृप आसनमा स्वाउँदैन त्यो ? यो कस्तो आश्चर्य !" भनी ।
राम रिसाई, हस्तिनापुर घिस्स्याउनुभो हलो लिई ॥
छोरी ज्वाइँ अर्पण गर्दै कुरू डराई स्तुति गरे ।
राम ! राम ! हे अखिलाधार ! रक्षा गर्नोस् शेष हरे !"
अभय दिई बल पाल्नुभयो बर-बधू लिई, प्रिय द्वारवती ।
अझ पनि हस्तिनापुर ढेढै देख्छौं बलको वीर्य कति ?

उनहत्तरौं अध्याय

'यौटै श्रीहरि सोह्र हजार स्त्रीसँग कसरी खेल्नुभयो ?'
हेरौं, भन्दै, श्रीनारद ऋषि द्वारवती बिच पाल्नुभयो ॥
स्वाउन, कहीं संध्या गर्न, काही निस्कन, खान कहीं ।
खेल्न कहीं औ साउती गर्न काही हास्न र होम्न कहीं ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखी पत्नीहरूका घरमा विराट् महोत्सव रूचिर छवि।
योगेश्वरको बुझी प्रभाव फिर्दा भन्छत् ,'धन्य हरि!"
देखें तिम्रो मुक्ति दिने पद सुर, विधि, शंकर ध्येय अहो!
जो छ सदा अवलम्ब पतितको स्मृति होस्" अनि प्रभु भन्दछ यो॥
म छू धर्मको उपदेशक अनु मोदक, कर्ता एक फगत्।
गर्छु धर्म आदर्श हेंतु तिमी पुत्र नगर है खेद मफत्॥"
गर्नुभयो जे हरिले लीला गर्न अरू सक्तैन कुनै।
गाउँछ, सुन्दछ, अनुमोदन जो गर्छ चरणरति पाउँछ त्यै॥

सत्तरियौं अध्याय

उठी उषामै ब्रह्म स्वरूपको ध्यान गरी हरि, स्नान सकी।
संध्या पूजा सुकेर धेरै अन्न र गाई दान दिई॥
मंगल बस्तु स्पर्श गरी घृत-च्छाया दर्शन गरीकन।
गौं, सुर, ब्राह्मण, सारा प्राणी लाइ नमस्कार गरी पुनः॥
बन्धु, प्रजा सब तृप्त गराई, खाई, सुन्दर बनी सदा।
गई सभामा सुन्नुहुन्थ्यो श्रीहरि गान र वेद कथा॥
जरासन्धका वन्दी नृपको 'दर्शन पाऊँ छुट्न हरि!"।
भन्ने स्तुति ली आई दूत दर्द सुनायो नम्र भई॥
"दुखदायी सुख भोग्ने तन, अब तुच्छ छ जो संग भय छ पिछा।
त्याग आत्मसुख गरी भयौं खल भोग्छौं केवल क्लेश सदा॥
एक पटक प्रभुलाइ जितेर गर्व बढीकन हामीकन।
तिम्रो बानी रेछ सताई जे गर्छौ अब छौं शरण॥"
राजसूयको को निता गर्न पाण्डवहरूकाँ बाट अहो!
आई नारद भन्छन् - तिम्रो लीला दीपक बाल्छु प्रभो!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिई अँगालो अर्जुनलाई युगल भाइको बन्दन ली।
भेट्नुहुन्छ नववधू र कुन्ती लाइ पनि अति प्रेम गरी ॥
भई फुनै दिन प्रिय अर्जुनको सारथी श्रीहरि, डुल्न गई।
आगोलाई खाण्डव वन दी, पाल्नुभयो कालिन्दी लिई ॥
हरि ल्याउनुभो हरिले मित्रविंदालाई फेरि अहो !
ल्याउनुभो श्रीसत्यालाई, नाथी गोरू सात अहो !
भद्रा संग भो फेरि विवाह ल्याउनु भो लक्ष्मणा हरी।
भौम मरेपछि सोन्ह हजार कन्या ल्याउनुभयो वरी ॥

उनसठ्ठियौं अध्याय

हर्‍यो नरकले स्वर्गीय छत्र, कुण्डल भन्ने कुरा सुनी।
पाल्नुभयो श्रीकेशव सत्य भामा सँगमा लिई, उहीं ॥
पुगी भौमको परिखा किल्ला युक्त शहरमा क्रुद्ध बनी।
मार्नुभयो मुर त्यसको छोरा औ भौमासुरलाई पनि ॥
आइन् पृथ्वी, छाता कुण्डल हारहरू औ नाति लिई।
गर्छिन् स्तुति औ भन्छिन् "मेरो नाति निर्भय हवस् हरि !"
भौमासुरका थुनुवा राजकन्याले हरिलाइ पति।
बर्दा, घर तिनलाई पठाई कुण्डल दिनुभो स्वर्ग गई ॥
पारिजात ली त्यसका निति गरी लडाइँ, ईन्द्र जिती।
रोप्नुभयो श्रीहरिले सत्यभामा आँगन बीच लगी ॥
स्वार्थ परेमा पाउ परे जो सुरपति, अहिले पारीजात।
हरण भएमा लडे प्रभु सँग धिक् धिक कस्तो द्रव्य प्रभाव !
फर्की कन्या सोन्ह हजार सँग भो हरिको विहा, पछि।
कन्याले पनि पाइ रमापति थाले सेवा, भई खुशी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक एकका दासी श्यौं थे तापनि हरिको नित्य प्रति ।
गर्थे स्वागत श्रो शृङ्गार सेवा पदको पर्छ जति ॥

साठियौं अध्याय

रुक्मिणीलाई आज्ञा हुन्छ, हाँसी ठट्टा गरी हरि ।
"उस्ता–उस्ता राजा छाडी, डरुवालाई वर्‍यौ हरी ॥
प्राय धनी, भज्दैन मलाई गुण हीन भनी जानीनौं ।
अदूरदर्शिता को कारण भिक्षु–गानमा भुली भज्यौ ॥
उदासीन छौं दाउ तथा म लोलुप स्त्री धन मा छैनौं ।
आफ्नै सुखमा पूर्णकाम श्रौ दीप शिखावत् निष्क्रिय छौं ॥
निष्किञ्चन श्रौ उत्पथगामी ठूलाका छौं शत्रु श्रति ।
गुणविहीन छौं त्यसकारण अब गुण अनुसारै खोज पति ॥"
लडिन् भइँमा मूर्छित भै श्री उठाउनुभो नाथ झरी ।
ठट्टा सम्झी निर्भय साथ हाँसी भन्छिन् पाउ परी ॥
"बचन प्रभुको ठिक हो सारा लुक्छौ डरले मित्र श्रति ।
अद्वय, निर्गुण छौ अनि गर्छौ काम विलक्षण गूढ कति ॥
डरले होला हरी मलाई ल्याएको पनि वीर जिती ।
आएको हुँ म ता चिनेरै छाडी शिव श्रौ इन्द्र विधि ॥
निष्किंचनता हो र दरिद्री ? हजुर भिन्न के चीज छ र ?
भन्नु गरिब, धनवान हजुरकन मेरो त छ यी चरण भर ॥
भरत, अंग, गय राज तजी वन गए किन्तु दुख कहाँ पर्‍यो ?
म त भन्ने को मिथ्या भाव हटाउने पद भज्छु प्रभो ॥
त्यो जावोस् खर, बैल, कुकुर सम शिशुपालादि भजन हरि !
छैन सुनेको जसले तिम्रो लीला लीला–नाश करी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुन्दर युवती भनेर हैन रजगुण कन स्वीकार गरी ।
मलाइ हेरे को पनि हैन र ? परम अनुग्रह धन्य हरि !"
भन्नुहुन्छ हरि–"रिसले तिम्रो ओठ चलेको हेर्न हँसी !
गरें धन्य कति गरौं प्रशंशा ? झण्डै दिइथ्यौ प्राण अघि ॥
मोक्ष प्रदाता पाईकन पति खोज्छ भने पुन विषय रति ।
नरक जान अति राम्रो मार्ग हो त्यो तिमी छौ धन्य सती ॥"
यस्तै अरू पनि हज्जारौं विज रानीहरू सँग योगपति ।
ठट्टाको छलबाट अहंपन नास्नुहुन्थ्यो धन्य हरि !

एकसट्ठियौं अध्याय

यौटी यौटी पत्नीबाठ जन्मे दश दश पुत्र शुचि ।
प्रद्युम्नबाट श्रीअनिरूद्ध जन्मे अरू ता मनौं कति ?
रूक्मीले निज पौत्री अर्पण गऱ्यो स्वयम् अनिरूद्ध प्रति ।
होड लगाए विहा सकेर खेले रूक्मी र राम अति ॥
भन्यो दाउकन "पाशा खेलन जान्दैनौ तिमी गोपाल ।
धेनु चराऊ पाशा वाण खेल्छन् केवल भूपाल ॥"
रूक्मीले अति झेल गरेर जित्यो र हाँस्यो मुर्ख कलिङ्ग ।
हांस्नेको सब दाँतै भाँची रूक्मी मार्नु भयो तुरून्त ॥

बासट्ठियौं अयाय

देखी ऊषा ले अनिरूद्ध साथ समागम स्वप्नमहा ।
विउँझी गर्छिन् शोक र चित्र लेखा लेख्छिन् चित्र त्यहाँ ॥
सबको लेखी पछि अनिरूद्ध लेख्दा यै हो भनिन् अनि ।
योगद्वारा ल्याइन् चित्र लेखाले अनिरुद्ध त्यहीं ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कामात्मज अनिरूद्ध जगतमा साह्रै सुन्दर थिए अहा ।
खेलीरहन्थे ऊषा साथ लाई माला वस्त्र सफा ॥
धेरै दिनपछि वाणासुरले छोरीको अपवाद सुनी ।
आई बाँध्छन् विस्मित बन्दै नागपाशले क्रुद्ध बनी ॥

त्रिसट्ठियौं अध्याय

नारदद्वारा खबर सुनी यो फौज लिई वल, कृष्ण अनि ।
आए शिव पनि फौज लिएर वाणासुरको पक्ष बनी ।
युद्ध पऱ्यो अति मोह भए शिव छाडे शिवज्वर यदुप्रति ।
वैष्णवज्वर गै पीडित पार्दा शरण परी ज्वर गर्छ स्तुति ॥
"ओत सत्व को नलिए सम्म रज तम आशा टिक्छ अहो !
तार्ने तिम्रो शान्त भयङ्कर उग्र ज्वरले पाहि प्रभो !"
भन्छ कृष्ण "खुशी भएँ म त्रिशिर ! भय मेरो ज्वरबाट नहोस् ।
गर्छ स्मरण जो यो सम्वाद त्यसमा तिम्रो त्रास नहोस् ॥"
काटीदिनुभो चार विना सब बाणासुरको हात अनि ।
शिव भन्छन् स्तुति गर्दै "भोभो प्रभो ! दया गर आर्द्र बनी ॥
प्रभुमायाले नर स्त्री, सुत, धन, रूपी सागर वीच डुब्यो ।
विष खाई नित त्याग्छ सुधारस धोका आफैलाई दियो ॥"
"हुनेछ पार्षद मुख्य हजुरको अब यो" भन्दै शम्भु प्रति ।
पाल्नुभयो हरि नाति बुहारी सँग ली प्यारो द्वारवती ॥

चौंसट्ठियौं अध्याय

देखी कूवा विच छेपारो नसकी झिक्न कृष्णकुमार ।
भन्छन् प्रभुसँग प्रभु आएर छुँदा, भए नृग नर सुकुमार ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रभुको पदमा गरी प्रणाम भन्छन् गद्‌गद भई तिनी।
"कसरी भयौ प्रभु! दृष्टिगोचर अमलात्माको ध्येय तिमी?
सम्झी आफ्नै गाई दान दिएँ कुनै दिन किन्तु प्रभो।
दवै ब्राह्मणको रेछ यसैले पाएँ यस्तो योनि प्रभो!॥
जान्छु म ता अब देवस्थितिमा दानी नृग थें प्रभो! अघि।
जहाँ गए पनि अल्झोस् यो न तिम्रो पदमा नित्य हरि!"
बिदा भई नृग लागे स्वर्ग फिर्दा हरिले बन्धु प्रति।
ब्राह्मण–धनको भनी प्रभाव दिनुभो शिक्षा लोक प्रति॥
ब्राह्मण–धन हो विष भन्दा पनि ठूलो बिष यो विश्वप्रति।
पुत्रोहरू हो! मारे श्रापे पनि ब्राह्मणमा गार्नु नति॥
म कां न आओस् ब्राह्मणको धन जसको इच्छा मात्र गरे।
पनि भ्रष्ट भै मरेपछि त्यो बन्छ सर्प उद्वेगी अरे!

पैसट्ठियौं अध्याय

पाल्नुभयो बल गोकुल बीच सब जन गद्‌गद भए अति।
आँखाद्वारा जल वर्षाई चिप्टे गोपी गोप कति॥
"राम! उहाँ के प्रिय सञ्चै छन्? सम्झन्छन् कि गोठ पनि।
नआउने रे व्रजमा एक पटक पनि के निठुर बनी?॥
जो भनेर सब छाड्यौं पति घर चटक्क छाडी गयो उही।
बात बनाई तिमी ह्वौ मेरा ऋणि छु भन्दै झुरा छली॥"
यस्तो भन्दै रोयो व्रज नै डाँकै छाडी लडीबुडी।
सम्झाउनुभो बलले हरिको हृदयङ्गम सन्देश छरी॥
खेलन वनमा कुण्डल एक लाई सखी संग खेल्नुभयो।
डाक्दा यमुना आइनन्, जब, खिची हलोले तान्नुभयो॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जलमा खेली, उत्री तटमा, लक्ष्मीद्वारा प्राप्त सफा।
नीलो धोती, माला लाई खेल्नुभयो कति रात अहा !
राजन् ! अझपनि बलको वीर्य सूचन गर्दै श्री यमुना।
देखिन्छिन् ब्रजबीच हलोले खिचिएकी अति रम्य जहाँ ॥
मुग्ध भई बल रास खेल्नु भो एक रात सम धेरै रात।
विते गोपिका साथ समयको भएन स्मृति नै कस्तो बात ?

छयसट्ठियौं अध्याय

वासुदेव ता महुँ तँ हंनस् छाड् झूठा सब चिह्न पनि।
नत्र युद्ध दे" यो पौण्ड्रकको दूतद्वारा वाक्य सुनी ॥
सभ्य सभासद हाँसे प्रभुले आज्ञाभो त्यो दूत प्रति।
त्याग्नेछु जब चिह्न तँ सुत्लास् घेर्लान् कुक्कुर र श्याल कति ॥"
दिनुभो पौण्ड्रक काशीराज दुइ गुणलाई सत्व स्थिति।
काशीराजको सुतले कृष्ण मार्न गर्‍यो अभिचार विधि ॥
द्वारवती गो त्यसको आगो, हिंड्यो सुदर्शन पिछा लिई।
फर्की, डढायो कर्ता साथै वाराणसि पनि, क्रुद्ध भई ॥
तोष चक्र हुन् सखा कृष्णका जो यो लीला अनुमोदन।
गर्ला त्यसको भेद समस्त जलि होला मन संशोधन ॥

सतसट्ठियौं अध्याय

स्त्रीहरू ली गिरिनार विषे बल खेल्नुभयो खल द्विविद कपि।
आई किलकिल गरी गिज्यायो स्त्रीहरूमा भो बडो हंसी ॥
गर्नु नगर्नु गरी उपद्रव, बलको हेलन गर्‍यो अति।
वारुणी कलशै हिंड्यो उचाली हास्तै झोक्याउँदै कपि ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुख दिन्थ्यो पुरबासीलाई अत्याचारी रेछ अति ।
खिची हलोले, मूसल द्वारा ठोक्नुभयो शिर, लड्यो कपि ॥
उठेर बलको छाती बीच मुड्की दियो अति क्रोध गरी ।
बलले मुड्की दी उद्धार गर्नुभयो भो फूल झरी ॥

अठसट्ठियौं अध्याय

दुर्योधनको छोरीलाई हरण गरेछन् साम्ब गई ।
युद्ध गरी षड्रथी गएर फर्काए औ थुने लगी ॥
यो था पाई, बल आएर भन्नुभयो "किन थुन्यौ ?" भनी ।
"जुत्ता आई शिरमा चढ्दा ल्याइ बाँध्यौं" भने अनि ॥
जसको पदरज बिच शिरपेच राख्छन् लोकपाल, जगत् ।
ब्रह्मा, लक्ष्मी म पनि त जसको एक कला हूँखालि फगत् ॥
नृप आसनमा स्वाउँदैन रयो ? यो कस्तो आश्चर्य !" भनी ।
राम रिसाई, हस्तिनापुर घिस्स्याउनुभो हलो लिई ॥
छोरी ज्वाइँ अर्पण गर्दै कुरू डराई स्तुति गरे ।
राम ! राम ! हे अखिलाधार ! रक्षा गर्नोस् शेष हरे !"
अभय दिई बल पाल्नुभयो बर-बधू लिई, प्रिय द्वारवती ।
अझ पनि हस्तिनापुर ढेढै देख्छौं बलको वीर्य कति ?

उनहत्तरौं अध्याय

'यौटै श्रीहरि सोह्र हजार स्त्रीसँग कसरी खेल्नुभयो ?'
हेरौं, भन्दै, श्रीनारद ऋषि द्वारवती बिच पाल्नुभयो ॥
न्वाउन, कहीं सन्ध्या गर्न, काही निस्कन, खान कहीं ।
खेल्न कहीं औ साउती गर्न काही हास्न र होम्न कहीं ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखी पत्नीहरूका घरमा विराट् महोत्सव रूचिर छवि ।
योगेश्वरको बुझी प्रभाव फिर्दा भन्छन् ,'धन्य हरि ! "
देखें तिम्रो मुक्ति दिने पद सुर, विधि, शंकर ध्येय अहो !
जो छ सदा अवलम्ब पतितको स्मृति होस्" अनि प्रभु भन्दछ यो ॥
म छू धर्मको उपदेशक अनु मोदक, कर्ता एक फगत् ।
गर्छु धर्म आदर्श हेतु तिमी पुत्र नगरु है खेद मफत् ॥"
गर्नुभयो जे हरिले लीला गर्न अरू सक्तैन कुनै ।
गाउँछ, सुन्दछ, अनुमोदन जो गर्छ चरणरति पाउँछ त्यै ॥

सत्तरियौं अध्याय

उठी उषामै ब्रह्म स्वरूपको ध्यान गरी हरि, स्नान सकी ।
संध्या पूजा सुकेर धेरै अन्न र गाई दान दिई ॥
मंगल वस्तु स्पर्श गरी घृत–च्छाया दर्शन गरीकन ।
गौं, सुर, ब्राह्मण, सारा प्राणी लाइ नमस्कार गरी पुनः ॥
बन्धु, प्रजा सब तृप्त गराई, खाई, सुन्दर बनी सदा ।
गई सभामा सुन्नुहुन्थ्यो श्रीहरि गान र वेद कथा ॥
जरासन्धका बन्दी नृपको 'दर्शन पाऊँ छुट्न हरि ! " ।
भन्ने स्तुति ली आई दूत दर्द सुनायो नम्र भई ॥
"दुखदायी सुख भोग्ने तन, अब तुच्छ छ जो संग भय छ पिछा ।
त्याग आत्मसुख गरी भयौं खल भोग्छौं केवल क्लेश सदा ॥
एक पटक प्रभुलाइ जितेर गर्व बढीकन हामीकन ।
तिम्रो बानी रेछ सताई जे गर्छौं अब छौं शरण ॥"
राजसूयको को निता गर्न पाण्डवहरूकाँ बाट अहो !
आई नारद भन्छन् – तिम्रो लीला दीपक बाल्छु प्रभो !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यजन गर्दछन् रे तिम्रो पद पाउँन पाण्डवहरू अब।
तिमीकन धेरै जन देल्नेछन् सम्मति देऊ अधोक्षज !"
यादवहरूको चित्त प्रसन्न नहुँदा भन्दछ सुनी हरि।
उद्धव हाम्रा एक सुहृद छौ जाऊँ कहाँ मन शोच गरी॥

एकहत्तरौं अध्याय

"राजसूयको दिक्‌विजयँमा भीमद्वारा शत्रु जिती।
छुटाउँला नृपलाई तस्मात् जाऔं पाण्डवकहाँ अघि॥"
यसले हाम्रो महान् लाभ हुनेछ पछि जगबीच व्रजेश !
हुनेछ तिम्रो कीर्ति प्रचार मुक्त हुने नृपबाट विशेष॥
हात्ती, गोपी, पिता र माता, जानकी, हामी मुनिहरू।
जस्तै तिनका रानीहरू पनि गाउनेछन् कीर्ति प्रभु !"
यो उद्धवको सुनेर विन्ति। पत्नी सुत सब हूल लिई॥
चल्यो सबारी प्रभुको पल्टन पाल समेना सामल ली।
लिन आए सब पार्थ सडकमा हालि अंगालो भित्र लगे।
कुन्ती, सुभद्रा, कृष्णाले पनि भेटी साह्रै स्नेह गरे,॥

बहत्तरौं अध्याय

युधिष्ठिर भन्छन्–अनुमति बक्स्योस् राजसूय मख गर्छु प्रभो।
भज्ने नभज्ने जनको निष्ठा सबले देखुन् आज प्रभो !"
खुशी भई हरि आज्ञा हुन्छ "सबको प्यारो यज्ञ छ यो।
ल्याउन् धनहरू भीम आदि गै विजय गरी नृपवर्ग प्रभो॥
इन्द्रिय जेता हुँदा तिमीहरू को बशमा छु म त्यसो हुँदा।
तिरस्कार सुर पनि सक्तैनन् गर्न भक्त को कहीं कदा।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विजय गरी सबदिशा दिशा मा फर्के धन ली भीमहरु ।
पाल्नु भयो अनि मागध मार्न भीम र अर्जुन लिई प्रभु ॥
विप्र रूप ली बाचा ली पछि मागे जोडा युद्ध अनि ।
लडे गदा ली सत्ताइस दिन भीम र मागध क्रूध बनी ॥
बुझी भीमले प्रभुको ज्ञान आधा पारी चिरे अनि ।
त्यसकै छोरा बिच दी राज्य छाड्नुभयो सब भूप पनि ॥

त्रिहत्तरौं अध्याय

बीस हजार र आठशये थे राजा दुब्ला, मलिन अति ।
देखी प्रभुको सुन्दर रूप गर्छन् भक्तियुक्त स्तुति ॥
"भय भञ्जन हरि नारायणको गर्छौं पदमा आज प्रणाम ।
भो भो अब क्यै चाहन्नौं प्रभु स्मृति होस् तिम्रो भुलौं तमाम ॥
मृग तृष्णा झैं राज पाठ यो देह रोगको जन्म भूमि ।
प्राप्त मरे पछि हुने कर्म फल, चाहन्नौं छौं चरण मुनि ॥"
राजोचित सन्मान गराई दिनुभो नृपहरूलाई विदा ।
फर्किनुभो हरि हस्तिनापुर खुशी भए सब लोक अहा !

चौहत्तरौं अध्याय

देश देशका बन्धुबर्ग नृप ऋषि, मुनि औ सुर, लोकपति ।
राजसूयमा आएका थे पूर्ण भयो मख यथाविधि ॥
राजसूय मखको आखिरमा धेर छानिए सभासद ।
हलफल भो "कसलाई अग्र पूजा गर्ने" भनी खुब ॥
"सबको आत्मा मालिक कृष्ण लाई पूजा गरौं" भनी ।
सहदेव उठी भन्छन् ऋषिमुनि सबले संजुर गरे पनि ॥
प्रभुको पूजा गरे खुशी भै तब भन्दछ शिशुपाल उठी ।
"गोठालाको पूजा किन भो छाडी योगी मुनि र ऋषि ?"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो भन्दै प्रभुको निन्दा गऱ्यो शर्यौं उद्धार भयो।
चक्रद्वारा मिल्यो प्रभुमा राजसूय अनि पूर्ण भयो॥

पचहत्तरौं अध्याय

राजसूयको कार्य सुयोधन, कर्ण र अर्जुन आदि मिली।
गरे समाप्ति, हरिले अतिथी हरूको धुनुभो पाउ जति॥
लागे गंगा तर्फ समस्त स्नान गर्न अति हर्ष भई।
खेल्दै होरी रङ, पिचकारी केशर, कुम्कुम आदि छरी॥
गरे सबैले अवभृथ स्नान फेरे भूषण वस्त्र पनि।
ऋषि, मुनि, गायक, नृप सबलाई पूजा स्वागत गरे अनि।
पाण्डवहरुको जम जम देखि डाह बढेको थियो अति।
गयो सुयोधन पाण्डवहरुकाँ लिई कुनै दिन भाइ जति॥
जलमा थल औ थलमा जल झैं देखिन्थ्यो पथ यताउति।
लड्यो सुयोधन, हाँसे भीम र स्त्रीहरू प्रभुको शान बुझी॥
जली सुयोधन निस्के बाहिर भए युधिष्ठिर खिन्न मन।
चूप कृष्ण, भो आँखा जसकै बाट सुयोधन लाई भ्रम॥

छयहत्तरौं अध्याय

शिशुपाल सखा शाल्व रिसाई, शङ्करको तप गरी अति।
पाई बलियो एक विमान लड्न गयो, अनि द्वारावती॥
लड्नुभयो गै श्रीप्रद्युम्न, माया नाना थरी फिज्यो।
आखिर प्रभुले जादू काटी, पारीदिनु मोह अहो!
त्यसको मन्त्री द्युमान् गएर हान्यो काष्णीलाइ गदा।
मूर्छा हुनुभो, दूर हटाए बिउँझी हुनुभो दिक्क बडा॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सतहत्तरौं अध्याय

उठो पाल्नुभै फेरि प्रद्युम्न, मारीदिनुभो द्युमान् अरि ।
इन्द्रप्रस्थ तिर बाट सबारी भो हरिको त्यहीं सरासरी ॥
शाल्व र हरिको पर्‍यो लडाइँ शार्ङ्ग खसाई दियो अनि ।
त्याई सामु श्रीवसुदेव लाई मारी दियो पनि ॥
जानेकै थ्यो कपट परन्तु क्षण मोहित झैं कृष्ण बन्यो !
जसका भक्त त मोह हुँदैनन् कसरी त्यो प्रभु मोह भयो ?
जसको सेवा द्वारा आत्म विद्या गर्दै सम्पादन ।
अनात्म्य त्यागी आत्मिय वैभव प्राप्त गर्दछन् भक्त सुजन ॥
मारेको वसुदेव रहनेछ केवल जादू रेछ, पछि ।
गर्दै नाना हरिसंग युद्ध चक्रद्वारा गयो तरी ॥

अठहत्तरौं अध्याय

शिशुपाल–सखा दन्तवक्र औ विदूरथ आए लड्न भनी ।
मारी हरिले दिनुभो निज पद तेज मिल्यो हरि साथ अनि ॥
कुरू पाण्डवमा भई तटस्थ हिंड्नुभयो वल तीर्थ प्रति ।
नैमिषमा गै सूत नउठ्दा' मारीदिनुभो क्रुद्ध भई ॥
निजको छोरालाई वक्ता पारी बल औ आयु दिई !
सोध्नुभयो ऋषिहरूमा "गरूँ के ? भन्नोस् प्रायश्चित्त" भनी ॥
ऋषिहरू भन्छन्– "वल्वल आई आश्रम दूषित पार्छ अति ।
त्यस खललाई मारी तीर्थ घुम्नोस् बर्षौं सम्म डुली ॥"

उनासियौं अध्याय

वल्वलकन उद्धार गरी बल, भारतका सब तीर्थ घुमी ।
भीम, सुयोधन युद्ध परेको स्थलमा पुग्नुभयो अनि ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्झाउनुभो भीम, सुयोधन दुइलाई अति प्रेम गरी।
हरिमाया थ्यो किन सम्झन्थे? पाल्नुभयो अनि द्वारवती ॥
नैमिषबिच गै गर्नुभयो मख ऋषिहरूमा विज्ञान दिई।
"आत्मामा जग, जगमा आत्मा" जसले यो शुभ मिल्छ स्थिति ॥
रेवती साथै अवभृत स्नान गर्नुभयो बल हर्ष भई।
बलको यश यो जो सम्झन्छ हरिको प्यारो हुन्छ त्यही ॥

असियौं अध्याय

कृष्ण सखा थे विप्र सुदामा, दान्त, निराशी, शान्त, गरीब।
दुःखी स्त्रीको आग्रहद्वारा द्वारवती बिच गए सप्रीत ॥
डोलाउँनुभो चंवर रमाले, प्रभुले पाउ दाब्नु भयो।
उच्चासनमा राखी पूजा, बन्दन गर्दै भन्नुभयो ॥
"पढ्थ्यौं गुरुकुलबीच खुशी भै, रमाइलो थ्यो अहा! कति?"
ती घटना के सम्झनुहुन्छ? थ्यो गुरूको शुभ स्नेह कति?"
भन्छन् उनी–प्रभु! धन्य रहेछु गुरूकुलमा बसि पढ्न मिल्यो।
नक्कल हो यो तिम्रो खालि परमेश्वर भै पढ्नु प्रभो!"

एकासियौं अध्याय

"पत्र, पुष्प, जल जे होस् अणु पनि पूर्ण हुनाले प्रभु मकन।
अर्पे पूर्णै हुनेछ त्यसले विश्वै बन्दछ तृप्त मन ॥
किन्तु स्नेह स्नेहीले नै अर्पिनु पर्दछ बस्तु शुभ।
त्यसो हुँदा के चीज मलाई ल्याएका छौ आज प्रिय! ॥"
भनी खोस्नुभो बलसित हरिले तिनसँग चिउरा चारमुठी।
गांस हाल्नुभो एक र दुइमा रोक्नुभयो श्री रमा उठी ॥
फर्के मन मन धन्य रहेछु भन्दै सम्झी दया बडा।
देखे तर निज कुटिमा माया महल बनेको रम्य खडा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"धन भन्दा के कम छन् मेरा परोपकारी जनार्दन ?
जन्म जन्ममा सौहृद मैत्री दास्य सख्य होस् तिनै सँग ॥"
भन्दै मायिक महल समस्त पत्नीलाई सौंपीकन ।
गर्दै आखिर परमा भक्ति पाए प्रभुपद परमधन ॥

बयासियौं अध्याय

सूर्य ग्रहणमा बन्धु सुहृद् सब साथ लिई कुरुक्षेत्र प्रति ।
यादवहरू गै स्नान गरेर दान र पूजा गरे अति ॥
भेट भयो सब देश देशका सम्बन्धी नृपलाइ पनि ।
कुरू पाण्डव ब्रजवासी आए पर्व मनाउन निति त्यहीं ॥
गरे प्रशंसा वृष्णि र यदुको सब राजाले भेट गरी ।
नन्द यशोदा आई छाँद हाले छोरालाई अति ॥
भेटी गोपीलाई प्रभुले सम्झाउनुभो योगगति ।
भन्छन् गोपी "घरमा रहँदा पनि होस् तिम्रो सदा स्मृति ॥"

त्रियासियौं अध्याय

सोध्नुभयो सबलाई हरिले क्षेम कुशल अति नम्र बनी ।
भन्छन् नृपहरू "कहाँ छ अकुशल तिम्रा दर्शकलाई" भनी ॥
हरिका स्त्रीसँग द्रौपदी सोध्छिन्- हजुरहरूले कसो गरी ?
श्रीहरिलाई अपनाउनुभो आज्ञा होस् सब दया गरी ॥"
अपनाएथे जसरी कृष्ण पत्निहरूले त्यसै गरी ।
सारा घटना गरे बयान कृष्णा सँग अति स्नेह बढी ॥
भन्छन् रोहिणी आदि "हामी साम्राज्य र स्वाराज्य जगत् ।
पनि चाहन्नौं प्रभुपद चूर्ण खोज्छौं शिरमा राख्न फगत् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जसका पदको सुखमय स्पर्श इच्छा गर्थे नित्य तमाम।
व्रजका गोपी, गोप र बनका बिरुवा, लहरा, पात, तमाम॥

चौरासियौं अध्याय

आए प्रभुको दर्शन गर्न ऋषि, मुनि सारा त्यहीं अनि।
पूजा, अर्चन गरी सबैको हरिले आज्ञा भयो पनि॥
"साधुहरूमा तीर्थ भावना नगरी जलमा तीर्थ तथा।
तनमा आत्मा, चिजमा, स्वत्व जो ठान्दछ हो त्यही गधा॥"
भन्छन् ऋषिहरु – "तिम्रो माया ले छौं मोहित पाहि प्रभो!
लीला तिम्रो अति छ विचित्र सकोस् र को सब जान्न प्रभो!"
यसपछि ऋषि मुनि श्रीवसुदेवको आग्रहले त्यहीं बसी।
यज्ञ गराए कर्म छुटाउन, हरिको आराधना गरी॥
यज्ञ सकी सबलाई बिदा दी नन्दसखा सँग भेट गरी।
रोए शौरी उनको मैत्री सम्झी अघिको स्नेह बढी॥
प्रभुको पदमा अल्झेको मन नसकी झिक्न विरह बढी।
गोप र गोपी लागे व्रज तिर यादव फर्के द्वारवती॥

पचासियौं अध्याय

बल औ केशव प्रति वसुदेव भन्छन् ईश्वर रूप बुझी।
"तिमीहरू हौ पुरुष प्रधान, जसमा जग यो रेछ अडी॥
जति छन् तेज र सत्ता जगमा प्रभु नै हौ सब हेतु प्रभो!
भोग्न पुग्यो अब विषय असत्य शरणपरें म त आज प्रभो।"
भन्छ कृष्ण–हो आत्मा मात्र छ निर्गुण निष्क्रिय नित्य सदा।
उसकै निर्मित गुणद्वारा उ पर्दछ नाना मान पिता!
दाउ तथा म हजुरहरू यी पुरवासी औ चराचर।
सबका सब नै आफ्नै रूप सम्झनु पर्दछ पिता! अब॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुनेर प्रभुको बाणी नाना बुद्धि पिताको गयो हटी ।
आमा नभई निःसङ्कल्प भन्छिन् छोराहरू प्रति ।।
"मृतक पुत्रहरू हेर्न म पाउँ प्रभो ! दया गर "सुनी यति ।
बल औ केशव सुतल तुरुन्त पाल्नुभयो, ली योगगति ।।
बलिको स्वागत पूजा ली हरि पाल्नुभयो छःभाइ लिई ।
आमा को स्तन पिई गए ती आफ्नो अघिको धाम प्रति ।।

छयासियौं अध्याय

जोगी भैकन घुम्दै तीर्थ अर्जुन द्वारवती पुगी ।
हरे सुभद्रा हरिकी बैनी लाई सारा फौज जिती ।।
क्षोभित हुनुभो रिसले राम, हरिले पक्डी पाउ अति ।
खुशी गराई, डाकी, दिनुभो हात्ती, घोडा, माल थपी ।।
नारदादि ऋषि साथ कुनै दिन मिथिला पाल्नुभयो, हरि ।
गरे निमन्त्रण द्विज श्रुतदेव औ नृपले पनि प्रेम गरी ।।
दुइ स्वरूप भैं, दुइ तिर ऋषि ली पाल्नुभयो हरि गुप्त भई ।
स्वागत स्तुति भो जनक कहाँ, औ नाचे ब्राह्मण मस्त भई ।।
भक्त दुबैमा दी आनन्द स्वागत स्तुति स्वीकार गरी ।
राज भयो हरि. धेरै दिनतक मिथिलाजनमा हर्ष छरी ।।
"ब्राह्मण मेरा छन् अति प्यारा, यिनको पूजा गर्नु पनि ।
मेरै पूजा हो" यो भन्दै भयो सवारी, लिई मुनि ।।

सतासियौं अध्याय

"निर्गुण प्रभुको गुण प्रतिपादन हे ऋषि ! कसरी गर्छ श्रुति? "
प्रश्न गरेपछि नृपले यस्तो भन्छन् श्री शुकदेव ऋषि ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नारायण भन्नुभएथ्यो सोद्धा नारदलाई यही।
ब्रह्मवाद जनलोक–निवासी बीच भएथ्यो जऊन् अघि ॥
जनलोकमहा ब्रह्मसभा थ्यो, प्रश्न उठचो यै उहाँ पनि !
चतुसन् मध्ये उठी सनन्दन भाषण दिन्छन् नम्र बनी ॥
"सुत्तछ जब त्यो सृष्टि पिएर, अन्त्य हुँदा स्तुति गर्छ श्रुति।
बन्दीहरू नृपलाई जसरी बिउँझाउँदछन् कीर्ति पढी ॥

नवौं रत्न (वेदस्तुति)

"जय होस् तिम्रो सत्चित् भगवन् ! गरियो माया नष्ट तमाम।
रूप लिएमा मात्रै तिम्रो सक्छौं केही गर्न बयान ॥
तिम्रो सेवा बीच भुलेर कोही नहुने मुक्ति पनि।
कोही तिम्रो भजनै बिर्सी बाँच्छ खलाँति तुल्य बनी ॥
तिमी भन्दा पछि जन्मे ऋषि मुनि जान्लान् तिम्रो रहस्य के ?
सुत्छौ जब तिमी म काल शास्त्र छ ! पर्नु शरण बिन साधन के ?
कुण्डलहरूमा सुन झैं जगमा आत्मा व्याप्त छ टम्म अनि।
सब मतदेखि पर छौ, तर सबै जानें भन्दछ मूर्ख बनी ॥
प्रभुको सेवा गर्दछ जो नर, फुल्ची मृत्यु हिड्छ त्यही।
प्रभुविमुख छ जो त्यो बाँधिन्छ पशु सम श्रुतिको वाक्य लिई ॥
हजुर सर्वरस दिने छँदै प्रभु के सुख स्त्री सुत धन रथले ?
यस्तो नबुझी फोस्रो सुखमा लागे विषयी मानव ए !
अघारिलाई हृद्विच राख्ने हुन्छ विमद हो तीर्थ त्यही।
काम वासना नभुने भुल्छ कंठमणि झैं आत्म छवि ॥
एक पटक पनि प्रभुको अनुभव पाउँछ जो नर हृदय प्रति।
विषयहरूको त्यो गर्दैन कहिले सेवा फेरि भुली ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वरूपमा स्थित औ प्रभुप्रेमी स्वतन्त्र छन् यो लोक प्रति :
मग्न रहुन्छन् विधि निषेध औ दुखसुखद्वारा उपर उठी ॥
नभमा रज झैं अण्ड अनन्त निस्कन्छन् प्रभुबाट अति ।
नइति नइति यो अन्तै आखिर हुन्छौं प्रभुमै लीन श्रुति ॥"
नारायणको मुखद्वारा यो सारा श्रुतिको सार सुनी ।
कृष्ण व्यास प्रति भने समग्र नारद मुनिले आर्द्र धनी ॥
तीन समयको कारण, स्वामी सृष्टि गरी जगभित्र पसी ।
शासन गर्दछ, जो पाएपछि माया त्यागदछ जीव उठी ॥
अभय-प्रदाता औ कैवल्य मुक्त स्वरूप, अव्यक्त गति ।
अन्धकार परको हरिलाई गर्छौं चिंतन नित्य प्रति ॥

अठ्ठासियौं अध्याय

"भक्त विष्णुका गरिब र शिवका धनि किन ? भो सन्देह अति ।
यस्तो नृपको प्रश्न सुनेर भन्छन् श्रीशुकदेव ऋषि ॥
"यज्ञ सकेपछि सोद्धा तिम्रा बाजेले यै कुरा अघि ।
आज्ञा भो सब तत्व खुलस्त हरिले, सबका सामु यही ॥
"इच्छा गर्छु म जसको श्रेय त्यसको धनहरू हर्छु सबै ।
धन इच्छुक जन मेरो सेवा नगरी अरुकै गर्छ सधैं ॥
यसै विषयको सुन इतिहास, थ्यो बृक भन्ने दैत्य अघि ।
दी त्यसलाई वर शंकरले, पाउनुभो जो दुःख अति ॥
वृकले 'जसको शिरमा हात राख्यो त्यो जुन मर्ने वर ।
शंकरद्वारा पाई उनकै शिरमा खोज्यो राख्न स्वकर ॥
भाग्नुभयो शिव, वटु भै हरिले 'राख त आपनै शिरमा हात ।'
भन्दा राखी मऱ्यो असुर त्यो, बल्लै शिवको छुट्यो हवाल ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उन्नानव्वेयौं अध्याय

ऋषिहरू बिच भो खलबल तीन गुणहरूमा को श्रेष्ठ भनी।
खटिए भृगुजी गर्न परीक्षा पुगे सत्य, कैलाश पनि॥
स्तुति नगरेमा रिसिए ब्रह्मा, शंभु अँगालो हाल्न भनी।
आए, किन्तु नदिंदा हाल्न आँटे मार्न क्रुद्ध बनी॥
हरिको उरमा पाद प्रहार गरे, किन्तु हरि उठी प्रणाम।
गरी भन्नुभो "धन्य भएँ म मो उर अब यो श्रीको धाम॥"
द्वारवतीमा क्रमैं ब्राह्मणको पुत्र क्रमैले नउ मरी।
फाले नृपको ढोकामा सब "पापी नृपको पाप" भनी॥
भन्छन् अर्जुन गरी घमण्ड "अब रक्षा मै गर्छु बसी।"
तर के बच्थ्यो मऱ्यो र द्विजले उल्टो धिक् धिक दिए अति॥
खोज्न गए अनि द्विजसुतलाई अर्जुन स्वर्ग लोक सबै।
कहीं नपाई लागे मर्न र रोकी प्रभुले लिई सँगै॥
रथमा राखी लोकालोक भन्दा टाढा लोक लगी।
शेषस्थित हरिलाई प्रणाम गर्नुभयो अति नम्र भई॥
भन्दछ भूमा- "तिमीहरूलाई हेर्ने मन भै विप्रसुत।
ल्याएको हूं भार सक्यौ हरी भूको आउनु झट्ट अब।"
नुहि बालक ली फर्किनुभो, श्री नर नारायण द्वारवती।
दुष्ट मराई, रारी श्रीहरि राज भयो अति हर्ष छरी॥

नब्बेयौं अयाय

अति सुन्दर औ सर्व-समृद्धि युक्त पुरीमा राज गरी।
आफना पत्नीसँग पिचकारी खेल्नु भयो हरि हर्ष छरी॥
साथै रहँदा पनि उनीहरू विरह भएका तुल्य बनी।
प्रकृतिमा निज विरह मिलाई, बोल्थे पागल तुल्य बनी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुररिजलधि गिरि मलयानिल शशी कोकिल चकवी नदघनहाँस ।
लाई देखी, बोल्दै तिन सँग तन्मय हुन्थे पत्नी समस्त ॥

पाँचौं-महिषी गीत

हे न्याउली चरि ! किन रून्छ्यौं तिमी विधिए झैं छौ दासी सरी ।
चिम्ल्यौ लोचन किन हे चकवी ! प्रभुपदमाला भेट्न सरी ॥
हे सागर ! तिमी किन जागा छौ ? प्रभुले गुण छिनिदिए सरी ।
हे शशि ! छौ किन क्षीण प्रकाश ? प्रभुको वाणी हो कि भुली ॥
मलयानिल ! किन झिन्छौ दुःख ? घायल छौं प्रभुबाट सब ।
प्रभुप्रिय घन ! किन आँशु खसाल्छौ ? प्रभुरति नै दुखमोल्नु बुझ ॥
रे कोयल ! प्रियतम सम वाणी बोल्छौ चेतन दिई कन ।
प्रिय पर्वत ! चुपचाप बस्यौ किन ? उरमा प्रभुपद होकि लिन ?
नदिहो ! तिमीहरु दुब्ला किन हौं ! प्रभुको चितवन मिलेन कि ?
हाँस ! छ स्वागत पेऊ दूध भन प्रभुगाथा चेतन दी ॥"
अयुतबर्षमा पनि सकिदैन यादब यति थे मन्न कहीं ।
जन्मेका हुन् प्रभुको आज्ञाद्वारा यी सब देव यहीं ॥
वीर्य न्यून भो जो जन्मे पछि, जसको नामै धुन्छ अशुभ ।
स्नेही द्वेषीले पद पाए, भार हटायो के अद्‌भुत ॥
व्रजपुरस्त्रीमा प्रीति बढायो, जसले सबको पाप हऱ्यो ।
भार हटायो जसले भूको, त्यसको जय होस् जय प्रभो ! ॥
धर्म भागवत रक्षालाई लीला, तनु ली गऱ्यो चरित ।
सेवक हुन जो इच्छा गर्छ सुनोस् चरित होस् कर्म रहित ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकादश स्कन्ध

पहिलो अध्याय

शुकदेवजी भन्छन्–
पृथ्वीको सब भार घटाई, यादवहरू पनि भार बुझी ।
हरिले ऋषि मुनि श्रापद्वारा भयो फाँट्नु कुल पार्न खति ॥
साम्बलाइ स्त्री पारी अरूले "पाउँदछिन् के ! यिनी भनी ।
सोद्धा ऋषि सँग पाए उत्तर "कुलनाशक जन्मन्छ' भनी ॥
जन्म्यो मूसल घोट्न लगाई दिए बगाई शेष पनि ।
उब्ज्यो एरक भै औ शेष व्याधाको शर बन्यो अनि ॥

दोस्रो अध्याय

नारदलाई श्रीवसुदेव सोध्छन् पदमा गरी प्रणाम ।
"धर्म भागवत् भन्नुहवस्, ऋषि जसले भय दुख भाग्छ तमाम ॥
नारद भन्छन्–ऋषभपुत्र नउ सँग सोद्धा निमि नृपले जो ।
पाए उत्तर भन्छु क्रमैले सुन्नोस् कविले उक्ति प्रभो !
"अभय म ठान्दछु हरि सेवा जो तन, मन, अर्पण गर्छ सबै ।
दोस्रो देख्नु भय हो, निर्भय मन रोकेमा मिल्छ यसै ॥
हरिको निर्मल नाम चरित्र गाई रोई ! मत्त भई ।
जो स्थिर चरमा गर्छ प्रणाम, सुखको अनुभव गर्छ त्यही ॥
"कस्ता हुन्छन् हरिका भक्त ? कसरी चल्छन् लोक प्रति ?
आज्ञा होस्" यो भन्छन् मैथिल दिन्छन् उत्तर भक्त हरि ॥
"देख्छन् हरिको तन स्थिर चरकन मोह हुँदैनन् कहीं पनि ।
जाति र कुलको त्यागी गर्व छाड्छन् तृष्णा काम पनि ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आधा क्षरण भर छाडी हरिस्मृति, खिन्नन् त्रिभुवन मिले पनि ।
जसमा यो शुभ लक्षण मिल्छ ती हुन् उत्तम भक्त निमि !।।"

तेश्रो अध्याय

मायिका पनि मोहित पार्ने हरिको माया कस्तो हो ?"
भन्ने निमिमा अन्तरिक्ष ऋषि दिन्छन् उत्तर सुन्दर यो !
"सृष्टि गरी त्यस भित्र पसेर जीव भई गुण भोग्छ हरि ।
मै हुँ भन्छ र गर्दछ कर्म गुड्दछ प्रलयै सम्म भुली ।।
थाल्दछ जब हुन प्रलय जगत्को निजतिजकारण बीच मिली ।
महत्विषे सब मिल्दछ आखिर, यै हो माया मोहकरी ।।"
"इन्द्रियलाई जित्न नसक्ने मूर्खहरूले कसो गरी ।
जित्लान् माया ?" भन्ने निमिसँग प्रबुद्ध भन्छन् स्नेह गरी ।।
"जानी नश्वर दुइटै लोक, ज्ञानी गुरुको पाऊ परी ।
शिक्षा लेओस् भागवत् धर्म, रोकोस् मन सत्सँग गरी ।।
गरी जीव हित प्रभुको कीर्तन गरोस् परस्पर कथा पनि ।
हुन्छ रूने औ नाच्ने पागल, त्यसले माया तर्छ भनि ।।"
"परमात्मा त्यो ब्रह्मस्वरूप नारायणको रूप स्थिति ।
कस्तो के हो ?" भन्दा उत्तर दिन्छन् पिप्पलायनजी ।।
"स्थिर चर सबको साक्षी जो छ, जो द्वारा सब रेछ चली ।
न त मर्दछ, त न बढ्दछ, घट्छ हो नारायण रूप त्यही ।।
आत्मा नभए विउँझे बाद सुषुप्तिमा सुख भयो भनी ।
कसरी पाऊँछ मानिस थाह ? भो आत्माको सिद्ध यहीं ।।"
"कर्मयोगको लक्षण के हो ? जुन गर्दा निष्काम बढी ।
बनिन्छ निर्मल" भन्ने निमिसँग भन्छन् आविर्होत्र ऋषि ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"वेद परोक्ष छ, कर्म विनाशक, औषधि बालकलाइ सरी ।
त्यसमा लाउन मधुर मधुर फल धेर बताउँछ, सामु परी ।।
तन्त्रविधिले हरिको पूजा गर्नु विधिवत् गरी स्तुति !
तन्मय हुनु औ कर्मद्वारा छुट्टी मिल्दछ हे नृपत्ति !'

चौथो अध्याय

"हरिले जो जो लिनुभो रूप अथवा पछि लिनु हुन्छ कति ?
गर्नु भयो के ?" भन्ने नृपमा द्रुमिल भन्दछन् रूप स्थिति ।।
"अनन्तको गुण गणना गर्न खोज्ने जन हो वालमति ।
सक्लान्] वरु गणितज्ञ मनीषी भूको धूलो गन्न अडी ।।
नारायण हुन् आदि स्वरूप त्यसपछि शंकर, विष्णु विधि ।
नर नारायण, दत्त, वराह, ऋषभ र चतुसन, हंस, हरि ।।
राम, कृष्ण औ बुद्ध र कल्कि आदि करोडां रूप लिई ?
गरे असम्भव अद्भुत कर्म कसले सक्ला भन्न खई ?"

पाँचौं अध्याय

"लोभी, कामी, मूर्ख, अदान्त भज्दैनन् जो नाथ हरि ।।
तिनको निष्ठा कस्तो हुन्छ ?" भन्दा भन्छन् चमस ऋषि ।।
"महङ्गै मीठो फलश्रुति वीच मग्न भई, हरि भक्त प्रति ।
गर्छन् निन्दा आफू स्त्रीको सेवा गर्छन् तत्व भुली ।।
सबमा आत्मा टम्म छ भन्ने वेद नटेरी. मूर्ख जगत् ।
यज्ञ बहाना गर्दै पशुहरू मार्छन् काया पोस्न फगत् ।।
नबुझी श्रुतिको धर्म विशुद्ध, पशुहरू मार्छन् खान भनी ।
खान्छ मरेपछि पशुले फेरि तिनलाई नै क्रुद्ध बनी ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धनको फल हो धर्म र जसले मिल्दछ ज्ञान र परंगति।
किंतु विषयमा लाउँछ खालि मृत्यु नदेखि वली अति।।"
सोध्छन् निमि "कुन वेला कुन रूप लिन्छन् हरि, के विधिद्वारा ?
गर्छन् पूजा ?" दिन्छन् उत्तर करभाजनजी– "सुन राजा ! ।।
कलिमा राम र कृष्णहरूको, त्रेतायुगमा वेद स्वरूप !
द्वापरमा हरि, सत्ययुगमा शुक्ल चतुर्भुज शुद्ध स्वरूप।
सत्यमहाँ तप, त्रेतामा मख पूजन द्वापर बीच अनि।
कलिमा कीर्तन द्वारा हरिको गर्छन् सेवा मस्त बनी ।।
आत्म–समर्पण जो छ भएको त्यसलाई जगबीच रति।
ऋण लाग्दैन पितृ देव ऋषि हरूको त्यो भो मुक्त गति।।
कुकर्म कहिल्यै त्यो गर्दैन यदि भैहाल्यो भने पनि।
भजन गरी गरी नास्तछ पाप यै हो भागवत् धर्म निमि !"
यसो भनी ती नव ऋषि पूजा निमिको लीकन अलप भए।
यसमै लागे पुग्नुहुनेछ दुवै तपाईं पार सखे !"

छैठौं अध्याय

प्रभुको सुन्दर विग्रह हेर्न द्यौता, ऋषि, शिव साथ लिई।
आई ब्रह्मा द्वारवती बिच भन्छन् प्रभुको गरी स्तुति ।।
'काम पुरा भो पाल्नुहवस् अब नष्ट भयो कुल पनि प्रभो !
रक्षा गर्नोस् पाल्नुभएर आफ्ना किंकरलाई प्रभो !'
पाई स्वीकृति हिंडे सुरादि, कुल प्रति आज्ञा हुन्छ हरि।
"जाऔं हामी झट्ट प्रभास हुन लाग्यो उत्पात अति।।"
उद्धवले यो पाई थाह भन्छन् प्रभुसँग रूँदै अति।
"क्षणभरं तिम्रो पाउ म छाड्न सक्तिनं लग प्रभु ! धामप्रति।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खानु र लाउनु नै हो माया तिम्रो जूठो भोग गरी।
तर्छौं हामी माया, योगी लाई छ दुर्लभ जुन पदवी ॥
सँग खेलेको, सँग बोलेको, सँगै हिंडेको बिर्सुं कसो ?
प्यारो आत्मा ! तिम्रो पाउ सक्नु कसोरी छाड्न प्रभो !
सम्झी संझी लीला तिम्रो तर्छौं माया छैन डर।
डर छ त केवल पाउ छुट्ने नछोड है प्रभु एकपल ॥"

सातौं अध्याय

"दान्त निराशी, शान्त र सम भै बस पृथ्वी मैं त्याग गरी।"
भन्दा प्रभुले भन्छन् उद्धव "त्याग छ दुस्कर लोक प्रति ॥
कसरी तर्नें आज्ञा होस् प्रभु ?" भन्दा आज्ञा हुन्छ हरि।
"दत्तात्रेय औ यदु सम्वाद सुन उद्धव ! अब ध्यान गरी ॥
यदु सोध्छन्-स्थिति कसरी मिल्यो यो जो पण्डित औ दक्ष भई।
पागल जड झैं देखिनुहुन्छ ?" भन्छन् दत्तात्रेय नुही ॥
"गुरु धेरै छन् तिन सँग मैले सिकें सबै यी तत्व अपूर्व।
धैर्य मही सँग, आत्मा व्यापक नभसँग, जलसँग स्वच्छ मधुर ॥
ताक्त आगो सँग औ रवि सँग आत्माको निर्लिप्त तथा।
"घट्ने बढ्ने आत्मा हैन" भन्ने शशि सँग सिकें अहा ॥
विषय-ग्रहणमा पनि निर्लिप्त वायुद्वारा सिकें अनि।
सिकें परेवाद्वारा घरमा लिप्ठिन नहुने कुरा पनि ॥

आठौं अध्याय

वृत्ति सिकें अनि अजगरद्वारा, सागरसँग गम्भीर अति।
असंचयी मह काट्नेबाट, माउरीसँग लिन सार जति ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"स्त्रीको स्पर्श गर्न हुदैन" भन्ने हात्तीबाट सिकें ।
"ग्राम्यगीतहरू सुन्नु हुँदैन" भन्ने मृगहरूबाट बुझें ॥
",जिभ्राको बश पर्न हुँदैन" भन्ने माछाबाट बुझें ।
पिंगलाबाट सिके निराशा, पतङ्गसँग, निर्मोह सिकें ॥

नवौं अध्याय

वस्तु असङ्ग्रह कुररी सँग औ वालक सँग, आनन्द सिकें ।
'घर न बनाउनु' सर्पहरूसँग, तन्मय कामीबाट सिकें ॥
जसमा तन्मय जसको हुन्छ त्यसले पाउँछ त्यही गति ।
भन्ने घटना सिकें कुमालकोटी द्वारा हे नृपति !
कन्याको चुरिद्वारा, जगमा एक्लै वस्ने कुरा सिकें ।
माकुरोबाट ईश्वरको स्थिति. तनसँग पनि वैराग्य सिकें ॥
खुशी भएनन् ब्रह्मा लाखौं योनी रचना हुँदा पनि ।
मानव रचना गरी प्रसन्न भए राम यो मेट्छ भनी ॥
यस्तो नरतन धेरै जन्म बाद मिलेको मुक्ति दिनी ।
झट्ट नलड्ई गर्नु उपाय मिल्छ विषय ता जहाँ पनि ॥
यसरी हिड्दछु भई निराशो" भन्दै ब्राह्मण हिंडेपछि ।
यदु पनि सब औ शान्त भएर पाए आखिर मोक्षगति ॥

दशौं अध्याय

'आत्मा केवल सत्य बुझेर छाडी मत अरू युक्त भई ।
विषयहरूमा रही तटस्थ, साम्य हवस् जग असत् बुझी ॥
जस्तो दुःख छ यहाँ उहाँ पनि उस्तै जानोस् दुःख हुने ।
धर्मद्वारा बल्ल मिले पनि धर्म सकेमा पतन हुने ॥
लोकपाल औ ब्रह्मामा पनि मृत्युको भय हुन्छ नित ।
आफ्नो अनुभव नभए सम्म हुन्छ जीवमा नित्य भय ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"धौटै आत्मा बद्ध र मुक्त हुन्छ कसोरी ? नाथ हरि !
निर्गुण मानिस कस्ता हुन्छन् ? सोध्छन् उद्धव पाउ परी ॥

एघारौं अध्याय

भन्दछ श्रीहरि–आत्मा त्यो त मोक्ष र बन्धन छैन कुनै ।
केवल माया द्वारा यस्तो भान परेको मात्र छ हैं ॥
पंछी दुइ छन् धौटा रूखमा नछुटी बस्छन् नित्य सखा ।
एक अविद्यावाट छ बद्ध, एक छ विद्याबाट फुका ॥
हरिपद विस्मृति हुन्छ जहाँ तक नाना सपना देख्छ सखे !
उदय हुन्छ स्मृति त्यो विउँझन्छ र देख्तछ आफै मात्र सखे !
यसो भएमा मान्छ न सुख दुख, न त स्तुति निन्दा गर्छ कहीं !
फुर्छ प्रशंसामा न त रून्छ गालि कसैले गरे पनि ॥
नासोस् यसरी सब नानात्व नसके सारा कर्म ममा ।
अर्पोस् श्रवण र कीर्तन, सेवा अभिनय गर्दै मिल्छ ममा ॥
सोध्छन् उद्धव – "कृष्ण ! हजुरका कस्ता हुन्छन् भक्तहरू ?
कसरी गर्छन् भक्ति हजुरको ?' खुशी भै आज्ञा हुन्छ प्रभु ॥
"छाडी जगका सारा धर्म एक मलाई लक्ष गरी ॥
सद्गुण युत भै जो जन भज्दछ मेरो हो प्रिय भक्त त्यही ॥
पूजा, कीर्तन, उत्सव गर्छन् नाची नित श्री पर्व प्रति ।
प्राणीमात्रको जय होस् भन्दै अर्पण गर्छन् हृदय जति ॥'

बाह्रौं अध्याय

हुन्छ म वश जति सत्सङ्गतले, जप, तप अरूले हुन्न त्यति ।
हेर, यसैले पाए खग, मृग, गोपीले पनि ब्रह्मगति ॥
ती निशि म हुँदा क्षणै विताए वृन्दावनमा गोपीले ।
आज म नहुँदा कल्प समान भयो तौल तिमि छातीले ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्त ममा दी, बिर्सन्थे ती, सागरमा नद पुगे सरी ।
तस्मात् बिर्सो जानेको सब, खालि शरण पर भक्ति गरी ॥"
सोध्छन् उद्धव-स्वधर्म पालन, गर्ने या प्रभु पाउ परी !
सबकुछ त्याग्ने हो कि व्रजेश्वर !" हाँसी आज्ञा हुन्छ हरि ॥
"शब्दब्रह्मद्वारा क्रमले आखिर बाणी स्थूल भई ।
निस्क्यो मुखमा, नभमा मथ्दा आगो निस्के सरी गरी ॥
एक थियो हरि सँग ली काल मायाले मो थरी थरी ।
ओत-प्रोत छ उसमै विश्व, रूख हो जग, सुख दुःख भरी ॥
दुइ थरी फल छन् यौटा विषयी, यौटा त्यागी खान्छ अनि ।
आत्मा केवल जसले जान्यो त्यसले जान्यो तत्व पनि ॥
गुरुको भक्तिद्वारा ज्ञान तीखो पारी जीव स्वरूप ।
फाट र काट्ने अस्त्रै फाली, लेऊ आफ्नो शान्त स्वरूप ॥

तेह्रौं अध्याय

भन्नुहुन्छ हरि-सात्विक सेवा द्वारा रज, तम माग्छ यसै ।
सात्विक गुणकै सेवा गर नित, दढ्छ यसैले भ्रान्ति सबै ॥"
उद्धव सोध्छन्-विषय विषै हो यो जानीकन जीवहरू ।
कुक्कुर,बोको,गधा सरी किन विष खान्छन् ?" अनि भन्छ प्रभु ॥
"तनलाई जब भन्दछ 'हूँ म' अनि त्यो रजगुण युक्त भई ।
गर्दछ काम र विवश भएर भोग्छ विषय अति मूढ भई ॥
तस्मात् रोकि मन सब तर्फ, ममा लगाओस् योग गरी ।
योग विषयमा चतुसन्‌ले यो सोधे ब्रह्मालाई प्रथि ॥
"चित्तमहाँ गुण औ गुणबीच चित्त घुसेको हुन्छ प्रभो ॥"
आपस यो दुई अलग्ग नपारी हुने कसोरी पार ? प्रभो ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्माले दिन नसकी उत्तर, मेरो विग्रह गरे स्मृति ।
गए हाँस भै !"सोधे को ह्वौ ?" मैले उत्तर दिएँ यही ।।

पाचौं–हंसगीत

नाना देखिन् रहित तत्त्वको बारे को ह्वौ प्रश्न हुनु ।
नै अनर्थ हो, त्यस्तो के छ र त्यो परमारथ भिन्न अरू ।।
चित्त र गुण दुई देखि छ भिन्न आत्मा या मन जीव तिमी ।
त्यसकै स्थितिमा रही सर्वैव, त्याग दुवै यो युक्त बनी ।।
"माया निर्मित स्वप्न जगत् हो" भन्ने जानी नित्य प्रति ।
भजे मलाई भई निराशी आखिर पाउँछ आत्मगति ।।"

चौधौं अध्याय

सोध्छन् उद्धव–आत्मश्रेयको भन्छन् धेरै मार्ग ऋषि ।
भक्ति असल हो आज्ञा भो कुन श्रेष्ठ छ ?" आज्ञा हुन्छ हरि ।।
"यौटैलाई गुण अनुसार भन्छन् सब मत भिन्न लिई ।
कर्मविनिर्मित लोक पुगेर फर्किन्छन् ती पुण्य तिरी ।।
लिन्नन् पाएमा पनि भक्त त मुक्ति र कौनै लोक अरू ।
सब भन्दा छन् मेरा प्रिय यी, पद–रज यिनकै लिन्छु वरू ।।
ममै समर्पण हुन्छन्, नाचछन्, रून्छन्, हांस्छन् मत्त बनी ।
यै हो सबमा श्रेष्ठ स्वधर्म, अरूमा यस्तो छैन कहीं ।।
"ध्यान हजुरको कसरी गर्छन् दास हजुरका नाथ हरि ?"
विनय गरे यो उद्धवले जब भन्नु हुन्छ हरि स्नेह गरी ।।
योग मार्गले मन रोकेर, सुन्दर मेरो ध्यान गरी ।
सब भुल्दछ अनि आखिर मेरै अनुभव गर्दछ विश्व भरी ।।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पन्ध्रौं अध्याय

"युक्त, जितेन्द्रिय, योगीहरुमा आउँदछन् सब सिद्धिहरू ।।"
भन्दा प्रभुले सोध्छन् उद्धव- सिद्धि कति छन्" भन्छ प्रभु !
"आठ किसिमका मुख्य तथा दश, पाँचवटा छन् विविध थरी ।
विधि सँग मेरो ध्यान गरेमा आउँदछन् सब सिद्धि यी ।।
भक्तहरूमा आउँदछन् सब तर लिन्नन् ती विघ्न भनी ।
सबका मालिक कृष्ण म पाए रोज्थे अरू किन ? मूर्ख बनी ।।

सोरहौं अध्याय

सोध्छन् उद्धव-सुन्छु विभूति सज्जन कुन कुन पदार्थमा ।
गर्छन् प्रभुको पूजा, ध्यान ?' भन्नुहुन्छ हरि उद्धवमा ।।
यति छ भनी सब व्रह्माण्डै ता साँक्दो होइन गन्न अडी ।
कसरी सक्नु गन्न विभूति ! तैपनि सुन संक्षेप गरी ।।
श्री, लज्जा, वल, भग ऐश्वर्य जस जसमा छन् तिनीहरू ।
प्राय गरी हुन् मेरै अंश हो वास्तव ता एक प्रभु ।

सत्रौं अध्याय

"वर्णाश्रमको लक्षण के हो ? जुन गर्दा अति भक्ति बढी ।
मिल्दछ प्रभुपद" यो उद्धवले सोद्धा आज्ञा हुन्छ हरि ।।
"शम दम, आर्जव, सत्य, तपादि व्राह्मण लक्षण जान यति ।
क्षत्रियको बल, शौर्य, तितिक्षा, तेज र उद्यम, स्थैर्य, धृति ।।
द्विज, हरिसेवा, दान, अतुष्टि, निश्छल यति हो वैश्य स्थिति ।
द्विज, हरि, गाई सेवा श्रद्धा पूर्वक गर्नु शूद्र कृति ।।
अन्त्तेवसायिहरूको धर्म, नास्तिक, झगडा, चोरी, झूठ ।
धर्म सबैको सत्य, अहिंसा, इन्द्रिय-वश औ दया-स्वरूप ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दान्त भई गुरुकुलमा ब्रह्म चारी बालक बसोस् गई ।
वेद पढी, घर दा वन जाओस् त्यागी होस् वा बसोस् त्यहीँ ॥
दान आदिमा देखे दोष विप्र शिलोञ्छ वृत्ति गरोस् ।
दुनियाँको दुख टारी राजा आफ्नो पनि उद्धार गरोस् ॥
आपदमा पनि सेवा नगरोस् नीचहरूको कुकुर सरी ।
वर्ण मनिको वृत्ति गरोस् वरू ! तर सुखमा यो हुँन स्थिति ॥
अतिथी सरी भै बसोस् गृहस्थी, बान्धवलाई पान्थ बुझी ।
भक्ति गरी वन जावस् या होस्, प्रजा भए सन्यास पछि ॥

अठारौं अयाय

वानप्रस्थमा सूर्यपाकहरू खाई वनमा बसोस् गई ।
नियमित हुन यदि नसके अग्नि बीच पसोस् मन ममा दिई ॥
विरति भएमा होस् संन्यासी, वाक् तन मनकन दण्ड दिई ।
एक, निराशी, सम भै विचरोस् माया फाटो ममा भुली ॥
ज्ञाननिष्ठजन लोकविलक्षण जड बालक उन्मत्त बनी ।
कुनै कुरामा पनि मान्दैन सुख दुःख नाढछ कृत्य पनि ॥

उन्नाइसौं अध्याय

ज्ञानी मेरो अति प्यारो छ, यै हो सबमा श्रेष्ठ पनि ।
तस्मात् ज्ञान र सँग विज्ञान युक्त भई भज, ममा रमी ॥"
वासुदेवको यस्तो वाणी सुनेर उद्धव पाउ परी ।
विन्ति गर्दछन् "हे योगेश्वर योग रूप हे नाथ हरि !
भक्ति योग औ शुभ विज्ञान, विरति र प्रभुको ज्ञान स्थिति !
आज्ञा होस् अब, पतित छु" यस्तो सुनि भन्दछ श्री रमापति ॥
"जसद्वारा अट्ठाइस तत्व सबमा औ सब तत्वविषे ।
अनुगत एउटै साक्षात् हुन्छ, त्यै हो निश्चित ज्ञान सुखे !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्माको नित अनुभवलाई नै भन्छन् विज्ञान भनी।
नश्वरलाई नश्वर जान्नु यै नै हो वैराग्य पनि ॥
कीर्तन श्रद्धा सज्जनसेवा, सबमा मेरो भाव अनि।
मेरै खातिर चेष्टा गर्नु लाई भन्छन् भक्ति भनी ॥
"यम, शम, दम औ नियम, तपादि बल, भग, श्री, ऐश्वर्यहरू।
के कस्ता हुन् ? आज्ञा होस् यो उद्धव सोध्छन् भन्छ प्रभु ॥
"बाह्रबाह्र थरि यम र नियम छन् दिन्छन् भुक्ति र मुक्ति पनि।
शम हो मेरो निष्ठा, दम हो इन्द्रिय संयम गर्नु अनि ॥
धृति हो जित्नु जिह्व-उपस्थ, सहनु तितिक्षा, शौच असङ्ग।
सम देख्नु हो सत्य भनेको, ऋत हो मीठो सत्य बचन ॥
काम त्याग नै तप हो शौर्य, हो तृष्णाको जीत हुनु।
दान भनेको द्रोह नगर्नु, त्याग त हो सन्यास हुनु ॥
यज्ञ म हुँ औ धन हो धर्म; दक्षिणा हो सत्ज्ञान दिनु।
बल हो जनको प्राणयाम भग हो ईश्वर भाव हुनु ॥
लाभ भक्ति हो, विद्या ऐक्य, लज्जा हुनु दुष्कर्म प्रति।
नैरपेक्ष हो शोभा, सुख हो सुख दुखद्वारा भिन्न गति ॥
सुख खोज्नु नै दुख हो, बन्धन मोचन जान्ने पण्डित हो।
"म" भन्ने हो मूर्ख र पथ श्रुति, उत्पथ मनको चञ्चल हो ॥
सात्विक स्वर्ग र तम हो नर्क, बान्धव गुरू र मलाई बुझ।
धनी गुणी जन, गरीव अतृप्ति, घर नरको तनलाई बुझ ॥
अजितेन्द्रिय हो कृपण र ईश्वर हो गुणमा निर्लिप्त मनुष्य।
दोष र गुण नै देख्नु छ दोष, भिन्न छ गुण यसबाट अवश्य ॥

बीसौं अध्याय

विन्ति गर्दछन् उद्धव प्रभुको पाउ परीकन "नाथ अहो !
वस्तुहरूको गुण औ दोष वेद बताउँछ किन्तु प्रभो !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दोष र गुण हो दूषित" भन्ने आज्ञा कसरी मिल्यो ? भन।"
सुनेर यस्तो वाणी सुन्दर श्रीहरि आज्ञा हुन्छ- "सुन ॥
तीन योग छन् श्रेष्ठ उपाय भक्ति, ज्ञान र कर्महरू।
वैरागीका खातिर ज्ञान, कामी खातिर कर्म-तरू ॥
कथा सुधामा प्रेम र जगमा विरति छ नत आसक्ति अति।
यस्ता जनको खातिर भक्ति-योग छ सिद्धि दिने गति॥
रोकोस् ज्ञानी मन सब तर्फ सात्विक सेवा गरी सखे !
सङ्ग हटाउन निति भनेको हो दोष र गुण वेदविषे ॥
रति छ कथामा, बिरति छ जगका कर्महरूमा दुःख बुझी।
तर पनि त्याग्नै नसके भोग भजन गरोस् अति प्रीति गरी ॥
भाग्छन् सारा काम विकार वस्तछु मनमा म गैं अनि।
ग्रन्थी फुक्छन्, चुँड्छन् कर्म, भाग्छन् संशय, भीत बनी ॥
लिन्नन् अनि ती मुक्ति मिले पनि संमा क्षण-क्षण मस्त बनी।
यैं हो निर्गुण भक्ति उदार यैं हो सबमा श्रेष्ठ पनि ॥

एकासियौं अध्याय

भन्नु हुन्छ हरि "सम हुन् सब तर भेद बतायो, बुझुन् भनी।
कृष्णसार मृग, ब्राह्मण-भक्त, नभए हो त्यो देश खुनी ॥
समय शुद्ध त्यैं हो जुन बेला कार्य भयो सब वस्तु सहित।
हुन्छ द्रव्यको शुद्ध अशुद्ध त द्रव्य र बेलाबाट अधिक ॥
यौटाको गुण अर्कोलाई दोष परेको हुन्छ अति।
कुन हो गुण अब ? कुन हो दोष ? कल्पित हो यो खालि मति ॥
विषय ध्यानले सङ्गत, काम, झगडा, रिस, अज्ञानहरू।
भई कर्मले मूर्छित, मूर्दा, हलाँति तुल्यै बन्छ प्रभु ॥
श्रेय निति हो फलश्रुति बालकलाई औषधि तुल्य सखे।
यस्तो नबुझी धर्म विशुद्ध, लाग्छन् फलमै मूर्ख हरे ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आखिर निज सुख खातिर हिंसा गर्छन् पितृ, भूत प्रति ।
सम्झी श्रवण-प्रिय लोकादि, छाड्छन् सच्चा स्वार्थ जति ॥
गर्छौं यज्ञ र जान्छौं स्वर्ग, पछि जन्मन्छौं भई धनी ॥"
भन्छन् श्रो ती काने थुन्छन् मेरो वार्ता सुने पनि ॥
वेद परोक्ष छ अति दुर्बोध शब्द ब्रह्म सिन्धु सरी ।
यसबाटै स्वर आदि र छन्द निस्के आखिर घरी घरी ॥
काण्ड तिनोटै हो निष्काम, मेरै लिन्छन् श्रोत यिनी ।
न इति न इति जो भन्दै आखिर मैमा हुन्छन् शान्त पनि ॥

बाइसौं अध्याय

उद्धव भन्छन्-गिन्ति तत्वको कति छब्बिस, नौ, सोह्र कति ।
गर्छन् आज्ञा भो अट्ठाइस, किन भो यो मत भिन्न अति ?"
भन्नु हुन्छ हरि "ठीक छ त्यो सब, बोल्छन् माया बीच बसी ।
युक्तियुक्त छन् यी सब संख्या, के छ र वेठिक विज्ञ प्रति ॥"
उद्धव भन्छन् – प्रकृति पुरूष दुइ भिन्न छ तर किन एकसरी ।
देखिन्छन्" यो प्रश्न सुनेर हाँसी आज्ञा हुन्छ हरि ॥
"नेत्रेन्द्रिय, रवि, रूप यी तीन आपस छन् सापेक्ष अति ।
यौटा नभए सिद्धि हुँदैन अर्काको यो लोक प्रति ॥
जस्तो यिनमा सूर्य छ मुक्त त्यस्तै प्राकृत वस्तु प्रति ।
आत्मा मुक्त छ स्वयं, यही हो पुरूष प्रकृतिको भिन्न गति ॥
ज्ञान स्वरूप छ आत्मा एक, 'छैन, छ' भन्छन् भेद गरी ।
जो छ मदेखि विमुख त्यही नै लड्छ विवाद र वाद गरी ॥"
उद्धव भन्छन्-"नाथ विमुख जन नाना काया लिन्छ गुडी ।
आत्मा कसरी जन्म मरणमा हिंड्छ र ?" आज्ञा हुन्छ हरि ॥
"कर्ममय छ मन, यौटाबाट अर्को तनमा जान्छ घुमी ।
आत्मा त्यसकै पछि पछि लागी आएको झैं मान्छ अनि ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ध्यान विषयको गर्दा गर्दा त्यसको नष्ट हुन्छ स्मृति !
विस्मृति मरण र स्मृति हो जन्म स्वप्न मनोरथ तुल्य अति ॥
प्रष्ट भएमा जन्म्यो भन्छ गुप्त भएमा भन्छ मऱ्यो ।
जीव न मर्दछ न त जन्मन्छ, केवल यसमा भ्रान्ति पऱ्यो ॥
रूखको उम्रनु, बढ्नु, पाक्नु, फल्नु र नाशिनु घटनाको ।
देख्ने साक्षी त्यस रूखदेखि निश्चय अर्कै हुन्छ जस्तो ॥
त्यस्तै तनको जन्मनु, मर्नु आदि अवस्थाको सब रूप ।
जसले जान्दछ त्यो तन देखि भिन्न छ, त्यै हो जीव स्वरूप ॥
गाएको स्वर सुनी मनुष्य गाउंछ जसरी त्यही पछि ।
त्यस्तै गुणमा लागी जीव निष्क्रिय हो तर गर्छ कृति ॥
जल चल्दामा वृक्ष चलेझैं यो जग हो सब स्वप्ना झूठ ।
तैपनि यसको ध्यान गरेमा कहिल्यै नहुने मुक्त पुरुष ॥
तस्मात् छाडी भोग बिलास, जानी जग अज्ञान भनी !
दुष्टहरूको मार र निन्दा सही स्वयम् बन आत्म तिमी ॥"
उद्धव भन्छन्–दुष्टहरूको मार र गाली, भक्त नभै ।
सक्लान् कसरी सहन र जगमा ? प्रकृति छ बलियो बडा सधैं ॥"

तेइसौं अध्याय

"सुन उद्धव ! अब, कोही ब्राह्मण थे कामी औ क्रूर, धनी ।
न त खान्थे न त खुवाउँथे, त न यज्ञ गर्थे, लुब्ध बनी ॥
रिसिएका थे तिनसँग सुर, नर सम्बन्धी पनि चूर बनी ।
एक एक निहुँले सकियो धन लागे भ्रनि यो मन्न उनी ॥
"हरे ! मफतमा द्रव्य कमाएँ, धर्म गरें न त भोग गरें ।
छुच्चाको धनले दुख साथै नर्क पुऱ्याउँछ यही बुझें ॥
अर्थ नामको रेछ अनर्थ, कनिकामा पनि युद्ध हुने ।
आत्मिय भाई बान्धव संग पनि क्षणमै मारामार हुने ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पक्का पनि हरि खुशी भएछ जसले यस्तो दियो स्थिति ।
अब तप गर्दछु सोस्दछु देह, बन्दछु अनि संतुष्ट अति ॥"
यस्तो भन्दै भिक्षु भए ती ग्रन्थि फुकाई युक्त भई ।
भई अलक्षित हिंडे जगत्मा थाले दुख दिन दुष्ट गई ॥
कोही खोस्छन्, दण्ड कमण्डलु, कोही कन्थो, पात्र पनि ।
मुत्छन् थुक्छन्, पिट्छन् बाँध्छन्, ढोंगी भन्छन् कुनै अनि ॥
ओहो ! वन झैं भन्छन् कोही, वायु त्याग्छन् कुनै गई ।
पाई यस्तो धेरै दुःख भन्छन् आखिर धैर्य लिई ॥

छैटौं–भिक्षुगीता

"कोही ठान्नन् सुख दुख हेतु द्यौता, कर्म र आत्मा काल ।
यौटा मन हो कारण, जसले चक्र चलाई रेछ कराल ॥
मन पक्डनु नै यम नियमादि को हो अन्तिम ध्येय पनि ।
जसको वशमा मन छ विजेता त्यो हो वास्तव देव पनि ॥
सुर, नर, ग्रह श्री कर्म र काल दिन्छन् सुख दुख आपसमै ।
आत्मा कारण यसमा छैन हुन् सुर, नर जग प्रकृति सबै ॥
प्रकृति, प्रकृतिमा दिन्छ र सुख दुख दण्ड दिने कसलाई भन !
आफ्नो जिब्रो टोकेमा कस लाई दिने हो ? दण्ड भन ?
द्वन्द्वद्वारा फरक छ आत्मा यो सब भान छ अहं प्रति ।
यस्तो जानी हरिको सेवा गर्छु र पारी पुग्छु पछि ॥"
गाए यसरी दुष्टद्वारा दुख पाए पनि क्रोध जिती ।
मन रोकी सब मैमा लाउनु यै हो उद्धव योगगति ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चौबिसौं अध्याय

"एक थियो प्रभु पहिले त्यसपछि पुरूष प्रकृतिको रूप लियो।
महत् अहं गुण, काल भए अनि आखिर यो ब्रह्माण्ड भयो ॥
मेरो नाभी बिच विधि जन्मे, सृष्टि गरे सब लोक अपार।
प्रकृति पुरूष छन् सबमा टम्म, आखिर सब हुन् वस्तु विकार।
आँट्तछु जब यो विश्व समेट्न निज निज कारणबीच मिली।
यी सब हुन्छन् यौटै शेष, यै हो उद्धव! सांख्य विधि॥"

पच्चिसौं अध्याय

"सात्विक, राजस, तामस, गुणहरू एक न एक छ सबै दिषे।
सत्व वढेमा सुख औ शान्ति रज, तममा दुख प्राय सखे!
तप, सुख, पूजा, खाना, बास, श्रद्धा सब छन् तीन थरी।
यो सब मैमा लाए, निर्गुण वन्दछ मेरो भक्ति गरी॥
भजन गरी, रज, तम गुणलाई सात्विक सेवावाट जिती।
नैर पेक्ष भै, सत्व जितेर पाउँछ आखिर आत्म गति॥

छब्बिसौं अध्याय

कामी, लोभीहरूको सङ्गत नगरोस् कहिल्यै विज्ञ मनुष्य।
अन्धाको पछि लाग्ने अन्धो खस्तछ खाल्टो बीच अवश्य॥
उर्वशी सँगमा भई वियोग पाई अप्सर लोक पछि।
गाए गाना भै वैराग्य, पुरूरवाले तत्व बुझी॥

सातौं-ऐल गीता

"ओहो! स्त्रीसँग खेल्दा खेल्दै, धेर वितेछन् आयु पनि।
दिन या रातै थाह हुँदैनथ्यो तिनकै पुतली तुल्य बनी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्त्रीले जसको मन छ खिचेको त्यसको विद्या, त्याग अनि।
तप आदिले के भो ? नृप झैं गोरू गधा झैं बनेछु नि ॥
रगत, मासु, गुहु, बोसो सुतको थुप्रो कायालाई पनि।
ओहो कस्तो राम्रो ! भन्छन् धिक्‌धिक कस्तो लोक छ नि !"
यस्तो गाई आत्माराम भई हिंडे नृप ऐल पछि।
सज्जनहरूको सङ्गत गर्नु, वास्तव मेरै रूप बुझी ॥

सत्ताइसौं अध्याय

"क्रिया–योग अब आज्ञा होस् प्रभु ! पुच्छन् कसरी भक्त भनी।
सोध्ने उद्धवकन प्रभु आज्ञा हुन्छ अनुग्रह रूप बनी ॥
"मूर्ति बनाई मन पर्ने या हृदय आदिमै भाव गरी।
वैदिक, तान्त्रिक विधिले गर्नु मेरो पूजा भक्ति गरी ॥
आत्म स्वरूपी जीवकलाको गर्नु हृदयमा सतत स्मृति।
कमलपत्रको माझ मलाई सम्झी, पूजा गर्नु शुचि ॥
मन्त्र पढी पढी क्रमले गर्नु पूजा औ शृङ्गार प्रति।
शस्त्र र पार्षद, देव र चिह्न हरूको पूजा गर्नु पछि ॥
आगोमा पनि गर्नु होम, मेरो विग्रह स्मरण गरी।
नाच र गाना, अभिनय गर्नु यसै क्षण तन्मय हुन्छ यहीं ॥
स्तुति गर्दै प्रभु पाउ समाई भन्नु "मुरारे ! पाहि !" भनी।
गर्नु विसर्जन लिई प्रसाद म त छु जगत्मा जहाँ तहीं ॥
मूर्ति र मन्दिर थाप्नु मेरो निति दगैंचा, खेत पनि।
पर्व र नित्यै पूजा गर्नु, हुनेछ मेरै रूप अनि ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अट्ठाईसौं अध्याय

'पर निन्दा स्तुति नगरोस् मानिस यौटै आत्मा रूप बुझी।
देह आदि सब नश्वर जानोस् भक्तिद्वारा तत्व बुझी ॥"
सुनेर आज्ञा प्रभुको यस्तो विन्ति गर्दछन् उद्धवजी।
"सिद्ध स्वयम् हो साक्षी आत्मा, औ तन हो जड, असत हरि ।
जन्म मरण अब कसको हुन्छ ? सिर्जनमा को पर्छ गुडी ?'
प्रश्न सुनी यो उद्धवजीको भन्नुहुन्छ हरि दया गरी ॥
"अहंकारको जन्म-मरण हो आत्मा तनको हैन सखे !
विश्वै पनि हो स्वप्न, तथापि गुडिन्छ यसको ध्यान गरे ॥
देहेन्द्रियमा स्थित आत्मा म हुँ' भन्दै गर्दछ अहं जय।
जीव बन्छ त्यै लिङ्ग शरीर कालद्वारा घुम्छ जग ॥
अहंकारको छैन जरा औ विविध छ यसको रूप पनि।
काटी ज्ञानद्वारा झट्पट भई असङ्गी डुलोस् मुनि ॥
कुण्डलहरूमा सुन झैं सबमा छु म पछि पहिले बीच पनि।
छैन किन्तु जग देखिई रेछ आखिर मै छु भान पनि ॥
भक्तिद्वारा पाप नफाले सम्मन् सङ्ग छ त्याज्य अनि।
नत्र कुयोगीलाई यसले हाल्दछ खाडलबीच लगी ॥
योगीहरूले विघ्न हटाउन प्रभुको कीर्तन गर्छन् अघि ।
वृत्ति सबै प्रभुबीच लगाउन् भाग्छन् यसपछि विघ्न जति ॥

उनन्तिसौं अयाय

उद्धव भन्छन्-ठान्छु म दुस्तर योग अज्ञ का निति प्रभो !
आज्ञा होस् भव पारी पुग्ने सजिलो साधन कौन प्रभो !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान् आज्ञा हुन्छ आठौं अन्तित गीता

उद्धव! सुन अब मेरो धर्म श्रद्धाले जुन मार्ग प्रति।
पाउ बढाए सुखसंग मानिस हिंड्दछ दुर्जर काल जिती॥
कर्म गरोस् सब सम्झी मलाई अनि रम्दछ मन चित्त मर्म।
पीछा लेओस् भक्तहरूकै नर सुर होस् या दैत्य कुनै॥
राज–विभूतिद्वारा एक्लै अथवा जम्मा धेर भई।
मेरो उत्सव पर्व मनाओस् नाच र कीर्तन आदि गरी॥
सम्झी मेरो रूप सबैमा गरोस् सदा सत्कार अनि।
देखोस् सबमा व्याप्त मलाई नभ झैं बाहिर भित्र पनि॥
ब्राह्मण पुल्कस क्रूर दयालु झिल्को चोर र सूर्य प्रति!
सम देखोस् अनि हेलाँ, स्पर्धा, ईर्ष्या भाग्छन् दूर अति।
ठूलो हुँ म त यो हो नीच" भन्ने दैहिक दृष्टि अनि।
हांस्ने हास्तैं गरून् तथापि लज्जा त्यागी मत्त बनी॥
गधा र कुक्कुर पुल्कसलाई पनि ढोगोस् सम भाव लिई।
सम हुन नसके तक सेवामै लागोस् सारा वृत्ति दिई॥
वृत्ति गरोस् सब अर्पण मैमा श्रेष्ठ छ सबमा मार्ग यही।
यसमा लागे पछि यसबाट गिर्नै सम्भव छैन कहीं॥
बाठाको हो यही बठँपाई बुद्धिमान्को बुद्धि यही।
जो नश्वर तन द्वारा सत्य भेट्तछ अमृत भक्ति गरी॥
जब मानिस सब छाडी कर्म, आत्मसमर्पण हुन्छ सखे।
अनि त्यो काटी जीव स्वरूप मिल्दछ आत्मा रूप विषे॥
नास्तिक, शठ औ दुष्ट अभक्तलाई नदिनु यो धर्म सखे।
भक्ति भए ता वरू स्त्री शूद्रहरूलाई नै भन्नु सखे!॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उद्धव भन्छन्–"भाग्यो मोह देखें निर्मल रूप हरे !
आज्ञा होस् अब निर्मल भक्ति ? " श्रीहरि आज्ञा हुन्छ "सखे !
बदरी गैकन यो उपदेश मनन गरी मन ममा दिई।
शान्त भई बस युक्त भएर भेट्नेछौ पछि धाम त्यही।।"
रोई प्रभुको पाउ पखाले सम्झी सम्झी दीन बनी।
आखिर प्रभुको लिई खराउ उद्धव बदरी हिंडे पनि।।
कृष्ण नाम ली ओर्ली जगमा वेद, श्रुतिको सार झिकी।
भक्तहरूमा प्यायो जसले त्यसको पदमा गर्छु नति।।

तीसौं अध्याय

द्वारबतीमा भो उत्पात, स्त्री शिशु शङ्खोद्धार गए!
यादवहरु सब गए प्रभास बारूणि मधु पी मत्त भए।।
युद्ध पर्‍यो उहीं आपसमा अति यादवहरूको मत्त हुँदा।
सम्झाउनुभो बल केशव गै, तर सम्झेनन् श्राप हुँदा।।
काम भएको देखी समाप्त, योगद्वारा आफ्नो धाम।
चिन्तन गर्दै त्यागीदिनुभो दाउले निज तन अभिराम।।
प्यारा दाज्यू बलको यस्तो स्थिति देखी हरि शान्त भई।
सुन्दर तन ली पिप्पल तटमा राज भयो गै मौन लिई।।
मृग सम्झी प्रभु–पदमा बाण हान्यो व्याधा जरा गई।
बाण थियो त्यो यदुकुलनाशक श्राप मुसलको शेष उहीं।।
व्याधालाई दिनुभो स्वर्ग आए दारूक सूत त्यहीं।
"घर गै भन्नोस् यो सब हाल" भन्दा प्रभुले हिंडे छनी।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकतिसौं अध्याय

आए शिव, सुर ब्रह्मा आदि श्रीहरिको शुभ हेर्न प्रयाण।
लीला संवरण गर्नु भयो अनि हर्ष भए विधि, शम्भु तमाम॥
देवकी, रोहिणी, श्रीवसुदेव हरूले यो सब हाल सुनी।
छाडे प्राण तत्क्षण अरू स्त्री हरू पनि पतिसँग जले उहीं॥
रुक्मिणी आदि रानी आगो बीच पसी, प्रभु रूप बनी।
अर्जुनले ली बाँकी बान्धव फर्के आपनो देश अनि॥
वज्रनाभमा मथुरा राज्य, हजूरमा यो राज्य दिई।
पाण्डवहरू पनि हिंडे महापथ जो यो पर्दछ तर्छ त्यहीं॥
गर्दछ हरिको रुचिर किशोर शैशवलीला कीर्तन जो।
परमहंसका गति श्री हरिको भक्ति परा नर भेट्तछ त्यो॥

द्वादश स्कन्ध

पहिलो अध्याय

शुक भन्दछन्-
कृष्ण सवारी भए पछाडि बन्लान् धेरै महीपति।
आखिर लड्दै हुन्छन् नाश यिनको संख्या भनौं कति?
लोभी, कामी होलान् दुनियाँ हरूको लुछ्लान् ज्यान पनि।
प्रायः होलान् राजा म्लेच्छ ब्राह्मण निस्संकार खुनी॥

दोस्रो अध्याय

धर्म दया तप छुट्ला क्रमले, धनि नै बन्ला गुणी मनुष्य।
भन्लान् गरिबैलाई असाधु, ढोंगी बन्लान् साधु पुरुष॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वान्धवलाई पाल्न सकेमा बन्ला बाठो मूर्ख पनि।
शूद्र सरी नै बन्ला वर्ग बलियो गर्ला राज्य छिनी॥
डाकू बन्दै नृपहरू खोस्लान्, प्रजाहरूको स्त्री, धन, माल।
उग्र रूपले कलियुग बढ्ला, होला खर झैं सकल समाज॥
विष्णुयशको पुत्र रूप ली पाल्नु भईकन कल्कि हरि।
कृतयुग स्थापन गर्नु हुनेछ, अत्याचारी नाश गरी॥
"थामौं कसरी राज्य म? छोरो कसरी गर्ला राज्य भनी?"
चिन्ता यो ली मरे करोडौं, शेष रहे नृप कथा बनी॥

तेश्रो अध्याय

देखी आफूलाई जित्न खोज्ने नृपहरूलाइ, क्षिति।
हाँसी भन्छिन्–"यमका पुतली लड्छन् मेरो निंति अति॥
हुँन कसैको आखिर तैंपनि देखा देखी गर्व गरी।
मेरो भन्दै, कयौं राजा हिडे, कथा नै शेष रही॥"
भूप परीक्षित् गर्छन् प्रश्न नम्र भईकन पाउ परी।
"कसरी तर्छन् कलिका दोष द्वारा मानिस? लौन ऋषि!
काल, प्रलय औ युगको धर्म नापो कस्तो के छ कति?"
सुनी प्रश्न यो दिन्छन्, उत्तर महामुनि शुक दया गरी॥
"सत्यमहाँ कृतकृत्य प्रजा थे, कर्मी त्रेताबीच अनि।
द्वापर युगमा धनी र विषयी, कलिमा पापी, दुष्ट खुनी॥
जसको पदविच नित्य राख्तछन् त्रिलोकपतिहरू शिरपेच।
त्यस्तो अच्युतकन भज्दैनन् प्राय कलिमा भो खेद!
मरण समयमा अथवा लड्दा चिप्लिईंदा पनि विवशवस।
बोले जसको नाम कर्मका खुस्कन्छन् दृढ चुकल सब॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कलिको दोष छ धेरै किन्तु यौटा यसको गुण छ महान ॥
केवल हरिको कीर्तनद्वारा पाउँछ मानिस श्रीभगवान् ॥
सत्यमहाँ तप, मख त्रेतामा, पूजन द्वापरवीच अनि ।
कलिमा कीर्तनद्वारा त्यै फल पाउँदछन् जन मस्त वनी ॥"

चौथो अध्याय

ब्रह्माको दिन सकिए वाद हुन्छ प्रलय जग रात भरी ।
प्रात भएमा रचना हुन्छ, नैमित्तिक हो प्रलय यही ॥
गुण र विषय सव निजनिज कारणबिच जव मिल्दछ सूक्ष्म वनी ।
आखिर यौटै शेष रहन्छ, यै हो प्राकृत प्रलय पनि ॥
ब्रह्ममहाँ हो जग यो भान, सुनमा कुण्डल भान सरी ।
नहुनु जगत्को क्यै अस्तित्व, हो आत्यन्तिक प्रलय यही ॥
सव प्राणीको उद्भव, नाश, क्षण क्षण नदको स्रोत यही ।
जानु र आउनु भइरहेछ, नित्य प्रलय हो भूप! सरी ॥
विषय डढेलोबाट डढेका लाई श्रीहरि कथा बिना ।
भवसागर यो तर्ने नौका छैन कुनै अरू विश्वमहाँ ॥

पाँचौं अध्याय

मर्दछु भन्ने पशु बुद्धि अव त्याग्नोस्, मर्नु हुन्न कवै ।
केवल जन्मनु, मर्नु त देह मात्रै गर्दछ अहं संगै ॥
घडा फुटेमा घट – आकाश मिल्छ अकाशै बीच गई ।
देह मरेमा त्यस्तै, जीव मिल्दछ आत्मा वीच गई ॥
आफैलाई जान्नोस् ब्रह्म, अनि तक्षकले डसे पनि ।
दैहिक वास्ता लाग्ने छैन, नहुँदा आफू भिन्न कहीं ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छैठौं अध्याय

राजा भन्छन्– "अभय भएँ म भाग्यो सव अज्ञान प्रभो !
देखेँ प्रभुको पद निर्वाण करुणासागरवाट अहो !"
यसपछि पूजा ली ऋषिसाथ पाल्नुभयो शुकदेव अनि ।
राजाले पनि आत्मा हरिमा लीन गराए अचल वनी ॥
तक्षक आई डस्यो परन्तु मुक्त भए नृप देह जल्यो ।
पुष्पवृष्टि भो, जनमेजयले होमे रिसले सर्प अहो !
तक्षक भागी इन्द्रकहाँ गो, इन्द्र सहित नै होम्न पछि ।
आँट्दा रोके सुरगुरु आई, सम्झाई सव कर्म गति ।
शौनक सोध्छन्–व्यास शिष्यले कस कसलाई वेद दिए ।
कसरी लाए भाग पछाडि ? उत्तर दिन्छन् सूत-ऋषे !
ब्रह्माविच स्वर निस्क्यो पहिले त्यसबाटै ॐकार बन्यो !
ॐबाटै भो वेद र विधिले पुत्रहरुमा बाँड्नुभयो ॥
पैल र वैशंपायन, जैमिनि, सुमन्तु आदि शिष्य प्रति ।
व्यासदेवले ऋग्, यजु, साम, अथर्व क्रमले दिए पछि ॥
ऋग्का आखिर थे कासार, यजुमा याज्ञवल्क्य थिए ।
रिसाउँदा गुरु वेदै ओकली रविको स्तुति औ ध्यान गरे ॥
दिनुभो रविले वाजसनेय घोडाको झैं रूप लिई ।
ओक्लेको यजु तित्रा भैकन पिए अरुले, लुब्ध भई ॥"

सातौं अध्याय

अथर्वका थे वहु आचार्य, तिनमा कश्यप भए पछि ।
पुराणका थे छः आचार्य आखिर मैले लिएँ ऋषि !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुराणको दश लक्षण हुन्छ पाँच फुनैको हुन्छ सखे !
अट्ठारह छन् व्यासपुराण दश लक्षण, यवै पाँच ऋषे।

अठारौं अध्याय

हाम्रा कुलका मार्कण्डेय, परे प्रलयमा भन्छ जगत् ।
प्रलय भएको थाहै छैन", सोध्छन् शौनक– "भन्नुहवस् ॥"
भन्छन् सूत "छ मन्वन्तरको तपले सुरपति भीत बनो।
कामदेव औ युवति पठाए, किन्तु डगेनन् कत्ति मुनि॥
अति सुन्दर दुइ नर–नारायण गर्न अनुग्रह आर्द्र भई।
पाल्नु भयो स्तुति पूजा स्वागत गर्छन् मार्कण्डेय नुही ॥
"जसद्वारा सब चलीरहेछ त्यसको वर्णन गर्न प्रभो !
सक्नु कसोरी ? धन्य छ ! तैंपनि भज्छौ भज्नेलाई प्रभो ! ॥
तिमी पाइनें ज्ञान वेद हो किन्तु मोह छन् सूरिजन।
सोच्छन् जो मतवादी त्यस्तै लिन्छौ आकृति शील, गुण ॥"

नवौं अध्याय

नारायणको आज्ञा द्वारा माया हेर्नें पाई बर।
बसे ध्यानमा, मार्कण्डेय, वायु चल्यो अति घोर प्रखर॥
मूसलधारे बर्स्यो पानी, सागर चारै एक भए।
पाए मुनिले साह्रै दुःख वर्ष करोडौं व्यर्थ हरे !
देखी आखिर वटको पत्र बिच बालक अति श्याम सुरम्य।
पवका औंला चुसी बसेका, सामु बढे ऋषि, बढी उमङ्ग॥
शिशुको श्वासै साथ पुगेछन्, भित्र र देखे विश्व उही।
फर्के श्वासै फेर्दा फेरि वटमैं देखे नाथ हरि॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनुभो श्रीहरि अन्तर्धान, अलप भयो सब प्रलय पनि ।
आफूलाई देखे मुनिले आफ्नै आश्रम बीच अनि ॥

दशौं अध्याय

दर्शन भो श्रीशम्भु उमाको स्वागत औ स्तुति गरे अनि ।
भन्दा शिवले "ऋषि ! वर माग" भन्छन् मार्कण्डेय मुनि ॥
"दर्शनले नै तृप्त छु शम्भो ! मागुँ वस्तु के तुच्छ अरू ?
अच्युतमा औ भक्तहरूमा भक्ति प्रेम होस् नित्य प्रभु !"
ज्ञान तथा विज्ञान र बिरति अरू त्रैकालिक ज्ञान अनि ।
प्रभुको भक्ति र कीर्ति अमर दी पाल्नुभयो शिव उमा पनि ॥

एघारौं अध्याय

"गहना, आयुध अङ्ग उपाङ्ग लाई फुन फुन तत्व बुझी ।
पूजा गर्नुं ? " भन्ने शौनकलाई भन्छन् सूत नुहो ॥
"अङ्ग विराट् हो, कौस्तुभ जीव, ब्याप्य प्रभा श्रीवत्स भयो ।
वनमाला हुन् माया प्रभुकी पीताम्बर नै वेद अहो ॥
जोडी कुण्डल योग सांख्य हुन् मुकुट सत्यलोक भयो ।
शार्ङ्ग काल हो नभ हो खड्ग, हो छाता वैकुण्ठ अहो ॥
शेष प्रकृति हुन्, गदा प्राण हो जलतत्व शुभ शङ्ख भयो ।
आत्म–शक्ति नै लक्ष्मी प्रभुकी, 'चारव्युह' नै रूप भयो ॥"
शौनक सोध्छन्–भास्करका दल बदलिन्छन् प्रति मास, मनी ।
थिए मनेका शुकले, के हो ?' उत्तर दिन्छन् सूत अनि ॥
"सूर्य अप्सरा औ गन्धर्व यक्ष र राक्षस, सर्प ऋषि ।
सात सात छन् महिनै पिछे चल्छन् क्रमले सात मिली ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बालखिल्यहरू साठी हजार गर्छन् अघि अघि सूर्य स्तुति ।
भास्कर हरिको रूप यही हो सम्झे कट्दछ पाप जति ॥"

बाह्रौं अध्याय

सूत भन्दछन्–
हरिको पदमा राखी शिर यो गर्दछु अब संक्षेप बयान ।
जति छ भागवतबीच प्रसङ्ग हे शौनक हो ! भन्छु तमाम ॥
ज्ञान र भक्ति औ वैराग्य, नारद ऋषिको जन्म अनि ।
भूप परीक्षित् शुक सम्बाद, नारद विधि सम्बाद पनि ॥
योग र धारणाहरूको विधि औ अवतार र भो सृष्टि बयान ।
विदुर र उद्धव औ मैत्रेय विदुर समागम भयो महान ॥
पुरुष स्थिति औ प्राकृत, वैकृत सृष्टि र सब ब्रह्माण्ड स्थिति ।
काल स्थिति अनि भू उद्धार देव, असुर, नर, सृष्टि गति ॥
मनु कर्दमको चरित बयान कपिलदेवको सांख्य विधि ।
दक्ष कथा औ प्राचीनबर्हि, ध्रुव पृथुहरूको कथा पछि ॥
प्रियव्रत, नाभी, ऋषभ, भरत औ स्वर्ग, नरक, भू आदि बयान ।
सब भन्दा तल सङ्कर्षण प्रभु राज भएको कुरा महान ॥
पापी अजामिल हरिको नाम भनी तरेको कुरा बयान ।
दक्ष र बृत्रासुर, प्रह्लाद दैत्येश्वरको चरित तमाम ॥
मन्वन्तर औ गजको मोक्ष, सागर मन्थन कौर्म अनि ।
वामन, मत्स्य र नृप इक्ष्वाकु, यै कुलमा सुद्युम्न, पनि ॥
मांधाता, शर्याति ककुत्स्थ राम, जनक औ परशुराम ।
नहुष ययाति, शन्तनु, यदु औ, कृष्ण र वलको जन्म महान ॥
आंधि, शकट, वक, वत्स, प्रलम्व, पूतना, अघ औ धेनु असुर ।
हरूको मोक्ष र गोप ढढेलो बाट बचेको कथा मधुर ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कालिय लीला, चीरहरण औ द्विजपत्नीको प्रेम अनि ।
गोवर्धनको लीला, रास र शङ्खचूडको मरण पनि ॥
केशी अरिष्ट वध औ मथुरा-गमन र गोपी विरह अति ।
हात्ती मुष्टिक औ चाणूर कंसहरुको मृत्यु गति ॥
यवन मरण पछि पारीजात औ रुक्मिणीको हरण अनि ।
बाणासुरसँग युद्ध र भौम-वध औ कन्या बरण पनि ॥
दन्तवक्र शिशुपाल र पौण्ड्रक शंवर द्विविद र शाल्व वध ।
पंचजनादि दैत्य समूह मोक्ष भएको कुरा शुभ ॥
भष्म भएको वाराणसी पुरी चक्र सुदर्शन वाट सब ।
पाण्डवद्वारा भार हटाउनु अनि सब यादव वंश क्षय ॥
उद्धव हरिको शुभ सम्वाद हरिको लीला संवरण ।
चार प्रलय औ युगको लक्षण श्रोताको प्रभुपद मिलन ॥
श्रुतिको शाखा मार्कण्डेय मुनिको आस्था सूर्य स्थिति ।
भनियो सब यो लीला हरिको नामै जप्दा मिल्छ गति ॥
असती हो औ व्यर्थ वचन त्यो जुनमा हरि गाइन्न हरि ।
सत्य त्यही हो; मङ्गल त्यै हो जुन बोलीमा बस्छ हरि ॥
राम्रो त्यै हो नूतन त्यै हो उत्सव त्यै हो पुण्य त्यही ।
त्यै हो सोस्ने शोक समुद्र जुन बोलीमा बस्छ हरि ॥
जुन बोलीमा छैन मुरारि त्यो हो केवल काक रछान !
शुद्ध छैन तर हरि छ भने ता त्यै हो बोली श्रेष्ठ महान ॥
पढे सुनेमा यो शुभ ग्रन्थ मिल्दछ आखिर ब्रह्मगति ।
श्याम-सनातन सत्य सुधाको चरण कमलमा गर्छु नति ॥
निर्गुण स्थितिमा मस्त भएका तर प्रभु लीलाले खिचिई ।
भागवतीय रस प्यायो जसले ती शुकमा प्रज गर्छु नति ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेह्रौं अध्याय

ब्रह्मा भङ्कर ऋषि मुनि योगी नानाविधि स्तुति गान गरी।
जान्दैनन् रति जसको अन्त त्यसको पदमा गर्छु नति॥
अट्ठारह छन् व्यास पुराण श्लोक छ चारौं लाख भरी।
यसमा अट्ठारह हज्जार श्लोक छ हरिको कीर्ति भरी॥
सन्त सभामा शोभित हुन्छन् शास्त्रहरू अरू त्यहाँ तक।
उदाउन्न यो साक्षात् निर्गुण शास्त्र भागवत् जहाँ तक॥
भव-देखि भयभीत भएका नाभि-कमलमा थिए विधि!
हरिले दिनुभो करुणा लागी यही भागवत तत्व अघि॥
खालि छ यसको मुक्ति प्रयोजन यसमा डुब्की लिएपछि।
प्रेम अरूमा हुन सक्तैन सत्रमा श्रेष्ठ छ ग्रन्थ यही।
जन्म जन्ममा अविचल भक्ति पाउँ तिम्रो श्याम हरे!
ब्रह्म ज्योति! गर्छु प्रणाम शुकपदमा पनि पर्छु हरे!
जसको नाउँ कीर्तन गर्दा भाग्दछ सारा पाप जति।
दुख छुट्दछ सब गरे प्रणाम त्यसकै पदमा गर्छु नति॥

त्यसको तात्पर्य

नाम आखिरी साधन जान, अर्थ पापको भेद बुझ।
दुखलाई प्रिय सम्झ प्रपञ्च, प्रणामलाई निछावर॥

रचयिताको प्रार्थना–

आओस् तिम्रो यसमा ज्योति अनि पो बन्ला श्याम स्वरूप
तिम्रै हो यो छायाँ कृष्ण गर स्वीकृति अब आफ्नो चीज।
(प्राणीमात्रको जय,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षष्ठस्कन्धको...१२...अध्यायको...१८.. लाइन
पछि थपि पढ्नु पर्नें।

किन्तु मरेनन् वृत्रासुरले निल्दा भो अद्भुत।
श्री नारायण कवच द्वारा इन्द्र थिए सुरक्षित॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विनय

हरिकीर्तन भवन नेपालको तर्फबाट हामी प्रार्थना गर्दछौं दिनभर हामी व्यवहारमा मस्त रहन्छौं, त्यसवेला आफ्नो शान्त स्वरूप आत्मा हरि सम्झन मुश्किलै पर्दछ, त्यसकारण साँझको समय प्रतिदिन आफ्ना परिवारहरू वरपर राखी एकै घडी सही बाजा नभए ताली दिएरै किन न होस् हरिको पावन नाम कीर्तन गरौं-जसले भवाटवीको थकाइ दूर हुनेछ। एकक्षण भए तापनि यसले हरि सम्झाइदिनेछ गरीक्न परिक्षा गरी हेरौं-कतिको शान्ति आउँदो रहेछ।

सकिन्छ भने आफ्नो गाउँमा पन मित्रहरू मिली कीर्तन मण्डल बनाउने प्रयत्न गरौं।

मुद्रकः- चेतना प्रिन्टिङ्ग प्रेस, डिल्लीबजार, काठमाडौं फोन ४-११२१४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu